लज्जावती

जीवन र जगतभित्रको एउटा सिन्थेसिस्

जितेन्द्र रसिक

लज्जावती

जीवन र जगत्‌भित्रको एउटा सिन्थेसिस्

जितेन्द्र रसिक

कृति : लज्जावती
विधा : उपन्यास
लेखक : जितेन्द्र रसिक
प्रकाशक तथा वितरक
स्वदेश प्रकाशन प्रा.लि
बागबजार, काठमाडौं
फोन नं. ०१-४२३९५७८
© : लेखकमा
ISBN : 978-9937-692-03-08
संस्करण : पहिलो (२०७३)

आवरण : रोशन कुमार महत
लेआउट : फिङ्गर प्रिन्टस् ग्राफिक्स
९८६१७००३३१

यस पुस्तकको कुनै अंश वा पुरै पुस्तक पुनरूत्पादन, फोटोकपी र प्रसारण गर्न पाइने छैन । त्यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन अर्न्तगत कारवाही गरिनेछ ।

समर्पण

प्यारी शिखालाई जसले जीवनको हुरी सामना गरिरहेकी छन् ।

आफ्नै कुरा

जीवन र जगत् यो आफैमा नङ र मासु हुन् । जहाँ मान्छे आफै एउटा समस्या हो जीवन र जगतका लागि । वा जीवन र जगत् मान्छेको लागि समस्या हो । यसको प्रमाणीकरण कहिल्यै हुनसकेन । यो दुबै रहस्यमय छ । प्रकृति पनि उस्तै रहस्यमय छ । मान्छेले भूगोलमा मात्र होईन मान्छेमान्छेबीच शासन गर्न जति कठोरपन अपनाए उसैगरी प्रकृतिले कठोरपन अपनाएन । त्यसैले मान्छे र प्रकृतीमा अन्तर रह्यो । समयको हतियार बलियो छ । धारिलो छ । जसले काटिरहेछ युगको लम्बाइ चट्-चट् आलु काटे जस्तै । युगसँगै काटिरहेछ मान्छेलाई पनि । खोला जस्तै छ जीवन र जगत अनि समय । नसोचेको भेलले कतिखेर खोलाको धार बदलिदिन्छ थाहा छैन । लज्जावती यही खोलाले बदलेको धारको एक अंश हो । कहिलेकाहीं जीवन र जगत् संयोजनका निम्ति मानिसले खनेका बाटो मान्छेकै लागि अभिशाप बनिदिन्छ । अनि व्यवहारमा आँखै अगाडिका सत्य गौण बनिदिन्छ । खै र बाँकी उपन्यासबाटै ।

भनिन्छ, पुस्तक प्रकाशन गर्नु सबैको ऋणी बन्नु हो । यतिखेर मैले सम्झनै पर्छ उपन्यासमा प्राण भरिदिने मेरी प्यारी लज्जावतीलाई ।

जो पहाडका पाखा पखेरीमा उम्रिएर मेरो आख्यानमा सामेल हुन आइपुगिन् । धन्यवाद लाहुरेकाका उर्फ यम सापकोटालाई जसले उमेरको परवाह नगरी जीवनका भोगाइहरू झर्को नमानी मलाई सुम्पिनुभयो । धन्यवाद ! ती वास्तविक सजीव वा निर्जीव पात्रहरूलाई जसले लज्जावतीको जीवन पूर्ण गरिदिए । आभार स्वदेश प्रकाशन प्रालीलाई जसले लज्जावतीलाई लज्जाको घुम्टो ओढाउन कम्मर कस्यो । विशेष आभार उपन्यासका पाण्डुलिपि पढेर टीकाटिप्पणी गरिदिनुहुने अग्रज साहित्यकार अमर न्यौपाने दाजु र प्राध्यापक डा. देवी सुवेदीलाई । आभार शुद्धाशुद्धि हेरेर सहयोग गरीदिनुहुने अग्रज साहित्यकार दाजु चन्द्रप्रसाद न्यौपाने र प्राध्यापक भगवान्चन्द्र ज्ञवालीगुरूलाई । विशेष धन्यबाद दाजु दामोदर न्यौपाने । उहाँले सधैँ यो कृतिलाई पुर्णता दिन विशेष चासो व्यक्त गरिर हनुभयो । आभार दाजु गोपीकृष्ण ढुंगानालाई उहाँले साहित्यक्षेत्रका बाटो फराकिलो बनाउन मद्दत गरिरहनुभयो । विशेष धन्यवाद सिन्धु साहित्य अभिलेखालयका अध्यक्ष अमित घिमिरे दाजुलाई । धन्यवाद पाण्डुलिपि पढेर सुझाव दिनुहुने मित्र तथा स्रष्टा पवित्रा सानुलाई । त्यस्तै पुस्तक प्रकाशनको चाँजोपाँजो मिलाउनु हुने सर्जक दाजु ऋषिराम पाण्डे, मित्र रोशन महतलाई । मेरा भगवान् भन्नु नै मेरा पाठकहरू हुन् । प्रिय पाठकवृण्द लज्जावतीलाई तपाईहरूको हातमा सुम्पेको छु मारे पाप पाले पुण्य है । रचनात्मक सुझावको अपेक्षा सहित ।

- जितेन्द्र रसिक

भक्तपुर-२०७३ कार्तिक ९ गते मंगलबार

९८४१३६७८९६

jitendralalshrestha@gmail.com

साइमनको आगमन

अनियन्त्रित मन सम्हाल्नु भनेको बौलाहा घोंडाको लगाम पकड्नु भन्दा गाह्रो हुँदो रहेछ । त्यही परिवेश भित्र अति संवेदनशील मानिने मनको अव्यवस्थित लगाम सम्हाल्न हम्मे परेको छ मलाई । यी गमलामा पनि फुलाउनु छ मैले लज्जावतीलाई र पाखा पखेरीमा पनि तर म विगतमा जसरी लज्जावतीसँग खेल्दिनँ किनकि मलाई भुलेर पनि फेरि उनको अस्तितत्व नामेट गर्नु छैन । जहाँ म जीवनको अस्तितत्व पाउँछु र गुमाउँछु । सायद पाउनु र गुमाउनु जीवनको रीत हुन सक्छ । मान्छे नचाहेरै पनि जीवन र यर्थाथबाट कायापलट हुनपुग्छ ।

हुन त जीवन एउटा मनोवेगहरूको सङ्ग्रहभन्दा बढी अरू नहुन सक्छ । आवेगले त मान्छेलाई मनोरागी मात्रै बनाउँछ । त्यसो त जीवन आवेगहरूको पर्खाइ पनि त होइन । तर पनि मान्छे असरल्ल पोखिन्छ आवेगका पहाडहरूबाट र विलाउँछ शून्यतामा सधैं सधैंका लागि । अखिर जीवन जीवन नै हो शून्यता शून्यता नै । भन्छन् जीवन फूल हो । यसलाई फुलाउन जान्नुपर्छ तर यसो भन्ने हृदयहरू पनि आज लज्जावती झार जस्तै लत्याक लुरूक्क परेका छन् । जसले कालान्तरमा फूल त फुलाउँछ नै तर, आफै भने सधैं सरम मानेझैं कायापलटको

बाटो समातेर जीवनको अस्तितत्त्व नामेट गर्न पुग्छन् । म त्यही निस्सार र विसंगतिपूर्ण जिन्दगीलाई विशिष्टीकरण गर्नुपर्छ भन्ने मान्यता राख्ने एउटा हृदय । तर खैं..?

★★★

कसैले ढक्ढक्याएको ढोकाको आवाजले मेरों एकाग्रताको छालमा ढुङ्गा हिर्कायो । म छताछुल्ल तरङ्गिएको छालमा छरपस्टिएर लम्पट पर्न बाध्य भएँ । जहाँ झ्यालका सिसाहरू फुटेर छरपस्ट थिए ।

अपरिचित बोल्यो, 'नमस्कार !'

मैले भनें- 'यहाँलाई चिन्न सकिनँ' । आँखाको चस्मा निकालैँ र पुछ्दै भनें-, 'के कति कामले पाउ कष्ट गर्नुभयो होला ?'

अपरिचित बोल्यो, 'म साइमन' । पुर्ख्यौली नेपाल नै हो तर अहिले अमेरिकामा स्थायी बसोबास गर्छु । काठमाडौंको लज्जावती बालगृहमा पुगेको थिएँ । चम्पा म्याडमले तपाइँको ठेगाना दिनुभयो र म यता डोरिएको हुँ ।

मैले शिष्टाचार दर्साउँदै भनें, 'भित्रै बसौ न ।'

कोठाभरि छरिएका गमलाका फूललाई छुँदै साइमन बोल्यो, यो कुन फूलको बोट हो क्षितीजजी, सबै गमलामा एउटै फूलका बोट देख्छु म । ल-ल यो त ओइलायो त, छुने बित्तिकै । कृत्रिम हो कि ? फरक फरक गमलामा फरक फरक फूलहरू हुनुपर्ने होइन र ! एक्लै बोलिरह्यो साइमन ।

'माफ गर्नुहोला साइमन जी, अगाडिको सावधानी बोर्ड तपाइँले देख्नु नै भएन जस्तो लाग्यो । 'डोन्ट टच इट'

मैले सावधानी बोर्ड देखाउँदै भनें 'यो लज्जावती फूल हो । भलै यसलाई लज्जावती झारको रूपमा विश्लेषण पनि गरिन्छ । यसले सुन्दर फूल फुलाउँछ तर कसैको हस्तक्षेप स्विकार्दैन । तपाइँको अमेरिका जस्तो कृत्रिमताले भरिएको छैन लज्जावती । 'इट्स रेल्ली नेचुरल' किनकि, लज्जावती कृत्रिमताभित्रको सौन्दर्य स्विकार्दैन र कृत्रिमताभित्रको जीवनलाई पनि ।

सरी, क्षितीजजी, 'इट्स इन्ट्रेस्टीङ प्लान्ट' मेरो मनै हऱ्यो यसले । साइमन बोल्यो ।

'वाल' मा झुण्डाइएको विभिन्न अवस्थाका लज्जावतीका बोट र फूलहरूको तस्विर देखाउँदै भनें मैले, 'यो अस्तितत्ववादी झार हो । सायद नित्सेले ईश्वरको मृत्युको घोषणा गरेपछि यो धर्तीमा आएको हुनसक्छ वा वीज ब्लेज पास्कल, हुरसेल र डिल्थीहरूले लज्जावतीको वीज छरेर गएको पनि हुनसक्छ । नत्र किन यो अरूको अस्तितत्व स्विकार्दैन हँ ? फेरि लज्जावतीलाई यहाँ कसैले पूजा थालीमा राखेर मन्दिरमा विराजमान मूर्तिको शिरमा सिउँरिदिएको पनि त पाउँदिनँ म । त्यसैले मलाई त लाग्छ लज्जावतीलाई कतै मार्टिन हेड्गर पो ले नेपालमा ल्याएर पाखा पखेरीमा छरिदियो र यो अँकुरायो कि ।

सायद म यतिखेर आवेगमा थिएँ । साइमन मेरो आवेगलाई बाँध बाँध्न तम्सिएझैं गरी बोल्यो,– 'क्षितीजजी, त्यो त जु.डी. गेटिएर, उनामोनो र बी फोन्डेनहरूलाई नै सोध्नु पर्ला ।

तर, तपाइँले त यसलाई घरमै ल्याएर सजाउनु भएको छ जसलाई मानिसहरू मन्दिरमा लगेर भगवान्लाई चढाउन डर मान्छन् ।

मैले साइमनसँग लज्जावती बारे किन बहस गर्ने ? ह्या... छोडिदेऊ ती सब कुरा । मनमनै बेकारिएँ र भनें, 'साइमनजी मलाई भेट्न आउनुको कारण खोज्दैछु तपाइँसँग । '

साइमनले रूकस्याकबाट ल्यापटप व्याग निकाल्यो, टि टेबलमा राख्दै बोल्यो,– 'मेरो मान्छे हरायो ।'

मलाई झनक्क रिस उठ्यो र भनिदिएँ – 'त्यसो भए तपाइँ प्रहरीकहाँ जान सक्नुहुन्छ । मैले तपाइँको हराएको मान्छेलाई यहाँ 'किड्न्याप' गरेर लुकाइराखेको छु र ?

साइमन बोल्यो, 'माफ गर्नुहोला क्षितीजजी, मैले सुनेको थिएँ मेरो

हराएको मान्छेतपाइँ राम्रोसँग चिन्नुहुन्छ । त्यही थाहा पाएर तपाइँकहाँ बुझ्न मात्रै आएको हुँ । तपाईको मन दुखाउन आएको होइन ।' मेरो विक्षिप्त मनलाई सान्त्वनाको मलम लगाएझैं गरी बोल्यो साइमन ।
ल्यापटप खुल्यो । उसले फोटो तर्फ देखाउँदै भन्यो, 'लुँजला हो उनको नाम, मेरो विजनेस पार्टनर । त्यो भन्दा बढी उनी मेरी प्रेमिका । म साह्रै माया गर्थें उनलाई । तर उनी भने नेपालमै मेरो 'ब्वाय फ्रेण्ड' छ भन्थिन् र मेरो प्रर्पोजलाई रिजेक्ट गर्थिन् । मलाई उनको क्रियाकलाप ठट्टै मात्र लाग्थ्यो । धेरै समय बित्यो तर उनी अमेरिका फर्किनन् क्षितीजजी । केही समयको लागि नेपाल पुगेर आउँछु भनेर आएकी उनी फर्किनन् । आज म उनैलाई खोज्दै तपाइँको घरसम्म आइपुगेको छु । म अवाक् बनेर सुनिरहें मात्र । साइमन बोल्दै गयो ।
'म नेपाल आउँदा हरेकपटक कुनै न कुनै संस्थालाई सहयोग गरेर फर्कने गर्छु । यो पटक पनि लुँजलालाई नभेटेपछि निराश भएर अमेरिका फर्कनु अघि एक होटलवालाको सहयोगमा लज्जावती बालगृहमा पुगेको थिएँ । बालगृहका संचालक चम्पाले तपाइँसँग एकपटक भेट्न भनेपछि म यहाँ आइपुगेको हुँ । मलाई माफ गर्नु होला, क्षितीजजी ।
मैले भनें, 'अँ अरू के भनिन् चम्पाले ?'
साइमन बोल्यो, 'लुँजलाको बारे क्षितीज सरलाई केही थाहा हुन सक्छ भन्दै तपाइँको एड्रेस र लोकेसन दिइन् र म यहाँ आएँ ।'
मैले सुस्केरा हाल्दै भनें, 'यु आर लेट'
साइमन लज्जावती झार जस्तै खुम्चियो र सोध्यो, के भयो क्षितीजजी ? लुँजलाको विहे भयो ?' मलाई लुँजलाबारे साइमनलाई अब मुखले केही बताउनु थिएन र भनें, 'यो सब जान्न तिमीलाई अधिकार छ । लौ समाऊ यो पाण्डुलिपि यसमै पाउनेछौं तिमीले लुँजलालाई ।'

★★★

लुँजला निवास

हिउँदले खङ्ग्रङ्ग पारेको थियो काठमाण्डौलाई । वरिपरिका पहाडी थुम्काहरू वसन्तको मेहोरोसँगै सुन्दर जीवनको प्रतीक्षामा तुँवालोसँग लाप्पा खेलिरहेका थिए । हरेक दिनहरू मीठा सपना लिएर आउँथे । तीता विपना दिएर जान्थे । फेरि मीठा तृष्णा भरेर आउँथे तीता वितृष्णामा लालमोहोर ठोकेर खै कता–कता पलायन हुन्थे ।

लाईब्रेरीको चौथो भेटपछि उनले मलाई आफ्नो घरमा कफी पिउन निम्त्याएकी थिइन् । उनको घर ठमेलको एउटा व्यस्त सडकबाट केही मिटरभित्र, चिल्ला मार्बलका पर्खालभित्र निलै फुलेका 'बोगनबिला'का झ्याङ्गभित्र थियो । नजिकै एउटा चिल्लो कार सानो निजी ग्यारेजमा अडिएको थियो । सानो केही थोरै तल्लाको पौराणिक कथाहरूमाझैं कलात्कृत सिल्पीको घर । उनले गेटको स्वीच दबाइन् । एउटी सोह्र सत्रकी युवती । आकर्षक नितम्ब झिनो कम्बर, टाइट ट्राउजर र कालो ज्याकेटमा सजिएकी । लामो कालो कपाल, आँखीभौंमाथि घुम्रिएको हल्का गोरो अनुहार भएकी यौवनले नतमस्तक भरखरै फक्रिन लागेकी । एउटी सुन्दर चोखो फूलझैं मनमोहक ती युवती गेटको कुईय्... आवाजसँगै ऐनाझैं अगाडि उभिइन् । मेरो आँखाको एकोहोरोपनले उनको टमक्क

परेको शरीरमाथि कडा स्पर्श गरिरहेको थियो । इसारासँगै मौनता भङ्ग गर्दै बोलिन् लुँजला । 'प्लिज माथि नै जाऔँ न, हुन्न' ?

उनको घरभित्र प्रवेशानुमतिको प्रतिबिम्ब वातावरणभरि सल्बलायो । म अबोध बालक झैं बिस्तारै उनको पछिपछि लागें । बैठककक्ष वरिपरि रङ्गीविरङ्गी गमलाहरूमा क्याक्टस्का पोथ्रापोथ्रीहरू थिए । छेवैमा 'पोस्ता र अलमण्डा, अैन्तीराइनस र पिला नरागिस'हरू हल्का हावालाई कडा स्पर्श दिंदै आ–आफ्नो उँचाइ नापिरहेका थिए ।

भित्तामा टाँगिएका 'मनिप्लान्ट'का केही खिरिला र कहीँ मोटा हुँदै झाँगिएका लहराको एक थुङ्गा 'यो मनका धनीहरूको घर हो है' भन्दै सिलिङ्गमा चक्कर लगाइरहेको 'फाइन'का हावासँग लाप्पा खेलिरहेका थिए । थरिथरिका कलाहरू कोठानै ढाकिने गरी झुण्डिएका थिए । सोकेसमा भरिभराउ सजाएर राखेका किताबहरू । सिनित्तै पारेको कोठा । मनै चञ्चल बनाउने वातावरण । आहा ! सँगै सोफामा बसेको लुँजलालाई खै के–के सोध्दै थिएँ म । लाजले भुतुक्कै भएँ । जीवनमा पहिलो पटक आफैँदेखि आफैँ लजाएँ म । किनकि लुँजला बाहिरी सकेकी रहिछिन् । म केवल एकान्तसँग साउती मारिरहेको पो रहेछु । झ्यालको कालो सिसा बाहिर करिब दश मिटर अगाडिको एउटा भव्य महल । अर्थात् सेतो बिल्डिङ्गको झ्यालमा मेरा दुई नजर सिपाहीको निशाना झैं ठोक्किन पुगे । मैले बिस्तारै झ्याल खोलिदिएँ । बाहिरको एकटुक्रा प्रकाशभित्र मुस्कुराउँदै आयो र कोठाको केही छेउ ओगटेर लम्पसार सुतिदियो । एउटी सुन्दरी परी स्वर्गबाट झरेर दुनियाँ ओगटेझैं । मनभरि तरङ्गको एक भुल्का हुलुक्क उम्ल्यो । झ्यालको पर्दा तानातान हुँदानहुँदै मेरो निशाना चुक्यो वा सही ठाउँमा पऱ्यो ।

'सरी ! मैले धेरै बेर कुराएँ । आफ्नै हातले बनाएको कफी पिलाउने मेरो आकाङ्क्षाले ।'

लुँजलाको आवाजले मेरो एकग्रता भङ्ग गरिदियो ।

ढोकामै उभिएर निशाना लगाउनेको निशाना पऱ्यो वा परेन, मेरो निशानाले भने 'फेल' खाइसकेको थियो । यतिखेरसम्म सेतो बिल्डिङ्गको कालो सिसा बन्द भइसकेको थियो । मैले प्रतिउत्तरमा मात्र दाँत देखाएर फिस्स हाँसिदिएँ ।

★★★

'लुँजला जी, को को आश्रित हुनुहुन्छ यो सुन्दर घरमा ?' उनको र मेरो खुल्ला आकाश बिचमा एउटा प्रश्नको बलो तेर्स्याइदिएँ । उनको मुखबाट छोटो उत्तर आयो । लज्जावती र म मात्रै ।

साँच्चै लज्जावती लजालु हुन्छिन् । मैले धेरै पटक एउटा महत्वपूर्ण झार लज्जावतीसँग धीत मरूनजेल खेलेको छु । मनमनै दोहाऱ्याएँ । ' लज्जावती'... जोसँग स्कुल जाँदा होस् वा बाटो हिँड्दा । फुटबल खेल्दा होस् वा कपर्दी खेल्दा म लज्जावतीसँग धेरैचोटि नजिकिएको छु । बाल्बाल बिताएका ती पलहरू घामको पारिलो राप होस् वा शीतको कण–कण । छुँदा मात्रै पनि प्रकृतिको काखमा सर्लक्कै पल्टिदिने यौवना झार हो लज्जावती । मैले कुनै बेला भगवान्सँग प्रार्थना गरेको थिएँ । 'हे भगवान् लज्जावतीलाई किन झार बनाइदिएको त्यो झारमा मान्छेको गुण छ । त्यसलाई मान्छे बनाइदेऊ जसलाई मैले नजानिदो किसिमले प्यार गरीसकेको छु । त्यतिखेरै मेरा बालसखी जुनुले भनेकी थिइन्, कतै झार पनि मान्छेजस्तै हुन्छन् र क्षितीज ! मैले भनेको थिएँ । हो जुनु हुन्छ नि, किन नहुनु ! यिनै झारको एउटा कथा सुनेकी छ्यौ तिमीले ? जुनुले भनेकी थिइन् 'छैन क्षितीज' । मैले उनलाई त्यतिखेर एउटा कथा सुनाएको थिएँ ।

हो जुनु ...मेरो मुमाहजुरले भन्नुभएको । यो लज्जावती झार एउटी युवती थिइन् रे, तिनै अप्सराजस्ती युवतीको एउटा सुन्दर प्रेमी थिइन् । उनीहरू एकआपसमा एकदमै मिल्ने गर्दथे । युवक अति गरीब परिवारको थियो

दुवैजना एक अर्कालाई खुब प्यार गर्दथे । दुवै जनाको जोडी देखेर बटुवाहरू पनि ईर्ष्याले भुतुक्कै भै जल्दथे । दुवैजनाको जात भने फरक थियो । समाजले उनीहरूको सम्बन्धलाई राम्रो दृष्टिले नहेरेपछि युवकको अभिभावकले उनलाई धन कमाउन भनी लाहुर पठाइदिए । बाध्यतावश दुवैजनाको चोखो प्रेमको सम्बन्धमा तुषारापात भयो । तैपनि, आफ्नो चोखो प्रेमको लागि वर्षौंसम्म आफ्नो यौवन सँगालेर युवती युवकको प्रतिक्षामा कुरिरहिन् । वर्षौंपछि युवक गाउँ फर्कदा पनि दुवै जनाको प्रेम सम्बन्ध झन् गाढा भइसकेको थियो । दुवैजना बिहे गरेर समाजमा उदाहरणीय जीवन बिताउन चाहन्थे । युवतीको परिवार धनाढ्य थियो । गाउँका राजा थिए । तिनका हुकुमी शासनले पराकाष्ठा नाघिसकेको थियो । आफ्नै छोरीसँग एउटा उपल्लो जातको युवक प्रेम जालमा फसेको कुराले युवतीका अभिभावक रिसले चुर भएछन् युवकको परिवारलाई धन सम्पत्ति सबै हरण गरी देश निकाला गरिदिएछन् । युवतीलाई कडा पहरा दिई निगरानीमा राखेछन् । चोखो मायाँ गाँसेका उनीहरूमा छुट्टै सौहार्दता थियो । समाज र घर परिवारले दुवैलाई एकआपसमा अलग्याएर राखे पनि युवतीले आफ्नो अस्तित्व उनै युवकको लागि समर्पण गरी वर्षौं कुरेछन् । तर विडम्वना युवकको अत्तोपत्तो नभएपछि कल्कलाउँदो बैँस त्यागी युवतीले प्राण त्याग गरिछन् । त्यही युवतीको मृत्त देह गाडिएको स्थानबाट नै यो झार लज्जावतीको उत्पति भयो अरे ! आज पनि जब उज्यालो हुन्छ तब आफ्नो सारा यौवना फिजाएर आफ्नो प्रियसीलाई कुरिरहेका अरे यी झार । जब हामी यसलाई छुन्छौं नि ! आफ्नो प्रियसीको लागि अस्तित्व बचाउन लजाएर खुम्चिएकाले यी झारलाई लज्जावती भनेका रे ! सुन्नेलाई सुनको माला ...! त्यतिखेर मेरी बालसखी कथा सुनेर रोएकी थिइन् । म भने फेरि उही झारसँगै लाप्पा मारिरहेको थिएँ ।

★★★

आज एक झल्को गेटमा देखेकी लज्जावती र दुबोको घारीभित्र लाप्पा खेल्ने लज्जावतीबीच एक धर्को फरक पाइँन मैले । बाल्यकालको स्मृति मानसपटलमा सल्बलायो । किन-किन पुराना यादहरू छचल्किरहेछन् मनभरि । उनै झार लज्जावतीसँग खेलेका पलहरू सम्झिरहेछु म । जस्को स्मृतिमा मैले केही शब्द थुङ्गाहरू उनेको थिएँ । त्यहीँभित्र हराएँ म । बादलभित्र हराएको जूनजस्तै ।

जब म तिमीलाई स्पर्श गर्छु ।
तिमी लाजले भुतुक्क हुँदै लाजघुम्टो ओढ्थ्यौ
त्यतिखेर ।
म सधैँ सधैँ बिलखबन्दमा पर्थे
हो लज्जावती -
जब तिम्रो लाजवन्ती मुहार
लाजको सिमा नाघेर
बन्द घुम्टोभित्र निसास्सिदा
वाध्यताले म कायापलट हुन्थें
र जल्थें,
फेरि स्पर्श गर्थे तिमीलाई
तिमी लाजले तरल बनी झुक्थ्यौ
म सधैँ सधैँ अधुरो फर्कन्थे ।

खै के-के सोच्दै थिएँ । मेरो मौनता भङ्ग गर्दै लुँजला बोलिन् ।

'कफी लिनुस न !'

अलि अप्ठेरो मान्दै उनले कफी भरिएका 'कपसेट' अगाडि ओभल आकारको कालो महङ्गो सिसाले ओगटेको टी टेबलमा राखिदिइन् । कफी कलरकै टेबलमा ऐना जस्तै सिधा अगाडिको सोफामा बसेकी लुँजलाको अनुहार लोभलाग्दो थियो । कोठामा छरिएका मधुर प्रकाश र

खुल्ला झ्यालबाट छिरेको सौर्यकिरणको समिश्रणमा उनको मुहार पनि कफी कलरकै अनुभूतिमा सल्बलायो ।
उनको आकर्षक चेहेराले खै ! के–के भन्न खोजिरहेको थियो । यतिकैमा मैले औपचारिकता दर्शाएँ ।
'तपाईं पनि पिउनुस् न । म मात्रै पिइरहने ?
उनले टेबलको कफी उठाइन् । मेरो आँखाको गहिराइमा के के खोजेझैं एक नजर लगाइन्, र मुसुक्क मुस्कुराउँदै एक घुट्को कफी सुरूप्प पारिन् ।
मैले मुखबाट कफीको गिलास हटाउँदै भने । 'कति मिठो कफी बनाउनु हुन्छ हगि तपाईं । साँच्चै भाग्यमानी रहेछु म । तपाईंको हातबाट एउटा 'न्यु टेस्ट' पाएँ ।' फुर्क्याइदिएँ मैले उनलाई ।
'धन्यबाद !' तपाईं भन्नुस् न मात्रै अर्को 'न्यु टेस्ट' पनि दिन चाहन्छु । नजिकै रहेको 'कफी पट ' टेबलतिर सार्दै उनी बोलिन् ।
कस्तो 'न्यू टेस्ट'?'
तपाई जस्तो भन्नुहुन्छ त्यस्तै
लौ वित्यास पा-यो यी केटी त साह्रै उत्ताउली पो रहिछिन् । कतै ...ह्या..जे पर्ला पर्ला म पनि त पुरूष हुँ । मनलाई कठोरताको डोरीले सपक्कै बाँधें र भने ?
'मैले तपाईले दिनै नसक्ने टेस्ट मागें भने नि !'
उनी, जोडले हाँसिन् र भनिन् त्यो पनि नाई भन्दिनँ । संसारमा दिन र लिन नमिल्ने चिज नै छैन । जे छन् ति सबै लिन र दिनकै लागि हुन् । भन्नुस् आज कुन टेस्ट (स्वाद) ले स्वागत गरौ म तपाईलाई ? किनकि पाहुनाको चित्त वुझाउनु यो घरको संस्कार र धर्म पनि हो । उनले अघिल्तिर झरेको रेसमी कपाल कानमा सिउँरिँदै बोलिन् ।
अब भने साँच्चै मेरो मनोदशा बिग्रन थाल्यो र आफूलाई सम्हाल्दै भनें

'हैन....हैन फेरि अर्को दिन छ नि । धेरै टेस्ट लिनु छ केवल कफीको मात्र होइन पूरा जिन्दगीको तर अहिले होइन । उधारो बोलिदिएँ मैले ।' कहिंले ? उनी लहसिदै सोध्दै थिइन् । बायाँ हातमा टमक्क परेको घडीले समय आफ्नै रफ्तारमा नापिरहेको थियो । झ्यालबाट बाहिर चिहाएँ । सन्ध्याले ढपक्कै ढाक्न लागेको थियो । ठमेल सबेरैको उषाकालीन ब्युँझेझैं रात सँगै पलाउँदै थियो । रातले जति पखेटा फिँजाए पनि ठमेल भर्खरै ब्युँझन लागेको थियो । किनकि ठमेल पर्यटकीयस्थल मात्र नभै नर्तकीचोक अर्थात् ग्लामरस् रङ्गीन रात्रि बजार हो ।

'लुँजला जी, अहिले म जाऊँ पनि' अप्ठेरो मान्दै मैले स्वीकृति मागेँ । किन ? यति छिटै जाने र ! मसँग बसेर कतै 'बोर फिल्' भयो कि तपाईंलाई ?

'छैन' मैले भने । एकदमै खुसी छु ।

'सधैँ परेको रात न हो' उनले भनिन् । आज यतै बसौं न हुन्न र ?

'कुनै दिन बसौंला लुँजला' मैले सान्त्वना दिंदै भनें अहिले जाऊँ पनि । उनी मलाई गेटसम्म पुऱ्याउन आइन् । सोचेको थिएँ छुट्ने बेला लज्जावतीले पनि मलाई गेटसम्म पुऱ्याउन आउनेछिन् । सुकोमल हात हल्लाउँदै । मधुर मुस्कान छर्दै । तर, कल्पना कल्पनामै सीमित रह्यो । मनमनै आफैँलाई गाली गरें ।

जब मेरो र लज्जावतीको परिचय नै भएको छैन भने कसरी मप्रति उनको झुकाव रहला र ? 'धत् यो केटा मान्छेको मन पनि साँच्चै पापी नै हो । राम्री स्त्री त देख्नै हुन्न के के सोचिहाल्छन् के-के । आफूले आफैलाई गालि गरें । खै के-के सोच्दै बाहिरिएँ म ।

★★★

सरप्राइज

निरन्तरको लाइब्रेरी भेटपछि लुँजलाभित्रको एउटा रहस्य थाहा पाएँ । उनी एउटी कुचिकार थिइन् । अर्थात् प्रोफेसनल चित्रकार । कुहिरीमण्डलमा जहाज हराएझैं लज्जावतीको छायाँ हराएको धेरै भयो । प्रकृतिको पर्खाइमा ऋतुहरूको पर्खाइ जस्तै बित्दै थियो समय । खै मन किन लुँजला भन्दा बढी एक भलक देखिएको लज्जावतीको लागि तड्पिरहेछ । यो मन उनकै आगमन र कल्पनाको एकाग्रमा बहकिएको धेरै समयपछि लुँजलाले आफ्नो घरमा निम्त्याइन् ।

थाहा छैन मन लुँजलाभन्दा बढी लज्जावतीतिर किन ढेपिँदै छ । उनको निजी ग्यालरीबारे पनि मलाई उत्सुकता जागेको छ । रङ्गसँगै खेल्नु उनको दैनिकी बनिसकेको रहेछ । तैपनि मेरो सोच र आकलनलाई 'अफलाइन्'मै प्याक गरिदिएँ ।

क्षितीज ! आज म तपाईंलाई एउटा सरप्राइज दिन चाहन्छु । लुँजला उत्सुक नजर बिछ्याउँदै बोलिन् मसँग ।

कस्तो सरप्राइज ? मैले प्रश्न तेर्स्याएँ ।

पहिले हिँड न ।

कहाँ ?

ऊ त्यो सेतो बिल्डिङ्गमा ।
के छ त्यहाँ ?
सबै कुरा यहीँ भन्यो भने सरप्राइजको अर्थ नै रहँदैन नि !
उनले मेरो निशाना फेल भएको बिल्डिङतर्फ औंल्याइन् । म चकित भएँ किनकि मलाई त्यो दश मिटर अगाडिको सेतो बिल्डिङ्ग र कालो सिसाभित्रको एउटा मस्त फक्रेको फूलले अझै झक्झकाइरहेको थियो । केही मिनेटमै लुँजला र म सेतो बिल्डिङ्गको पहिलो तलामा पुग्यौँ । 'ग्यालरी अफ नेचर विट् ह्युमन' पित्तलका अक्षरहरूमा सुनको जलप लगाइएको प्रवेशद्वार नै अति आकर्षक थियो । 'गेट'पालेले भुइँको प्लास्टर नै उप्किएला झैँ टलक्क टल्केको बुट बजारेर सलाम ठोक्यो र धर्म पुरा गऱ्यो । मेरो आँखाका नानीहरूमा ग्यालरीभित्र टहलिएको एक जोडी पर्यटक अडियो । उनीहरू आँखै नझिकीकन भित्ताको एउटा चित्रमा लहसिँदै दृश्यपान गरिरहेको थिए । सजीव विल्कुल सजीव । धित मारेर मौरीले फूलको रस चुसिरहेजस्तै । उत्सुकताले पछ्यायो र सुटुक्क चिहाएँ । एउटा लेखक लाईब्रेरीको टेबलमा सक्दो काम गरिरहेको थियो । मानौं ऊ आफूले आफैँलाई घिउ खारेझै किताबका कराइमा खारिइरहेछ आफूलाई ।

★★★

यतिखेर, लुँजलालाई भेट्न अर्को एक पर्यटक अगाडि खडा भइसकेकाले उनी मलाई अनुमति माग्दै थिइन् । ग्यालरी अवलोकन गर्न आउनेहरू चित्रकारसँग प्रत्यक्ष्य भेट्ने र उनले पोटेका क्यानभासहरूको बारेमा अनुभव साट्न पाउँदा आनन्द मान्थे । बस्, लुँजलाको ग्यालरीमा यो विशेषता भलै सुबिधा थियो ।
'क्षितीजजी, यो मेरो ग्यालरी कस्तो लाग्यो ? भनेर सोध्न केही समयपछि म तपाईं समीप हाजिर हुनेछु ।'

ओके,–मैले भने ।

उनी पर्यटकको साथमा आर्ट रूममा पसिन् ।

मैले मनमनै आफैलाई भनें 'बाहिरी आवरण हेर्दै यति आकर्षक छ भने तपाईंको पुरै ग्यालरीमा मेरा यी नयन स्पर्शपछि कस्तो अनुभव गर्नेछु त्यो अवश्य म ब्यक्त गर्नेछु ।'

★★★

भित्ताभरि सजाइएका फ्रेमहरू पच्छ्याउँदै अगाडि बढिरहें म । नजिकै उभिएका विदेशी अवलोकनकर्ताहरूको केही मिटर दूरीमा आफूलाई उभ्याएँ । उनीहरू अघिदेखिनै चित्रकलाको रस्वादन गर्दै थिए । जतिखेर म टक्क रोकिएँ । मेरो अगाडि एउटा सुन्दर झार रङ्गहरूको जीवन्तता बोकेर टलक्क टल्केको फ्रेमभित्र मुसुक्क मुस्काइरहेको थियो । तल क्याप्सनमा अंग्रेजीमा लेखिएको थियो Bash'full अर्थात् 'लज्जावती' । बाल्यकालको झ–झल्कोले झक्झकायो । एउटा सुन्दर चित्र पर्यटकको दृष्टि अघिकै फ्रेममा रोकिरहेको थियो । खै के–के हो खस्याक्खुसुक् गर्दै गोराहरू मरीमरी हाँस्न थाले । यसो चिहाएँ । उनले हातमा लिएको फ्रेमभित्रको आकृतिमा टुप्पीको चक्र थियो । त्यसमा सिउरिएको सानो कलम । हँ...म झस्किएँ । यसो टोपी उचाल्दै टाउको छामेँ । कलम मेरो टुप्पीमै थियो । म कसरी त्यो क्यानभासमा पोतिएँ आफै अचम्मित भएँ । मेरै आकृति कसरी यहाँ ? आफूले आफैलाई प्रश्न गरें । मलाई लुँजलाले यो अवस्थामा कहिंले देखिन् हँ ! निरूत्तर भएँ । तर जे होस त्यो म नै थिएँ । मनभरि खुल्दुलीको पिङ मच्चियो । एक दिन अचाक्ली गर्मी भएपछि लाइब्रेरीभित्र रूसी साहित्यकार लेभटोल्सटायलाई पढ्दा पढ्दै गर्मीले क्याप फुकालेको थिएँ । नत्र मैले कहिंल्यै पनि लाइब्रेरिभित्र त्यसरी लज्जित हुने गरी क्याप फुकालेको छैन र थिइन पनि । त्यो फ्रेम ग्यालरी 'वाल'बाट उप्काएर गोरा सीधै काउन्टरतर्फ हानियो । पर्यटकको त्यो

जोडी एउटा अमूल्य वस्तु पाएझैं अझै मुस्काइरहेका थिए । ओंठका ती हाँसोले उनीहरूको मुहारमा खुसी लिपिरहेको महसुस गरें मैले । मानौ, त्यो मेरो आकृति मणि सम्झेर नागले हतार हतार निल्न खोजिरहेछ । पर्यटकले काउन्टरकी केटीलाई त्यो चित्र प्याकिङ्ग गरी कुरियर गरिदिन भनिन् । फटाफट चित्र प्याक भयो र सुन्दर अक्षरमा कभरमा 'ह्यापी मेरी क्रिसमस डे' कार्ड सजियो । छोरीको नाम र अमेरिकाको एउटा प्रान्तको ठेगाना टिपाइदिइन् । म लाटाले पापा हेरेसरी हेरिरहें । युवतीको औंला फोनको कि प्याडमा मेसिन झैं चल्यो । तुरुन्तै कुरियरवाला हाजिर भयो । प्याकिङ्ग गरिएका मेरै आकृतिको फ्रेम लिएर गयो । मलाई भित्रभित्रै लाज र दुःख दुवैले नराम्रोसँग कोतरिरह्यो । सानो बालकको कोमल अङ्गमा बाँदरका तीखा नङ्ग्राहरूले कोतरेझैं मन क्षतविक्षत भयो । सायद लुँजलाले दिन खोजेको सरप्राइज त्यही थियो कि ! मैले अनुमान लगाएँ । पक्कै यही हुनुपर्छ । बिचरा के थाहा ती पर्यटकलाई र ती ' काउन्टर' वालीलाई । मेरै अगाडि मलाई गोराहरूको डलरमा बेचिदिइन् काउन्टरकी युवतीले ।

सिग्रेटको तल्तल्ले मस्तिष्कमा छुट्टै भोक जागिरहेको थियो । ग्यालरीभित्रको 'स्मोक जोन'मा छिरें । सोफामा बसें र मज्जाले धुवाँ उडाइदिएँ । फ्रेस भएर बाहिर निस्कें, काउन्टरकी युवती मुस्काइन् । सायद 'म फुर्सद भएँ है' भन्ने सङ्केत गरिरहेकी थिइन् उनी । मेरो मुख लाज र रिस वा खै के ले हो ? अव्यक्त एउटा कहानीले रातो–पिरो भइसकेको थियो । तेलमा झानेको खुर्सानी जस्तै । पकेटबाट रुमाल निकालेर पसिना पुछें । यति खेरसम्म पर्यटकको जोडी बाहिरिइ सकेको थियो ।

उनी चिनेजानेकै मान्छेसँग बोलेझैं मसँग बोल्न अघि सरिन् ।

चिया पिउनुहुन्छ कि ?

'नो थैङ्स्'–मैले भने–'गर्मी बढ्दै छ ।'

'त्यसो भए कोल्ड ड्रिङ्स वा कोल्ड कफी केही त लिउँ न हुन्न !'

फेरि जवाफ दिएँ–'कुल छु'

सायद, उनी मदेखि अवाक् बनिन् होलिन् । गर्मी र शीतलको कुरा मलाई बाहाना जस्तोमात्र लागिरहेको थियो ।

उनी मौन बसिन् र कम्प्युटरको माउस खेलाउन थालिन् । फेरि केही सोध्न बिर्से झैं गरी बोलिन् ।

तपाईंलाई यसअघि पनि कतै देखेझैं लाग्यो ।

'भूगोल सानो छ' मैले भनें ।

तर म तपाईंलाई पहिलो पटक देख्दैछु ।

कता कता धमिलो आकृति सल्बलाइरहेछ मेरो स्मृतिमा उनले जिद्दी गरिन् र फेरि थपिन्–'हैन... मैले तपाईंलाई देखेको यो दोस्रो पटक हो ।'

साह्रै रमाइलो भलै रोमान्टिक मुडमा देखिन्थिन् ती युवती ।

तर म भने अझै सामान्य बन्न सकिरहेको थिइनँ ।

'तपाईंको शुभनाम ?'

मैले रिसाएझैं गरी ठट्टा गर्दै भनेँ । 'मलाई दोस्रो पटक देख्नुभएको भए अवश्य पनि मेरो नाम थाहा हुनुपर्ने हो'

उनले डर मानेझैं केही लजाऊँदै शिर झुकाइन् ।

परिवेशलाई सामान्य बनाउन उनको अर्को प्रश्न तेर्सिनु अघि नै मैले जवाफ दिएँ 'एनी वे' म क्षितीज ।

बल्ल उनको झुकेको अनुहार उठ्यो र बोलिन् । अति सुन्दर नाम रहेछ तपाईंको

'म चाहिँ चाँदनी'

प्रतिउत्तरमा मैले भने 'स्विट नेम' सबै मरिमेट्छन् त्यो चाँदनी छुन जो अन्धकार रात चिर्ने उज्यालीकी खानी हुन् । साँच्चै आकाशको

चाँदनीजस्तै यौवनले धपक्कै बलेकी थिइन् उनी । नसालु आँखा लालिमय ओँठ तर शरीर अलि भद्वा थियो ।
मैले भने 'आज चाँदनीको चहक क्षितीजमा पऱ्यो । उनी मुस्काइन् मात्र । चाँदनी यी सबै चित्रहरू लुँजला एक्लै कोर्छिन् ?
'अवश्य' उनी बोलिन् ।
तर, रङ्ग मिसाउन भने लज्जावतीको मद्दत लिने गर्छिन् ।
लज्जावती...साँच्चै लज्जावती पनि चित्रकलामा दक्खल राख्ने उत्सुक नारी हुनुपर्छ । मनमनै लज्जावतीको हातबाट दिलको क्यानभासहरूमा रङ्ग पोतेँ ।

★★★

ढोकाको कुईंचय्ले तान्यो मलाई । पाहुना बाहिरिए । लुँजला पनि आइपुगिन् र नजिकैको सोफामा बस्दै प्रश्न गर्न थालिन् । 'ग्यालरी कस्तो लाग्यो क्षितीजजी ।'
सिपाहीले अपराधीसँग स्पष्टीकरण माग्न खोजे झैं गरी बोलिन् उनी मसँग ।
'सुन्दर अति सुन्दर'–मैले भने । अत्यन्तै सुन्दर, साँच्चीकै अद्‌भुत सरप्राइज दिनुभयो तपाईंले 'तर...'–बीचैमा रोकिएँ म ।
भन्नुस् न के भन्न खोज्दै हुनुहुन्थ्यो ?
'मेरो पनि एउटा स्केच उतारिदिनुहुन्छ कि ! तपाईंको कुचीमा सायद म सुहाउँछु जस्तो लाग्यो ।'–मैले विषयवस्तुलाई अलिकति तोडमोड गरें । केही थाहा नपाएझैं उनलाई अनुरोध गरेँ ।
लुँजला जुरुक्क उठिन् र सिधै अघि गोराहरू उभिएर हाँसेको ठाउँमा पुगिन् । उनले चाँदनीलााई १४३ नं. को फ्रेम सोधिन् । चाँदनीले निर्भीक र खुसीका साथ जवाफ दिइन् । त्यो त अघिको पाहुनाले खरिद गरेर लग्यो मैसाब् । राम्रो मूल्य दिएर खरिद गऱ्यो । अघि नै कुरियर गर्न

पठाइदिएँ । क्रिसमसको उपलक्ष्यमा छोरीको लागि गिफ्ट पठाउनु रहेछ । पर्यटकको जोडीले त्यो चित्र देख्नासाथ अचम्म मान्दै दोब्बर मूल्य तिर्न तम्तयार भयो । राम्रै मूल्य दिएर लगिन् । के मैले ठीक गरिन र ? लुँजलाको चेहराभरि असन्तुष्टिको भाव सल्बलायो ।

हँ.... ! लुँजला दिक्क मान्दै बोलिन् ।

चाँदनी तिमीले ठीक गरिनौ । त्यो चित्र बेच्नको लागि थिएन । मैले मेरो पाहुनाको लागि भनेर धेरै मेहनत गरेर बनाएको थिएँ । जसको कुनै मूल्य छैन ।

'आइ एम सरी मैसाब्' तपाईंले यो सबथोक पहिले नै जानकारी दिनुभएन । त्यसैले, गल्ती हुनपुग्यो' मलाई माफ गरिदिनुहोला ।

क्षितीजजी, तपाईंलाई सरप्राइज दिन आजै मात्र त्यो चित्र मैले ग्यालरीमा सजाएको थिएँ । कस्तो संयोग हो यो । सायद भगवान्ले पनि मेरो परीक्षा लिइरहेको छ । किन आजै यस्तो भयो हे भगवान्...!'–लुँजला मेरो नजिकै आइन् र भनिन् ।

'माफ गर्नुहोला क्षितीजजी, म तपाईंलाई तपाईंकै स्केच (चित्र) को सरप्राइजसँगै उपहार दिन चाहन्थे' तर आज तपाईंकै सामु धेरै लज्जित भएको छु आफ्नै कारणले । उफ् कति मेहेनत गरेकी थिएँ मैले त्यो आर्टमा । लुँजलाको 'मुड्अफ्' अनुहार साह्रै दयालाग्दो थियो । उनी लाजले पानी पानी भैसकेकी थिइन् । मैले वातावरण 'क्रियट' गर्ने प्रयास स्वरूप प्वाक्क बोलिदिएँ ।

लुँजला त्यो पर्यटकको जोडीले त तपाईंको स्केच पो लगेको थियो त ! 'धत् तपाईं पनि' ठट्टै मात्र । लुँजला बोलिन् अब भने उनको मुहारमा उज्यालो थपिँदै गयो उनी मुस्कुराउँदै बोलिन् । त्यसो भए तपाईंले त्यो चित्र अवलोकन गर्न भ्याउनुभयो हगि ? कस्तो लाग्यो तपाईंलाई ? नढाँटी भन्नुस् त ?

ग्यालरी भरि हाँसो छरियो ।

'साह्रै राम्रो स्केच थियो । एक झलक मात्रै देख्न पाएँ । फेरि क्याप् फुकालिदिऊँ कि ! मैले टोप हातमा निकालिदिएँ । चाँदनी एक्कासि चिच्याइन् 'अहो ! क्षितीज सर, मैले तपाईंहरूमाथि धेरै ठुलो अन्याय पो गरेछु । माफ गर्नुहोला है' ।

उनी बोल्दै गइन् ।–'त्यही त, तपाईंलाई कहाँ देखैँ–देखैँ जस्तो लागेको थियो त्यही आर्टमा पो देखेकी रहेछु । उनले पश्चातापको भावमा थपिन् 'मैसाब् हजुरले पनि केही बताउनु भएन । वास्तविकता थाहा पाएपछि त म झनै दुःखी भएँ । त्यो चित्र बेचेकोमा म पनि दुःखी हुने भएँ । उफ् ...मलाई माफ गरिदिनुहोला ।' उनी उठेर नजिकै आइन् । लुँजला शान्त रहिन् । चाँदनीले साह्रै अप्ठ्यारो मान्दै माफ मागिन् ।

'चाँदनी तिम्रो कुनै गल्ती छैन । भैगो जाऊ आफ्नो काम सम्हाल ।' लुँजलाले भनिन् । चाँदनी काउन्टरतर्फ लागिन् र आफ्नो काममा ब्यस्त हुन थालिन् ।

★★★

'क्षितीजजी' मेरै गल्ती थियो । मैले ग्यालरीमा त्यो आर्ट राख्न नहुने थियो । उफ् लक्ष्य टुक्रियो' लुँजला बोलिन् ।

'छैन झन् जाम भएको छ सिमेन्ट भन्दा' मैले भनैँ ।

'ठट्टै मात्र ।' उनी बोलिन् ।

तपाईंको आजदेखि फ्यान् बनें म ।

'मेरो दिलको कि ! कलाको ?'–उनले सोधिन्

मैले भनें–'दुवैको ।'

'त्यसो भए त्यो अवसरमा 'पार्टी' खुवाउनुपर्‍यो नि त' ठट्टा गर्दै बोलिन् उनी ।

'पाटीमा त वृद्ध–वृद्धाहरू मात्र जान्छन् भन्ने सुनेको थिएँ हामी अहिले नै जाने र ?' मैले पनि ठट्टैमा उत्तर दिएँ । 'हाम्रो त अझै धेरै उमेर बाँकी छ ।'

'ह्या...ठट्टै मात्र, मैले त्यसो भनेँ र !' उनी बोलिन् ।

त्यतिखेरसम्म हामी ग्यालरीबाट बाहिरिइसकेका थियौँ ।

'मलाई त्यस्तै लाग्यो'

'बुझ्क्कड'

हपारेको जस्तै गरी ठुस्केर बोलिन् उनी ।

'मैले जाऊँ भनेछु भने जान्छौ तिमी ?'–मैले भने ।

'कहाँ ? नगरकोट कि धुलिखेल ?'–उनले प्रश्न तेर्स्याइन् ।

तिमीले सोचेजस्तो नगरकोट, धुलिखेल कहीं पनि होइन ।

पहाड जाने हो । के तिमी जान सक्छौ ? जहाँ, तिमीलाई सुहाउने कला छ । रङ्ग छ । प्रकृति छ । मैले भनेँ एउटा सुन्दर संसार छ ।

त्यसो भए मलाई आजै लैजानु न पहाडमा ।

'पखेटा उमार्न टाइम लाग्ला नि'–मैले भनेँ ।

मनको जहाजबाट उडाएर लानु नि ।

जहाज क्र्यास भयो भने ?

ठट्टै मात्र, सँगै मरौला नि हुन्न र ?

साँच्चै नढाँटी भन्दैछु लुँजला म केही दिनमै पहाड जानु छ क्या ।

रियल्ली ?

म ढाँट्छु र आफ्नै मान्छेलाई !

मेरो प्रिय लेखक । म पनि तपाईंको फ्यान् हुँ । पहाड जानुभएपछि नबिर्सिनु होला । मलाई डर लाग्छ कतै पहाड तपाईको सिग्माको अलकापुरी जस्तो त छैन ? डर यो अर्थमा कि म तपाईंलाई हृदयदेखि माया गर्छु र मन पराउँछु । खै, कतिखेर आलिङ्गनबाट छुटिएछौं हामी, पत्तो नै भएन ।

★★★

भ्रम र छायाँ

के सोचेको थिएँ के हुँदैछ स्वयम्लाई थाहा छैन । म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो भनेझैं लुँजला झन् झन् मसँग लहसिँदै थिइन् ।

साँझ लोडसेडिङ्गले गर्दा निस्पट्ट अन्धकार छ । अन्धकार छिचोल्दै बाथरुम सकेर किचेन् छिरेँ । एक शिखा मैन जलाएँ । ग्याँस खोलेँ एक कप दुध तताएँ । दुधको स्वादसँगै सोफामा आरामले पल्टेँ आ... ! यो पट्यार लाग्दो समय कसरी कटाऊँ । जलस्रोतको धनी कहलिएको राष्ट्र नै बत्तीमुनिको अँध्यारोमा पिल्सिरहेको छ । त्यसको पहिलो सिकार हामी र हाम्रा बच्चाहरू भैरहेका छौँ । देशका कर्णधार फूलका कोपिलाहरू घामले खङरङ्ग सुक्ने त होइन ? चिन्ता लाग्छ मनमा । यी बालबालिकाहरूमाथि ठुलो खेलवाड र अन्याय भइरहेछ । उद्योगहरू धराशायी बन्दै गएका छन् । खै यस्तै-यस्तै धेरै कुराहरू...!

'टयुवलाइट्' ले पल्याकपुलुक् गर्दै मेरो ध्यान खिच्यो । कोठा ढाकेर बसेको चुक घोप्टेझैं घोप्टिएको अँध्यारो कति चाँडो आँखा झिमिक्क नहुँदै उज्यालोको डरले बाहिर कुनाकाप्चामा लुक्न पुगिसकेछन् । बल्ल आनन्द भो ।

राइसकुकर खारखुर पारेँ र खाना बसालिदिएँ । पहाडबाट काकीले पठाइ दिनुभएको निबुवाको अचार प्लेटमा राखेँ र दालसँगै अचार झानेँ ।

'अचारको कीरो छ मेरो छोरा लौ बा, लैजाउ यो मुलाको अचार पनि' भन्दै काकीले झोलामा प्याक गरिदिएकी थिइन् । 'फिङ्गर चिप्स' तयार पारेँ । अण्डा 'पोच' बनाएँ सागलाई पखालपाखुल् पारेँ । खुर्सानी डढाएँ र पर्परी भुटेँ कोठाभरि हरर्र बास्ना चल्यो ।

★★★

फोनको घण्टीले तान्यो मलाई । पहाडबाट पिताजीले फोन गर्नु भएको रहेछ । मैले केही साथीसहित केही सातामै पहाड आउने जानकारी गराएँ । पिताजी साह्रै खुसी हुनुभयो । फोनमै भन्नुभयो । तिमीलाई भनेर भैंसीको शुद्ध घ्यू जम्मा गरी राख्याछिन् आमाले । अनि लप्सी र स्कुसको अचार पनि बनाई राख्याछिन् । छिट्टै आऊ है बाबु ! कडा मिजास स्वभावका पिताजी ३३ वर्ष मास्टरी जागिरेबाट पेन्सिन्मा रिटायर्ड भएको वर्षौं बितिसक्यो । त्यही पुरानो मास्टर नुनको सोझो गर्दा गर्दै सेताम्मे कपाल फुलिसकेको छ । रु ३० मासिक तलबदेखि जागिरी गर्नुभएको पिताजीको कहानी सुन्दा एकादेशको कथा जस्तो लाग्छ । देशमा शिक्षित जनशक्ति कम थियो पञ्चायती व्यबस्था कडा शासन । कडा नीति नियम । मेरो पिताजी अन्डर एस.एल.सी.सम्म पास गर्नुभएछ । साह्रै सोझो हुनुहुन्थ्यो । भ्रष्टचार गर्ने प्रवृत्ति भने त्यतिखेर पनि रहेछ । गाउँकै प्रधानपञ्चले शिक्षक नियुक्ति गर्ने त्यो समय गाउँ पञ्चायतका प्रधानपञ्चले र केही व्यबस्थापन पक्षका मान्छेहरू मिलेर रु ९०/- रूपियाँ तलब गुपचुपमा राखि ३० रुपैया मात्र दिएका रहेछन् । वर्षौंपछि सो रहस्य खुल्यो । शिक्षा कार्यालयमा गएर गुनासो गरेपछि भने ९० रूपियाँ नै तलब पाएको भन्दै पीडा पोख्नुहुन्थ्यो । पिताजी मलाई शिक्षक नै बनाउन चाहनुहुन्थ्यो । शिक्षकजस्तो पवित्र पेशालाई बाबाको दयनीय अवस्था देखेर मैले जीवनभर शिक्षक पेशा नअँगाल्ने प्रतिवद्धता बाल्यकालमै गरेको थिएँ ।

खै बाल मस्तिष्कमा के भूत सवार भएको थियो थाहा भएन । पुलिसले मानिसलाई पक्रन्छ, पिट्छ, यातना दिन्छ, ड्राइभर छोरी चेली देख्नै हुन्न भगाइहाल्छन्, मास्टर सधैं कुवाको भ्यागुतो भन्ने ठूलाबडा मानिसबाट चौतारीमा गफ गर्दा सुनेकाले होला । हुन पनि पिताजीले पढाएका मान्छे गाउँमै डक्टर बनेर आउँथे । इन्जिनियर बनेर आउँथे । तर पिताजी उही हातमा एउटा झिनो लौरो लिएर विद्यालयमा चिच्याई चिच्याई पढाउनु हुन्थ्यो । सेतो चक र डस्टर कालो पाटीमा रगड्दा रगड्दै कपाल सेताम्मे फुलाइसक्नु भएको थियो । व्यवहारमा देख्दा उनीहरू सबै त्यस्तै लाग्थ्यो पनि मलाई । त्यसैले मैले मनमनै कसम नै खाएको थिएँ । यी तीन थरि जागिर खाँदै नखाने । हुन पनि त्यो समयको परिवेश उस्तै थियो ।

छोरा र छोरीको भेदभावको जमाना रहेको थियो शिक्षित व्यक्तिहरूले पनि त्यस्ता कुसंस्कारहरू अपनाइरहेको बेला मेरो पिताजी र आमाले कहिंल्यै पनि छोराछोरीमाथि भेदभाव नगरीकन शिक्षामा होस् या घरमा समान व्यवहार र अवसर प्रदान गर्नुभयो । त्यति मात्र कहाँ हो र वाङ्वा भन्ने गाउँमा बालबालिकालाई पढाउनुपर्छ भनेर पिताजी आफै गाउँ–गाउँमा गएर विद्यार्थीहरूलाई स्कुल भर्ना गराउन जानुहुन्थ्यो । गाउँलेहरू 'मास्टरले आफ्नो जागिर पकाउन बालबच्चालाई भुल्लाउन घरघरमा लिन आए' भनेर गाउँबाटै लखेटेको घटना बडो मार्मिक र दुःखी हुँदै सुनाउनुहुन्थ्यो पिताजी । तर पिताजीले पढाएकै विद्यार्थीहरू डक्टर, इन्जिनियर र अधिवक्ता बनेर गाउँमा उहाँलाई खोज्दै आएर गुरू सम्मान गर्दा भने उहाँलाई जीबनमा राम्रो काम गरेको रहेछु भन्ने आभास मिल्छ भन्नुहुन्थ्यो । जीवनमा कमाएको सम्पत्ति यही हो पिताजीले । उहाँ आफ्ना विद्यार्थीका मात्र हैनन् साँच्चै मेरो पनि बुबा भन्दा धेरै गुरूबा पनि हुनुहुन्थ्यो । कक्षा ३ मा पढ्ने बेला लेख्न नआएर भ्यागुतो बन्नुपरेको

थियो मैले । निलडाउन भन्ने गरिन्थ्यो त्यो सजायलाई । ५ मिनेटसम्म त्यसरी नै भ्यागुतो बनेर भुँइतिर टाउको फर्काएर बस्नुपर्थ्यो । त्यतिखेर मलाई भने भ्यागुतो बनेर खेल्न पाएको जस्तो खुब् आनन्द लाग्थ्यो । जब खुट्टा दुख्न थाल्थ्यो अनि मनमनै पिताजीलाई गाली गर्थें । अरूलाई त सजायँ दियो दियो आफ्नै छोरालाई पनि किन यस्तो गरेको होला ? पछि हुर्कदै गएपछि पो थाहा पाएँ त्यो मायाँ रहेछ । साँच्चै कति धेरै माया साँचेका हुन्छन् अभिभावकहरूले । फोन राख्ने बेला पिताजी भन्दै हुनुहुन्थ्यो आमालाई छोराको न्यास्रो लाग्यो अरे छिट्टै आऊ है बाबु ।
मोबाइलको टिङ्टिङले तान्यो मलाई । साथीको एस.एम.एस. रहेछ । वर्षौं पहिले प्रवर्तन गरेको फाँचल अभियान बोकेर ग्रामीण परिवेश सृजनामा उन्न फाँचल यात्राको तय गरेका थियौँ । फाँचल एउटा त्यस्तो विधा जो नेपालकै भूमिमा नेपाली सहित्यका रूपमा वीजारोपण गरेका थियौं । जसलाई हुर्काउनु छ त्यसैका निम्ति पनि हामीले पहाड छानेका थियौँ । त्यही विषयमा 'रिप्लाई' गरें ।

★★★

ल्यापटप खोलें । इमेल चेक नगरेको पनि धेरै दिन भएको थियो । आइडी माग्यो आइडीसँगै पासवर्ड पनि । प्रिय नाम जुनु टाइप गरिदिएँ । एकाउन्ट खुल्यो । नयाँ इमेल आएको रहेछ । केही महिनाअघि मात्र 'साईप्रस' पुगेको साथी रुवीको थियो । अध्ययनको लागि हानिएको ऊ राम्रो विद्यार्थी थियो । नेपालमै रहँदा पनि सङ्गीतमा रुचि राख्ने उनले केही वर्ष एफ.एम. रेडियोमा सामाजिक कार्यक्रम चलायो । खै ! के मा चित्त बुझेन फेरि गीत–सङ्गीतमा योगदान दिऊँ भनी ठमेलमा सङ्गीत उत्पादन कम्पनी खोलेर बस्यो । मेरो एउटा गीतकारको हैसियतले घनिष्टता मात्र नभै क्याम्पसमा मिल्ने साथी थिई रुवी । त्यसैताका हो मलाई नवप्रवेशी गीतकारको हिसाबले धेरै गायकहरूले झुलाएका । झन्

कृष्णभक्त राईले त मेरो गीतको लागि तयार पारिएको मेलोडीसमेत बेचिदियो र त्यो गीत वर्षौंसम्म रेकर्ड हुन सकेन । अर्का गायक लाक्पा शेर्पाले बुढाहरूको गीत पहिले गाउनुपर्छ । भाइको गीत राम्रो छ मन पर्‍यो । तर अहिले म बुढाहरूलाई प्रश्रय दिन्छु भन्दै राष्ट्रकवि माधवप्रसाद घिमिरेको नाम लिए । साथी टीका प्रसाँई 'दोरेमी कलाकेन्द्र' काठमाडौं जमलमा सङ्गीत प्रशिक्षण लिँदै थिइन् । उनीसँग सामाखुसी साहित्य समाजमा परिचय भएपछि नै घनिष्टता बढेको थियो । त्यतिखेर गजलकार ज्ञानुवाकर पौडेल दाजुले भन्नुभएको थियो । 'म झापाको एउटा साहित्यिक कार्यक्रममा आतिथ्य ग्रहण गर्न पुगेको थिएँ त्यहीँ एउटी स्वरकी धनी बहिनी टीकालाई भेटें । उनलाई सङ्गीत ज्ञानको अभाव थियो त्यसैले काठमाडौं लिएर आएँ । वास्तवमै मिठो स्वर थियो उनको । एक दिन जमलको दोरेमी कलाकेन्द्रमा टीकाले बोलाइन् मलाई । उनी गायक ईश्वर अमात्यसँग सङ्गीत प्रशिक्षण लिइरहेकी थिइन् । मेरो एउटा गीत गाउनुपर्‍यो भनी टीकाले लगेकी थिइन् गायक ईश्वर अमात्यले सङ्गीत गरेका रहेछन् । तपाईंको शब्दलाई कत्तिको न्याय दिन सकें, एकचोटि तपाईं नै आएर सुनिदिनुपर्‍यो भनेपछि म त्यहाँ पुगेको थिएँ । उनले हार्मोनियमको तालसँगै गाउन थालिन्

कहिंले माया आकाशको जुनजस्तो
कहिंले माया न्याउलीको धुनजस्तो

जीवन रूझ्यो आँसुको धाराले
जिउँदै मार्‍यो त्यो पापी मायाले
कहिंले माया नुनिलो नुनजस्तो
कहिंले माया बैगुनी गुनजस्तो
सुनको माया सुनसँगै खिएछ

हाँसोसँगै बदनाम दिएछ
कहिंले माया इन्द्रेणी रङ्ग जस्तो
कहिंले माया बैरागी मन जस्तो ।

साह्रै मिठो सङ्गीत थियो । त्यतिखेरै हो मलाई ईश्वर अमात्यले मेरो शब्द मागेको । मैले आनकानी गर्दै एउटा शब्द दिएँ । शब्द सुन्नासाथ गुनगुनाउन थाल्यो ।

कहाँ जाऊँ भन्दै थिएँ कहाँ पो पुगेछु
आज आफ्नै जिन्दगीको मलामी भएछु ।

ऊनले हार्मोनियमको धुनसँगै सङ्गीत हालेर गाउन थाल्यो र चार दिनपछि भेट्न भन्यो ।

★★★

चार दिनपछि म त्यहाँ पुगें । उनले मेरो हात समाउँदै भन्यो 'क्षितीज भाइ ! मेरो एउटा अर्जेन्ट काम पऱ्यो पुल्चोकसम्म पुऱ्याइदिनुहोस् न ।' एउटा दृष्टिविहीन गायकले भनेको कुरा म कसरी नाइँ भन्न सक्छु । दृष्टिविहीन भएर पनि जीवनको मूल्य बुझिरहेको ठानिरहेछु म उनलाई । बरू आँखा भएकाहरू अन्धोप्राय लाग्छ मलाई । उनीहरू चाहेरै बुझ्दैनन् जीवन र जगत् । मलाई अपाङ्ग र दृष्टिविहीनहरूलाई सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि मिल्छ त्यसैले म भन्ने गर्छु । ढुङ्गा पुज्ने ए मृगतृषक, मान्छेहरू हो ! तिमीहरू दुःखी र बेसहारालाई सहयोग गर । त्यहीं भेट्ने छौ वास्तविक 'ईश्वर' त्यहीँ भेट्ने छौ सुन्दर मन्दिर र देवताहरू । तिमीले मठ–मन्दिरमा चढाउने भेटीहरू यिनै दिन दुःखीहरूको लागि खर्च गर । जसले तिमीलाई साक्षात् वर मिल्नेछ । गायक अमात्यसँग एउटा गीतकार र गायकको सम्बन्धले म त्यहाँ पुगेको थिएँ ।

ट्याक्सी पुल्चोकको स्काइ ओभरब्रिज अगाडि रोकियो । अमात्यले मलाई एउटा गल्लीको भट्टीमा पुऱ्यायो । उनले 'केही नास्ता गरौं न' भनेपछि

मैले हुन्छ भनैं । उनले त्यस्तो कुनै विशेष खालको नास्ता लिएनन् । केही प्लेट मासु र दिउँसै रक्सीका प्यालाहरू लिएर घट्घटी पिए र नशाको सुरमा मेरै शब्द गुनगुनाउन थाले ।

कहाँ जाऊँ भन्दै थिएँ कहाँ पुगेछु
आज आफ्नै जिन्दगीको मलामी भएछु ।

त्यहीँ लखतरान् परे अमात्य । जतिखेर म पिउँदिन थिएँ । भट्टीवालाले राम्रै चिनेका रहेछन् उनलाई । मैले उनलाई त्यहीँ जिम्मा लगाएर बिल पेमेन्ट गरेर बाहिरिएँ । कत्रो सपना लिएर मैले सुनेको पवित्र नाम ईश्वरलाई भेट्न गएको थिएँ म । त्यही दिनदेखि मैले जिन्दगीमा उनलाई फेरि फर्केर कहिंल्यै भेट्न गइँन । सायद नभेटेको भए मैले यी गायकसँगको सम्बन्ध धेरै उँचाइमा रहिरहन्थ्यो होला । त्यस दिन देखी म मेरो मानसपटलले आदरणीय मानेका मानिसहरू भेट्न साह्रै डराउन थाले किनकि सम्बन्धहरू त्यसरी सस्तो नबनून् ।

भो तिमी अब हाँसेर जिउनु चित्तामा म जलेको छु
तिमीले जित्यौ सकिन मैले खेलमा धेरै हारेको छु
मुटु यो मेरो पीडाले दुख्दा औषधि विष पिलायौ
जीवन हातमा राखेथैँ तिम्रै आगो लगाई जलायौ
जालीहरूको जालमा परी जिउँदै आज मरेको छु
तिमीले जित्यौ सकिन मैले खेलमा धेरै हारेको छु ।
तिम्रो नै यादमा यो देह जले खुसी भै धेरै रमाउनु
एक थियो वैरी घटेछ भनी हर्षको दियो जलाउनु
थाहै नपाइ आफैँलाई मैले भुमरीबीच पारेको छु
तिमीले जित्यौ सकिन मैले खेलमा धेरै हारेको छु ।

यी गीतका शब्दहरूसँग मेरा धेरै सङ्घर्ष र कठिनाइहरू जोडिएका छन् । कलेज जीवनमा भुवन पास्व्हाङ्ग गजल र गीत लेख्ने सहकर्मी थिए ।

उनी पनि खोटाङ्ग हलेसीकै गीत लेख्दालेख्दै कहिले झुल्किने कहिले हराउने गर्न थाले । अर्कातिर रुवी घले गोरखा स्थायी घर भए पनि भरखरै भक्तपुरबासी बनेका थिए । जीवनका मोडमा यति महँगो मित्रता हामी बीच कायम भएको थियो । सन्दर्भ उठ्दा भन्ने गर्थ्यो 'देशको लागि केही गर्न सकेनौं ।' हामी देशको अवस्था देखेर निकै भावुक बन्थ्यौं । एक दिन सिंहदरबार अगाडिको होडिङ्गबोर्डतर्फ औंल्याउँदै रूवीले भनेका थिए 'हेर क्षितीज । हाम्रो देश, हाम्रो संस्कृति कति धनी छ त्यही पहिचान दिन खोजेको मैले । होर्डिङ्ग बोर्डमा ठुलो वालै ढाकिने गरी ढाका टोपीमा सजिएको उनको फोटोमा राष्ट्रियता थियो । नेपालीपन थियो । अझै भनौं नेपालीको संस्कृति थियो । साइप्रस उड्ने बेला दुःखका साथ भन्थ्यो 'देशको लागि केही दिन सकिनँ । यो अन्धकार साम्राज्यमा सरर...सरर...मिठो समीर फैलाउन सकिन । त्यसैले, म उज्यालोको खोजीमा विदेसिँदै छु ।' खै विदेशमा कस्तो उज्यालो खोज्न जाँदैछ मेरो प्रिय सखी रूवी । भन्थ्यो, 'त्यहाँ गएर दाम पनि कमाउँछु सीप पनि सिकेर आउँछु र फर्केर स्वदेशमै सङ्गीतमा लगानी गर्नेछु । यो मेरो प्रतिबद्धता भो' छुट्ने बेला भक्कानिँदै मलाई सान्त्वना दिएको थियो । साँच्चै गोरखाली लाहुरेको छोरो थियो ऊ तर फौजीभन्दा बढी उसलाई सङ्गीत मन पर्थ्यो । तर मलाई भने खै किन हो किन विदेसिन पटक्कै मन लागेन । मनमा लाग्थ्यो सिस्नु ढिँडो खाएर देशकै सेवा गरूँ । दियोजस्तै आफू जलेर यो अन्धकार दुनियाँलाई उज्यालो छरूँ । तर यो दुनियाँ जति फूल सम्झे पनि काँडाजस्तै बिझिदिन्छ । छिया छिया पारेर मनको घाउ ।

निकै लामो समयपछि इमेल पाएँ रूवीको । लेखिएको थियो 'क्षितीज, भौतिक दूरीमा टाढा छौं तर मनको दूरीमा धेरै निकट छौं । साइप्रस राम्रोसँग आइपुगेँ । पढाइको अलावा सानो जागिर पनि खाएको छु । म

अहिलेलाई ठीकठाक छु । हाम्रो सपना (लक्ष्य) पुरा गर्नु छ राम्रा राम्रा गीतहरू सृजना गर्नु अवश्य एकदिन हाम्रा सृजनाले पनि ठाउँ पाउनेछ' आदि इत्यादि । नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध भई धेरै काम गरीसकेको एक सामाजिक व्यक्तित्व थियो रूवी । एक दिन गुनासो पोख्दै जमलको एउटा खाजाघरमा नेपाल सरकारको लाचारी शासनको बारे तिक्तता पोखेको थियो उसले । 'वौद्धिक युवाशक्ति जति सबै विदेशिन वाध्य छन् । जब वौद्धिक युवा शक्ति नै स्वदेशमा रहने वातावरण मिलाइँदैन भने लाटागाँडाहरूमाथि शासन गरेर सर्वश्रेष्ठ ठान्ने हाम्रा शासक वर्गहरूको निरीहपन मलाई पटक्कै मन पर्दैन । किन युवाशक्तिलाई केन्द्रित गरी देश विकासमा लागिपर्दैन राज्य ? सँधैसधैं बेरोजगार मात्रै जन्माइरहेछ सरकार । उदार शिक्षानीति छैन । कृषिप्रधान देशका कृषक जति सबै विदेशमै । खेतबारी बाँझै छन् । अरू जेट युगमा छन् हाम्रो राष्ट्र भने पेट युगमै फन्फनाइरहेको छन् । हो क्षितीज ती कविले सही लेखे । मेरो प्रिय मित्र देशको चिन्ता हरेक नेपालीले गर्ने हो भने पक्कै पनि देश आफैं बन्छ । तर, कसलाई के मतलब यहाँ ?'

★★★

मोबाइलको रिङ्गटोन डिजिटलाइज हुँदै थियो । अरू क्षेत्रमा विकास हुन नसके पनि सूचना प्रविधिले फड्को मार्दै गयो देशमा । विदेशी मोवाइल सबैको हातहातमा पुग्दै थियो । विदेशी मोवाइलमा रिङ्टोन पनि विदेशी नै बज्यो । रिङटोनले प्यारको गीत गायो ।

फेरि को प्यार गर्न आइपुग्यो राती–राती !

लुँजलाको कल थियो ।

'क्षितीजजी, सुत्नुभाको छैन' लुँजला बोलिन् ।

मैले ठाडो जवाफ दिएँ 'निद्रा यु.एस.ए. उडेको छ ।'

डि.भी. चिट्ठा पऱ्यो कि क्या हो ।

'हैन', मैले भनें –त्यो निल गगनमा जहाँ एउटा लक्ष्यको खोजमा ।'
त्यसो भए जहाज फर्काउन भन्नु नि ।
'टुइनेटर होइन बोइङ्ग हो । गाह्रो हुन्छ । अनि तिम्रोचाहिं निद्रा वरिपरि बसेर चिचीपापा माग्दै होलान् हैन ?' मैले भनैं, कतिको परोलिरहेको छ नि ?
'आज चोर लागेछ क्या' मस्किँदै बोलिन् उनी ।
कहाँ ?
दिलमा ।
'कस्तो पासो थाप्न लाग्दैछिन् लुँजलाले थाहा छैन' तत्कालै जवाफ दिएँ ।
'पुलिस स्टेसनमा खबर गर न' मैले भनैं, 'चोर पल्क्यो भने त बर्बादै हुन्छ ।'
'म आफै पक्रन्छु त्यो दिलचोरलाई ।' उनी बोलिन् ।
उम्क्यो भने नि !
रोइदिन्छु के !
केटी मान्छेहरूको समस्या भनेको नै यही हो । आफूले चाहेको कुरा पुरा भएन भने रोइदियो बस् सकियो । आँखाको पछिल्तिर आँसुको घैला नै झुण्डाएको हुन्छ कि वा इनारै ? केटी मान्छेको शक्ति भनूँ वा कमजोरी आँसु नै हो ।
साँच्चै हो क्षितीज । म अलि बढी रून्ची छु ।
'ल रोएरै बस, जीवनभर'– मैले भनें ।
'अनि के त, बरू भन्नुस् खाना खानु भयो ? फेरि बोलिन् ।
'एक्लै छु' मैले भने ।
'म आउन सक्छु ?'– उनले भनिन् ।
रात छिप्पिइसक्यो ।
सम्बन्ध छिप्पेको छैन ।
'ठट्टैमात्र, कलिलै राम्रो ।' उनी बोलिन् ।
तर म छिप्पिन चाहन्छु ।

मनलाई स्थिर राख रात कटाउन गाह्रो होला नि,
मैले भने, 'बग्दैछ ।'
के ?
रात
रातसँगै तिमी बहन चाहन्छौ ?
बगाउने खोला भेटियो भने निश्चय नै ।
पुरुष हुँ । म पनि के कम ! भनिदिएँ, समयसँगै चलिदिन्छु हावासँगै बहिदिन्छु बग्नुपरे खोलासँग मात्र के ? तिमीसँगै बगिदिन्छु । तर यो मन एक झल्को देखेको लज्जावतीको लागि तड्पिरहेछ । के साइनो छ थाहा छैन उनीसँग । तैपनि तड्पिरहेछ यो मन किनकि लज्जावती मेरो मिठो कहानीजस्तै लाग्छ । उडाइहाले भोलिको एउटा सुन्दर र सुनौलो बिहानी जस्तै लाग्छ । हो भलै पूर्णिमाको जून जस्तै ।
'भोलि भेटौं न हुन्न ?'–बोलिन् उनी ।
कहाँ लाने ?
पिरतीको गाउँ ।
साँच्चै प्यार गर्न थालिसकिछ उनले मलाई । तर यो कस्तो प्यार ? म लज्जावतीको छाया पच्छ्याइरहेछु । उनी मलाई ।
बिहान ब्युँझदा झ्यालका सिसाहरूबाट सौर्य किरण चिहाउँदै जिस्किरहेका थिए क्षितीज ब्युँझ । म कोसौं माइल पार गरेर तिमीसम्म आइपुगेको छु लालीमय उषाले एउटा क्षितीज सजाउन । म हरेक दिन तिम्रै वरिपरि मुस्कुराउन चाहन्थेँ । तर त्यो रात साँझ नपर्दै तिमीलाई छुन आइपुग्छ । म ईर्ष्याले जल्छु, छट्पटाउँछु तर अन्धकार रात मलाई ठेल्दै हुत्याउँदै तिमीसँग लहसिन आइपुग्छ । जब रातको साम्राज्य बढ्छ तिमीलाई म हरेक पल 'मिस्' गरिरहेको हुनेछु । यस्तै भनिरहेझै सौर्य किरणझ्यालबाट जिस्काइरहेका थिए ।

★★★

भगवान्–ईश्वर ?

आज अलि धेरै व्यस्त भएँ सि.आर.आई. (चाइना रेडियो इन्टरनेशनल)को राष्ट्रिय सम्मेलनको लागि चीनबाट रेडियो सञ्चालक छाङ्हो र वर्षा चिनियाँ टेलिभिजनका प्रतिनिधिहरू नेपाल आइपुगेका थिए । हामी केही साथीहरू दुर्गाप्रसाद घिमिरे, खेमराज सेंढाई,सन्तोष भुजेल, विष्णु भगवान् पनि सी.आर.आइ.को सदस्य थियौं । नेपाल र चीनको सम्बन्धको लागि मितेरी पुल थियौं र हामीले सहभागी जनाउनै पर्थ्यो कार्यक्रममा । त्यसैले एक होटलको सभाहलमा पुगेका थियौँ । सायद सि.आर.आई. प्रतिको हाम्रो अगाध प्रेमले होला कुरियर गरेर उपहारका पोकाहरू दैलोमै आइपुग्थे । कारण यो थियो कि हामी सि.आर.आई.का हरेक क्रियाकलापमा सक्रियताका साथ सहभागी हुन्थ्यौं । खेमराजजी, ले त चितवनबाट कोशिस मासिक साहित्यिक पत्रिकाबाट सि.आर.आई.को अभियान नै चलाएका थिए ।

भाषाको जटिलताले हामीलाई कहिंलेकाहिँ समस्या पार्थ्यो । नेपाल र चीनको सम्बन्ध चीनबाट प्रसारित रेडियोले झन् अगाध बनाउँदै लगेको थियो । सम्मेलनको उद्घाटन नेपालकै सञ्चार मन्त्रीले रिवन काटेर गरे । 'रिबन काट्दा त रिबनजस्तै सम्बन्ध टुक्रन्छ त', प्वाक्क बोल्यो

एक जना । 'हैन-हैन रिबन त पर्खाल हो'- थप्यो अर्कोले । पुरस्कार वितरण र मन्तव्य राखिसकेपछि नेपाली सि.आर.आई कार्य समितिका पदाधिकारीहरू चयन हुन थाले । मित्र दुर्गाले खुसुक्क छाङ्हो दिदी र वर्षा दिदी (नेपाली नाम सुनकेशरी र केसरी मैयाँ) को कानैमा गएर फुर्क्याइदिनु भएछ । उहाँहरू सबै फोटो सेसन गर्न तयार हुनु भो ।

मोबाइलको रिङ्ग टोन बज्यो । लुँजलालाई टाइम दिएको थिएँ । मोबाइल रिसिभ गरेँ र भनिदिएँ साँझ भेटौंला ।

आज अलि धेरै व्यस्त भइयो । 'सरि' ।

'मलाई कुराएर आफैचाहिँ कहाँ नि !' उनले स्पष्टीकरण मागिन् । मैले भनें 'एउटा कार्यक्रममा छु । भरे अवश्य भेट्ने छु ।'

कहाँ ?

तिमी जहाँ भन्छौ त्यहीँ ।

त्यसो भए ठमेलको तोङ्वा बारमा ।

सबै मानिसहरू हुरूरू गेटबाट बाहिर निस्किए । कति छिटो कार्यक्रम सकिइसकेछ । समय बितेकै पत्तो भएन ।

'कार्यक्रम साह्रै रमाइलो भयो ।'

कोही एकजना फलाक्दै थियो- 'डिनरभन्दा लन्च स्वादिलो थियो' । 'हैन, हैन' - लन्चभन्दा डिनर अर्कोले थप्यो ।

ड्रिङ्स्-स्रिङ्स केही पनि थिएन । के स्वादिलो भन्नु ? क्या बोर ।

मैले ठम्याएँ उ एउटा नाम चलेको अखवारमा काम गर्दथ्यो । सँगै उभिएका एकजनाले जवाफ दियो । 'पत्रकार महोदय' यो मन्त्री र उद्योगपतिहरूको पत्रकार सम्मेलन हो र ? कार्टुनका कार्टुन वियर र रोयलस्ट्रायकका सिल तोड्न ? साथीचाहिँले प्याच्चै बोल्यो । मलाई मर्नु लाज भयो । एक दुई पटकको भेटमा घर पूर्व हो भन्थ्यो । अलि चलाख थियो । लेखेको पारिश्रमकै भरमा काठमाडौंको महंगीसँग जुधिरहेको

बताउँथ्यो । सङ्घर्षका साथ पत्रिकामा पाइला टेकेको सुनाउँथ्यो । एकपटक कीर्तिपुरको मनोरम डाँडाहरू चहार्ने अवसर मिलेको थियो ऊ सँग । मैले जिन्दगी धेरै ठाउँमा बाँडेको छु भन्थ्यो । मेरो स्तम्भलेखनबाट ऊ प्रभावित भएको पनि बताउन भ्याएको थियो । 'लेखकज्यू मैले नपढेको किताब भनेको कुनै पनि छैन सारा पढिसकेँ' । तडक्–भडक् अलि बढी नै गर्ने गर्दथ्यो ।

★★★

हावाको झोंकाले सिमलको भूवालाई कहाँकहाँ पुऱ्याउँछ थाहा छैन । समयको झोंकाले पनि मानिसलाई कहाँकहाँ पुऱ्याउँछ थाहा छैन । साँझको सिरसिर हावाले रात डाक्दै थियो । दिन त ईर्ष्या गरेर गयो नै । दिनको ईर्ष्यामा रात लहसिन आइपुगेको थियो । लुँजला जस्तै । सायद गुनासो गर्न मिल्ने भए सौर्य किरणले जस्तै गुनासो गर्थे होलान् रातले पनि ।

लाइब्रेरीमा वर्षदिनसम्म सामान्य भलाकुसारीमा रहेको लुँजला र मेरो सम्बन्ध तोङ्वा बारसम्म पुगेको छ । जाडोको मौसम तुङवा प्यारहरूले खचाखच भरिएको छ । गेट्पालेले बुट् बजारेर सलाम ठोक्यो र आफ्नो डिउटी पुरा गऱ्यो । तोङ्वा 'वार' विशेष किसिमले सजाइएको थियो । एउटा राउण्ड टेबल कभर गरेर लुँजला बसेकी थिइन् । जाडोले डिग्री नाप्दै थियो । वरिपरि तोङ्वाप्रेमी पर्यटकहरूको 'क्राउड्' बढ्दै थियो । बेयरा मेनु अघि सार्दै बोलिन् । 'सर अर्डर ।'

मैले भने, 'अर्डरभन्दा पहिले हामीलाई एउटा शान्त वातावरणको एउटा टेबल ।' हवस् सर भन्दै, भएभरको मुस्कान खिचेर जबरजस्ती ओंठमा हाँसो भरेर युवती गइन् । लुँजला उनलाई हेरेर मुस्काइन् मात्र ।

लुँजलाको टेबल अगाडि एउटा 'हार्ड कभर' सजिएको पुस्तक थियो । मैले ठट्टा गर्दै भने, यो साँझ लाग्दैछ तिमी कुनै विश्वविद्यालयमा जान लागेकी त हैनौ ?

'अवश्य, जीवनपथ पहिल्याउँदै हिँडेकी छु । जुन विश्वविद्यालयभन्दा फरक छैन ।'–बोलिन् उनी ।

'एक्स्क्युज मि सर'–बेयरा नजिकै आइन् ।

अँ भन,

थर्ड ल्फोरको ७२ नं टेबुल खाली छ । यहाँ जतिको 'क्राउड' छैन ।

'थैङ्क्यु' ।

बेयरा गइन् ।

लुँजला र म लिफ्ट् प्रवेश गऱ्यौं । उनले थर्ड फ्लोरको स्वीच दबाइन् । लिफ्टसँगै चिप्लिँदै केही सेकेण्डमै हामी ७२ नं टेबल कभर गर्न पुग्यौं । बेयरा अर्डरस्लिप, 'मेनु' लिएर नजिक आइन् । गर्मीयाममा चिसो बियर लिएर हाजिर हुने बेयरा आज मुस्काउँदै तोङ्वाको अर्डर उठाउँदै थिइन् । मौसम अनुसारको व्यापार । अनि सर्भिस ।

'तोङ्वा दुई थान मटनफ्राई ससेज । फिङ्गर चिप्स केही ड्राइपापड' अर्डर गरीन् उनले । मैले हुन्छ भने । लुँजलाको हातमा रहेको पुस्तक हेर्ने अनुमति मागैँ । उनी आफैं त्यो पुस्तककार रहिछिन् । त्यो पनि मेरो लागि सरप्राइज बन्यो ।

एक सय एक चित्रहरूको एउटा सँगालो थियो । पुस्तकको गातामा टलक्क टल्केको सुनौलो अक्षर थियो 'अमूर्त' । उनले आफ्नो 'हैण्ड ब्याग' मा केही हराएझैं खोजिन् । उम्केको माछीझैं ब्यागबाट एक प्रकारको महँङ्गो सिगरेट निकालिन् र टेबलमाथि राखिन् । मुस्काउँदै भनिन्, 'मेरो पनि यसमा आदत छ ।' लजालु आँखा नचाउँदै इसारामै प्रतिक्रिया मागेझैं मलाई क्वार्रक्वार्रती हेर्न थालिन् । मेरो अड्कल सही ठहरियो । पहिलो दिन उनको घरमा रहेको डाइनिङ्ग टेबलमाथिको 'एस्ट्रे'मा देखेको सिगरेटको खरानी उनकै आत्माले भरिएको प्रमाण थियो त्यो । मैले एउटा सिगरेट सल्काएँ । उनले पनि निकोटिनले खाएकोजस्तो देखिने

चोरऔँला र माझिऔँलाको सहायतामा एउटा सिगरेट च्यापिन् र बिस्तारै फुरूरू टेबलमाथिको आकाश भरिने गरी बादल छोडिन् । मैले पनि एक सर्को धुँवा फुस्फुसाइदिएँ एक धर्को आयु काट्दै ।

बिस्तारै उनले छरेको धुँवाँसँगै मेरो आत्माले भरेको धुँवा समाहित भयो र एकै ढिक्का बनेर एकाकार बन्दै कहाँ बिलायो थाहा भएन । सायद गल्छेडो छल्दै एक आपसमा लीन हुँदै होलान् । बैंसले उन्मत्त उखरमाउला नव जोडी जस्तै ।

टेबलमा अर्डर बमोजिमका सबै परिकारहरू लुँजला र मेरो तृष्णा मेट्न हतारिँदै थिए । दुवैले तोङ्वाको भाँडो ठोक्कायौं । टेबलभरि चियर्सको भाव छताछुल्ल भै पोखियो । 'स्ट्र' पाइपले तोङ्वा सुरूप्प तानेर उनी बोलिन् । 'अस्तिको प्रोगाममा वाचन गर्नुभएको तपाईंको कवितामा दम थियो । सबैले वान्स मोर भनी चिच्याउँदा मलाई पनि उफ्रेर कराउन मन लागेको थियो । सोचेँ फेरि मन लागेन किनकि सबैजना सतहमा मात्र डुबेका थिए । ईश्वर विरोधी तपाईं' ।

उनले आरोप लगाइन् मलाई ।

अँ त किन चिच्चाइनौ तिमी ? ईश्वर मरेकै हो ।

'कसरी ? के प्रमाण छ ?' प्रश्न तेर्स्याइन् उनले ।

बाँचेको पनि त प्रमाण छैन नि । मैले भने त्यसैले मैले ईश्वर मरेकै हो भनी कवितामार्फत ठोकुवा गरेँ त के भो ? नित्सेले पनि त यो ठोकुवा गरीसकेकै हो । तर अझै विश्वास गर्दैन यो समाज । के अझै तिमीलाई विश्वास छ ? कि ! धर्म र शास्त्रमा भनेजस्तै भगवान् र ईश्वरहरू पनि हुन्छन् भन्ने ?

'छ । मलाई भगवान्प्रति पूर्ण विश्वास छ । बिना ईश्वर सृष्टि असम्भव छ ।'– उनी बोलिन् ।

मैले पीनको सहयताले एक पिस ससेज उठाएँ । स्वादले चपाएँ र

तोङ्वाको एक ट्रिप स्वाट्ट पारेँ 'स्ट्र' पाइप नै फुट्लाफैं फिर्र्रर गरेपछि थाहा पाएँ तोङ्वाले तातो पानी माग्दै थियो यता लुँजलाले ईश्वर अर्थात् भगवान् भलै ईश्वरको मृत्युको सन्दर्भ ।

पहिला तोङ्वाको इच्छा पुरा गरीदिएँ र फेरि एउटा सिगरेट जलाएँ । उही आकाशमा उडिरहेको लुँजलाको सिगरेटको धुवाँसँगै मेरो आत्मा छोएर उडेको आत्मीय धुँवा मिसाइदिएँ । धुँवा हावासँग फैलँदै गयो । लुँजला र मेरो आत्माको धुवाँ एक आपसमा सहमति जनाउँदै एकाकार हुँदै लीन भएर बिलाए । धुवाँका आत्माहरू कति चाँडै सहमति भएर एकाकार भए । तर, हामी बिच भने एउटा वैचारिक द्वन्द्व जारी थियो । के तपाईं ईश्वरको अस्तित्वलाई कहिंल्यै मान्नु हुन्न ?

'अहँ' मैले भने, 'यो पुरातन विश्वास मात्रै हो ।'

ठट्टै मात्र । त्यसो भए मानिसप्रतिको तपाईंको धारणा ?

असल मानिसलाई ईश्वरको रूप मान्छु ।

'ईश्वर चाहिँ ?' उनले प्रश्न तेर्स्याइन् ।

मैले भनें 'ईश्वर जो अन्धा भक्तहरूको मालिक बनेको छ । म कसरी त्यस्तो बादशाहलाई ईश्वर मान्न सक्छु ? ईश्वर त त्यो हो जसले विश्वकै मानव भलाइका लागि चेतनाको सही प्रयोग गर्छ । बस् त्यही हो सच्चा र वास्तविक ईश्वर ।

'ठट्टै मात्र । तथाकथित भगवान्हरूचाहिँ ? अनि मन्दिर देवालयहरू तीर्थधामहरू ? के यी सबै तपाइँ वाइयात मान्नुहुन्छ ?' मलिनो अनुहार खुम्च्याउँदै बोलिन् उनी ।

'त्यसो हो भने पापको भारी बोक्दै हुनुहुन्छ तपाईं । म त भन्छु तपाईं कट्टर भगवान्विरोधी अर्थात् नास्तिक हो'–प्रश्नै प्रश्नकासाथ तर्क दिइन् उनले ।

मैले भनेँ–'लुँजला म आस्तिक र नास्तिक दुवै होइन ।

'त्यसो भए तपाइँमा मानवत्व छैन ?'–प्रश्नको बलो तेर्स्याइन् ।

मानिस दुई थरिका हुन्छन् एउटा आस्तिक र अर्को नास्तिक ।
तिमी अझै अँध्यारोमै रूमल्लिरहेछौ लुँजला । युगले पोतेको अन्धविश्वासको छायाँ सल्बलाइरहेछ तिमीमा ।
उनले प्रतिवाद गर्दै बोलिन् 'हैन, लेखक महोदय ।'
'घोर अन्धकारमा त तपाईं हुनुहुन्छ किनकि ईश्वर बिनाको संसार कल्पना गर्नु भनेको पानी बिनाको माछी बन्नु हो । अझ भनौं जग नभएको घर हो जो कल्पना मात्र गर्न सकिन्छ । यथार्थ फरक हुन्छ'– उनी प्रतिकारको मूल मैदानमा उत्रिएकी जसरी बोलिन् ।
मैले भने,–'यो कस्तो मृगतृष्णामा डुब्दैछौ लुँजला तिमी ? युगलाई चिन्नेहरू यस्तो कायर कुरा कहिंल्यै गर्दैनन् । ईश्वर वा भगवान् भन्ने कुरालाई यथार्थतामा बुझाउनुभन्दा पनि मानिसलाई नियन्त्रणमा राख्न प्रयोग गरेका साधन हुन् । बिस्तारै यो कहीँ ठगी खाने भाँडाका रूपमा विकसित हुँदै गयो । त कहीं पुरातन सोंचले मान्छेलाई अन्धभक्त बनायो । इतिहासका केही गलत मानिसहरू मान्छेलाई शासन गर्न यसैलाई माध्यम बनायो । र कालान्तरसम्म शासन गरिरहेका पनि छन् ।
तिमी त एउटा प्रोफेशनल चित्रकार बुझ्नुपर्ने हो धेरै कुरा । पछिल्लो युगमा यी र यस्ता यावत् भाइरसहरूबाट भैरहेको सामाजिक आक्रमण । हाम्रो समाजमा एउटा यस्तो डरलाग्दो रोग छ त्यो हो महाभ्रम । हाम्रा पूर्वज पुर्खाहरू अशिक्षित थिए । आदिम युगमा ती पुर्खाहरूमाथि केही बाठा मान्छेहरूले अतिक्रमण गर्ने एउटा माध्यम हो ईश्वर । मुखै च्यापेर लगाइने लगाम हो भूत, प्रेत । त्यही लगाम र अतिक्रमणले आदिम मानिसहरू पिरोलिनु नै बाठा मानिसहरूको विजय थियो । मनका डरपोकहरूमाथि विष र औषधिको काम ईश्वर भगवान्, धर्म र पाप, भूत, प्रेत जस्ता तत्त्वले गर्ने गर्थ्यो । त्यो एउटा अदृश्य राजनीति थियो । बाठा मानिसहरूले लाटा मानिसहरूमाथि गरीने शासन पद्धति

मान्नै पर्ने वाध्यता थियो । मनोवैज्ञानिक ढङ्गको उपचार थियो झारफुक धामीझाँक्री । के तिमी यी र यस्ता कुरामा अझै विश्वास गर्छ्यौ ? तिम्रा कथित भगवान्हरू सत्ययुग अर्थात् प्रारम्भिक युगका केही बाठा मान्छेहरू हुन् । बुझ्यौ ? सत्य युग अर्थात् सुधाहरूको युग । त्यतिखेर मान्छेहरूमा वैज्ञानिक चेतनाको विकास भएको थिएन । तर फट्याइँ पनि गर्न जानेका थिएनन् एकाध बाठा मानिसहरूले बाहेक । त्यसैले फट्याइँ युग नभनी सत्ययुग भनेका हुन् । त्यही मान्छेहरूको चरित्रको काल विभाजनकै लागि युग छुट्याइएका हुन् । क्रमशः द्वापर, कलि र अझ के–के भनी छुट्याउने हुन् ।

'त्यसो हो भने तपाईं सारा मान्छेहरूलाई बुद्धु भन्नुहुन्छ ?'– उनी बोलिन्, अब ईश्वर, भगवान् मान्दै देवीदेवालय धाउने सबै महामहिमहरू बुद्धु भए ? गान्धी, पोप, चर्चका धर्मगुरूहरू र उनका अनुयायहीहरु सारा बुद्धू भए ? देवीदेवालयका पुजारीहरू सबै बुद्धू भए ? गौतम बुद्धका अनुयायीहरू सबै बुद्धू भए ? अल्लाह र यसु ख्रिष्टका अनुयायीहरू सबै मूर्ख भए ? अर्थात् तपाईंको नजरमा म पनि एउटा मूर्ख केटी साबित भएँ, हैन ? ठट्टै मात्र । उनको यो तर्कले मलाई बिल्कुल छोएन । यतिखेर उनको अनुहार मलिन हुँदै डुब्न लागेको बादलले छेकेको घामजस्तो देखिन्थ्यो । मैले भनें, 'वास्तविकता बुझ्नुपर्छ लुँजला । इतिहास जित्नेको रचिन्छ । यदि जित्ने मानिसहरूले गलत इतिहास रचे भने हाम्रो पुर्खा र भावी सन्ततिहरू त्यसैको सिकार बन्छन् र बनिरहेछन् । सत्ययुग अर्थात् ईश्वर र भगवान् भन्नेहरूको युग भर्खरैको मानव विकासमा पाइला चाल्दै गर्दाको युग थियो । त्यतिखेर मानव हितको पक्षमा वकालत गर्ने मानिसहरू नै भगवान् कहिंए । केही अबुझ उच्छृङ्खल र गलत नियत अर्थात् उग्र मानिसहरूलाई राक्षस कहिंए र दन्त्यकथाका पात्र बनाइए । मानव विकासको इतिहास त्यति लामो छैन लुँजला । चौथो चरणमा

छ । पूर्वकाल अर्थात् प्राथमिक काल । मध्यकाल । आधुनिककाल र उत्तराधुनिक काल ।

उनले एक पिस मटन फ्राई उठाइन् र पीरो अचारको लेप लगाएर स्वादले चपाइन् । मैले पनि सोही गरेँ । उनको तोङ्वाले तातो पानी माग्दै थियो पानी भरिदिएँ ।

त्यसो भए महादेव, पार्वती, विष्णु, भीमसेन, गणेश, कुमार, लक्ष्मी, देवी, भगवती यी सबैलाई मान्छेमान्नुहुन्छ तपाईं ? एक सर्को धुँवा टेबलमाथिको अकाशतिर फैलाउँदै बोलिन् उनी ।

अवश्य । यिनीहरू मात्र हैन यहुदीहरूका धर्मगुरु र भगवान् मानिने यशु पनि मान्छे हुन् । कृष्ण, राम, बुद्ध, रावण, अल्लाह, यी सबै मान्छेनै हुन् । साईबाबालाई भगवान् मानेकै हैनन् र ? उनको पनि त आखिर मृत्यु भयो नै । भगवान् भन्नासाथ मानिसहरू अद्भुत चमत्कार गर्ने, अनौठो, अलौकिक र अर्कै ग्रहको प्राणी जस्तो मान्छन् । तर भगवान् भनेको त्यस्तो होइन ।

जसका विचार मननयोग्य थिए इतिहासमा उसैलाई भगवान् मानेका हुन् । कोही शक्तिवालहरूले आफूलाई भगवान् कहलाए । भगवान् भनेको विश्वको हितको लागि लागि पर्ने मान्छेलाई मान्नु पर्छ । तर साईबाबा, यसु, महादेव, अल्लाह जस्ता सयौं हजारौं कथित भगवान्हरूले नै आफूलाई अलौकिक शक्ति भएका भगवान्को रूपमा प्रस्तुत गरेर मानवलाई धर्मको नाममा दास बनाएका हुन् । त्यतिखेरका बौद्धिक व्यक्तित्वहरू अझ भनौं चलाख मान्छेहरूको युगमा अर्थात् मानव विकासको प्राथमिक युगमा धर्ती फराकिलो थियो । जनसङ्ख्या किटान गर्न सकिन्थ्यो । विभिन्न देश, महाद्वीप टापुहरूको पहिचान भैसकेको थिएन । आ–आफ्नै किसिमका बोली व्यवहार अर्थात् सभ्य भाषामा भन्नुपर्दा भाषाको समेत विकास भइसकेको अवस्था थिएन । अझ भनौँ

पृथ्वी टुक्रा-टुक्रा पारेर भागवण्डा लगाइएको अवस्था थिएन । कतै सिमाना थिएन । त्यो कालमा मानिसको सिङ्गो पृथ्वीमा हालीमुहाली थियो । जसले जसलाई जे गरे पनि हुने । कुनै नीति नियमको निर्माण भएको थिएन । त्यतिखेर शक्तिवालहरूले जे बोले त्यही कायम हुने युग थियो । शक्तिवालहरूको जति चेतना थियो त्यति नै काम गरे र काम गर्नेहरूले आफूलाई सर्वेसर्वा बनाए किनभने शक्तिवालहरूलाई जे गर्न पनि छुट थियो । निर्वलहरू शक्तिवालले जे जे गरायो वा गरे त्यो मान्नुभन्दा विकल्प पनि त थिएन । नत्र शक्तिवालहरूबाट मारिनु पर्थ्यो निर्वल मान्छेहरू । तिनै शक्तिवालहरूले मान्छेलाई नियन्त्रणमा लिन बनाएका नियम नै बिस्तारै धर्मका रूपमा परिणत हुँदै गयो र त्यतिखेरको कानुनका रूपमा धर्मले काम गरेको मात्रै हो । बिस्तारै बिस्तारै बाठा मानिसहरूको अतिक्रमण बढ्यो । मान्छेमा स्वार्थ जन्म्यो । मानिसहरू परिवार परिवारमा विभाजित भए । बलवान् मानिसले आफ्नो क्षेत्रमा आ-आफ्नो स्वार्थ बिच्छ्याएर हुकुमी शासन गर्न थाले । यिनै इतिहासका पात्रहरूले आफूलाई भगवान् कहलाए । अवोध मान्छेहरू तिनैका पछि लागे । ती समयहरूमा पनि विद्रोह हुने गर्दथे । जो विद्रोह गर्दथे इतिहासमा तिनीहरू राक्षस कहिंए । जित्नेको इतिहास भगवान्मा दरियो । वास्तबमा राक्षस र भगवान् भनाउँदाहरू दुवै मान्छेनै हुन् । असन्तुष्टिका खाडलहरू बढेपछि दूर चेतनाका कारण पनि त्यस युगका अर्धचेत मानिसहरूलाई समस्या सुल्झाउन युद्धबाहेक अरू केही विकल्प थिएन । केही चेतका मानिसहरू विकल्प खोज्थे तर सफल हुन सक्दैन थिए । पक्ष र विपक्षको रूपमा घमासन युद्ध गर्थे । अहिलेको जस्तो सहमतिको राजनीति त्यतिखेर असम्भव थियो किनभने सबै मान्छेहरू अर्धचेतका थिए ।

बिस्तारै प्रकृतिले सबै प्राणीलाई दिएका जङ्गल जमिन खोलानाला

जीव जनावरलाई मान्छेले आफ्नो अधीनमा राख्न थाले । यतिसम्मकि शक्तिवालहरू मान्छेलाई दास समेत बनाएर कजाउँथे । सम्पत्ति सर्वेसर्वा बन्न थाल्यो । स्वार्थ नै स्वार्थमा पृथ्वी टुक्राटुक्रा पारे । आज त्यही आदिम युगदेखि चलेको प्रणाली हेरफेर भएको छ । तर संरचनाका आधार उही छन् । यदि अहिलेझैं नीति नियमले बाँधिएको समय थियो भने राम बनवास जानुपर्दैन थियो । अहिलेको जस्तो नीति नियम कानुन भएको भए आधुनिक विमानको सूत्रधार मानिएका पुष्पकविमानका निर्माणकर्ता रावणको हत्या गर्ने राम पनि जेलको चिसो छिंढीमा सड्न विवश हुनुपर्ने थियो । कृष्णलाई सोह्र सय गोपिनीहरूसँग अनैतिक सम्बन्ध राखेको भन्दै बलात्कारको अभियोगमा जेलमा सडाइन्थ्यो । युद्धका नाइके बुद्धलाई नाजायज विद्रोहको आरोपमा दण्डित बनाइन्थ्यो । किनभने बुद्ध पनि युद्धको महासंग्रामपश्चात् नै पश्चात्तापपूर्ण रूपले ध्यानमा लिप्त भई शान्तिको खोजमा लागिपरेका थिए र बुद्धत्व प्राप्त गरेका थिए ।

एउटा शास्त्रमा लेखिएको छ । भगवान् भनेको के हो ? भनी । भगवान् एउटा संस्कृत शब्द हो 'भग भनेको स्त्री जनेन्द्रिय र वान भनेको पुरूष जनेन्द्रिय जब यी दुवैथरी समागमन हुन्छ तब मानिसको जन्म अर्थात उत्पत्ति हुन्छ यहाँ भग + वान= भगवान्को अर्थ नबुझ्केका सारा मानिसहरू मृगतृष्णामा बाँचिरहेका छन् । सच्चा ईश्वर ती हुन् । जसले मानवहितको पक्षमा सदा निश्चिन्त रही निःस्वार्थ भावले समाज, देश र सिङ्गो ब्रह्माण्डलाई दिशानिर्देश गर्ने काम गर्दछ । मन्दिर त्यो होइन, जुन हाम्रा पूर्व आदिम युगका बाठा मानिसहरूको सालिक स्थापना गरेका भुँइतल्ले घरमा अश्लील चित्रहरू कुँदिएका घरहरू । मन्दिर त त्यो हो जस्को मन र आत्माशुद्ध छ । पवित्र मन्दिर त्यो हो, जसले क्रोध, स्वार्थ, घमण्ड, लोभ, मोह सब त्यागेर मानवहितको पक्षमा

लागिपर्ने मानिसको भौतिक शरीर । हाम्रा पूर्वजहरूले ती पूर्वयुगका बाठा मानिसहरूको सुकार्यको पाठ सिकाउनुभन्दा पनि उनीहरूकै अर्थात् शक्तिवाल शासकहरूको सालिक बनाई पूजापाठ र महिमा गाउन लगाइयो र संस्कृतिको रूपमा विकास गर्दै लगियो । जसले आँखा र अनुभूति गर्ने हरूलाई केही हदसम्म मनोरञ्जन त देलान् तर वास्तविकता सँधैसधैँ अन्धविश्वासको काखमा धर्मराइरह्यो र अझै सोही अवस्थामा छ ।

थाहा छ लुँजला ? त्यही संस्कारलाई औँला ठड्याउनेहरूलाई समाज बौलाहा र पुर्गेलको उपाधि दिँदै आएका छन् । बस् तिमी पनि मलाई त्यही दर्जामा राख्न चाहन्छौ होइन ? आज तिमी मलाई नास्तिकको उपाधि दिँदैछ्यौ ? हो लुँजला ! भनिन्छ, नि सत्य, औषधि र उपदेश सँधै तीतो हुन्छ । मलाई कुनै आपत्ति छैन । यही समाजले लक्ष्मीप्रसाद देवकोटालाई बौलायो भनी राँची पठाएको यथार्थले फेरि चिथोर्छ मलाई । यही समाजमा बाँचेका तिमीले पनि मलाई जे भन, तिम्रो गल्ती ठान्दिनँ । यो त संस्कारको दोष हो । आदिम संरचनाको दोष हो । अन्धविश्वासको जड हो ।

उनी गम्भीर भएर सुनिरहेकी थिइन् ।

र बोलिन् 'वाह् ! मानैँ बाबा ! मानैँ, तपाईँको 'लेक्चर'लाई तर म त भगवान्प्रति विश्वास राख्ने मान्छे। तपाईंको मप्रतिको दृष्टिकोण चाहिँ ? उनले आफूप्रतिको भाव बुझ्न खोजिन् ।

'नकारात्मक छुइन' मैल भने किनभने युगदेखि हाम्रा पूर्वजहरूले सिकाएको संस्कारको उपज हो यो । जसले जे सिक्यो त्यही जान्यो ।

'त्यसो भए समर्थन गर्नुहुन्छ मलाई' उनले थपिन् ।

अवश्य, तर तिम्रो बीचार र त्यो अन्धविश्वासको युगलाई हैन ।' मैले भनें, 'के तिमी मेरो शिरमा हात राखेर भन्न सक्छौ ? म भगवान्लाई मान्छेभन्दा बढी विश्वास गर्छु भनेर ।"

उनी अक्क न बक्क पर्दै सुटुक्क मलाई चिहाइन् र मन्द मुस्काउँदै

बोलिन् 'गर्छु र गर्दिन पनि ।
गर्छु भनौं त तपाँईले भन्नु भएको जस्तै मूर्ति अगाडि टाउको नै फुटाएर रोई कराई गरे पनि ऊ बोल्ने होइन । तमासा हेरेरै बस्छ । गर्दिनँ भनौँ भने साराले सिन्दूर जात्रा मनाउँछन् पूजाआजा गर्छन् । मूर्तिकै अगाडि घोर पाप गरे पनि कसैलाई भन्दैनन् ।
अघिसम्म जिद्दी गरिरहेकी लुँजलाको भगवान्प्रतिको दृष्टिकोणमा मेरो अभिव्यक्ति शायद थोरै 'एन्टिवायोटिक' को काम गरिरहेको थियो वा हारको बनावटी लचक बुझ्न सकिएन ।

★★★

अस्तित्व

उनले हातमा बाँधिएको घडीतर्फ एक नजर लगाइन् । यतिखेरसम्म हामीले केही धेरै तोङ्वाका भाँडाहरू रित्याइसकेका थियौं । टेबलभरि छरिएका खाली प्लेटहरू छरपस्ट थिए । भित्तामा टाँगिएका टेलिभिजनमा विभिन्न च्यानलहरू आ–आफ्नै 'बोर्डकास्ट'मा व्यस्त थिए । बिस्तारै होहल्लाले विश्राम लिँदै थियो । मेरो आवाजले मौन समयलाई चलाउन चाह्यो र बोलें 'रात छिप्पिंदै छ लुँजला ।'

त, के भो म तपाईंकै समीप छु' उनी बोलिन्– 'मलाई त यो रात कहिंल्यै नढल्दिए हुन्थ्यो जस्तो लागिरहेछ ।'

'रात त अर्काको भनिन्छ नि' मैले भने । तिमीलाई डर लाग्दैन ?

अस्ति तपाईंले नै भन्नुभएको हैन ? डरले मानिसलाई निकम्मा बनाउँछ ।

म निकम्मा बन्न चाहन्नँ र तपाईंलाई मिस गर्न पनि चाहान्नँ ।

रात वेइमान हुन्छ लुँजला, यही रातले धेरै युवतीहरूको अस्तित्व निमेष भरमा खरानी बनाएको छ ।

'ठट्टै मात्र । के तिमी लुटेरा हौं ?' उनले प्रश्न तेर्स्याइन् ।

'रातले इमान्दार स्वयंलाई लुटिदिन्छ' मैले भनें । किनभने रात साह्रै बेइमानी हुन्छ ।

'यो तोङ्वा छ यार, मेरो साथमा । वीर नेपालीको कम्मरमा चपक्कै टाँसिएको खुकुरी जस्तै । यस्ले हामी दुवैको रक्षा गर्छ' उनी थोरै लर्बरिंदै बोलिरहेकी थिइन् ।

'हैन यस्ले त सुऱ्याउँछ । आगोको छेउमा घिउ कसरी सुरक्षित हुन सक्छ ? यसले सखाप पार्छ आगोले जस्तै लुँजला ।'–मैले भनें ।

'ठीकै छ तपाइँ घिउ नै हो भने पनि मलाई सह्य छ । म आगो नै बनिदिउँला कुनै आपत्ति ?'–उनी बोलिन् ।

मैले छोटो उत्तर दिएँ, 'छैन ।'

ठट्टै मात्र । त्यसो हो भने त्यो घिउलाई पगालेर खरानी खरानी बनाउन चाहन्छु म । आजको रात म निभें भने पनि कुनै परवाह छैन मलाई । भलै म तिमीसामु बल्न चाहान्छु । हवनमा चढाइएको घिउ बलेजस्तो र यो मेरो चाहाना पनि हो 'आइ लभ यू सो मच' उनले मेरो हात समाउँदै भनिन् 'तिमी आँट म पुऱ्याउँछु भन्छन् रे भगवान्‌ले पनि । म मूक भएँ । उनले फेरि भगवान्‌को कुरा गरिन् ।

अनायासै उनका मीठा चुम्बनका वर्षाहरूले मेरा अधरहरू रङ्गिए । तोङ्वा वार सुनसान प्रायः भैसकेको थियो । लुँजलाले जे गरिन् मलाई पल्लो कुनाको टेबलमा एकजोडी पर्यटक पनि त्यही गर्दै थिए अझ भनौं बढी नै ।

★★★

बेयरा आइन् । सर, हजुरहरू रुम लिनुहुन्छ कि ?' बिलकेश टेबलमा राख्दै बोलिन् युवती । हामी मुस्किलले सम्हालियौं । घडी हेरेँ रातको बाह्र बजिसकेछ । मैले लुँजलाको अनुहारमा हेंरे । उनी बोलिन् ' तपाईंलाई आपत्ति छ ?' रुम बुकिङ्ग गरौं ?' उनको प्रश्नसूचक आँखाले घोच्यो मलाई ।

तिमी भन्छौ भने मलाई के को आपत्ति ? 'ह्वाई नट् स्योर'– मैले भने ।

थ्याङ्स् सर, म चावी पठाइदिन्छु'–बेयरा गइन् ।

क्षितीज आजको रात स्मरणीय हुनेछ किनभने मैले तिमीलाई यो दिलभित्र सजाइसकेको छु । भनी देऊ न प्लिज, म तिमीलाई माया गर्छु भनेर । जीवनभर साथ दिन्छु भनेर ।

उनी तपाईंबाट तिमीसम्म चिप्लेर झक्झकाउँदै थिइन् मलाई । पुरुष हृदय न हो आगोको रापमा घिउ पग्लेझैं पग्लियो मन । साँच्चै उनी आगो जसरी नै बल्न थालेकी थिइन् । भनिदिएँ–'लुँजला मायाको बदला मायाँ दिने मेरो पनि बानी छ ।'

'त्यसो भए आज तपाईंको सिंङ्गो रात मेरो लागि' उनी मुस्कुराउँदै लजाएझैं गरी बोलिन् ।

'सिङ्गो होईन आधा मात्रै' मैले भने ।

'किन र ?' उनले प्रश्न गरीन् ।

आधा त बितिसक्यो नि त !

उनी जोडले हाँसिन् र भनिन्–'हो त म पनि कस्ती बुद्धु केटी रहेछु हगि ! कुरै नबुझ्ने' ।

'सर, म हजुरलाई रुमसम्म पुऱ्याइदिन मद्दत गरुँ कि ?', रुम ब्वाई नजिकै आएर बोल्यो ।

'ओ के', लेट्स गो' मैले भने । 'पानीको व्यवस्था के छ' ? 'तातो चिसो इच्छा अनुसारको सर' रुमब्वाई बोल्यो । 'हामी रुमब्वाईको पछिपछि लाग्यौं लिफ्ट प्रवेश गरेपछि उनले स्वीच दबाइन् । रुमको चावी हातमा राखिदिंदै गुड्नाइट भन्दै रुमब्वाई आफ्नो बाटो लाग्यो ।

हामी भित्र छिर्न् नपाउँदै फोनको घण्टी बज्यो । रिसेप्सनबाट रहेछ । सुपर (रातको खाना) को लागि अर्डर गरेँ । हामीले हल्का खाना खायौ ।

लुँजला लजाएझैं गरी बोलिन् 'क्षितीज म बाथरुम गएर आउँछु ।' मैले भने– 'म पनि जान्छु र नुहाएर फ्रेस हुन्छु ।' लुँजला अक्मकिइन् । मैले

भने- 'बाथरुम डबल छ चिन्ता लिनुपर्दैन ।'
नुहाएर बादल जस्तै कालो केश फिँजाएर भर्खरै स्वर्गबाट झरीमा रुझ्दै धर्तीमा झरेकी परी झैं टावेलले कपाल पुछ्दै बाथरूम सकेर फर्किइन् उनी र बोलिन्
'म भन्दा फास्ट' ?
म त हरेक कुरामा 'फास्ट' नै छु ।
'हो त हगि ! त्यसैले होला मेरो मन पनि 'फास्ट' जित्नुभयो' अगाडि थपिन् उनले ।
रातको 'खाना' सकेर लुँजला बेडतर्फ अगाडि बढिन् । निद्राको स्वागत गर्नुभन्दाअघि उनले ड्रिमलाइट्को स्वीच दबाइन् । निन्द्राको भोकले भन्दा उनलाई यौवनको भोकले बढी सताएको महसुस गरिरहेछु म । नाइट गाउनमा बिजुलीको हल्का प्रकाशले रातो निलो र गुलाबी रङ्गमा कोठा खुलेको थियो । उनका गुलावी अधर 'ड्रिम लाइट' मा थप आकर्षक देखियो । छातीभरि अगम्य पहाडका चुचुराहरू यौवनका हिमकणहरू जमाएर न्यानो घामको पर्खाइमा पग्लिन आतुर हिमशैल, खै के-के हो के-के । उनी बेडबाटै मलाई एकटकले बाघले सिकार पाएर घुरिरहेझै घुरिरहेकी थिइन् । जब मेरो र उनको प्यासी आँखाहरू निविड बादल पहाडमा ठोक्किए सरह ठोक्किए । उनी पानी-पानी भै मलाई हेरेर मुसुक्क मुस्काइन् । सायद 'बेड' मा आउन भनिरहेकी थिइन् मलाई । उनको अवस्था हेर्दा यस्तो लाग्छ बाघको पञ्जामा परेको हरिण बन्दैछु म । केही बेरपछि उनी मलाई सिकार गरेर पूर्ण अघाउन चाहेकी छन् । सन्तुष्टिको स्वास फेर्न आतुर उनको अनुहार पढ्न मलाई धेरै समय लागेन ।
म सोफाबाट जुरुक्क उठेँ र भने ।
'म चाँहि सोफामै सुतुँ ?'

हैन तपाईंको लागि स्पेशल बेड छ' उनी बोलिन् ।

कहाँ ?

यहाँ आउनुस् न ।

हैन म सोफामै सुत्छु क्या ।

हैन सोफामा पनि सुत्छन् कहीँ !

यहाँ आउनु न, भन्दै उनी मेरो पाखुरी तान्न आइन् ।

म बेडमा थचक्क बसें ।

उनले मेरो हात समाउँदै कोमल हातले उनको हृदयमा टाँसिदिँदै भनिन् । 'तपाईंको बेडरुम यहाँ छ ।'

म उनको नजिकै पुगेँ । उनले मेरो चिउँडो समाएर लाली ओठ मेरो गालासम्म ल्याइन् र चुम्बनका वर्षाहरू गरिदिइन् । मानौं बच्चाले आमाको दुध चुसिरहेछ । त्यसै गरी चुम्दै गइन् मेरा अधरहरू । रङ्गिंदै गयो वातावरण । उनले गम्लङ्ग अँगालोमा कस्दै गइन् मलाई । मेरा हातहरू बिस्तारै उनको कपाल हुँदै घाँटी कुम अनि जताततै सल्बलाउँदै चिप्लँदै गए । उनको हातहरू पनि बिस्तारै कपाल अनुहार हुँदै सल्वलाए । यतिखेर मैले गर्नुपर्ने काम उनले गर्दै थिइन् । मेरा हातहरू रोकिएका थिए । अङ्कुस (वल्छी) मा उनिएको माछी झैं ।

'लभ यू सो मच क्षितीज' एकै श्वासमा बोलिन् उनी । उनको तातो स्वासले मदहोस बनायो मलाई । उनले मेरो दायाँ हात आफ्ना छातीमा लगेर टाँसिदिइन् मेरा हातहरू स्वचालित मेसिनसरह खुम्चँदै फुक्न थाले । स्पर्शमा सिङ्गै नारीत्व सल्बलाइन् । पहाडका थुम्काहरू रबरका डल्ला जस्तै अनुभूतिमा टिल्पिलायो । उनी मनको फूल फुलाउन आतुर थिइन् । क्षणभरमै फुल्यो ढकमक्क बेली, चमेली अनि 'ऐन्टिराइनस' र पिला नरगिसहरू । उनी सिङ्गै जवानी एक पुरूषको काखमा सुम्पन आतुर थिइन् ।

वेहोसीमा डुवेका मेरा इन्द्रियहरूमा खै कसले पानी छर्किदियो ।
हँ ! यो के गर्दैछु म ? आफै प्रति सङ्कोच लाग्यो म सम्हालिन खोज्दै थिएँ । यहाँ आऊ न । उनले मलाई हात पक्रेर नजिकै तानिन् । मलाई स्वचालित इन्जिन बनाउन मरिमेट्दै थिइन् उनी । म उनको बेडमा अल्झिएँ । प्रतीक्षाका बारहरू भत्काएर उनी मेरो हृदयमा लिपिक्कै टाँसिदिइन् । यौवनका पहाडहरू फोरेर म उनी सामु खुल्नै सकिनँ । उनी म सामु खुल्दै गइन् । आलिङ्गनले कोठाको वातावरण डग्मगाइसकेको थियो । उनले मेरा शरीरका कपडाहरू छरपस्ट भुइँमा छरिदिइन् म झस्किएँ । 'हरे म यो के गर्दैछु ? आफूले आफैलाई प्रश्न गरें । एक प्रकारको लाजको सीमाले रेखा कोऱ्यो । एक्कासि मेरो सोच परिवर्तन भयो । आफूलाई सक्दो बसमा राख्दै नियन्त्रण गर्दै गएँ । सम्हालिन समय लाग्यो ।

★★★

लुँजला !
हुँ...!
तिमीले यो कस्तो मोडमा ल्यायौ मलाई ?
प्राकृतिक हो । यो स्वर्गीय आनन्द तिमीलाई मन पर्दैन ? उनी उत्प्रेरित हुँदै बोलिन् र झन्–झन् मलाई अँगालोमा कस्दै गइन् । उनी मलाई कामुकताको आगो झोस्दै गइरहिन् म बल्न मानिरहेको थिइनँ ।
मलाई उनीसँग समाहित हुनुभन्दा बढी लज्जावती झारसँग खेलिरहन मन पर्छ । जब लज्जावती मानसपटलमा आए, तब मेरा हातका स्पर्शहरू उनका कामुक अङ्ग प्रत्यङ्गमा सल्बलाइरहन पटक्कै मानिरहेको थिएन । उनलाई कामुकताले थिलथिलो पारे पनि म भने चर्को घाममा सुकाएको सिस्नु झैं खुस्रुक्क भैरहेको थिएँ ।
'तिमी कतै'...उनले मेरो पुरुषत्वप्रति शङ्का गरेजस्तै गरी बोलिन् ।

जतिखेर म चल्मलाउँछु पलपल पहिलो फ्रेममा देखेकी लज्जावतीप्रतिको एकोहोरो प्रेमले ब्रेक दबाउन अघि सर्थ्यो त्यो वातावरणलाई । मैले मेरो साँचो प्रेम लज्जावतीलाई । देखेपश्चात् एकोहोरो उनकै निम्ति समर्पण गरेको छु । सायद यो 'वन साइड' हुन सक्छ । जब उनको आलिङ्गन मेरो अधरमा पर्छ म शङ्काको घेरामा पर्दै जान्थें । उनी कामुकताको पहाड चढ्दै थिइन् । म भने ओरालो झरिरहेको थिएँ । सोचैँ त्यो गहिरो सागरमा डुबैँ भने म जीवनभर किनारा लाग्न सक्दिनँ । न मोती नै टिपेर शिरमा सिउरिन सक्छु । उनी मलाई यो सँघारमा फसाउन चाहन्छिन् जहाँबाट म उम्कन नसकूँ जीवनभरि उनकै पोल्टामा चल्मलाइरहुँ । मैले यही बुझें । उनीभित्र रहेको यौवनको सागर यतिविघ्न गहिरो लाग्यो मलाई । जहाँ म डुबैँ भनैँ त्यहीँबाट मेरो जीवन अस्त हुनेछ । उनी बल्दै थिइन् त्यो आगोमा मलाई पगाल्न । जब लज्जावती आइन् मेरो मानसपटलमा म भने चट्टान बनिसकेको थिएँ । एउटा कठोर ढुङ्गा जसलाई आगाले त के घनले फोर्न पनि कठिन बनिसकेको थियो ।

'क्षितीज मलाई नजलाऊ प्लिज' ... लुँजला चिच्याइन् ।

हामी त्यो विन्दुमा पुग्नु हुन्न लुँजला । जल्ले हामीलाई जीवनभर पीडा दिइरहनेछ ।

'नाइँ क्षितीज'... नाइँ मलाई जिउँदै नजलाऊ । म त जिउँदै मरेतुल्य हुन्छु ।'–मनले काम गर्नु दिमागले होइन ।

मलाई मरेतुल्य नबनाऊ प्लिज' ... । मलाई आगोको भुङग्रामा हालेर नभाग तिमी प्लिज'...उनी चिच्याईरहिन् ।

हरे कस्तो धर्मसङ्कट आइपर्दैछ मलाई । म लुँजलालाई भन्दा बढी लज्जावतीलाई नजानिदो किसिमले भित्रभित्रै प्रेम गर्दै गइरहेको थिएँ । थाहा छैन उनलाई देखेदेखि म भित्र कुन भूत चढेको छ । त्यो निविड छायाँ जसको खोजमा यो युग किन नबितोस् ।

उनीभित्र मेरी बालसखा जुनुका लक्षणहरू मिलेजस्तो लाग्थ्यो । अनि गाउँपाखामा हलक्कभै सर्लक्कै दुवोमाथि पल्टिएकी लज्जावती जस्तै । तर विडम्वना यी दुबै अहिले स्मृतिभन्दा अरू केही छैन म सँग । जुनुको छायाँकै रूपमा लज्जावती झार पच्छ्याउँछ सधैं सधैं स्मृतिमा । हो उनै ल्याक लुरूक्क पर्दै लाज मान्ने लज्जावतीजस्तै मैले अर्की लज्जावती देखेको थिएँ लुँजला निवासमा । कुनै दिन उनको सामु गएर आकाशै थर्कने गरी चिच्याएर भनिदिन्छु 'लज्जावती म तिमीलाई प्यार गर्छु' तर लज्जावती आज म सङ्कटमा परेको छु । तिम्रो आत्माले मलाई यो सङकटबाट पार लगाउनेछ । लज्जावतीलाई सम्झैं र हृदयको कुनाको क्यानभास भरी-भरी पोतिदिएँ प्यारो नाम लज्जावती ।

यौवनको अग्निले पानीपानी भइसकेकी लुँजला मलाई भेल बनेर बगाउन के बेर ? मैले उनको लागि एउटा कुलो खन्नैपर्छ । जहाँ उनी सुरक्षित रूपमा बग्न सकुन् । म जुरूक्क उठेर सोफातिर पन्छिदिएँ । यतिखेर उनले मलाई नामर्द पुरूष भने पनि मलाई कुनै आपत्ति छैन । लुँजला त्यहीँ आइन् कामुक शरीर बोकेर । उनले जोडले गाली गर्दै भनिन्– 'नपुङ्सक रहेछौ तिमी । जाऊ यहाँबाट'... उनले बिरालोले चिथोर्न झम्टेजस्तै गरी झम्टिइन् मलाई । मैले भनेँ तिमी मलाई धर्म सङ्कटमा पार्दैछ्यौ लुँजला ! सायद तिमीलाई थाहा छैन म कसैलाई प्यार गर्छु । म नपुङ्सक होईन । मेरो पुरूषत्वमा खोट लगाउने अधिकार छैन तिमीलाई । उनी आगोमा पानी परेझैं खङ्ग्र्याङ्गखुङग्रुङ पर्दै बोलिन् । 'नाई मेरो क्षितीज..! तिमी मेरो वाहेक अरू कसैको हुनै सक्दैनौ । प्रेम अन्धो हुन्छ । म पनि तिम्रो प्रेममा अन्धो भैसकेकी छु । मलाई अन्धकारमा धकेलेर तिमी पन्छिन पाउने छैनौ । तिमी झुट बोल्दैछौ क्षितीज ! तिमी मेरो बाहेक अरू कसैको हुन सक्दैनौ । सिर्फ मेरो हौ तिमी सिर्फ मेरो दिलको राजा ।'

उनले रूँदै भनिन्- 'यदि तिमी मेरो हुन सकेनौ भने मैले यो संसारमा बाँच्नुको कुनै अर्थ छैन मेरो राजा । तिमी मलाई मायाँ गर प्लिज ! लुँजला बच्चा जस्तै पो रून थालिन् । आक्रोशको ज्वालाले उनी तँ र तिमीको भावसम्म चिप्लिसकेकी थिइन् । मैले सान्त्वना दिँदै उनको शरीर टावेलले ढाकिदिएँ । उनी उठेर गइन् र आफ्नो पहिरन लगाइन् । उनी अझै रिसाएकी थिइन् । अझैं सुँक्सुकाइरहेकी थिइन् ।

'लुँजला'- मैले बोलाएँ ।

बोल्दिनँ के- उनी रिसाउँदै रुँदै गरेको बच्चा बोलेजस्तै गरी बोलिन् ।

ल बोलिहाल्यौ नि । हेर त रिसाउँदा त झनै राम्री पो देखियौ ।

उनलाई पोजिसनमा ल्याउन धेरै समय लाग्यो । उनले मलाई गाली गरीन्-'नामर्द, पुरुषत्व नै नभएको, पुरुषको पछि लागेर के काम ? बेकारमा पागल बनिन्छ, जाऊ मेरो छेउमा नबस'- उनी अझै रिसाइरहेकी थिइन् ।

तिमी मलाई जेसुकै भन लुँजला । म चाहन्थेँ हाम्रो सम्बन्ध दिगो रहोस् ।

'लेखक महोदय । मानिस सबै कुरामा एक्सपिरेन्स हुनुपर्दछ' उनी बोलिन् ।

'सही भन्यौ' मैले भने 'तर यस्तो कुरामा होइन ।'

उनलाई सम्झाउन मलाई धेरै समय लाग्यो । वातावरणमा सन्नाटा छायो ।

★★★

धेरै बेरपछि उनी बोलिन्

'माफ गर्नुहोला, मैले तपाईंलाई नानाथरि गाली गरेँ ।'

उनको मुहारमा एकाएक परिवर्तन आयो । भदौ महिनाको झरी र मौसम जस्तै । बोलिन् - 'तपाईं महान् हुनु हुँदोरहेछ । मलाईजस्तै तपाईंलाई पनि यौवनको भूत चढेको भए । अहिले म कुमारी रहने थिइनँ । तर म हजुरलाई माया गर्छु । यो हृदयभरि तपाईं नै तपाईं हुनुहुन्छ 'लभ यू सो मच' उनले न्यानो चुम्बनका वर्षाहरू छरिदिइन् । उन्मुक्त चुम्वन

र शालीन चुम्वनमा आकाश जमिनको अन्तर महसुस गरे मैले । चुम्वन पनि परिस्थति अनुसार फरक हुँदो रहेछन् नयाँ कुराको आभास गरें । त्यसपछि त्यो रात उन्मुक्त बनेन । जीवनदर्शनका कुरा धेरै भए । गफगाफमै मिठो निदाइएछ ।

झ्यालमा आभासको 'नक–नक'ले व्युँझायो । बिहानीलाई लालिमा पोत्न आतुर थियो समीर । उनी सम्हालिन् म पनि सम्हालिएँ । दुवैजनाको बीच लाजको पर्खाल उभियो । मैले भत्काउने प्रयासस्वरूप मुख खोलेँ । चित्रकार महोदय ! सबै कुरा तपाईंको रङ्गले क्यानभासमा पोतिदिनुस् तर आजको सिङ्गो रात नपोतियोस् है ।' उनले मात्र शिर निहुऱ्याइरहिन् ।

★★★

कफी साह्रै मन पर्थ्यो लुँजलालाई । बिहानीको नित्यकर्मपश्चात् दुवैजना रूफटप उक्लियौँ । बिहानी घमाइलो थियो । हिजो तोङ्बावारमा अर्को साइडमा बसेर हामीजस्तै रमाइरहेका पर्यटकको जोडीले रूफ्टप उक्लेर क्यापाचिनोको स्वाद लिन भ्याइसकेछन् । पहैँलो घामले सहर सुनजस्तै टलक्क टल्कियो । एयरपोर्टका जहाजहरू बेग हान्न थाले । आकाश खुल्ला थियो । वरिपरि चराचुरूङ्गीहरू चिर्रविर्र गर्न थाले वातावरण मनमोहक बन्दै गयो ।

भोलि नै केही महिनाको लागि सहर छोड्नु छ । गाउँघर सहरभन्दा ठाँटिएर दुलहीझैं सजिएर बसेकी होली । एउटा पुस्तकमा पढेको थिएँ 'साला पहाडमे क्या है' रे, यी लेखकहरू पनि के–के लेख्छन् के–के । पहाडमा के छैन ? जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पीको बिंड । वास्तवमै पहाडमा कहीँ नभएको छ भन्न खोजेको होला सायद ।

'क्षितीजजी' कहाँ हराएको ?'

अब म तिमी भन्छु है आजको रातले मलाई तिमी निकट बनाएको छ ।

मैले भनें,– 'अफकोर्स'

भन न, कहाँ हराएको ?
तिम्रो हृदयमा । मैले ढाँटिदिएँ
साँच्चै क्षितीज, ऊ त्यो क्षितीज हेर त ।
उनले नगरकोटतर्फ चोरऔँला तेर्स्याइन् र भनिन् । त्यो क्षितीज र तिमीमा मैले केही अन्तर पाएको छैन ऊ जस्तै निर्भीक छौ तिमी । त्यसैले तिम्रो र मेरो प्रेमको साक्षी है आजदेखि त्यो क्षितीज ।
म मौन रहें ।
जब मेरो सामु लुँजला यसरी बहकिन्छिन् तब 'लज्जावती' मेरो हृदयमा ढेपिंदै आउँछिन् किन-किन सधैँ हरेक सन्दर्भमा मेरो दिलको क्यानभासमा ढेपिंदै आउँछिन् उनी । खै यो नाम अनौपचारिकमै सीमित रहेको वर्षौं बितिसक्यो । के छ हँ यो नाममा त्यस्तो ? थाहा छैन किन मलाई यस्तो हुन्छ ! लुँजलाले प्रीत दर्साउँदा हरेक पल मनभरि सल्बलाउँछ त्यो नाम । किन तड्पाउँछ सधैं मलाई त्यस नामले ? खै के जोडेको छ त्यो नामसँग मेरो ? न त राम्रोसँग कुराकानी नै भएको छ । न त लुँजला जति निकट नै । लुँजलाले थाहा पाइन् भने के भन्लिन् मलाई ।
'अँ त्यो क्षितीजजस्तै सुन्दर पहाड जाँदैछु नि म' मैले मुख खोलें ।
'अनि पहाड गएपछि कहिंले फर्कन्छौ त ?' बोलिन् उनी ।
मैले भनें, 'चाँडै फर्कन्छु ।'
ठट्टै मात्र । मलाई सताउनुको पनि त सीमा हुन्छ नि !
मैले उनलाई विश्वस्त पार्न बोलें, 'हैन भन्या धरोधर्म, मैले पहाड जानुपर्छ ।
कहिंलेसम्म रहन्छौ नि त्यहाँ ?
त्यस्तै डेढ दुई महिना जति । अस्तिनै भनेको हैन तिमीलाई ? हामी फाँचल यात्रामा जाने प्लान गर्दैछौं भनेर !
ल..ल..बुझें । छिट्टै फर्कनु होला नि फेरि । म कुरेर बस्नेछु तपाईंका सुन्दर फाँचलका विथिहरू पढ्न र सुन्न ।

प्रतीक्षाको फल मिठो हुन्छ लुँजला 'मैले उनको चिउँडो पक्रेर सान्त्वना दिएँ ।' मेरो लागि पहाडबाट के कोसेली लिएर आउछौं नि' उनले भनिन् । एउटा सुन्दर वनस्पति अर्थात् लज्जावती फूल जोसँग मेरो बाल्यकाल गाँसिएको छ । हो त्यही सुन्दर झार र काँडाको वरिपरि रहेर पनि फुल्ने सुन्दर फूल लज्जावती ।

★★★

फाँचल यात्रा

बिहान सबेरै बसपार्क पुग्यौं । टिकट पहिले नै बुकिङ्ग भैसकेको थियो । बिहानीको चिसो सिरेटो कानै छेडेर भाग्दै थियो । प्रसुन, स्र्पेश, सगुन, प्रेरणा, दोर्जे र प्रकृति । हामी सबै जना निर्धारित समयमा बसपार्कमा जम्मा भयौं । हाम्रो समूह व्यवस्थित तरिकाले मिसनमा हिड्न लागेको सिपाही जस्तै देखिन्थ्यो ।

'आहा ! कति सुहाएको' मैले दोर्जेको रूकस्याक्तर्फ सङ्केत गर्दै भने । साह्रै ठट्टा गर्नुपर्थ्यो दोर्जेलाई । प्वाक्क बोलिहाल्यो । 'यसभित्र सिङ्गो पहाड बोक्याछु क्या ! बुझ्यौ केटा हो ।' 'यात्रा त साह्रै रमाइलो होला जस्तो छ' प्रसुन बोल्यो । 'कहिंल्यै 'लङ टुर' गएको भए पो, 'बाहुनले च्याउ खाओस् न स्वाद पाओस्'– स्र्पेशले थपिहाल्यो ।

टाढा भन्नु नगरकोट र पोखरासम्म त हो नि । 'त्यो पनि प्रसुनको कन्सर्टमा' प्रेरणाले भनिन् । साह्रै राम्रो गाउथ्यो । प्रसुन बारम्बार भन्ने गर्थ्यो फाँचल म आफै गाएर ऐतिहासिक फाँचल गायक बन्नेछु । बसको प्वाँ....प्वाँ हरणले बस छुट्न लागेको सङ्केत गर्दै थियो । यात्रुहरू ह्वार्र हुर्र्र बस चढ्न थाले । बिस्तारै राजधानीका आकासे घरहरू ओझेल पर्न थाले । घण्टौंको यात्रापछि सहरबजारका घरहरू पातलिँदै गए ।

हरिया बनजङ्गल । भरखरै वसन्तले पाइला टेक्न खोज्दै थियो । कतैकतै अझै रूखबिरूवाले पालुवा लिन मानिरहेका थिएनन् । सगुनले त त्यो रूखलाई हाम्रो नेताहरूसँग लगेर दाँजे । वसन्तले पाइला टेकिसक्दा पनि त्यो रूख भने आफ्नै दुनियाँमा टसमस् गर्दै बसिरहेको देख्दा प्रतिगामी नेताको संज्ञा दिए ।

ए-ए हेर्नुस् त ! ऊ त्यो हिमाल कस्तो राम्रो आहा ! ऊ त्यो पहाड कस्तो मनमोहक आँखैमा झुण्ड्याईरहुँ जस्तो । ऊ कति गाई भैंसीहरू छरिएर पाखामा चरेका । अहो ! ती झाँक्रीहरू नाच्दै कहाँ जान लागेका ? साथीहरूको उत्सुकता निभाउँदै बसमा यात्रा जारी रह्यो । बस आफ्नै रफ्तारमा गुडिरह्यो । म धमाधम पर्यटकलाई गाइड गरेझैं साथीहरूलाई गाइड गर्दै गइरहेँ ।

यात्राको क्रममा नदीनालाहरू देखा परे । साच्चै मनमोहक बन्दै गएको थियो यात्रा अनि दृश्यहरू । अहो ! कस्ता राम्रा दृश्यहरू । त्यो बगर अनि किनार, र्‍याफ्टिङ्ग हाँकिरहेका र्‍याफ्टरहरू, 'ए–ए हेर त, त्यहाँ' मैले भने । त्यो त बन्जीजम्प हो । एसियाकै पहिलो प्राकृतिक रस्वादन गर्ने थलो । यतिखेर हामी सिन्धुपाल्चोकका सिमाना हुँदै यात्रा गरिरहेको थियौ. । साथीहरू कल्पनामै वन्जीजम्प गर्न थाले । मैले भने वास्तविक वन्जीजम्प हामी फर्केपछि गरौंला । पहाडको मनमोहक प्रकृति र छटाले हामीलाई मोहनी नै लगाइसकेको थियो । यात्राभरि मनमोहक दृश्यहरू आँखाभरि उनेर गन्तव्य पहिल्याउँदै थियौं ।

बसले एक्कासी ब्रेक लगायो ।

'थुइक्क–! साला बिरालोले बाटो काट्यो' ड्राइभरको मुखबाट आवाज उछिट्टियो । अगाडि हुत्तिन पुगेका यात्रुहरू सम्हालिंदै भुत्भुताउन थाले । छतका मान्छेहरू नराम्ररी चिच्याए । सहचालकले राम्ररी समाउन भन्यो । भेंडाच्याङ्ग्रा कोचेझैं छतभरि मान्छे कोचिएका थिए । सायद सिण्डीकेटको मारमा थिए

गाउँघर पुग्ने सडकहरू । बस केहीक्षण साइड लगायो । सहचालकले भन्यो, ल ल ट्वाइलेट जानेहरू जानुहोस् है ! पाँच मिनेट रोकिन्छ । कन्डक्टरले भन्यो–'अर्को गाडी अगाडि जाओस् अनि जाऊँला ।' यात्रुहरू झर्न थाले । नजिकै ट्वाइलेट नै कहाँ थियो र जङ्गलको रूखलाई गल्छेडो पादै लामो श्वास फेर्न थाले यात्रुहरू । महिला यात्रुलाई भने अप्ठेरो थियो अलि पर पर पुगे ।

समाजमा गडेर बसेको अन्धविश्वासको छाप सडकमै लालमोहोर लाग्यो र पोखियो । हाम्रो समूहका केही साथीहरू पनि यस्तो कुरामा खुब विश्वास राख्दथे । एउटा ट्रक हुत्तिएर आयो र अघि बढ्यो । बल्ल ड्राइभरले गाडी स्टार्ट गऱ्यो । बिस्तारै गाडीले गति लियो ।

बसले हर्न बजाऊँदै बसपार्क छिऱ्यो ।

★★★

'ए क्षितीज ! पेटमा मुसा कुद्न थाल्यो'–दोर्जे बोल्यो । "चिन्ता किन ? त्यो मुसा मार्ने पहाडमा ढाडे बिरालो छँदैछ नि । मैले भने,–'बरू मुसा कत्रो रहेछ तिम्रो पेटमा ?"

मुसा त तिम्रो पहाडिया बिरालोसँग जोरी खोज्ने खालको छ । बरू मुसा देखेर बिरालो तर्सेर बेहोस् भयो भने नि', दोर्जे बोल्यो ।

मैले भनें,– 'त्यसो भए ऊ त्यो छाप्रोमा जाऊँ न, त । 'जाऊँ यार जाऊँ साह्रै थकित पनि भइयो'– सगुन बोल्यो ।

'जे होस् तिम्रो पहाड गजबको रहेछ'–थप्यो स्पेशले ।

'प्रकृति कस्तो लजाएको केटी मान्छेजस्तो'–प्रसुन बोल्यो ।

'नामै केटीमान्छेको जस्तो छ नलजाउने त कुरै भएन नि उडाउने काम नगर न यार । कस्तो टाउको दुखेजस्तो भैरहेछ' बोल्यो प्रकृति । दुखिहालेको त छैन नि 'मैले भने' अब सब ठीक हुन्छ । आज म तिमीहरूलाई 'न्यू टेस्ट' दिन्छु ।'

'कस्तो 'न्यू टेस्ट' ? सुनिहालौं न त' प्रेरणाले भन्यो ।
पहाडको लोकप्रिय खाना अर्थात् लोकल कुखुराको मासु र कोदाको ढिंडो ।
'गुन्द्रुकको अचार । वाह्... मेरो त र्‍याल नै चुहिसक्यो' बोल्यो प्रसुन ।
लोकल खाना गुन्द्रुक ढिंडो साह्रै मिठो आहा !
मुख रसायो पकाउँदा अनाज पिठो आहा !

स्वर्गजस्तै गाउँपहाड सुन्दर नेपालको
स्वच्छ हावा वातावरण सुन्दर पहाडको

स्वमुक्त यो रजर फाँचल उन्दै विथि विथि
कुरीति यो देशको हटाउँ बुन्दै विथि विथि

यात्रा छ धेरै लामो थाक्नुहुन्न कहिले पनि
विसङ्गति हजुर देशको पुरौं खाल्टो खनी

हैन भने यो देशको श्राप लाग्छ हामीलाई
देशभित्रै प्रवासीको बात लाग्छ हामीलाई

'प्रसुनले कति छिटो फाँचलका पाँच विथिहरू कोरिसकेछन्'–सुनायो उसले । सबै साथीहरूले 'वान्स् मोर' भनिदिए ।
'स्वरको धनीले फाँचल बाचन गरेको सुहाउँदैन गाउनुपर्छ'–मैले भने–' गाउँदा फाँचलको स्वाद नै बेग्लै ।'
प्रसुनले सङ्गीतका साथ गाउन थाल्यो 'लोकल खाना गुन्द्रुक ढिंडो... नखाँदै यति मिठो सृजना गरिसक्यौ । खाइसकेपछि त झन् कति राम्रो सृजना गर्छौ होला । तारिफको वर्षा गरिदियो दोर्जेले । हैन

खाइसकेपछि अघाइहालिन्छ नि । माग र पूर्तिको नियम पढेका छैनौँ अर्थशास्त्रमा ? त्यस्तै हो' प्रकृति बोली ।

'दादा–दादा हजुलहरूको खाना पाक्यो' सानी करिव ५/६ वर्षकी एउटी बालिका अगाडि आएर उभिइन् ।

'नानु हामी आईहाल्यौं ।' यति खेरसम्म हामी छाप्रो बाहिरको मेचमा गफिँदै थियौँ । मैले उनको दुध निस्किएला जस्तो कलिलो गाला समाउँदै सोधेँ । नानु तिम्रो नाम के हो ?

लाजवन्ती ।

कस्तो अचम्म । लज्जावती र लज्जावती एउटै झार हो । यति सुन्दर नाम कसले राखिदियो होला उनलाई ? मनभरि खुल्दुली बढ्यो ।

'हो त, कस्तो राम्रो नाम'–सगुनले थप्यो । मेरो मनकै कुरा बुझे जसरी ।

'तिमीलाई लज्जावती फूलको विषयमा थाहा छ ?' सगुनले सोध्यो । बालिकाले भनी,–अहँ, मैले नाम मात्लै सुनेको दादा ।'

तिमीलाई यो लाजवन्ती नाम कस्तो सुहाएको । कसले राखिदिएको यस्तो सुन्दर नाम ?

बालिका लजाऊँदै बोलिन्' मेलो फुपू दिदीले ।

अनि तिमी यो होटलको मालिक हो ?' मैले सोधेँ ।

उनले टाउको हल्लाएर होइन भनिन् ।

अनि तिमी यहाँ के गछ्र्यौ त ?

उनले जवाफ दिइन्,– 'अङ्कल म यहाँ गिलाज माझ्छु अनि टेबल पुच्छु' ।

तिम्रो घर कहाँ हो नि ?

ऊ माथि गाउँमा ।

लजु...लजु भित्रबाट होटल्नी साहुनीको आवाज आयो ।

'अङ्कल म जान्छु है फेलि चाउनीले पित्नुहुन्थ ।

नफुटेको बोली उपहार छाडेर बालिका गइन् । हामी सबै जना गम्भीर भयौँ । ठीक अगाडि बिजुलीको पोलमा ठूलो होर्डिङ्ग बोर्डमा ठुलै अक्षरमा लेखिएको थियो 'बालश्रम शोषण अपराध हो' होर्डिङ्ग बोर्डकै मुनि छाप्रोमा रहेको होटलवाला मालिकलाई चासोको विषय बन्नुपर्थ्यो तर प्रभाव शून्य थियो । नयाँ नेपालको अनुहारमा एउटा खराव दाग थियो त्यो ।

'भाइ खाना तयार भयो'–मोटी होटलवाली साहुनीले खाना ल्याउने स्वीकृति मागिन् । हामी छाप्रोको टेबल कभर गर्न पुग्यौं ।

'मुखैमा झुण्ड्याइरहुँ जस्तो लाग्यो यार । खै साहुनी एक पन्यु थपिदिनुस् न',–प्रसुन बोल्यो ।

खाऊ–खाऊ फेरि पहाडबाट फर्केपछि यस्तो टेस्ट कहाँ पाउनु'– दोर्जे बोल्यो

'यस्तो मौका घरी–घरी कहाँ आउँछ र ! म त सपासप दिन्छु'– प्रेरणाले थपी ।

'क्षितीजको भाग पनि खोसेर खानुपर्छ ऊ त पहाड आइरहन्छ । जहिले पनि खान पाइहाल्छ 'खै, खै' दोर्जेले मेरो थालको भाग पनि उचाल्न खोज्यो ।

ए ! ए ! के गरेको ?– मैले रोकें । 'नपुगें' अर्को 'अर्डर' गरौँला । म पनि त भोकाएको छु नि ।'

सबैजना गललल हाँसे । 'बिचरा, मुलचोरको भागै नास्ती होला नि'– खोक्दै बोल्यो सगुन । झण्डै सर्केको । हा..हा..हा..! होटलको छाप्रोभरी हाँसो गुञ्जियो ।

मलाई भने सानी बालिका लाजवन्तीको निर्दोष अनुहार र बालश्रमले चिथोरिरह्यो । होटलनी साहुनीसँग सोधें । यी सानी नानीलाई पनि काम लगाउनुहुन्छ तपाइँ ?

उनले मुख खुम्च्याउँदै बोलिन् । होइन नि सर कहाँ काम लगाउनु उनी

आफै अलि अलि सघाउँछिन् मलाई । बिचरीले सबै परिवार गुमाई । द्वन्द्वको मारमा परिन्। यिनका बाबुआमा हजुरबुबा र यिनलाई मरी भनी लाँकुरी पाखामा फालेर गएछन् । तर यिनी चाहिँ बाँचिछन् अभागी । मान्छेको मन न हो सबैको ढुङ्गै थियो । मैले लिएर आएँ यसलाई । मेरो मन ढुङ्गा बन्न सकेन ल्याएर पालें । मलाई आमा भन भन्छु मान्दै मान्दिन । चाउजी भन्छिन् । यस्तो बच्चीले पनि आफ्ना र अरू छुट्याउन सक्ने रहेछन् । आजकालका बच्चाहरू साह्रै चलाख । उफ् जताततै द्वन्द्वको घाउ आलै छ गाउँघरमा । बगेका रगतहरू सुकेका छैनन् । नेताहरू मन्त्री र सभासदकोलागि लुँछाचुँडी गरिरहेछन् सहरमा ।

'के हाँसिमात्र रहेको नि ! खाऊ न पकापक'–स्नेशले भन्यो ।

'म त, धेरै खान सक्दिन यार । डेढ थाल मात्रै हो'–प्रसुन बोल्यो ।

छाप्रोभरि फेरि हाँसेको फोहोरा छुट्यो । मोटी साहुनी मुसुमुसु हाँसिरहिन् । साँझ पर्नै आँटेको थियो । मलाई भने लाजवन्तीको अबोध अनुहारले नराम्रोसँग चिथोरिरहेको थियो ।

'कहिंले पुगिन्छ यार तिम्रो गाउँमा ? मेरो त खुट्टा दुखि सक्यो', बोल्यो सगुन ।

'मेरो त खुट्टा दुखेन घुँडा दुख्यो'–स्नेशले भन्यो ।

'घोडा दुखे के भो लगाम त तिम्रै हातमा छ नि । पुच्छर निमोठिदेउ न' साह्रै रमाइलो थियो दोर्जे ठटयौलीमै गोरेटो बाटो सकिनै लागेको थियो ।

★★★

'अरे क्यानम्, को मान्छे लिएर बथानै गाउँ छिरेछन् भन्ठान्या त, बज्जे छिरिङ्गे पो रैछ झण्डै नचिन्या ।'

पल्लो घरको लाहुरे काका पो रहेछन् । नमस्कार है काका । साथीहरू सबैले नमस्कार चढाए ।

लेकिन कहिंले आयौ सहरबाट ?

भरर्खरै आउँदैछु, काका ।
अच्छा, अच्छा राम्रो गरेछौ । तिमीले गामलाई बिर्सेका रहेनछौ खुसी लाग्यो । जाऊँ मेरो घराँ । मोही पाऱ्याछु खाएर जाओ ।
'हो त, काकाले खासाको कुरा गर्नुभयो उकालो चढ्दा गर्मी पनि भएको छ' प्वाक्क बोलिहाल्यो दोर्जे '।
साँझ परिसक्यो भोलि खाँदा हुँदैन र काका ? मैले भने ।
'हुँदैन भोलि त अमिलो हुन्छ । जाऊँ आजै खानुपर्छ' आजै पारेको ।
'हो त । भोलि त अमिलो हुन्छ' फेरि दोर्जे जान्ने भै हाल्यो ।
काकाले जिद्दी गर्नुभयो ।
'अस्ति डक्टरले भनेको थियो मोही खायो भने रक्तसञ्चार र मुटुको लागि राम्रो फाइदा पुऱ्याउँछ रे'-प्रसुनले थप्यो । हामी सबै जना काकाको पछिपछि लाग्यौँ ।
ह्वाँङ्...ह्वाँङ्..ह्वाँङ्..।
साङ्लो नै चुँडालुँलाझैं गर्दै कुकुर भुक्यो । सायद लाहुरे काकासँग सोध्दै थियो । 'यी नयाँ मान्छेहरूलाई किन हाम्रो घरमा ल्याएको हँ ! लाहुरे मालिक ?' बिचरा के चिन्थ्यो चक्रेले मलाई । सानैमा लुट्पुटिएर खेलेको मसँग । अहिले त बूढो भइसकेछ । अझै आफ्नो धर्म छाडेको रहेनछ ।
चुप लाग बज्जे, आफ्नो र अरू पनि चिन्दैनस् ?' काकाले कुकुरलाई गाली गर्नुभयो । कुकुर कुइँय... कुइँय...गर्दै चुप लाग्यो ।
'चक्रे चिन्छस् मलाई ?' उसले घुरेर मात्र हेरिरह्यो । बच्चामा खेल्दा उसलाई म गहुँको रोटी र दाल खुवाउथेँ । भात खुवाउथेँ ऊ मलाई स्कुलसम्म पुऱ्याएर फर्कन्थ्यो र स्कुलबाट फर्कने बेलामा पनि पर भञ्ज्याङ्सम्म बाटो हेर्न आइपुग्थ्यो । मैले स्न्कस्याक्बाट बिस्कुटको पोका निकालेँ र चक्रेलाई खुवाउन थालेँ । ऊ कुँई-कुँई गर्दै पुच्छर

हल्लाउँदै विस्कुट चपाउन थाल्यो । चक्रेको खुट्टामा घाउको खत थियो । त्यसैले होला रौं थिएन । प्रस्टै देखिन्थ्यो ।

काका चक्रेलाई खुट्टामा के भएको ?

काकाले जवाफ दिएँ 'यसलाई पनि द्वन्द्वले छोएको । गाउँमा द्वन्द्वकालमा भिडन्त हुँदा गोली लागेपछि भेटनरीमा लगेर उपचार गरेपछि बल्ल ठीक भयो ।'

चक्रे आज बुढेसकालमा काकाको पहरेदार भएर हाम्रो घरबाट बसाइँ सरिसकेको मैले थाहा पाइसकेको थिएँ चक्रेलाई खुट्याउन गाह्रो भएन । काँसाको कचौरा भरी-भरी दहिजस्तै बाक्लो । मनै हरर्र पार्ने मोहीको कचौरा हातहातमा थम्याउँदै काका नजिकैको मेचमा बस्नुभयो । हामीले मोही सुरुप्प-सुरुप्प पार्दै एउटा नमिठो कल्पना गऱ्यौं । बुढेसकालमा लट्ठी भाँचिएको बृद्धझैं एउटा घायल सिपाहीँ मेरो आँखा वरिपरि नाचिरह्यो आगो वरिपरि पुतली नाचे जस्तै ।

★★★

साक्षात् भगवान् ?

एउटा सपना बोकेर सहर छिरेको छोरो । वर्षौंपछि घरमा पाउँदा सायद प्रसव अवस्थादेखि बाल्यवस्था र युवावस्थासम्मको हाँसो खुसीको स्मृति छचल्काउँदै नजिक आउनुभयो आमा । स्नेहकासाथ हृदयदेखि नै पुलकित भै आँगनमै गम्लङ्ग अँगालो हाल्नु भयो मलाई । मैले आफूलाई सम्हाल्न सकिनँ । मातापिताको चरणमा परेँ । उहाँहरूको मुखबाट घैलाको पानी पोखिएझैं खुसीको भाव छताछुल्ल पोखियो । मेरा सबै साथीहरूले नमस्कार चढाए । यतिखेर मेरो परिवार सगुनको लागि एउटा नयाँ पाठ हुन सक्थ्यो किनकि ऊ एउटा सहरिया परिवेशमा हुर्केको व्यक्ति थियो । पश्चिमेली सँस्कृतिमा चुर्लुम्म डुबिसकेको थियो । उसका बाबा आमा अलि 'मोडेर्न' बन्ने नाममा विकृतिका मूल भने पनि केही फरक पर्दैनथ्यो । आज मेरो सङ्गतको कारण ऊ पहाडसम्म आइपुगेको छ । यतिखेर मेरा पिता माताको सन्तानप्रतिको मोह उसको लागि उदाहरण बन्न सक्थ्यो । सगुनको गृह संस्कारमा अभिभावकहरू वृद्ध भएपछि पुरानो गाडी ग्यारेजमा थन्काएजस्तै वृद्धाश्रममा थन्काइदिने परम्परा छ ।

यस्तो अवस्था देखेर म आफैलाई प्रश्न गर्थें । किन जन्मादातालाई अभिशापको रूपमा लिन्छन् नयाँ पुस्ताहरू ? के आफ्नो बाटो पनि त्यही नै हैन र ? एकदिन सबै वृद्ध बन्नु त छ नै । किन मानिसले मानवत्वलाई रापिलो अग्नि ज्वालामा भक्भकी उमाल्छन् ? मलाई दुःख लाग्छ । हरेक सन्दर्भको क्रममा म सगुनलाई पलपल सक्दो प्रशिक्षण गरिहेको हुन्थे र भन्ने गर्थे । 'साक्षात् भगवान् ती हुन् जल्ले, माता पिता बनेर हामीलाई जन्म दिएका छन् । ईश्वर ती हुन् जल्ले सद्‌बुद्धि दिएर सद्‌मार्गतर्फ दोहोऱ्याउन मद्दत गरेका छन् । भगवान् ती हुन् जसले यस धर्तीमा आफैँ धर्ती बनी जन्म दिए । जसले सृष्टिको मलिलो माटामा वीजारोपण गरे ।'

'ऐ के सोचिरहेको ? आफ्नै घरमा पाहुना जस्तो ?'–दोर्जे चुल्बुलियो । हेर साथी हो, ! मैले तिमीहरूलाई सधैँ भन्ने गर्थें नि पहाडमा मेरा साक्षात् भगवान् छन् । तिनै भगवान्को आशीर्वादले म हरेक क्षेत्रमा सफलता प्राप्त गरिरहेको छु भनेर ।

'हो त, तिमीले ती भगवान्को दर्शन गराउँछु भनेका थियौ । जाऊँ न यार कहाँ हो ?'–दोर्जेले धूप र सिन्दूरको पोका निकाल्दै बोल्यो ।

'हो त, मैले पनि भगवान्लाई चढाउन भनी काँचो नरिवल ल्याएको छु । बाबा र आमाले व्यागभित्र हालिदिनुभएको थियो । फर्कने बेला प्रसाद लिएर आउनु भन्नुभएको छ,'–सगुन बोल्यो–'भाले यतै खोजेर पूजा गर्नु भन्नुहुन्थ्यो । भाले खोज्ने जिम्माचाहिँ क्षितीजकै ।'

'म त त्यो सब गर्दिनँ भगवान्सँग एउटा मिठो सृजना माग्छु' प्रसुनले थप्यो ।

'ल,ल ठीक छ'–मैले भने–'त्यो पवित्र मन्दिर भोलि जाने । आज त रात छिप्पिदै छ । खाना खाएर थकाइ मेट्नुपर्छ ।'

★★★

जुनु

सबेरै गौँथलीहरू चिर्बिर-चिर्बिर गर्दै आँगनवरिपरि नाच्दै थिए । बस्तीका निद्रालुहरूलाई जाग्न अनुरोध गर्दै थिए । थकानले गर्दा साह्रै मिठो निद्रा लागेको थियो । केही साथीहरू अझै घुर्दै थिए बाघ जस्ते घुर्र..घुर्र...। म सबेरै उठेँ र घर पछाडिको सुन्दर बगैँचाभित्र पसेँ । भँवराहरू भुँ..भुँ.. गर्दै फूलकेस्राहरू डस्तै थिए । फूलहरू बिनासङ्कोच भँवरासामु लम्पट परी जाङ्घ फैलाइरहेका थिए । यौवन सुन्दरीको लालिमय ओँठ चुसेझैँ भँवरा अझै फूलकेस्रामा आफ्ना सुँड गाडेर रस चुसिरहेका थिए ।

भँवरा र फूलको यौवनसँगै म यतिखेर बाल्यकालतर्फ फर्किरहेको थिएँ । यही बगैँचामा मैले उडिरहेको पुतली समाउन खोज्दा कागतीको झ्याङमा परी मेरा खुट्टामा काँडा बिझेको थियो । बालसखी जुनु अत्तालिएर मेरो खुट्टा समाएर रोएकी थिइन् । उनले काँडा जवरजस्ती तानेर निकाल्दा पैतालाबाट हल्हल्ती रगत बगेको थियो । जुनुले उनको जामा च्यातेर मेरो खुट्टा ब्यान्डेज गरीदिएकी थिइन् । कैयौँ दिन लाँकुरीपाखामा लज्जावती झारसँग खेलेर बालापन बिताएका यादहरूले नजिकै रहेको कागती बोटको काँडाले झैँ चिथोरे । बगैँचाका बाँझा दिलमा उम्रिएका लज्जावती फूलका सपा-सपा झ्याङहरूसँग खेल्थ्यौं हामी । साँच्चै कति रमाइला थिए ती क्षणहरू ।

जुनुले त्यतिखेर लज्जावतीका पातहरूसँग खेल्दै भनेकी थिइन्- 'हेल न क्षितीज म देखेल कस्तो लजाएको त्यो फुलको बोट,' त्यतिखेर मैले भनेको थिएँ हाम्री आमाले भन्नुभाको यो झाल त केटी हो अले ।
कति रमाइलो थियो त्यो बालापन । यतिखेर म बालसखी जुनुलाई झल्झली सम्झिरहेछु । उनी आँखाभरि सल्बलाइरहेकी थिइन् । के गरुँ समय कहिंल्यै फर्केर आउनेवाला थिएन । जुनु कति राम्री पातली थिइन् पुतलीजस्तै । उनी पनि त्यसरी नै लजाऊँथिन् मलाई देखेर । त्यतिखेरै मैले उनको नाम नै लज्जावती राखिदिएको थिएँ ।
कति माया गर्थिन् मलाई उनी । कतिचोटि मेरो गल्तीलाई आफ्नो भनी ढाकछोप गरी बचाउँथिइन् उनी मलाई । सँधै म उनलाई आकाशको जूनसँग तुलना गर्थें । अनि धर्तीको फूलसँग । उनी भन्ने गर्थिन् त्यसो भए क्षितीज तिमी रात बने पनि म पूर्णिमा भएर तिम्रो जीवनमा छाउनेछु । सधैँ–सधैँ तिमीसँगै सिर्सिरे हावाको बयली बनी तिम्रो जीवनमा डुल्न आइपुग्नेछु । साँच्चै उनले भनेझैँ म अघोर रातमा फँसेको छु अहिले । मेरी प्यारी जुनु खै । पूर्णिमाको जून बनेर कहिंले उदाउने हुन् यो जीवनमा । बिचरी खै के उडाउँथिन् र अब जून बनेर । सायद कुनै ग्रहसँग ठेक्किएर नष्ट भइ कि मेरी प्यारी जुनु ! दशवर्षे नेपालको विद्रोहले निलिसक्यो कि ! युद्धले कुरूक्षेत्र बनेको थियो मेरो सुन्दर गाउँघर पनि । जब उनको पिताको दाजु भाउजूको र परिवारकै हत्या भो । घटनाको समय मामाघरमा रहेकी उनकी आमा र उनी घर फर्कदा उजाड बनिसकेको थियो घर गृहस्थी । त्यसपछि आमाछोरी नै गाउँबाट विस्थापित भएकी थिइन् । थाहा छैन अहिले कहाँ होलिन् । विद्रोह रोकेर जनआन्दोलनमार्फत देश गणतन्त्रमा होमिएर संविधान बनाउन कम्मर कस्सिसकेको अवस्थामै मेरी जुनु, मेरी लज्जावती, हराएकी थिइन् ।
अझै उनी गाउँ फर्केकी छैनन् । अगाडिपट्टि ठिङ्ग उभिएको खरको झुपडी

जीर्ण छ । भत्किनै लागेको त्यो घर सास जाने बेला छोरा कुरिरहेको आमाजस्तो । मन भक्कानिएर आयो । नजिकैबाट मेरी लज्जावतीको छाया सल्बलाएर मलाई छोएर भाग्यो । म स्मृतिमा डुवेर त्यतै हराएछु । आँखाबाट आसुका बुँद टप्प झर्‍यो । लज्जावती झारको पातमा पर्‍यो र लर्‍याकलुस्स्क पर्‍यो । एउटा अस्तितत्त्ववादी झार लज्जावती । सायद मेरी जुनु पनि लज्जावती झारजस्तै आफ्नो अस्तितत्त्व जोगाएर मलाई कुरिरहेकी होलिन् । कहीं अनकन्टार बस्तीमा ।

★★★

'क्षितीज...

यो मान्छेकहाँ हरायो भन्ठानेको त । यहाँ आएर पो टोलाइरहेछ । के भयो ? के गरिरहेको ? दोर्जे र प्रसुन मलाई खोज्दै बगैंचामै आइपुगेंछन् । मेरो एकाग्रता भङ्ग भयो ।

मैले भने,–'अँ तिमीहरू सुतिरहेकै थियौ । त्यसैले यहाँ आएर फूल र भँवराहरूसँग खेलिरहेको । यो मेरो बाल्यकालको खेल मैदान हो साथी । कहिंलेकाहीँ छचल्किँदारहेछन् स्मृतिहरू समुद्रको छाल बनेर ।

ती छचल्किएका छालभित्र माछीका भुराभुरीहरू पनि थिए कि ?' दोर्जेले प्रश्न तेर्स्याइहाल्यो ।

मैले भने,– अँ थिए । मेरी बालसखी जुनु अनि म ।

'ल, भैगो बढी विगतका कुराहरूमा मन चङ्गा पार्नुहुन्न । जाऊँ, साथीहरू सबैले तिमीलाई खोजिरहेका छन् । यो बिरानो ठाउँमा ल्याएर हामीलाई एक्लै छाडेर आफू एक्लै भौतारिने ? कहाँको मापाको ।'–गाली गरिन् मलाई प्रसुनले । म बाटामा केही हराएको यात्रीझैं अल्मल्लमा परें । अनि दोर्जे र प्रसुनको पछि लाग्न थाले ।

'ए क्षितीज कहाँ हराएको ? मन्दिर लाने हैन भन्या ?'–बोलिन् प्रेरणा । 'लाने हो । नुवाइधुवाई सकायौं त सबैले ?' मैले भने,– मन्दिर टाढा पुग्नै पर्दैन नजिकै छ ।

तौलियाले कपाल पुछ्दै बोल्यो सगुन,–'हामी त अघिनै नित्यकर्म सकेर बसेको । ममीले चिया खाउँ भन्दै हुनुहुन्थ्यो पूजा नगरी कहाँ मुख जुठो पार्नु भनेर चिया नै फर्काइदिएँ ।

'धत् पहिले चिया खाऊँ अनि मात्रै भगवान्को दर्शन गर्ने र मन्दिर घुम्ने ।'

म आफैँभित्र गएर चिया लिएर आएँ । सबैले चुस्कीसँगै चियाको तारिफ गर्न थाले । साच्चै चिया मिठो थियो । दूध डढाएर मग्मग कुराउनीको बासना आउने गरी घिउ खारिएझैँ खारिएको चिया । त्यसमाथि पनि तेजपात र सुकमेलको बासना हरर्र चल्दै थियो 'पञ्चामृत जस्तो मनै लोभ्याउने चिया'– बोलिन् प्रकृति ।

सहरमा खल्लो, त्यसमाथि पनि कृत्रिम दुधको चिया खाँदाखाँदै बिग्रिएका जिब्राले काँचुली फे¥यो ।

'पहिले मन्दिर घुम्ने कि भगवान्को दर्शन गर्ने ?' मैले समूहमा प्रश्न तेर्स्याएँ ।

सबै साथीहरूको मुखबाट एउटै आवाज आयो – 'भगवान्को नि, बढी उल्लु नबनाऊ न' ।

'धत् म कहाँ आफ्नै साथीहरूलाई उल्लु बनाउँछु र ! बरू तिमीहरूले भगवान्को लागि ल्याएको पूजा सरजाम ठीक पार'– मैले भनें । सबैले आ–आफ्नो झोला ल्याए फूलमाला प्रसाद निकालेर पूजा थालीमा सजाए । काँचो नरिवल फलफूलको एउटा झोला हातमा झुन्डाउँदै बोल्यो दोर्जे 'ल जाऊँ न त ढिलो भइसक्यो ।'

कहाँ जाने ? –मैले प्रश्न तेर्स्याएँ ।

'ल पागल भयो कि क्या हो क्षितीज त । कहाँ पो भन्छ बा पहिले भगवान्को दर्शन अनि मात्र मन्दिर घुम्ने भनेको हैन ?'–बोलिन् प्रसुन । सबै साथीहरू वाल्ल परेर मतिर हेरिरहे ।

मैले मेरो मातापितालाई अगाडि बोलाएँ र बिछ्याइएको गलैँचामा बस्न अनुरोध गरेँ । सबैलाई मेरा माता र पितातर्फ ध्यानाकर्षण गराउँदै भने । हेर साथी हो देवकोटाको कविता त पढेका छौ नि !

कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिर जाने हो ?

मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो ?

हामी ढुङ्गा पुजेर देवता मान्छौँ तर साक्षात् भगवान्लाई कहिंले पनि चिन्दैनौँ । मेरा त भगवान् भन्नु नै मातापिता हुन् । सृष्टिकर्ता नै उहाँहरू हो । मन्दिर भनेको आफू जन्मेको धर्ती हो । एक मुट्ठी माटो र माटोसँगको सम्बन्ध । जो सधैँ-सधैँ पवित्र हुन्छ । हेर त, यी भगवान् र मन्दिरहरू कति पवित्र छन् ! न त मेरो मन्दिरका यी भगवान्हरूले चाडपर्वको वहानामा सधैँ बलि नै माग्छन्, न मृगतृष्णा बनाई अन्धा भक्तजनहरूमाथि शासन गर्छन् । माग्छन् त त्यो अर्थमा बलि माग्छन् । जतिखेर मेरा सुन्दर मन्दिर (देश) भित्र सङ्कट आइपर्दछ ।

आजका मान्छेढुङ्गा पुजेर वास्तविक ईश्वर अर्थात् मेरो भाषामा भगवान्हरूलाई वृद्धाश्रम धाउन बाध्य पारिरहेछन् । जस्को विरूद्ध म सधैँ लडिरहन्छु । आफूले आफैँलाई बदल्न सिक्नुपर्दछ हामीले । वास्तविक भगवान्हरू ती हुन् जसले हामीलाई सृष्टि गरे । वास्तविक ईश्वर ती हुन्, जो सधैँ-सधैँ सन्तान, मानव र राष्ट्रहितको लागि अनि विश्वहितको पक्षमा चिन्तनशील रहन्छन् । वास्तविक देवता ती हुन्, जो नयाँ-नयाँ कुराको खोजी गर्दछन् । अनि युग बदल्न मरिमेट्दछन् । मन्दिर ती हुन् जसले हजार कर्णधारहरूलाई जन्माएर सत्मार्गका बाटाहरू देखाएका छन् । बस् यही सुन्दर घरमा भगवान् देवता र ईश्वरहरू बस्ने गर्दछन् । म यति भनेर मेरा मातापिताको चरणमा परिदिएँ । साथीहरू सबैले आदरका साथ नमस्कार चढाए । मैले भने, 'जाऊँ अब यिनै भगवान्हरू बस्ने मन्दिरहरू घुम्न ।' सबै साथीहरू जिल्ल पर्दै मेरो पछिपछि लागे । पर

खुल्ला डाँडा हरिया वनजङ्गल वरिपरि उफ्रिरहेका मृगशावकहरू हाम्रो आगमनलाई स्वागत गर्दै पन्छिँदै थिए ।

आहा ! कस्तो राम्रो 'भ्यू' –दोर्जे बोल्यो, यो मान्छेजस्तो छ ठाउँ पनि त्यस्तै रहेछ यार' वास्तवमै मलाई यहाँको प्रकृति र मनमोहक दृश्यले रोमाञ्चक बनायो । स्वर्गै रहेछ यो पहाड ।'

'हो त साँच्चै हाम्रो आँखा खोलिदियो क्षितीजले यो मान्छे त क्या तर्कशील र दार्शनिक छ यार'– प्रकृति बोली ।

'हैन हैन, –मैले भने 'म दार्शनिक मात्रै हुने खतरातर्फ जान्नँ । म त, हरेक कुरा व्यवहारमा उतार्नुपर्छ भन्ने पक्षमा वकालत गर्ने व्यक्ति हुँ ।' बरू किताबी दर्शनहरू हेर त किताबभित्रै कुहिन थाले । बरू व्यवहारिक मान्छे भन न स्वीकार्छु । ठेलीका ठेली दर्शन पढेर र पढाएर मात्र केही हुन्न । व्यवहारमा लागु गर्नुपर्छ तर अझै त्यस्तो हुन सकेको छैन । यही विडम्बनाको कुरा हो । दार्शनिकहरू दर्शनकै निमित्त बाँचिरहेका छन् । तर, बचेखुचेका दर्शनहरू पनि कार्यान्वयन हुन नसक्दा दर्शनको पनि कुनै औचित्य रहेको पाइन्न ।' मेरा अभिव्यक्तिलाई सबै साथीहरूले स्विकारे ।

★★★

पङ्क्ति–पङ्क्ति मिलेर बसेको टलक्क टल्कने हिमालका चुचुराहरूका चकहले पारि पर्वतका भिराला फाँटहरूमा चाँदीजस्तो प्रकाश छरपस्ट लिपिएको थियो । पहाडका कुनाकुनामा वसन्ती पल्लवहरूले भरिभराउ वृक्ष निविड छायाँहरू रचेर मनमोहकता पोत्न थालिसकेका थिए । मैले सबै साथीहरूलाई त्यो परिवेश र प्रकृतिसँग लाप्पा खेल्ने स्थान नै पवित्र मन्दिर हो भनी अड्डी कसेँ । बुझेझैँ गरी सगुनले धन्यवाद तिम्रो सुकर्मलाई भन्दै हात मिलाउन आए । मैले भने,–'तिम्रा बाबाआमालाई भनेर वृद्ध हजुरबुबा र हजुरआमालाई वृद्धाश्रमबाट घर ल्याएर उहाँहरूको अस्तित्त्व जोगाउनुपर्छ तिमीले । उहाँहरूलाई वृद्धाश्रममा

राखेर अलिकति पनि हीनताबोध भएको छैन तिमीलाई ? म यो धन्यवाद त्यतिखेर स्विकार्नेछु जतिखेर तिम्रो परिवारको साथमा जेष्ठ नागरीकले सम्मानका साथ जीवन यापन गर्न पाउनेछन् । पारिवारिक व्यवहार नै परिवर्तन गर्न सक्दैनौ भने तिमी के समाज रूपान्तरणको झ्याली पिट्दै समाजसेवीको ढोंग फुक्छौ ?

यो मौका सदुपयोग गरेँ मैले ।

सगुनले साँच्चै अप्ठेरो महसुस गऱ्यो र बोल्यो 'हो क्षितीज' मेरा पूर्वजहरूले सायद राम्रो संस्कार पाएनन् । सधैँ - सधैँ आधुनिकताको नाममा गर्नहुने काम पनि गरियो र गर्न नहुने काम पनि गरियो । मैले भनें । यो पूँजीवादको उपज हो । धन सम्पत्ति टन्न कमाएपछि मानिसभित्रको मान्छे मार्ने काम पूँजीवादले गरेको छ । जुन तिम्रो परिवारको हकमा पनि यो लागु भएको देखिन्छ । मान्छेलाई मेसिन जस्तै बनाएको छ पूँजीवादले । मान्छेभित्रको मन पूँजीवादको आगोले डढिसकेको छ ।–मैले भनें,–मान्छेमेसिन बन्नुहुन्न ।

'म तिमीसँग माफी चाहन्छु क्षितीज । तिमीले मेरो आँखा खोलिदियौ । तिमीले भनेजस्तै म आफ्नो कर्तव्य पुरा गर्ने वचन दिन्छु । आफूबाटै परिवर्तनको सुरूवात आजैदेखि गर्नेछु । समाज रूपान्तरणको लागि अभ्यास गर्दै जानेछु । तिमी ग्रामीण परिवेश भोगेर सहर पसेको व्यक्ति । हामी सहरियाहरूमा तिमीमा जति पनि मानवत्व नहुनु भनेको विडम्वनाको कुरा हो । पैसापैसा जप्दाजप्दै सहरवासीहरूले मानव अस्तित्व नै भुलिसकेको यो परिवेशमा तिमीजस्तो मानिसको खाँचो छ यो देशलाई । अनि देशका सहरहरूलाई । अझ भनौँ विश्वभरिका यस्ता धेरै देश र विकसित भनिएका सहरहरूलाई' यति बोलिरहँदा उनको अनुहार कहिंले मलिन देखिन्थ्यो त कहिंले बिजुली चम्किए जस्तै चम्कन्थ्यो । कहिंले पूर्णिमाको जून जस्तो चहकिलो बन्दै निभ्थ्यो ।

'सगुन तिमीले कुरा बुझिदियौ मेरो लागि यही पर्याप्त भयो ।' –मैले भनें, हाम्रो फाँचल यात्राको मुख्य उद्देश्य पनि यही हो । परिवर्तनको लागि परिवर्तन । त्यसैले त हामी फाँचललाई 'पोस्ट मोडर्न विपेन' अर्थात् उत्तरआधुनिक हतियार भनी शङ्खघोष गर्न अघि सरेका छौं । जसको प्रयोगले साहित्य जगत् मात्र नभई सिङ्गो समाज र राष्ट्रको रूपान्तरणको लागि महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने मेरो विश्वास हो ।

★★★

लाहुरे काका

बिहानको मिर्मिरे नसकिँदै दैलोमा कोही ढोका ढक्ढक्याउँदै गरेको आवाजले ओछ्यान छोड्न करै लाग्यो । उठेर दैलो उघारेँ । लाहुरे काका पो रहेछन् ।

'काका नमस्कार ।' –मैले नमस्कार चढाएँ ।

बिहानै पाल्नुभएछ केही समस्या पर्‍यो कि हजुरलाई ?'–प्रश्न तेर्स्याइहालेँ । छैन बाबु केही समस्या छैन । बरू तिमीहरू छिट्टै नेपाल फर्कन्छौँ भनेर भेट्न आको । राम्रोसँग आफ्ना भाइभतिजीहरूसँग कुरा गर्न पनि नपाइने भो भनेर । के थाहा बाबु आफू त डाँडामाथिको घाम । कतिखेर डुब्ने हो के पत्तो ?'–झुस्स दाह्री दायाँ हातले मुसार्दै बोल्नुभयो काका ।

'भित्रै बसौँ न काका'–मैले अनुरोध गरेँ । टलक्क टल्केको पित्तलको टोपले सिँगारिएका चिल्लो लौरो टेक्दै काका घरभित्र प्रवेश गर्नुभयो । साँच्चै दिनहुँ हातमा झुण्डिरहने लट्ठी उहाँको बुढेसकालको सहारा बनेको थियो । सोचें मेरो पनि जिन्दगीको बाटो त्यही हो लाहुरे काकाको जस्तै । बस् त्यस्तै हो । एउटै गोरेटो, एउटै चौबाटो, मात्र यात्रा फरक । मर्दै गरेको यो उमेर सम्झें उनको सेताम्मे फुल्दै मरेका केसहरू जस्तै ।

'क्याऊँ ! बाबु' बुढापाकालाई श्रद्धा गर्ने र कुरा सुन्ने तिमी नै छौ यो

गाउँमा । आजकालका अरू ठिटाठिटीहरू लक्का जवान भएसि बल नहुनेलाई के गन्छन् र बा ! हामी पनि एक ताका अल्लारे थिएम् जख्खु भालेजस्ता । बैंसको घोर्ले स्यालजस्ता । क्यानम्...पछि छाती नापेर लाहुर गएसि नै त बुद्धि फिऱ्यो । अर्काको देशमाँ कम्ती दुःख पाएनम् । बरू आफ्नै देशमा पसिना बगाएको भए केही होइन्थ्यो । कमसेकम निर्धक्क नेपाली भनेर गौरव त गर्न पाइन्थ्यो । तिमी त पढे-लेखेका मान्छे। हाम्रा पालामा कहाँ निर्धक्क पढ्न पाइन्थ्यो बा ! शम्शेरहरूले तीनपाटा मुडिएला भनी लुकीलुकी 'वनमसी द्वाङ्' पढेको आजभैं लाग्छ । तिमी सबै कुरा बुझ्छौ र पो बात गर्न मन लाग्छ' यति भनेर काकाले लामो स्वास तान्नुभयो ।

वृद्ध भए पनि लाहुरे काकाको ठाँटबाँट छुट्टै थियो । शरीरले मात्र उनी वृद्ध थिए । मन भर्खरको युवाजस्तो चङ्गा थियो । सधैँ दौरा सुरुवाल कोट चिटिक्क मिलाएर लगाउनुहुन्थ्यो । शिरमा ढाकाटोपी मिनेटभर खाली हुँदैनथ्यो । धक फुकाएर लाहुरे बन्दाको कहानी कहनुहुन्थ्यो । कतिखेर मेरा साथीहरू वरिपरि बस्न आइ सकेछन् पत्तो नै भएन । साँच्चै बुढापाकासँग कुरा गर्न मलाई साह्रै मनपर्छ । कयौं इतिहासहरू झुन्डिएका हुन्छन् पाका ओठहरूमा । कति रमाइला स्मृतिहरू उनीएका हुन्छन् ती फुस्रा कपाल र चाउरिएका गालाहरूमा । युग लपेटिएका हुन्छन् तिनका शब्द थुङ्गाहरूमा । आना पैसाका बजार हुन्छन् बोली बोलीमा ।

'इन्डियन आर्मी भूतपूर्व लाहुरे कमानध्वज हो मेरो नाम'- साथीहरूसँग बोल्ने क्रममा क्रमभङ्ग गर्दै लाहुरे काकाले जोडेका शब्दहरू हुन् यी । इन्डियन आर्मी फोर्समा जागिरे जीवन बिताएर पेन्सन बाँचिरहेछन् काका । उनीसँगै एउटा युग बाँचिरहेछ ।

'जीवनभर अरूको देशको रक्षा गरेर अहिले पुरानो कोटजस्तो जिन्दगी

स्वदेशमा आएर बिताउँदा तपाईंका मनमा अलिकति पनि पश्चात्तापको भाव जागेन काका ?'

एउटा प्रश्न सन्सनाएर गयो । लाहुरे काका सरिक भएको युद्धमा चलेको गोलीझैँ र सिधै काकाको मर्ममै गएर ठोक्कियो । कस्तो जटिल प्रश्न गर्दैछ दोर्जे । यतिखेर भने काका अक्मकिए । अघिसम्म जोसिलो लाहुरे हुनमा गर्व गरेकोझैँ देखिने बुढाको आन्तरिक मनोवल सायद घाइते भयो दोर्जेका वचनबाणले । काकाले चाँदीको कुल्फीमा सिगरेट च्याप्दै लाइटर बाले । एकमुस्लो धुँवा फुरररर उडेर कोठा ढाक्न थाल्यो । काका दाह्री मुसार्दै गम्भीर हुँदै बोले,

'हो बाबु ! तिमीले ठीक भन्यौ । म पुरानो कोट हुँ । यही पीडाले म जिउँदै जलेको हुन्छु (चुरोटतर्फ देखाउँदै) अनि मनलाई सान्त्वना दिन यो जलाउँछु । यसले पनि भएन भने गिलासको सहारा लिन्छु र निभाउँछु मनको आगो घट्घटी पिएर । तर विडम्बना झन् बलिदिन्छ यो मन चैत मासको जङ्गलमा डढेलो लागेजस्तै । त्यही पुरानो कोटजस्तो जिन्दगी । कसैले लगाउँदालगाउँदै च्यातिएर फालिएको । त्यहीँभित्र एउटा सानो च्यातिएको मन छ । न टाल्नै सक्छु न फाल्नै । शून्यताको भारी बोकेर रित्तो जिन्दगी टकटक्याएर फेरि शून्यतामै फर्के त यसमा मेरो के दोष ? लाहुरे काका आफूलाई निर्दोष साबित गर्न आधारभूमि तयार पारिरहे जस्तो लाग्यो र मैले पनि थपिदिएँ 'हो त नि काकाको के दोष ? जब राज्यले आफ्नै जनताहरूलाई गाँस, बास र कपासको आधारभूमि तयार पार्न सकेको छैन । सरकारले युवाहरू विदेशिनु र अरू मुलुकको रक्षा गर्न जीवन समर्पित गर्नु जस्ता कामको विकल्प पनि त दिन सकेको छैन । जनताको रोजीरोटीको लागि रोजगारीको व्यवस्था र युवा शक्तिको व्यवस्थापन गर्न राज्यले सक्नुपर्थ्यो तर त्यसो हुन सकेको छैन । जुन कारण हाम्रो पनि हालत त्यस्तै हुन्छ र भैरहेछ पनि । के !

रहरले विदेशिएका छन् र ? लाखौँ नेपालीहरू विदेशमा दास भई आफ्नो श्रम सस्तो मूल्यमा बेचिरहेका छन् यस्तै तीतो यथार्थ हामीमाझ जिउँदै छ । हामी १२ वर्ष विद्यार्थीलाई पढाएर बौद्धिक शक्तिमा रुपान्तरण गर्न नपाउँदै युवाहरू विदेशमा पढ्न जान्छन् । हामीले १२ देखि १६ वर्ष शिक्षामा लगानी गरेको बौद्धिक युवा शक्ति विदेशीले दुई वर्ष पढाएको भरमा आफ्नो कब्जामा लिन्छन् र उतै प्रयोग गर्छन् रोजगारीको नाममा । अनि उतै पलायन हुन्छन् देशको सम्पत्ति अर्थात बौद्धिक युवाहरू । त्यसो त सीप र श्रम शक्ति भएका युवा पनि सबै विदेसिएकै छन् । देश नेताहरूको शासन गर्ने थलोमात्र बन्यो । खेतबारीहरू बाँझै छन् । देशलाई परनिर्भरतामा बाँच्न सिकायो सबै शासकहरूले । कृषिप्रधान देशमा मकै ब्राजिलबाट आउँछ । केराउ चना दाल उफ् यी सबै बंगलादेश र भारतबाट आउँछ । खै हामी कृषि प्रधान देशका जनतालाई कसले यस्तो बनायो ? गाउँघरमा पनि विदेसिने लर्को नै छ । त्यसको जिम्मेवार को ? हामी र हाम्रो सरकार होइन ? राम्रा मान्छेहरू विगतका गल्तीहरूबाट सिक्छन् । अरूको गल्तीबाट सिक्छन् । अरूको गल्ती हेरेर आफू सुध्रिन्छन् । समाज र राज्य सुधार्न मरिमेट्छन् । तर त्यस्ता मान्छेपटक्कै देखिएन हाम्रो देशको शासन शैलीभित्र ।

'हो क्षितीज, तिमीले ठीक भन्यौ । मैले यहाँ आएर धेरै कुराको ज्ञान पाएँ ।' अब हामीहरूनै गलत नीति निमिट्यान्न पार्न लागी नपर्ने हो भने हाम्रो राष्ट्र सधैँ–सधैँ पछि पर्नेछ' सगुन गम्भीरताका साथ प्रस्तुत भयो । 'ठीक भन्यौ बाबु, सबै युवाहरू यसरी नै जागरूक भई अघि बढ्ने हो भने साँच्चै हाम्रो देश नाम मात्रको स्वर्ग हैन साँच्चिकै स्वर्ग बन्ने थियो' काका बोले ।

★★★

'त्यसो भए पछुतो छ काका ! तपाईंलाई लाहुरे जिन्दगीबाट ?' फेरि दोर्जेले प्रश्नको एक फिलिङ्गो चट्याङ्गजस्तै बजारिदियो बुढाको कानको

टेबुलमै । लाहुरे काका बाटो बिराएको बटुवा झैँ रनभुल्लमा परे । एकछिन सोचमग्न भए र बोल्न थाले । 'पछुताएको छैन भनौं भने त्यही जागिरे जीवनमै हो मैले प्राणभन्दा प्यारो बाबु र आमा अनि दाजुभाइ सबै गुमाएँ । त्योभन्दा बढी भर्भराउँदो यौवनाभरि 'संगीन सिरानीमा राखेर आफ्नै जवानी गुमाएँ । सय-पचास 'आइसी'मा मुम्बईको कालकोठरीमा क्षणभरको सन्तुष्टि किनेर यौवन गुमाएँ । अझ भनौँ प्रीतिको छहारीमा फुल्दै गरेकी एउटी रहरलाग्दी अँगालोभरिको प्रेमिका गुमाएँ । मैले आफ्नो राष्ट्रप्रति गर्नुपर्ने कर्तव्य गुमाएँ । पछुताएको छु भनौं भने बमबारूदको महासङ्ग्रामबाट उम्केर आएको छु । 'मिसाइल' र 'लङ्मार्चिङ्' पार गरेर आएको छु । त्योभन्दा बढी अजात काश्मिरहरूको जञ्जालहरू चुँडालेर आएको छु । पाकिस्तान र चीनसँगको युद्ध मोर्चा पार गरी सौर्यचक्र र महावीर चक्रले आभूषित भै उच्च सम्मान प्राप्त गरेको छु । विश्वसामु नेपालीहरूको वीरत्व प्रदर्शन गरेर आएको छु ।'
मैले बीचैमा कुरा काटैँ-'काका अबको पुस्ताहरूलाई आफ्नै देशमा राष्ट्रसेवामा जुट्न पाका बोलीहरूले उत्प्रेरित गर्नुपर्छ । हामीहरूले चाहेको पनि यही हो ।' तपाईंको जागिरे जीवनबाट धेरैले शिक्षा लिऊन् भन्ने हाम्रो चाहना पनि हो । बरू सुनाउनुस् न तपाईंको लाहुरे जीवनमा भोगेका तीता मीठा घटनाहरू ।

मैले काकाको अतीत अनुरोधका तीखा नङ्ग्राहरूले कोतर्न थालैँ । जहाँबाट भावनाका रगत बग्न थालें । सायद काकाको खाटो घाउ फेरि बल्झियो । उहाँ दुखेझैँ गरी झसङ्गिदै बोल्नुभयो ।

त्यो महासङ्ग्राम सम्झँदैमा आङ् सिरिङ्ग हुन्छ । युद्धका बेला छताछुल्ल पोखिएका मान्छेका आन्द्रा भुँडी बटुल्नुपर्थ्यो । यता आफ्नै भूमि भारतको बलमिचाइमा मिचिँदै थियो । उता म भारतबचाऊ अभियानमा गोलावारूदसँग मुकाविला गरिरहेको हुन्थैँ । (आफ्नो पेट देखाउँदै) यो

भुँडी अनि, घर परिवारलाई एकछाक खुवाउन, खुसी र सुखीसाथ परिवार पाल्न सकिन्छ कि भन्ने आशाको त्यान्द्रो बोकी लाहुर बत्तिएको हुँ । आखिर जे सोचैँ त्यो भएन । जे सोचिनँ त्यही भयो । उनले आँखाबाट तुरुक्क आँसु चुहाए । सायद जीवन विपरीत यात्राको सङ्ग्रह हुनुपर्छ । स्वाहा ! भयो नि बाबै मेरो स्वर्गजस्तो घर । स्वर्ग जस्तो जिन्दगी । पकेटबाट रुमाल निकालेर आँसु पुछ्दै बोल्नुभयो काका । काका अगाडि बोल्दै जानुभयो । बढी बोल्दा खोकीले सर्किन्थ्यो र म नजिकैको करूवाको पानी दिन्थें ।

★★★

काका पानी पिएपछि फेरि क्यानम् भन्दै बोल्न सुरु गर्नुहुन्थ्यो ।

'युद्धताका दक्षिण पाकिस्तान भनेर भारतलाई चिनिन्थ्यो । भने पूर्वी पाकिस्तान भनेर ढाकालाई चिनिन्थ्यो । यिनीहरू उपनिवेशको रूपमा खडा थिए भने चीनसँग सीमा विवादकै कारण युद्ध हुने गर्थ्यो । सन् १९६२ को चीनसँगको सीमा विवाद युद्धमा सरिक भएको युद्धको कमानमा थिएँ म । घमासान युद्ध भयो । त्यतिखेर हो दलाई लामा चीनबाट लखेटिएको पनि । जताततै बमवारूदको धुवाँले निस्सासिएर त्यहीँ मरूँला झैं हुन्थ्यो । त्यो युद्धमा करिब ३ हजार पाँच सय सेनाहरू मारिएका थिए । जताततै 'बम' वारूदले तहसनहस पारेका वनजङ्गलहरू पार गर्दै हामी चिसो हिउँका थुप्रोहरूमा लडिबुडी गर्दै दुश्मनका किल्लाहरू तोड्दै अघि बढ्यौं । धेरै दुःखहरू भोग्नुपऱ्यो । घुँडा र हातका कुहिनाहरू घस्रँदाघस्रँदा गोरुको काँधजस्तै भएका थिए । यी अझै छ त्यो दाग उनले कमिजको बाहुला सार्दै देखाए । त्यही युद्धका क्रममा हामी चिनिया सेनाहरूको घेरामा परेका थियौँ । हामीले आक्रमण गर्दा हामी कोही पनि बच्ने सम्भावना थिएन । त्यसैले कमाण्डरको सल्लाहअनुसार आत्मसमर्पण गऱ्यौँ ।'

चिनियाँ सिपाहीहरूले हामीलाई कब्जा गरी चीन पुऱ्याइयो । केही दिन हामीलाई भारतबारे बुझ्न ग्रामीण घरहरूमा बन्दी बनाई राखियो । केही खान दिइएन । हामीले ज्यान माया मारिसकेका थियौँ । जालमा परेका माछीहरूले जालहारीलाई जीवन सुम्पेझैँ । हामी जति जना नेपाली सेना थियौं सबै जनाले एकदिन बिहान दत्तिवनका हाँगाहरू भाँचेर दाँत माझ्न थालेका थियौं । एउटा अचम्मको घटना घट्यो ।

वन्दी घरका अधिकृतहरू हाम्रो निरीक्षण गर्न आए । अधिकृतहरूले नेपाली सेनाहरू त अन्न मात्र हैन दाउरा खाएर पनि युद्ध लड्ने रहेछन् । महान् हो नेपाली सेनाहरू भन्दै दयाका साथ खाँडी र ऊनीका एक-एक जोर बाक्लो लुगा लगाइ दिए । मिठो परिकार आफुले आएर खुवाए अनि 'नेपाल फर्कनू' भन्दै अलि परसम्म लगेर छाडिदिए । हामीलाई डर थियो कतै बीचबाटोमा मारिनु पर्ने त होइन भनेर । तर त्यसो भएन । साँच्चिकै नेपाली सेनाहरूमाथि चिनियाँ सेनाका अधिकृतहरूले हार्दिकता दर्साएको थियो । नेपाली सिपाहींलाई मात्रै छाडेर भारतीय सिपाहीहरूलाई आफ्नै कब्जामा राखिरहे । हतियार र बाटोका नक्सा चार्टहरू सबै उनीहरूले कब्जामा लिएका थिए । अन्यौलसँगै हामी नेपाली सिपाहीहरू बम जिल्लाबाट आशाम्वरी नाका हुँदै अरूणाञ्चल छिऱ्यौँ । हामी सकुशल फर्केको जानकारी भारतीय सुरक्षा केन्द्रहरूमा दियौं । महात्मा गान्धीले 'रिकोभरी' गर्न आइपुगें र हामीलाई भारतको कोहलपुर पुऱ्याइयो । पछि थाहा पाइयो हाम्रा ल्पाटुनका बाँकी सिपाहीहरूलाई पनि केही सर्तहरू राखेर छाडि दिएछन् । बाँकी सेनाहरू आइपुगेपछि हामी सबैलाई कोहलपुरको एउटा होटलमा माइकिङ्ग गरेर सम्बोधन गरियो । त्यसबेला हामीलाई सम्बोधन गरेका शब्दहरू नै पछि राष्ट्रियगानमा परिणत गरे । काका गम्भीर हुँदै स्मृतिहरू खोतलिरहेका थिए ।

'भारत र पाकिस्तान त आगो र पानी' त्यो युद्धमा चाहिँ सामेल हुनुभएन

काका ?'–रूपेश भाँडाभित्र बयर खोतलेझैं गरी काकाको थप स्मृति खोतल्न अघि सऱ्यो ।

कहाँ सामेल नहुनु नि ! भाग्यले बाँचेको । झण्डै ज्यानै गएको । झण्डै–झण्डै धर्मयुद्ध जस्तो । काश्मिरमा हिन्दू ब्राम्हणहरू मुसलमानहरूलाई देखिसहँदैन थिए । मुसलमानहरू पनि हिन्दुहरूप्रति अति रूष्ट थिए । एउटा कश्मीर भने द्वैध चरित्रका थिए । त्यो आजाद काश्मिरको नामले चिनिथ्यो । यता भारतलाई मुसलमानको सूचना प्रवाहको प्रलोभनमा मोटो रकम असुल्दथे । उता मुसलमानहरूलाई गुप्त सूचना दिने प्रलोभनमा मोटो रकम असुल्दथे । मुसलमानहरू छुट्टै स्वतन्त्र राज्य चाहन्थे । तिनीहरू भारतको हस्तक्षेप बाहिरको राज्यको कल्पना गर्थे । ती मात्र होइन विभिन्न आन्तरिक र वाह्य कारणले कलह थर्पिंदै गयो । दुवै पक्ष आगो झैं दन्किए । कुरुक्षेत्रमा युद्ध हुँदा वंगलादेश पाकिस्तानबाट टुक्रिसकेको थिएन । सन् १९६५ को युद्धमा हामी पाकिस्तान विरूद्ध हमला गर्न मुख्य नाका रजौरी, पुन्छसेक्टर, छमसेक्टर वरिपरि हजारौं सिपाहीं सयौं कमाण्डका साथ मोर्चावद्ध रूपमा अघि बढ्यौं । कहिंले हामीले पाकिस्तानी सेनालाई घेरामा पार्थ्यौं त कहिंले हामी उनीहरूको घेरामा पर्थ्यौ । ठ्याक्कै रोमिङ्ग युद्धजस्तो । दुवै पक्षबाट माइकिङ्ग गरेर हट्न भन्थे र भन्थ्यौं । तुरून्तै महासङ्ग्राम परिहाल्थ्यो । रसदपानी सकिएकाले कति दिन त हामीले भारतको लेकसाइडका केही भूमिहरूमा पाइने बोटमा फलिरहेका मकैका घोगाहरू झोलामा राख्दै काँचै चपाउँदै युद्ध लड्थ्यौं । युद्धको क्रममा सहयोद्धाहरू आफ्नै अगाडि गर्ल्याम्म ढल्दथे । कोही बमले उड्दथे र पनि कति बीचलित नभई मनलाई ढुङ्गा बनाएर लड्दथ्यौं । कोही घाइते साथीहरूको उद्धारमा लाग्दथ्यौं । कैयौं 'हन्टर' जहाजहरू पश्चिम क्षेत्रमा ध्वस्त भए । 'हन्ट बोइङ्ग'हरूमा लडाकुहरू ओसारिन्थ्यो । हाम्रा 'हन्टर' जहाजहरू पनि ध्वस्त भए । हामी

बङ्करभित्र लेन्ड लिँदै फायरमा जुट्थ्यौं । 'हन्टर' जहाजहरू जमिनबाट आकाश हुँदै पुनः दुस्मनका अखडामा मार हान्न पुग्दथे । हाँडीभित्र मकै पड्केझैँ बमबारुद्द र गोलीको वर्षा भइरहन्थ्यो । कुरुक्षेत्रको त्यो लडाइँमा एकजना नेपाली सिपाहीको 'बम'को छर्राले पेट पुरै उडायो । आन्द्राभुँडी छताछुल्ल भएर भुइँमा पोखियो । आफ्नै देशको सन्तानको त्यो अवस्था देखेर मैले मिसन छोडेर आफूले लगाएको 'कम्व्याट' फुकालेँ र उनको बाहिर निस्कीएको आन्द्रालाई च्यातिएको भुँडीभित्र हुलेर बेसक्याम्पसम्म पुऱ्याएँ । साह्रै मन रोयो । मैले आफ्नो कर्तव्य भुल्न सकिनँ । उनलाई हस्पिटल पुऱ्याउन मद्दत गर्न गएँ । धन्न आन्द्रा भुँडीमा चोट पर्न गएको रहेनछ । बमले उडेको पेटको छालाको ठाउँमा तिघ्राको मासु 'ट्रान्सफर' गरेर उपचार गऱ्यो । सायद नेपाली वीरङ्गनाको आशिर्वादले होला त्यो रणसङ्ग्रामबाट मेरो प्रिय रणमैदाने साथी बाँच्यो । मैले डक्टरलाई धेरै खुसी भएर धन्यवाद दिएको थिएँ । उनको उपचारले एक जना होनहार नेपाली योद्धाले नयाँ जीवन पायो ।

आमाले खाना पाकेको सङ्केत गर्दै हुनुहुन्थ्यो । लाहुरे काकाको अतीतले नै हाम्रो भोक मेटाइसकेको थियो । यतिकैमा दोर्जे चुल्बुलियो ।

काका त्यतिखेर मस्त यौवनको ठिटो तपाइँ, 'इन्डियन' मैसाबहरू गोर्खालीको अँगालो नाप्न आएनन् ?

काकाको चाहुरिएको अनुहारको छाला एकाएक तन्कियो । मानौ उनी यतिखेर तन्नेरी १६ वर्षीय कल्कलाउँदो यौवनले नतमस्तक बैंसालु उमेरको उकालो चढ्न खोज्दैछन् । काका हातले गाला छाम्दै फिसिक्क हाँस्नुभयो । हाँस्दा ओठभित्रका खाली गिजा ह्वाङ्ङै देखियो ।

'अँ थिए नि, किन नहुनु'–बूढा रौसिए ।

'अरे गोरखाली भैया मैं तुझे इत्ना प्यार करेगी, इत्ना प्यार करेगी तुम बिन मै नहीँ जिना सकती हुँ' भन्दै क्याम्प छेउमै एउटी युवती मरिमेटेकी

थिइन् मेरो लागि । धेरैचोटि उनीसँग सम्बन्ध विस्तारको लागि प्रयास भएको हो । तर, एकपटक कमिसारले थाहा पाएपछि नराम्रोसँग गाली खाइयो । एकताका विदाको समय मिलाएर उनीसँग ताजमहल पुगेकै हो र गोआ पनि घुम्न गएको थिएँ । उनी र म बसेर गर्मीको समय नरिवलको झोल सर्बत बनाएर पिएको आज झैं लाग्छ । मेनिसा थियो उनको नाम । हँ मेनिसा । के गर्नु म युद्धको सङ्ग्राममा रहँदा मलाई क्याम्पमा भेट्न आएकी थिइन् रे । एउटा छड्ड इन्डियन सिपाहीले 'तेरी गोर्खाली लड्काका तो वार मे मौत होचुका है' भनेर जबरजस्ती करणी गरेछन् । पछि थाहा पाएँ उनले आत्महत्या गरिछिन् । त्यही चोटले रन्थनिएको मेरो त्यो सिपाहीसँग मनमुटाव भयो र बोलचाल नै टुट्यो । पछि त्यस सिपाहीले पाकिस्तानको युद्धमा सहादत प्राप्त गऱ्यो । त्यही समयदेखि मैले कहिंल्यै प्यार गरिनँ । मेनिसासँग घरको याद भुल्ने र मन बहलाउने बाटो मात्र बनाएको भने पक्कै हो । के गर्नु ! उनलाई पनि दैवले चुँड्यो त मेरो के लाग्छ ?

'हेर भाइ भतिज हो, त्यतिखेर हाम्रो देशमा न, त अहिलेको झैँ सूचना प्रविधिको विकास थियो न कुनै सवारी साधनको नै । अधबैँशे उमेरसँगै पेन्सनको पत्ता बोकेर घर परिवारलाई सुख दिने आशा बोकेर गाउँ फर्कदा (बीचैमा खोकी लाग्यो)'–काकाले नजिकैको करूवाबाट पानी घुट्क्याएर लेग्रो तान्दै बोल्न थाल्नुभयो 'धेरै बोल्यो भने मलाई यस्तै हुन्छ । आँखाभरि आँसु पार्दै भन्नुभयो घरले जा–जा बनले आइज–आइज भन्ने बेला के धेरै बोल्न सक्नु खै !'

अँ,.. केही सम्झे जसरी बोल्नुभयो काका । म गाऊँ फर्कदा भुन्टेभ्यान्टे छाडेर गएको बच्चाहरू लक्का भैसकेछन् । के चिन्नु ? आफूले चिनेकाहरू पनि मुन्टो बटार्दै हिड्न थाले । कारण केही पनि बुझ्न सकिनँ । आँगनी अगाडि पुग्दा मेरो सुन्दर स्वर्गजस्तो घर भत्किसकेछ ।

घरभित्र सिस्नुघारी देख्दा कति रोएँ कति । बाबा आमा र दाजु भाइलाई खोजेँ । चिच्याईचिच्याई आकाशै थर्किने गरी बोलाएँ । तर कहीँ कोही भेटिनँ । आफ्नै गाउँमा परदेशी बनेँ बाबु । रसाएको आँखा वर्षियो काकाको । हामी के गरुँ के नगरुँ भयौँ ।

काका बोल्दै गए । पछि तिम्रै बुबाको मुखबाट थाहा पाएँ । जीर्ण घर वर्षात र हुरीले भत्काउँदा सबै परिवारको एकै चिहान भएछ । यही घर बनाएर परिवारलाई सुखसँग पाल्छु भनी छाती नापेर विदेसिएको म । एउटा सिपाहीको जागिर त खाइयो । लाहुरे पनि भइयो तर, सबै चीज गुमाएँ बाबु, सवै चीज गुमाएँ । मर्ने वेला आमाले मेरो खोजी गरेकी थिइन् रे । तर, के गर्नु यो अभागीको खप्पर जहाँ गए पनि ठक्कर भनेझैं भयो । आज रित्तो जिन्दगी बाँचिरहेछु शून्यताको महासागरमा डुबुल्की मार्दै । बाबु तिमीहरू आफ्नो देश छाडेर भुलेर पनि विदेश नजाओ है । देशलाई माया गर । एक मुट्ठी पिठो खाएर भए पनि आफ्नै देशको सेवा गर । एक डाडु सिस्नु उमालेर खानुपरे पनि आफ्नो स्वाभिमान विदेशमा गएर नबेच्नु है ।

★★★

साँच्चिकै घायल सिपाही थिए लाहुरे काका । खाटा लागेको घाउ कोट्यायौँ हामीले । अझै चहऱ्याइरहेछ काकाको मन घाउमा नुनचुक छरेजस्तै ।

"काका ! माफ गरीदिनुहोला । हामीले तपाईंको खाटा लागेको घाउ कोट्यायौँ । तपाईंको जीवनबाट हामी धेरै कुरा सिक्न र जान्न चाहन्थ्यौँ । त्यसैले यो गल्ती गऱ्यौँ माफ गर्नुहोला काका ।"–दोर्जे बोल्यो ।

हैन, केको माफी भन्छौ तिमीहरू ? यो सबै कुरा भनिरहँदा कता–कता मनको बोझ हलुका हुँदोरहेछ बावु । माफी त तिमीहरूले हैन मैले माग्नुपर्छ किनकि गल्ती मेरो हो । यो अस्तितत्वहीन छायाँ बाँचिरहेछु

म । न त, देशको र समाजको लागि केही गर्न सकेँ न जन्मभूमिको लागि केही दिन सकेँ । निःसार बाँचिरहेछु सजीव छायाँहरू । रित्याएर बोतल, नाङ्गो क्यानभासहरूमा लिपिरहेछु वितृष्णाका एउटा निविड छायाँ । भट्टी चहार्दै नसानसामा डुब्दै पूर्णता खोजिरहेछु म । तर, सिङ्गो छायाँ बिलाउन अघि सरिरहेछ बाबु ।

कर्कलाको पातको पानी न हो जिन्दगी । सिर्रसिर हावा चल्ने बेला हुनै लागेको छ । अब पोखिन मात्र बाँकि न हो । उफ्... काकाले साहारामा रहेको आफ्नो लौरो सुम्सुम्यायो ।

खोत्रो रूखको टोड्काबाट फुत्त उड्न खोजेको एउटा चरोझैँ आकाश नापिरहेछ एउटा बूढो सिपाही । जीवनको घोंडा चढेर । पछुतोको लगाम खिचेर । काँढभरि अस्तितत्त्वको बीज खोजिरहेछ शून्यताको भवसागरभित्र । दुःखित जीवन भोग्नु मात्रै जीवनको सार्थकता होइन । पात झरिसकेको छ । हाँगा नाङ्गिदै बिस्तारै सुकेर मक्किदै छ । धमिरा पनि नङ्ग्याइरहेछन् बोत्रा झरेका काठ । काँचुलीहरू फेरिरहेछन् सिङ्गो मानव अस्तितत्त्व फोस्रो बनाउँदै । शरीर भित्र खोत्रो फोक्सोले हावा नापुन्जेल त हो जिन्दगी । बिचरा लाहुरे काका याद मारिरहेछन् प्रेम वियोग र जीवनको निःसारताको । उनको बिसन्चो मन नाप्दानाप्दै म स्वयम् सन्चो नहोला जस्तो भैसकेको थिएँ । काका र साथीहरूलाई भान्सातिर पन्छाएँ । म मेरी प्यारी बालसखी जुनुसँग बालकालमा खेलेका बगैँचाभित्र सुटुक्क छिरेँ र फेरि हराएँ बाल निविड छाँयाहरूमा ।

★★★

घाइते युग

फाँचल विथिहरूको एउटा म्याराथुन अन्तिम विन्दुमा नपुग्दै हामी माझ एउटा अर्को नयाँ म्याराथुनका स्मृतिहरू थपिए । विक्षिप्त मस्तिष्क बोकेर आँगनमा मुढो लडेझैं लडिरहेको थियो ऊ । निरपराध अस्तितत्वको किराले खर्लप्पै खाइसकेको । मोर्चाबद्ध युद्ध लड्दालड्दै न हारेको न जितेको सिपाही थियो ऊ । न त, लाहुरे काकालेझैँ सौर्य चक्र र महावीर चक्रले विभूषित छ ऊ । न पेन्सनले मन टाल्नै पाएको छ । आफ्नै देशमा स्वतन्त्रता प्राप्तिको लागि भन्दै मोर्चाबद्ध लडेको ऊ । आँगनमा एउटा खुट्टा र हातको सहारामा चल्मलाइरहेछ । हामीलाई देख्नासाथ बाँकी रहेको एउटै हात माथि उठाउँदै भने ।–'कमरेड लालसलाम' ।

हामीले हात मिलाएर उनको मनलाई सान्त्वना दियौँ । 'मलाई चिन्नुभएन ?' मैले प्रश्न गरैँ ।

'अँ अलिक गाह्रो भयो' । खरो बोली थियो उनको ।

म क्षितीज क्या त, उही बाल्यकालको ठूले, पल्ला गाउँको मास्टरसाब्को छोरा । हामी सँगै स्कुल जान्थ्यौँ भैँसी गोठालो जान्थ्यौँ । पल्लो पाखाको

सिम्ले चहुरमा राँगाको घोडा चढ्दा लडेर खुट्टा मर्केको बिर्स्यौ ? बाल-बाल कति पल हामी सँगै खेल्थ्यौँ ।

'ए..हो त हगि कस्तो बिर्सेको मैले त'-बल्ल ठम्यायो उसले । 'मेरो त यो गति भैहाल्यो । राँगाको घोंडा चढ्दा त खुट्टा मर्कियो मात्रै परिवर्तन र न्यायको लागि घोंडा चढ्दा त यी दुवै खुट्टा गुमाएँ । तैपनि साथीहरूले बिर्सेका रहेनछन् खुसी लाग्यो । बस न, नजिकैको गुन्द्रीमा देखाउँदै बस्न सङ्केत गऱ्यो उसले ।'

हामीले गुन्द्री ढाक्यौँ । गाउँमा सबैजना काइँलो भन्थे उसलाई । प्रशान्त थियो उसको नाम तर म काइँलो भनेर बोलाउथेँ । उसले ठूले भनेर बोलाउँथ्यो मलाई । यही परिचय काफी थियो हाम्रो लागि ।

द्वन्दकालको चपेटामा परी काठमाडौँमा हुर्रिएको म । उच्च शिक्षा सहरमै पुरा गरेर बसेको थिएँ । भाग २ जनआन्दोलनमा कटिबद्ध भै तानाशाही र निरङ्कुशताको विरूद्ध लडेका युद्धहरूले साँच्चै ठूलै परिवर्तन हुन लागेको आभास दिलाउँथ्यो । प्रशान्त आधुनिक हतियारमा सु-सज्जित भई संहार युद्ध लडिरहँदा म भने अक्षरहरूलाई शस्त्र-अस्त्र बनाएर निरङ्कुशता विरूद्धको युद्ध लडिरहेको थिएँ । 'बाघ तह लगाउन बाघ नै बन्नुपर्दोरहेछ क्षितीज' एकदिन भूमिगत जीवन बिताइरहँदाको समयमा भेट हुँदा भनेको थियो उसले । संहारक युद्धमा ऊ शारीरिक रूपमा विक्षिप्त भयो । फरक यति हो । ऊ मुढो झैं लडिरहेछ म मानसिक रूपमा लडिरहेछु ।

चिल्ला गल्लीका सडकझैं घाउका खतले भरिएको उनको टाउकोका कपालहरू ननुहाइएका आमाले चाटिएका डमरूको रौं झैँ देखिन्थ्यो । 'यो सबै के भयो प्रशान्त ?'- मेरो मुखबाट फुत्त एक टुक्रा प्रश्न उछिट्यो । देश र जनताको स्वतन्त्रताको लागि मैले बलिदान दिएँ क्षितीज ।

अनि काका खै त ?

'उसले गहभरि आँसु चुहाउँदै भन्यो । क्षितीज मेरो बाबा आमालाई पनि द्वन्द्वले निल्यो'–भक्कानो फुटाउँदै टिल्पिलायो प्रशान्तको नयनहरू । युद्धकालभरि आफूलाई ढुङ्गाजस्तो कठोर बनाई होमेको उनको चट्टान जस्तो मन पनि खै के ले हो पग्लियो आज । उनका तिनै हात थिए कैयौँ विपक्षीका गर्दन रेटेका । कैयौँको शरीरमा ब्लेडले चिर्दै नुनखुर्सानी दलेका । निरङ्कुश तानशाहविरूद्ध खनिने क्रममा एक प्रकारले समानान्तर निरङ्कुशताकै अभियानमा जुटेको थियो ऊ पनि । कैयौं विपक्षीविरूद्ध कार्वाहीको नाममा मानववध गर्दा, नरोएको मन आज रोएको छ उनको । निरङ्कुशताको जञ्जीर चुँडाल्ने क्रममा प्रहरी र सेनाका वेस क्याम्पमा आक्रमण गर्दा आफ्नै अगाडि ढलेका दाजुभाइको बीभत्सता हेरेर नरोएको मन आज रोएको छ । कस्तो आजीव छ सँसार । सबै कुरा हिंसा र बधमा देखेका उनले आज त्यो झुठ देख्दैछ । सायद यो समयान्तरको परिणाम हुन सक्छ । दिग्दारी पोख्दै बोल्यो प्रशान्त–'खै सधैँ–सधैँ मन तमासिन्छ । साहारा दिने उनै एउटी जीवनसँगिनी थिइन् । युद्ध मोर्चामा नै विवाह गरेका थियौँ हामीले । उनले पनि छाडेर गइन् । मेरो यो अवस्थाले होला छाडेर गइन् । मान्छे पनि कति स्वार्थी हुँदोरहेछ है क्षितीज । सरकारी सेनासँग पोइल गइन् भन्ने सुनें । एउटी बहिनी मात्रै बाँकी छिन् । अहिले बजार गएकी छिन् । आउने बेला पनि भइसक्यो । आफैँ चिया बनाएर खुवाउँ भने मुढो जतिकै छु ।'
'हैन–हैन त्यसो नभन्नुस् तपाईंसँग भेट भयो । यही नै काफी भयो । त्यही ठूलो कुरा हो । खै हामीले त केही गर्न सकेका छैनौ' दोर्जे बोल्यो–'तपाईंहरूको राष्ट्रप्रेमको भावना नै काफी छ यो देशलाई । जनता राष्ट्रको लागि मरिमेट्छन् । तर नेता सपना बाँढ्दै जनतालाई वलिको बोका बनाउँछन् । यही त फरक छ नेता र जनतामा ।'
त्यस्तै लाग्दैछ । 'खै हाम्रो वलिदानको सही प्रयोग गरीदिए त हुन्थ्यो

नि ! यी नेताहरूले'–विक्षिप्त मनको गहुङ्गो भारी बिसाएझैं गरी बोल्यो प्रशान्त ।

अहिलेसम्म शरीरका हर अङ्गहरू भाँचिए पनि मन भाँचिएको छैन क्षितीज । अहिले घरको कुनामा कुँजिएर बस्नुपर्दा मन कुँडेर आउँछ । तैपनि स्थायी शान्ति र स्वतन्त्रताको लागि अनि निरङ्कुश तानशाह बढार्ने र निमुखाहरूको हित हुने कार्य भयो भने बल्ल यो आत्मामा शान्ति मिल्ने थियो । तर खै ! अझै चाँजोपाँजो मिलेको छैन । नेताहरू कुर्सी तानातान र लुँछाचुँडी मात्रै गरिरहेको छन् । मुक्तिको ढोंग फुकेर सारा उत्पीडित र जनजातिवर्गलाई युद्ध र आन्दोलनमा होमिन उत्प्रेरित गरे र भऱ्याङ्ग बनाएर सत्ताको घोडा चढे । हामीजस्ता घायल जनमुक्ति योद्धाको मन भाँच्ने काम भयो क्षितीज । सायद अब इतिहासमा यो भन्दा नराम्रो थप केही हुनेछैन । वमबारूदको धुवाँसँग परेड खेल्दाखेल्दै आज यो अवस्थामा आइपुगेको छु । क्षितीज ! सुन्छौ तिमी ? यो सब कसरी भयो ?

हामी मौन सुन्दै गयौं ।

★★★

विद्यालय पढ्दापढ्दै भूमिगत भइयो । तिमीलाई थाहै छ । नेपालका जनयुद्धका धेरै पृष्ठभूमिहरू । जनयुद्धको उचाइ बढ्दै थियो सरकारी निङ्कुशे नीतिले विद्रोह गर्नेलाई जनताको साथ र सहयोग बढ्दै थियो । म पनि मेचीदेखि महाकालीसम्म विभिन्न बिग्रेड र बटालियनहरूको कमाण्ड गर्दै धेरै मोर्चामा लडें । जनमुक्ति सेना र जनताहरू एक युगको एक दिनको लागि अग्रसर हुँदै थिए । विभिन्न राजनैतिक पार्टीहरूको सहकार्य अनुसार नै जनआन्दोलनले शिखर चुम्न थालिसकेको थियो । चैत महिनाको गर्मीको परबाह नगरी जनआन्दोलनको जनउभार नारायणहिटी राजदरबार र सिंहदरबारतर्फ सोझिँदै थियो ।

हामी गाउँबाट सहर घेराउ अभियानका साथ सहरका नाकाहरूमा लड्दै गयौँ । यसरी लड्दै जाँदा कयौंले न्याय र स्वतन्त्रताको लागि जीवन आहुति दिए । हाम्रो कमाण्ड पनि सदरमुकाममा रहेका तानशाहहरूका मजबुत भनिएका किल्लाहरू भत्काउँदै जाने क्रममा थियौँ । दुई खाले शक्ति उभारले उब्जाएको मनका संवेगले हाम्रो खुसी र उत्साहले सीमा नाघिसकेको थियो । वि.सं. २०६२-६३ साल को भाग दुई जनआन्दोलनमा सहिदहरू थपिँदै गए । हामी भने अन्तिम युद्ध लडिरहेका थियौँ ।

त्यो अन्तिम युद्ध, अर्थात् सदरमुकाम आक्रमणको लागि । विभिन्न ब्रिगेडको कमाण्डमा ।

व्यवस्थापनतर्फ लागेका साथीहरू । बिहानैदेखि सेल्टरको खुल्ला बारीको पाटामा अन्तिम भोजको लागि खसी ढालेर भुत्लाउँदै थिए । सबै बिग्रेडका कमिसारहरू आ-आफ्ना फौजीलाई एस.टि.एफ. हार्ड कोर्स गर्दै र गराउँदै थिए । वरिपरि जनमुक्ति सेनाहरू पालैपालो सेन्ट्री गर्दै थिए । नजिकैका एकजना साथी भन्दै थिए । प्रशान्तजी, भरे त हामी भीषण लडाइँमा जाँदैछौँ । को-को सहिद भइएला वा घायल, मैले भने अँ पीर नलिनुस् हामी सबै सँगै छौँ । मृत्यु वा मुक्ति जे होला बेहोरौँला । त्यतिखेर फौजीलाई सम्बोधन गर्दै कमिसार बोल्यो । हामी मुक्तिका लागि एउटा मिसनमा जुध्दैछौँ । त्यो ठीक हामीपारिको भूगोल हो । जहाँ श्वेत सिपाहीहरू सङ्कटकालीन भत्ताको भोजमा रमाइरहेछन् । सबैले देशको लागि वलिदान दिनै परे पनि पछि पर्नुहुने छैन भन्ने विश्वास गर्दछु । कमिसारले मर्न र मार्न तयार हुन उत्प्रेरित पार्दै थियो हामीलाई ।

दिउँसोभर युद्ध सामग्रीको व्यवस्थापनपछि सबै जना खाना खान जुट्यौं । घाइते व्यवस्थापनका टोलीहरू दिनभरजसो ब्याटल व्यवस्थापनतर्फ लागे । सयौं स्ट्रेचर, बोरा, साबेल, कोदालो, हँसिया र खुर्पीहरू साथमा विभिन्न युद्ध सामग्रीहरू ।

साँझ पर्दै गयो आँखाभरि स्ट्रेचर र बोराहरू छाउन थाले । एक पुरिया बिस्कुट, एक प्याकेट चाउचाउ, जनमुक्ति सेनाका युद्धका खाजा थिए । ए के ४७ हतियार माइक र विस्फोटक पदार्थहरू । मन ढक्क फुलेर आउँथ्यो र, फेरि जोस जाँगर र साहस जाग्दथ्यो । हतियार सुम्सुम्याउँदै गाइड टोलीसँगै हामी नक्सा हेर्दै पछि– पछि लाग्यौं । सदरमुकाम घेरेर रहेका सत्ताका सेना, प्रहरीका क्याम्प र पोस्टहरू घेर्न पुग्यौँ । रातको निर्धारित समयअनुसार एकसाथ फायर खोल्ने पूर्वयोजना अनुसार नै 'फस्ट फायर' खोलियो । बजारका बासिन्दा र वरपरका गाउँहरू सुनसानमा जनयुद्ध नजर गर्न थाले । हामी सासै नफेरि 'फायरिङ्ग'मा जुट्न थाल्यौँ । घमासान भिडन्त पऱ्यो । हामी राता मान्छेहरू त्यो घडीमा उभिएका थियौँ जहाँ हजारौँ वर्षदेखि आफ्नो पुर्खाको रगत र पसिनाको मूल्य खोस्न योद्धाहरू आतुर देखिन्थे । आफ्नो देशलाई निरङ्कुशताको पन्जाबाट छुटाउन गरीब शोषित पीडितलाई जनअधिकार सम्पन्न गराउन हामी लडिरह्यौँ । किनकि हामी यसरी नै प्रशिक्षित थियौं मोर्चामा । मानौं हामीलाई मृत्युको कुनै डर नहुने ट्याब्लेट खुवाइएको छ । हामी अत्याधुनिक मिसाइलहरूसँग जुध्दै गयौं । हामीसँग थुप्रै युद्ध लडेका अनुभवहरू थिए । जसले कसैलाई विचलित तुल्याएन । निर्भीक भई लडिरह्यौं अन्धकार रातमा गोली सन्सनाउँदै मुटु छेडुँला झैँ कानैको छेउबाट बत्तिएको आवाजले मात्रै हामी युद्ध लडिरहेका छौँ भन्ने झल्को दिन्थ्यो ।

आधा प्रहरपछि युद्धबाट उम्केर आएको सयौं साथीहरू मध्य म पनि घाइतेको सूचीमा परेँ । शरीरभरि गोली लागेर पनि सत्तापक्षको किल्ला तोड्न लडिरहयौं । गोली नसकुन्जेलसम्म । पछि भुइँमा ढलेपछि थाहा भयो मेरो हात र खुट्टाभरि गोली लागेको रहेछ । यतिखेर पनि युद्ध जासुसी 'हेलीकोप्टर' जसलाई हामी कोड भाषामा हेली भन्थ्यौं । जो

आकाशमा फन्फनाइरहेका थिए । पालैपालो घाइते लडाकुहरू डोकोमा बोकेर व्यवस्थापनका साथीहरूले भीरको बाटो उकाली ओराली गर्दै सुरक्षित स्थान पुऱ्याइरहेको थियो । कैयौं साथीहरू सहिद भए कैयौँ सेना र प्रहरीहरू पनि मारिए । हामी युद्धका घाइतेहरू जङ्गलको एउटा चौरमा छट्पटाइरहेका थियौँ । त्यो अन्तिम धक्का र जनआन्दोलन भाग-२ को तेजले निरङ्कुश राजालाई घुँडा टेक्न बाध्य पारियो । उनको शाही घोषणा हुँदा हामी मर्मस्पर्शी घाउहरू बोकेर छट्पटाइरहेका थियौँ । जसले केही हदसम्म चहऱ्याइरहेको घाउमा मलमको काम गऱ्यो । ११ बैशाख, २०६३ को शाही घोषणा सँगै ? सिन्धुपाल्चोकको सरदमुकाममा गएर हाम्रो युद्ध टुङ्गियो । त्यसैले सिन्धुपाल्चोकलाई युद्ध शुभारम्भका स्थल मात्र नभै जनयुद्ध अवतरणस्थलका रूपमा लिन सकिन्छ । सुरूवात पनि त्यहींको गा.वि.स कुविन्देबाट भएको थियो र अन्त पनि त्यहींको सदरमुकाम बाट । जनयुद्धको प्रथम सहिद पनि सिन्धुपाल्चोककै थिए । उनी वृतान्त बताउँदै गए ।

गोली र बमका छर्राले क्षतविक्षत भएका मेरा हात र खुट्टाले कैयौं दिनसम्म उपचार पाएन । जङ्गलको बाटो डोकोमा बोकेर गाउँमा पुऱ्याइएको थियो मलाई । युद्ध रोकिएर शान्ति सम्झौता हुने भएपछि मात्र सुविधासम्पन्न अस्पताल पुऱ्याइयो मलाई । अस्पताल पुग्दा ढिलो भइसकेको थियो । डक्टरको सल्लाहअनुसार काम नलाग्ने अङ्ग काटियो । स्वतन्त्र, न्याय र मुक्तिका लागि लडेका कैयौँ योद्धाहरूको मेरो जस्तै हालत छ क्षितीज । हामीले वलिदान दियौं । प्रशान्त बोल्दै गयो । हामी उसलाई सुनिरह्यौं मात्रै । आज हामीलाई भऱ्याङ बनाएर दल र नेताहरू सिंहदरवार पुगे । उनीहरू सत्ताको सिंह चढ्न त सफल भए । तर, उनीहरूलाई सोही स्थानमा पुऱ्याउने जनता र सहिदको सपना भने साँच्चै सपनामा नै सिमित भएको छ । हर युद्धमा

होमिएका हामी जनताहरूको जिन्दगी विगतभन्दा झन् कष्टकर बन्दै गएको छ । परिवर्तनका कुरा त केवल नारा मात्रै रहेछ । यतिखेर प्रशान्तको आँखामा आँसु टिल्पिलायो उ बोल्दै गयो । सत्ता त सजिलै परिवर्तन गर्दा रहेछन् । तर, शासन शैली र देश भने जहींको त्यहीं । ध्वंशपछि निर्माण भन्ने 'स्कुलिङ' थियो हामीलाई । तर खै ति सबै प्रपञ्च जस्तो लाग्दैछ । हामी जनता केवल प्रयोग हुने साधन मात्र बन्दैछौं राजनैतिक प्रयोगशालामा । जो सत्तामा पुगेपछि 'डस्मिन'मा फालिदियो । फेरि आवश्यक परे प्रयोग गऱ्यो अनि फालिदियो ।

प्रशान्त तिमीले ठीक भन्यौ राष्ट्रियता स्वतन्त्रता र जन्मुक्तिका नाराहरू नाराकै लागि मात्र सीमित भए । यतिखेर मैले डेकेद्र र कृष्णसेनहरूलाई सम्झिरहेछु । कैयौँ कञ्चन प्रियदर्शी ज्ञानेन्द्र खड्का, जगत प्रकाश जोसीहरूलाई स्मृतिमा छचल्क्याइरहेछु । युद्ध लड्नेहरूले हतियार बोक्नेलाई मात्र होइन कलम बोक्नेलाई पनि यति क्रुर ढङ्गले हत्या गरे । साँच्चै मान्छेभित्रको मान्छेहराएको कालखण्ड थियो त्यो ।

साँचो र सत्य लेख्नेहरू राज्य पक्ष होस् या विद्रोही पक्षका पशुचेतका ब्वाँसाहरू घरीघरी घाँटी निमोठ्न अघि सरे । के दोष ती कलमजीवीहरूको जे देखे साँचो लेखे । सही लेख्यो र खवरदारी गऱ्यो । सत्ताधारीहरू कलममाथि घोडा चढेर उन्मुक्त हुन खोज्छन् । जनताको लागि लडेका भन्नेहरू कलमको घाँटी निमोठ्न तम्सिरहन्छन् । वैचारिक युद्धको जमानामा पनि हतियारको युद्ध कति जायज ? त्यो राम्रो होइन । मेरो यसमा सधैँ आपत्ति थियो । खै र केही छैन प्रशान्त, अब सबैले हतियारको महासङ्ग्रामको युद्ध हैन बैचारिक शान्तिपूर्ण युद्ध लड्नुपर्छ । मानव संहार गर्ने युद्धहरू मलाई त सह्य हुन्न । हतियारको युद्धले त मान्छेभित्रको डर मात्र जित्न सकिन्छ मन जित्न सकिन्न । जो विगतमा भयो । उनले मौन स्वीकारोक्ति दियो ।

छुट्टिने बेला उनको आँखाभरि वेदनाका पानीको फोहोरा छुट्यो वा हर्षको । तैपनि भन्थ्यो प्रशान्त, 'हर्षले हाँसिरहेछन् । यी आँखाका नानीहरू एउटा बालसखा भेटेर ।'

घोर पीडामा पनि शिर अलिक उठाएर बोल्यो प्रशान्त–'प्रिय मित्र क्षितीज, हामीले मैनबत्तीमा आगो झोसिदिएका छौँ । आगो झोस्ने शैली फरक हुन सक्ला । फरक भयो होला पनि । तिमीले पनि निभ्न नदिनू शिखा मैनबत्तीको । देशमा युगौँदेखि छाएको अन्धकार हटाउन मैनबत्तीको शिखाबाटै सुरु गर्नु उज्यालोको यात्रा । एकातिर धप्प–धप्प बल्न खोजेझैं उनको अनुहार फिसिक्क मुस्कुरायो । अर्कोतिर आँखाबाट मूल रसाइरहेको थियो । बिस्तारै प्रशान्त छायाँमा परिणत हुँदै गयो । यतिखेरसम्म हामीले डाँडा काटिसकेका थियौँ । एउटा घाइते युगको प्रतिबिम्ब बोकेर । स्मृति बोकेर । डुविरहेको होला प्रशान्त नयाँ नेपालको एउटा मानचित्रभित्र । एउटा झिनो आशाको त्यान्द्रो बुनेर मनभरि । तर कार्यकर्तामा देखिएको आशाको झिल्को र नेताको व्यवहारमा आकाश जमिनको अन्तर छ ।'

★★★

तृष्णा र अन्यौलपन

जूनमा नुहाइरहेको पहाड हृदयका क्यानभास भरि पोतियो । बिहानीको उषासँगै मुस्काइरहेका हिमश्रृङ्खला अनि पहाडी बकैनाका रूखहरूबाट धैर्यको बाँध फुटाउँदै वसन्तसँग रमाइरहेका कोइलीको कुहु ! कुहु ! आवाज । सम्झँदैमा मन चञ्चल हुन्थ्यो । उषा पूर्व चिबेका चिर्बिर्, बूढो लाहुरे काकाका स्मृति अनि प्रशान्तको वेदनासँगै स्नेहका मूल फुटाउने हर भगवान्का कैलाशहरूबाट सहर झरेको पनि साता बितिसकेछ ।

पहाडको कोसेली बोकेर लुँजलाको ग्यालरी पुगेँ म । ग्यालरी बन्द थियो । वातावरण सुनसान थियो । बिल्डिङ्को द्वारमा टाँगिएको सुनजस्तै टलक्क टल्केर बस्ने पित्तलका 'ग्यालरी अफ नेचर विट ह्यूमन' अक्षरहरू मुख नधोएको बच्चाझैं देखिन्थ्यो । 'ब्रासो' दिने बेला भएछ मनमनै भने । ग्यालरीको बाह्य दृश्यले केही भन्न खोजेझैँ सङ्केत गर्दै थियो । धीतमरूनजेल ग्यालरीको उदास आवरण हेरेर फुत्त बाहिरिएँ । लुँजलाको 'रेसिडेन्स'तर्फ पुगें ।

बोगनबिला'का झ्याङ्हरू पहिलेभन्दा निलाम्मे भएर फुलिसकेका थिए । गेट बन्द थियो । गेट्बेल' दबाएँ । भित्र निजी ग्यारेजमा लुँजलाको आत्मा चिप्लिने उही पुरानो कार अडिएको थियो । सधैँजसो म त्यहाँ पुग्दा

भुक्ने 'लवी' को स्वर चकमन्न थियो । पकेटबाट मोबाइल निकालेँ र फोन लगाएँ । मोबाइलले स्वीच अफ भएको सङ्केत दियो । मोबाइलमा लुँजलाको फोटो धीत मरूनजेल हेरेँ । करिब सवा घन्टासम्म पनि कुनै चालचुल नदेखिएपछि आङ ढक्क फुल्यो । म युद्धमा हारेको सिपाहीझैं भइसकेको थिएँ । मनमनै आफूले आफैलाई धेरैचोटि प्रश्न गरेँ । उत्तर पाइनँ र आफूलाई मोडेँ ।

★★★

दादा...दादा..

झ्यालबाट एउटा सानो स्वर मतिरै आएर ठोक्कियो । म टक्क रोकिएँ । आवाज अझै मलाई नै पच्छ्याउँदै थियो । चम्पा पो रहिछन् । उनी लुँजलाको घरको एउटी मामुली कामदार थिइन् । तैपनि, व्यवहारिक थिइन् । लुँजलाको घरमा धेरैचोटि उनले 'सर्भ' गरेका खाना खाएको छु मैले । निभ्दै गरेको आशाको दियो पुलुक्क बल्यो । म नजिकै गएँ । उनी गेट खोल्न आइपुगिन् । दादा ! हजुर यतिका दिनसम्म कहाँ गइस्या ? उनले केही हराएको वस्तु भेट्टाएझैं गरी प्रश्न गरीन् । लुँजलाले केही भनिनन् जस्तो छ । मनमनै सोचेँ र जवाफ दिएँ ।

बाहिर गएको थिएँ ।

वाहिर भन्नाले कहाँ ? विदेशमा गैस्या हो दादा ?

बास्तबिक चुरो खोतलेर भन्न करै लाग्यो ।

हैन, काठमाण्डौ बाहिर अर्थात पहाड डुल्न गएको थिएँ ।

अनि लुँजला खै त ?

उनी चुपलागिन् सुने पनि नसुनेझैं । सायद केही रहस्य थियो उनको मौनतामा ।

म उनको अनुरोधमा बैठक कक्षमा पुगेँ । रङ्गीबिरङ्गी गमलाहरू अझैं पनि उस्तै तरिकाले क्याक्टस्का पोथ्रापोथ्री र झ्याङ्गहरू वरिपरि पोस्ता

र अलमन्दाहरू, अन्तिराइनस र पिला नरगिसहरू अति आकर्षकसाथ हल्का हावासँग कडा शैलीले लाप्पा खेलिरहेका थिए । लुँजला र म जस्तै ।

खैरो कपालमा सजिएको आधुनिक डिजाइनले बनाएको एउटा मूर्ति कलात्मक छ । कुशल कालीगढको सिल्पी कलाजस्तै । सधैँ-सधैँ एउटा सुन्दर मूर्तिभन्दा बढी केही सोचिनँ मैले उनलाई । सोचेँ त कल्पनामै । डुबेँ त कल्पनामै । तर, आज उनी मेरो सामु साक्षात्कार भएकी छिन् । उनको र मेरो बोलचाल कहिंल्यै पनि भएको थिएन । हुनु पनि कसरी ! जब म त्यहाँ पुग्थें घाम बनेर उनी बिहानीको शीतजस्तै कतै अन्तरकुन्तर बिलाइसक्थिन् । लुँजलासँग यो घरमा आउँदा उनी कहिल्यै मेरो नजिक परिनन् । केवल विजुली चम्केजस्तो मैले उनलाई हेर्न नपाउँदै उनी गायव हुन्थिन् । घरभित्रै । सायद लुँजलाले बाध्य पारेकी थिइन् होली । उनी बिस्तारै मेरो नजिक आइन् र शिष्टचारका साथ नमस्कार चढाइन् । मैले पनि औपचारिकता दर्साएँ ।

'क्षितीजजी, तपाईं दिज्यूको साथी हुनुहुन्छ त्यसैले आज म तपाईंसँग लुँजला भएर बोल्दैछु । भन्नुस् कहाँ जानु भएको थियो तपाईं ?

यो सबै के भैरहेछ मैले बुझ्न सकिरहेको थिइनँ । कहिंल्यै मेरो समीप नपरेकी लज्जावती मेरो अगाडि उभिएर किन यस्तो ढुङ्गा जस्तै प्रश्न गर्दैछिन् । उनलाई यस्तो प्रश्न गर्दा पटक्कै सुहाएको थिएन । फेरि उनको प्रश्नमा लुँजला जोडिएको छ । वातावरणमा लुँजलाको उपस्थितिको छनक देखिनँ मैले । कहाँ गएकी छे लुँजला ? खै म केही बुझ्न सकिरहेको थिइनँ ।

जब नजिकैको मान्छे नदेखेपछि आफ्नै चाहना पनि बिरानो हुँदोरहेछ । आज बुझ्दैछु । लुँजलाको समीप टहलिँदा जति लज्जावतीको चाहमा डुब्थ्यो मन, आज लज्जावती समीपै छे र पनि लुँजलाकै खोजी

गरिरहेछ । आखिर किन यस्तो हुन्छ मान्छेलाई ? लुँजलाको आगमनको लागि ढोकासम्म बाटो कुरिरहेछन् आँखाहरू तर, लुँजलाको छायासम्म आउने छाँटकाँट थिएन ।

उनको प्रश्नको जवाफ दिनुअघि मैले उनको आँखाले मागिरहेको उत्तर खोजेँ र भनिदिएँ म पहाड गएको थिएँ लज्जावती । एउटा यात्रामा । अनि लुँजला खै त ? मैले लुँजलाबारे जान्न खोजेको मात्र के थिएँ । कानै ठेसिंदै उत्तर आयो ।

'माया चोरहरू कसैको जीवनसँग खेलेर वेपत्ता भैदिन्छन् । अनि साँचो माया गर्नेहरू भने मायालुको पर्खाइमा दिन गन्दागन्दै मर्छन् ।'

मैले बुझिन लज्जावती ।

बुझपचुवाहरू यस्तै भन्छन् ।

मैले फूलजस्तै ठानेकी लज्जावती साँच्चै काँडाजस्तै बोल्दै थिइन् । हुन त लज्जावतीका बोटमा पनि काँडा हुन्छन् । उनको बोलीजस्तै । उनलाई छुँदा काँडाहरू प्रतिकार गर्न अघि सरेका अनुभवहरू छन् मसँग । तर यहाँ वातावरण अलि फरक थियो ।

हैन, लज्जावती तिमी सीधा सीधा भन । खास कुरा के हो ?

उनी मलाई क्वारक्वारती हेरेर बोलिन् । 'कति तड्पिएर बाँचेहोलान् पानी बिनाका माछी । बस् त्यही भयो क्षितीज, बस् त्यही । माछीलाई खोलाबाट बगरमा राखेपछि जे हुन्छ त्यही भयो ।

खै उनले बुझाउन कन्जुस्याइँ गरेका हुन् या मैले बुझ्न नसकेको हुँ । लज्जावतीका भाषाहरू मलाई कुनै साहित्यकारको रचना सुनिरहेझैं लाग्यो । उनी बोल्दै गइन् । माछीलाई बगरमा उतारेपछि जस्तो हाल हुन्छ त्यही अवस्थामा गुज्रिरहेको थिएँ म पनि ।

डरले मुटु उफ्रिरहेको थियो कान्लामुनिको भ्यागुतो साँप देखेर उफ्रेजस्तै । के गरुँ के नगरुँ भयो । मनभरि अन्यौल छाइरह्यो । उनले मेरो हातमा

पत्र राखिदिँदै भनिन् । यही पत्रमा छ सबै कुरा । उनी बाहिरिइन् । पत्र खोल्ने आँट आएन । निधारभरि पसिना चिट्चिटायो । जुरुक्क उठेर बाहिरिन मात्रै के लागेको थिएँ ढोकामा लज्जावतीसँग ठोकियो । हातमा 'कफीपट'को 'ट्रे' थियो । उनी बोलिन् । हैन कहाँ हिड्न लाग्नुभएको ? भित्र वस्नुस् न कफी पिएर मात्रै जाने हो अब । हल्का मुस्काउँदै बोलिन् उनी ।

अन्यौलबाट भाग्न खोजेको मलाई चोर पक्रेझैँ पुनः पक्रेर भित्र सोफामा पुऱ्याइन् उनले ।

हैन भै गो । कफी पिउने मुढ छैन । मलाई जानदेऊ लज्जावती, म हतारमा छु ।

तपाईं कफीको पारखी । आज किन 'रिजेक्ट' गर्दै हुनुहुन्छ ? के मैले बनाएको कफी पिउनुहुन्न ? दिज्यू नभएदेखि मैले पनि एक्लै कफी पिएको छैन । आज तपाईंसँग कफी पिउन मन लाग्यो त्यसैले । उफ् मेरो मनोदशा नराम्रोसँग बिग्रिसकेको थियो । तैपनि फेरि सोधें, लुँजला कहाँ गइन् ?

उनले पत्रमै पढ्न भनिन् ।

म झन् शङ्काको घेराबन्दीमा परें । एकतमासले मन ढुक्ढुकिन थाल्यो । के लुँजला यो धर्तीमा छैन ? के भयो लुँजलालाई । किन बताउन चाहँदैनन् लज्जावती । घरको परिवेश नियालें । प्राय सुनसान थियो । म धुवाँमा निस्सासिएको बारूलो झैँ छट्पटिरहेको थिएँ । हतार हतार कफीको गिलास मुखमा लगेँ । तातो कफी भित्रैसम्म स्वाट्टै सर्कियो । मेरो विग्रिएको मनोदशा झन् बिग्रियो । म खोक्न थालेँ । उनले चिसोपानीको गिलास अघि सारिदिइन् म लाजले पानी पानी हुँदै पानीको गिलास स्वाट्ट रित्याएँ र कुनै दिन भेट्ने बाचासहित हतारहतार बाहिरिएँ । गेटबाट बाहिर निस्कनै लाग्दा गेटमै ठेस लाग्यो । झण्डै पछारिएँ ।

लज्जावतीका आँखाहरू झ्यालबाट पच्छ्याइरहेका थिए मलाई । लाजले पानीपानी हुँदै बिग्रेको मनोदशा बोकेर बाटो लागेँ म ।

घरमा पुगें ।

★★★

लुँजला मसँग बोलिरहेकी थिइन् ।

क्षितीज यतिन्जेलसम्म कहाँ हराएको थियौ ?

म तिम्रै वरिपरि थिएँ लुँजला, मैले भने ।

कहाँ–कहाँ खोजिनँ मैले तिमीलाई ।

यहीँ त थिएँ नि । मैले भने ।

तिमी मलाई तड्पाएर एक्लै बाँच्न सक्छौ हगि ! के मेरो माया लाग्दैन तिमीलाई । छिट्टै फर्कन्छु भनेर किन मलाई ढाँटेको किन क्षितीज किन ?

वाध्यता त्यस्तै पऱ्यो लुँजला । तिमी यो नसम्झिदेऊ मैले सारा संसार नै भुलिदिएँ किनकि, म तिम्रो असल साथी हुँ ।

साथी मात्रै ? मैले त तिमीलाई जीवनसाथी भनी उद्घोष गरीसकेको छु क्षितीज ।

यो कस्तो महाभ्रम ? कस्तो दृष्टिभ्रममा रुमल्लिरहेछु म । भित्तामा टाँसिएको लुँजलाको फोटोबाट आँखा हटाइसकेपछि थाहा भयो शून्यताभित्र सल्बलाएको उनका प्रतिबिम्बहरूले मलाई छामिरहेको रहेछ । पत्र खोलेँ । पत्रमा लेखिएको थियो –

प्रिय

क्षितीज ।

म एउटा वाध्यतामा फसेको छु । तिमी काठमाडौं आउन ढिला गऱ्यौ । म तिमीलाई छाडेर कहीँ जान चाहन्नथेँ । तिमीलाई फोन सम्पर्क गर्न कैयौँ प्रयास गरेँ । सम्पर्क हुन सकेन । तिमीलाई नभेट्दा जति पीडा

भएको छ मलाई, तिमी पनि मलाई नभेट्दा सायद त्यति नै पीडामा हुन्छौं होला वा नहोला पनि । तिमी एउटा त्यस्तो तारा हौ जुन मेरो अन्धकार हृदयको आकाशमा ध्रुवतारा बनी चम्किरहेका छौ । म त्यही तारा भेट्न एउटा अन्तरिक्षयान तयार पार्न आफ्नो जन्मभूमि छोडेर केही समयका लागि अमेरिका गएकी छु । अझ भनूँ तिम्रै भाषामा म मेरा भगवान्हरूलाई भेट्न गएको छु । अन्य ...अन्य...

उपियाँझैं उफ्रिएको मटुको चाल बिस्तारै मन्द हुँदै गयो । बल्ल लामो सास फेरे मेरा वायुनलीहरूले । पत्रमा उनी आफ्नो भगवान्सँग सिफारिस लिन गएको बताउँदै थिइन् । थाहा छैन कस्तो सिफारिस ल्याउने हुन् उनले । मानिसको मन कस्तो अनौठो । क्षणभरमै बादल ढाक्छ क्षणभरमै चट्याङ्ग बज्रन्छ र क्षणभरमै आँधीहुरी तूफान चल्छ अनि कतिखेर खुल्ला हुन्छ आकाश फेरि । शान्त तलाउको कञ्चन पानीजस्तै जिन्दगीको पेराफेरि ।

★★★

सानू साथी बुलु

मनभित्र तूफान चलिरहेको धेरै भयो । के गरूँ, के नगरौं छट्पटिएको हृदय बेलाबेलामा बेढङ्गसँग उफ्रिन्छ । कहिंलेकाहीँ मस्तिष्कका तारहरूबाट थोरै सान्त्वनाका फोहोराहरू छुट्छन् । झण्डै महिना दिन बित्न लागिसकेछ । लज्जावतीको पेराफेरि नटेकेको । जब लुँजला नै छैन भने कुन बहानामा जाऊँ म लुँजलाको रेसिडेन्स । तिर्खा छ मनभरि लज्जावतीलाई भेट्ने । खै र ! एउटा असल मित्रको अभावमा एउटा स्मृति बाँचिरहेछु म पलपल ।

मोवाइलले पनि उदासीपनको रिङटोन गाउन थालेको धेरै भयो । रिङ्गटोन बज्यो ।

मोवाइल रिसिभ गरें ।

क्षितीज, आज साँझ मेरामा आऊ है ।

के छ र, आज त्यस्तो स्पेसल मैले भने ।

तिमीलाई एउटा 'सरप्राईज' दिनु छ ।

के हो भन न, कस्तो 'सरप्राइज' ?

धत्, कस्तो कुरा गरेको । भनेपछि त सकिहालियो नि ।

सगुनले त्यस्तो सरप्राइज के दिन खोजेछन् कुन्नि । मनभरि कुट्कुटी चलिरह्यो । साँझ पर्न अझै केही घण्टा बाँकी नै थियो । 'सोकेस' मा सजिएको पारदर्शी सिसा छिचोल्दै मेरा नजरहरू एउटा पुस्तकमा ठोक्किन पुगे । एउटा उपन्यास आँखाभरि उभियो ।

म क्रमश चौथो अध्यायको दोस्रो अनुच्छेदमा जोडतोडले काम गरिरहेको थिएँ । बिस्तारै साँझ पर्दै गयो । थप अध्यायहरू अगाडि आफ्नै रफ्तारमा कुदिरहेका थिए । १३/१४ वर्षकी एउटी किशोरी अन्डरवेयर र स्तनमा फुल भएको रुमाल बाँधेर आँखामा कालो चस्मा लगाएर मतिर नै हेरिरहेकी थिई । उसको गोरा पाखुरा हल्लिरहेका थिए । उही गोरो पातलो शरीर । उही खैरो खैरो केश । गोरो सलक्क परेको पाखुरा । आधा ढाकिएको रुमालको पछाडि सुन्तलाजस्ता स्तन सानो तर कठोर । मलाई यस्तो लागिरहेको थियो कि कुनै जादुको शक्तिले वशीभूत भएर म त्यही समयमा जाऊँ र त्यो चिल्लो ओरालोमा चिप्लँदै जाऊँ जुन कुराको लागि एउटा गर्मीको साँझबाट अचानक म वञ्चित भएको थिएँ । एकताका श्रीमती हेजले मेरो हालत बुझेजस्तै लाग्यो । त्यसैले उनले भनिन् । 'मलाई लाग्छ तपाईं त्यही केटीको विषयमा सोच्दै हुनुहुन्छ'

यही त मेरो 'लो' हो अनि यो मेरो बगैँचा हो । हेर्नुस् त अगाडि कति राम्रो गुलाफको फूल फुलेको शायद यो फ्रान्सबाट अङ्कुरित भै यहाँ आएर फुल्दैछ...'अङ्कल-अङ्कल' ढोकाको टक्टक्ले मेरो एकाग्रता भङ्ग गरीदियो । म उपन्यासका हरेक हरफहरूमा जोडतोडले काम गरिरहेको थिएँ । खल्लो लाग्यो कवाफमा हड्डीजस्तै । मैले ढोका खोलिदिएँ ।

'तपाईं ल म गुडिया खेलौँ न है अङ्कल' हातमा खेलौनाको झोला बोकेर बालिका अगाडि आइन् । बच्चाहरूसँग खेल्दा मलाई छुट्टै आनान्द र सन्तुष्टि मिल्छ । उनले जानेका सय-पचास शब्द खर्चेर बोलेको बान्कीले झन् मेरो हृदय पुलकित बनाइदिन्छ । सधैँ-सधैँ गजब र रमाइलो

लाग्छ । अबोध बालबालिकासामु चरम बिन्दुमा पुगेका मेरा उपन्यासका पात्रहरूले घुँडा टेक्न विवश भए । मैले पुस्तक 'सोकेस'मै सजाइदिएँ । सधैँ–सधैँ मेरो सानो साथी फुर्सद भयो कि मलाई खोजिहाल्थी । उनको योजनामा खेलमा सरिक भैहाल्नुपर्थ्यो । आमाचाहिँको आँखा छलेर म कहाँ खेल्न आइपुग्थिन् उनी । म उनलाई बाहिर निस्कँदा जहिले पनि एक पिस टफी किनेर लगिदिन्थेँ । उनी मिठो मानेर खान्थिन् र भन्थिन् । यस्तो मिटो कुला कहाँ पाउँछ अङ्कल । मेलो ममीलाई पनि यच्चै मिटाई ल्याइदिनु भन्चु । सान्त्वनामा मैले उनको नाक समाउँदै भन्थेँ म आफैँ ल्याइदिइहाल्छु नि । मम्मीलाई दुःख दिनुहुँदैन ।

बुलु बुलु

नानु नानु मेरो सानो साथीको मम्मी झम्टिँदै ढोकामा आइपुगिन् । 'ल हेर अङ्कललाई डिस्टर्व गरेको । अङ्कल पढ्नुपर्दैन ? आऊ ल.. आऊ । म नानुलाई गुडिया दिन्छु ।'–बिचरी बुलुले अक्मकिँदै मलाई पुलुक्क हेरिन् । सायद उनी मामुलाई जानु भन्नु न अङ्कल भन्न खोज्दै थिई । तर आमाको डरले नबोलिकन चुपचाप बसिरहेकी थिइन् । भैहाल्यो नि, त भाउजू । नानु एकैछिन मैसँग खेलून् न, त ।

उमेरले केही वर्ष मात्रै टेकेकी बुलु मेरो घरमा आएदेखि मेरो सानो साथी बनेकी थिइन् । उनका बाबा काठमाडौंकै विभिन्न कलेजमा अध्यापन गर्नुहुन्थ्यो । त्यसैले धेरै व्यस्त । घरभाडा दिन आउने बेला मात्र उहाँसँग भेट हुन्छ । नत्र सधैँजसो बुलुका बाबा बेलुकी ढिलो आउने र बिहान सबेरै बाहिरिने गर्नुहुन्छ । उहाँलाई म विश्वास दाई भनेर सम्बोधन गर्थेँ ।

★★★

पश्चिम दिशाका झ्यालबाट साँझ परेको सङ्केत गर्दै घामले पहेँलो किरण मैतिर फिँजाएर कोठा–कोठा चिहाइरहेको थियो । सूर्यको कलिलो पहेंलो

किरणले पनि साँझ पऱ्यो अब सरप्राइज लिन सगुनकोमा जाऊ भनेझै लाग्यो । म फटाफट तयार भएँ र सगुनको गृहमा पुगेँ । दरबारमार्ग एक होटल नजिकै राजमार्गको छेउमा स्थिर भै उभिएको सुन्दर कलात्मक आधुनिक रेसिडेन्स । रुफटपको पूर्वी किनारमा सिँगारिएको एउटा टेबलमा छु म । पश्चिमतिर ढल्कँदो सूर्यको पहेँलो किरणहरू निभ्नै लागेको बत्तीजस्तै धिप्धिपाउँदै थिए । त्यतैकतै नजिकबाट मन्दमन्द बजिरहेका अनेक तानावानाका भायोलिन र हार्मोनियमका धूनहरू मेरो कानमा ठोक्किए ।

बाहिर मान्छेहरूको भिडभाडसँगै साँझ लम्पट परेर सुत्नै लागेको सडकमाथि सवारीका लाम भिन्न-भिन्न कर्कस ध्वनिहरूमा बगिरहेका थिए । क्षणभरमै अँध्यारोले चोकको सालिक वरिपरि सम्राज्य जमाउँदै गयो । पल्याकपुलुक बत्तीका रङ्गबिरङ्गले सहरको रमझममा रौनक थपिँदै गयो । थरिथरिका भावभङ्गी मान्छेहरू कालो रातको मौका उठाउँदै सल्वालाइरहेका थिए । सडक पेटीवरिपरि फरक शैलीमा फरक-फरक पात्रहरू फरक-फरक मञ्चनमा सरिक हुँदै गए । मुखभरि 'बार्गेनिङ्ग' को विज्ञापन भिरेर । कोही हतारमा छन् । कोही मन्द छन् । नदीमा माछीले छिचोलेको छालवहाव जस्तै । कोही कसैलाई कुरिरहेझैं सडकका पेटी किनारमा उभिएका थिए । जब साँझ पर्छ सडकमा फरक फरक दृश्यहरू सल्वलाउन थाल्छन् र सल्वलाए पनि ।

'आज मेरो घरमा एउटा 'स्पेशल प्रोगाम' छ । त्यसैले तिमीलाई बोलाएको र आज तिमीलाई सरप्राइज पनि ।'-सगुन रोकियो । सेरामिक कपमा क्यापाचिनोको फिँज नफुटेर निस्केको हल्का सुगन्धयुक्त बाफले वातावरणलाई अझ मन्त्रमुग्ध बनाइदिएको थियो । अतिथिहरूको जमात थपिँदै छ । नजिकैको अर्को टेबलमा युवतीहरूको एक हुल थपियो । क्यापाचिनोको मुग्ध स्वादसँगै सिगरेटको धुवाँमा हराइरहेको थिएँ म ।

खासाकखुसुक गरिरहेको युवतीहरू स्टेजमा चटकेको चटक हेरिरहेझैँ लाग्थ्यो । उनीहरूसम्म नजर पुऱ्याउन आँखाहरू अल्छी मान्दै थिए । युवतीहरूको जमातबाट एक थोपा पानी उछिट्टिएझैँ एक युवती मेरो टेबल अघिल्तिर आइन् । सोचेँ सायद कुनै बहानामा चिनेझैँ लाग्यो भन्न आउँदैछिन् । त्यसैले, मैले ध्यान दिइनँ उनीतिर । 'ड्रिम्लाइट'को हल्का प्रकाशमा उनी मुस्कुराउँदै मेरो 'टेबल अपोजिट' कुर्सी तानेर बसिन् ।

एक्सक्युज मी,

मैले अल्छी मान्दै उनीतिर दृष्टि बिछ्याएँ ।

क्षितीजजी, तपाईं यहाँ ?

म पनि अचम्मित भएँ । एउटा सरप्राइजको विषय ।

लज्जावती थिइन् उनी । मैले भने कस्तो अचम्म ।

ऐ, पख त्यो सगुनलाई । मलाई सरप्राइज दिन्छु भन्थ्यो सायद यही होला । लज्जावती बोल्यो । मैले पनि मनमनै भने । सायद यही नै होला । तर हाम्रो सम्बन्धको बारे न मैले कहिंल्यै सगुनलाई भने न, लज्जावतीसँगको उनको सम्बन्ध मलाई नै भनेको थियो । सगुन नजिकै आयो र बोल्यो । 'ल' तिमीहरू त कति छिटो 'क्लोज' भइसकेछौ नि । झन् म तिमीहरूलाई सबैसँग परिचय गराइदिन्छु भनी हतारिँदै आएको यहाँ ।

ल...ल बढी नखरा नपार, बरू तिमीले दिन्छु भनेको सरप्राइज तचाहिँ के हो ? मैले भनें । 'बाँकी नै छ, सबैजना जम्मा हुँदैछन्' सगुन बोल्यो । जाऊँ न त प्रोगाम 'हल'मै । हामी सबैजनाले सगुनलाई पछ्यायौं । अतिथिहरूले भरिएको हलभित्र पुऱ्यायो सगुनले । हामी आ–आफ्नो आसन जमाउन थाल्यौँ । चारैतर्फ बोगनविला फूलहरूले सजिएको स्टेज छ । यो मौसम शिरीषको फूलको पनि हो । सायद जुरेको थियो वोगनविला र मिसोमा शिरीसाको समायोजन । वातावरण मन्त्रमुग्ध बन्दै गयो । मैले जीवनमा

काठमाडौंको काखमा बसेर शिरीषका फूलहरूसँग धेरै खेलेको छु र धेरै जोडीहरू खेलेको देखेको छु । तर यसरी शिरीषको फूललाई सभा र कार्यक्रममा बोगनविल्लासँग मिलाएर सजाएको देखेको थिइनँ । जतिखेर शिरीषले लटरम्म फुलेर सहर ढाक्दछ म यिनै फूलहरूको छातीमा आफूलाई समाहित गर्न पुग्छु । यही फूलसँग लुँजला र मेरो एउटा स्मृति लुकेको छ । जब-जब शिरीष फुल्दछ लुँजला र मेरो स्मृति खुल्दछ अनि म सोचमग्न हुन विवश हुन्छु । हिउँ परेजस्तै हल्का हावाका चोटहरूले पनि झर्ने यी फूल जो कोही यिनको सामु पुग्नासाथ स्वागत गर्न हतारिन्छन् र पुष्पवर्षा गरीदिन्छन् निलाम्मे पारेर ।

एक दिन लुँजलासँग भक्तपुर घुम्न जाँदा सिद्धपोखरीनजिकै लटरम्मै सडक ढाकिने गरी शिरीष पोखिएको थियो । हल्का हावाको चोटले शिरीषको फूलको जीवन पत्तासाफ भएकोमा उनले ठूलै गुनासो गरेकी थिइन् । मैले उनलाई सम्झाएको थिएँ मानिसको जीवन पनि शिरीष भन्दा के कम छ र !

त्यही फूलभन्दा बढी केही होइन ।

स्टेजको कुनाबाट पियानोका धूनहरू खुल्दै गए । 'ह्याप्पी बर्थ डे टु यू-ह्याप्पी बर्थ डे टु यू- ह्याप्पी बर्थ डे टु यू'–एउटा वृद्ध अघि सरे । साथमा एउटा वृद्धा पनि । मानौं एउटा बूढो । वरपीपलको जोडी चौतारीमा उभिएको छ । वृद्धले खोत्रो शरीरबाट भएभरको हावा निकालेर मैनबत्ती झ्याप्प निभाएर केक काट्न थाले । तालीले हल गुञ्जियो ।

स्टेजबाट उद्घोषकले 'बर्थ डे स्पेशल' पार्टीलाई सम्बोधन गर्दै सुमधुर गानाको लागि एउटा नाम उद्घोष गऱ्यो । त्यो नाम मेरो मनको झङ्कार थियो 'लज्जावती' त्यो पनि मेरो लागि सरप्राइजको विषय थियो । लुँजलाले मलाई कहिंल्यै पनि भनिनन् कि लज्जावती गाउँछिन् पनि । म अनभिज्ञ थिएँ । अर्को महत्वपूर्ण सरप्राइज त्यो रह्यो । जुन

दिन फाँचल यात्राको क्रममा मैले सगुनलाई एउटा पाठ सिकाएको थिएँ । आज सगुन पास भयो एउटा परीक्षामा किनकि सगुनको हजुरआमा र हजुरबुबा अति सक्षम र शिक्षित परिवारहरूको सदस्य भए पनि वृद्धाश्रमको जीवन जिइरहेको थियो । आज सगुनको प्रयासले समाजमा एउटा नवीन कार्यको थालनी भएको छ । अब उनको घरमा वृद्धवृद्धाहरूले राहत महसुस गरेका छन् । के तपाईं हामी पनि सगुनको बाटो तय नगर्ने ? वृद्ध वृद्धाहरूले पनि स-सम्मान जिउन पाउने अधिकार सुनिश्चित नगर्ने ? म हर्षले पुलकित भै पानी पानी बनैँ । यता सुमधुर स्वरले लज्जावती सबैलाई ध्यानाकर्षण गर्न स्टेजमा माहिर थिइन् ।

मानिसले मानिसैलाई गर्नुहुन्न काखापाखा
झुप्रो देखि महलसम्म उनौं माला एकताका

को हो ठूलो को हो सानो को आफ्नो को पराई
सबै जाति सबै भाषी हिमाल बेंसी पहाड तराई

दया माया सद्भाव सहयोगी हात फिँजाऊँ
आफ्नै आँखाभित्र आफै धूलो बनी नबिझाऊँ

सबै हुन्छन् मान्छेबूढो आउने हाम्रो एउटा चोला
मरी जाने जिन्दगी यो आज हो कि भोलि होला

देवता भन्नु मान्छेनै हो हाम्रा पुर्खा बुढापाका
झुप्रोदेखि महलसम्म उनौँ माला एकताका

तालीको गड्गडाहट र वाह...! वाह...! अनि 'वान्स मोर' ले वातावरण रङ्गीन साँझतर्फ धकेलिँदै गयो । प्रशंसा नै प्रशंसाको वर्षाले लज्जावती निथ्रुक्कै भिजिन् । उनी स्टेजबाट बिस्तारै मेरो नजिक आइन् । मैले पनि प्रशंसा र मायाको वर्षा गरीदएँ । साँच्चै लज्जावतीको कोकिलकण्ठले स्पर्श गऱ्यो मेरो मनलाई । उनले धन्यवाद भन्दै शिर निहुराइन् । सायद लाजको भाव छताछुल्ल पोखेको सङ्केत थियो त्यो । मेरो प्रिय बाल्यकाल आँखामा झल्झली आयो । जसरी लज्जावती झार लाजले झुक्थे त्यसरी नै मेरी बालसखा जुनु म सँग जिस्कँदा यसरी नै शिर झुकाउँदै लाजले पानीपानी भै बोल्थिन् । र सानो स्वरमा भन्थिन्, मात्तेको मान्छे। आज त्यही जुनुको झझल्को दिलाइन् लज्जावतीले मलाई । मेरी प्यारी जुनु कहाँ होलिन् ? किन लज्जावतीको हर क्रियाकलापले जुनुको आभास दिलाउँछ मलाई ? किन जुनुझैं लागिरहेछ लज्जावती मलाई । सानै छँदा मैले उनलाई दिएको उपहार सम्झन्छु । जो एउटा नाम थियो, लज्जावती । म क्षणभरमै भावसागरमा डुबुल्की मार्न पुग्छु । 'बर्थ डे' शुभकामनाको क्रम अगाडि बढ्दै गयो । मलाई लज्जावतीको गायनभित्र हुर्केको नयाँ सोचले लुँजलाको आफ्नै बहिनी हैन कि भन्ने शङ्का लागिरह्यो । प्रगतिवादी विचारधाराका महिलाहरू प्राय ग्रामीण परिवेशमा उनीइसकेका हुन्छन् । बुझिसकेका हुन्छन् । अनि देश र जनताको दुःख-सुख बुझ्न सक्ने भैसकेका हुन्छन् । म यस्तै सोच्दै थिएँ । उद्घोषकले मेरो नाम 'उद्घोष' गऱ्यो । म स्टेजमा पुगेँ र शुभकामना मन्तव्यसहित सगुनलाई धन्यवाद दिएँ । जसले एउटा पश्चिमेली संस्कार तोड्दै आफूले गर्नुपर्ने कर्तव्यको पर्दाफास गरेको थियो । एउटा समृद्ध समाजको लागि मन्तव्य टुङ्ग्याउँदै 'बर्थ डे' शुभकामनासहित । म स्टेजको माइक्रोफोन उद्घोषकलाई हस्तान्तरण गर्न खोज्दै थिएँ । भीडबाट एउटा आवाज आयो एउटा कविता नै वाचन नगरी बिदा हुने ?

कोही बोल्यो । सायद यो सबै सगुनको काम थियो । लज्जावतीको समूहबाट पनि त्यही आवाज दोहोरियो । म वाध्य भएँ । केही सेकेन्ड कविताका आधार खोजेँ । भावनाका लहरहरू कवितात्मक कणहरूसँग घोलेँ र मनको चम्चाले बिस्तारै उप्काएँ ।

जब रातमा जूनचरीहरू
फर्र ...फर्र... फर्र ...
उडिरहन्थे नीलगगनमा
म धर्तीमा बसेर
पुलुपुलु हेरिरहन्थेँ
मेरी प्यारी सखा
जुनुको साथमा ।
लज्जावती झारसँगै जिस्कँदै
लुकामारी खेलिरहन्थेँ
स्मृतिका डोबहरू खोल्दै
बादलुसँगै चन्द्रमा
सुलुलुलु बग्दा आकाशमा
म बालापनका कोमल
पाइतालाका छापहरू छोड्दै
फुस्स उड्ने
माटोका थुप्राहरूमा
सेता टल्किएका
दल्छिन्का गेगरहरू टिप्दै
खुत्रुक्क्-खुत्रुक्क् दगुर्थें ।
मेरी बलासखा जुनु
मलाई पच्छ्याउँदै भन्थिन् ,

'पख न क्षितीज, पख
म पनि त्यो जूनचरी छुन्छु ।'
म चिच्याई चिच्याई कराउथेँ
जुनचरी जुनचरी ...
ममा तिमी समाहित होऊ
म तिमीमा समाहित हुन्छु ।
उनी बादलुको घुम्टो
ओढी निरन्तर
भागिरहिन्थन्
म केवल छायाँ
पछ्याइरहन्थेँ ।
र अमूल्य जीवनको
रफ्तारलाई
जुनचरीलाई झैँ
रोक्ने प्रयास गर्थें ।
मलाई उमेरका निलडाम लगाई
जिन्दगी सुलुलुलु
एकनास बगिरह्यो
यो कल्कलाउँदो
वैंस र यौवनसँगै
बाँचिरहेछु म,
यौटा छायाँ बालबाल
र, मेरी प्रिय सखा
जुनुलाई खोजिरहेछु
अन्धकार रातभित्र

पहाडका थुम्काहरूसँग
एउटा निविड आकृति
केवल एउटा निविड आकृति ।

सबैजना मन्त्रमुग्ध भए । वातावरण सुनसान भयो । मानौँ म एक्लै बोलिरहेछु स्टेजमा । वरिपरि शून्य भावसागर लिपिएका भित्ता र कुर्सीहरू मात्रै छन् । तालीको गड्गडाहटपछि मात्रै मैले आफूलाई स्टेजमा पाएको महसुस गरेँ । म सरासर आफ्नो सिट सम्हाल्न जाँदै थिएँ । मेरो पाखुरामा कसैको न्यानो स्पर्श पऱ्यो ।

क्षितीज तिमी ? तिमी यहाँ कसरी ? लज्जावती मलाई खै केको बारे हो स्पष्टीकरण माग्न खोजेझैँ बोलिरहेकी थिइन् ।

लज्जावती, के भनेकी तिमीले ? हामी सबैजना अघिदेखि नै यही ' प्रोग्राम'मा नै त छौं नि ।

मैले त्यो भन्न खोजेको कहाँ हो र ! उनी बोलिन् । मोबाइलको रिङ्गटोनले ध्यानाकर्षण गरायो मलाई ।

हेलो_हेलो_क्षितीज हो ? हतारिएको स्वरमा एउटी महिला स्वर किर्किरायो ।

हजुर, म क्षितीज नै बोल्दैछु ।

क्षितीज बाबु तपाईं कहाँ हुनुहुन्छ ?

बुलुकी मम्मी अर्थात् शीतल भाउजूको फोन थियो ।

म साथीकोमा छु भाउजू ।

हेर्नु न, बुलु कहाँ गई कहाँ । तपाईँसँग आएकी छे कि भनेर फोन गरेको । आत्तिएको स्वर थियो भाउजूको । बुलु त म बाहिरिने बेला तपाईँलाई नै सुम्पेर निस्केकी हैन त ?

हो तर, बुलु कतिखेर कहाँ गइन्–गइन् । घरमा छैनन् सबै ठाउँमा खोजेँ भेटिएन । त्यसैले कल गरेकी । शीतल भाउजूले फोन राखिदिइन् ।

घडी हेरेँ रातको ११ बजिसकेछ । कहाँ गइन् होली बुलु । साँझ पर्नु

अघिसम्म हामीले सँगै गुडिया खेलेका थियौँ । मैले कथा पनि सुनाएको थिएँ । सधैँ भेट भयो कि कथा भन्न अड्डी कसिरहिन्थन् । कहिंलेकाहीँ उनकी आमासँग रिसाएर मसँगै सुत्न पनि आउँथिन् । ओच्छ्यानभरि सु गरीदिन्थिन् । भोलिपल्ट डस्ना सुकाउँदा उनकी मम्मी मलाई आरोप लगाउँथिन् । साँच्चै बुलु कहाँ गई त ? मुटु एकतमासले धड्कन थाल्यो । सगुनलाई बोलाएँ ।

'किन के भो ? किन हतारिएको ?'–सगुनले भन्यो–'अचानक के भयो तिमीलाई ?'

सगुन म घर जान्छु एउटा 'इमरजेन्स' फोन आयो बुलु हराइन् रे, म जान्छु सगुन मलाई नरोक ।

को बुलु ?–प्रश्न गरीन् उनले मलाई ।

मैले भनें–'मेरो सानो साथी । घरमै डेरा गरेर बस्ने साथी ।'

लज्जावती नजिकै उभिएकी थिइन् ।

'क्षितीज यो के भयो ?'–उनी मलाई छाँद हालेर रून थालिन् 'लज्जावती तिमी के गर्दै छौ यो ? छोडिदेऊ मलाई । म अचम्मित भएँ । किन लज्जावतीको व्यवहारमा फरकपन देख्दैछु म ।' मैले भनें–'म गम्भीर सङ्कटमा छु । मेरी बुलु हराइन् रे । म जान्छु लज्जावती कुनै दिन भेटेर तिमीसँग धीत मरून्जेल कुरा गरौँला ।'

★★★

कस्तो रहस्यमय छ जिन्दगी । लज्जावती केही भन्न खोजेझै गरी मलाई रोक्दै थिइन् । म लज्जावतीबाट पन्छिन् बाध्य थिएँ । केही महत्वपूर्ण कुरा भन्न खोजेझैं लाग्दै थियो उनी मलाई । तर, म त्यहाँबाट घर जान बाध्य थिएँ । स्वर्णिम वातावरणबाट बीचलित भएर भाग्न खोजेको मान्छेजस्तै । वरिपरि रोमाञ्चित समूहहरू हाँसखेल गर्दै थिए । कोही 'म्युजिक'मा 'डान्स' गर्दै थिए । कोही 'स्न्याक्स' र 'बार'को मज्जा लुट्दै थिए । मेरो मानसपटलमा भने बुलु हराएको पीडाले डस्दै थियो । अरिङ्गालले

डसेजस्तै गरी । म छट्पटाइसकेको थिएँ । बिस्तारै म भीडभाडबाट पन्छिँदै गेटसम्म पुगेँ । सगुन र लज्जावती अझै मन गह्रुङ्गो मानी हात हल्लाइरहेका थिए । कालो रातको चकमन्नता चिर्दै गल्लीका कुकुरहरू भुक्दै थिए । जतातत्तै लुट र हत्या हिंसाले सहर आतंकित थियो । सहरका हर क्षणहरू आक्रान्त बन्दै गएका थिए । द्वन्द्वकाल अवतरण भएको वर्षौं बित्न लागे पनि पुराना घाउहरू खाटा नलाग्दै नयाँ–नयाँ आला घाउहरू कोतरिँदै थिए । खै, नेपालीले कहिंले पाउने सुख र शान्ति ? जतातत्तै अपहरणको घटना बढ्दो छ । कतै मेरी सानी साथी अपहरणमा त परिनन् ? मनमा शङ्काको लहर उर्ल्यो र पछारियो । अपहरणपछि हत्याको श्रृङ्खला बढ्दो छ यहाँ । फिरौती रकम माग्नेहरूको कुँडुलो त्यतिकै छ । हैन जाबो शिक्षण पेशा अँगालेका विश्वास दाजुबाट के अपेक्षा राखेर अपहरण गर्लान् र ! बुलुलाई । मनलाई सान्त्वना दिने काम गर्थें । तर बुलु हराएकी छिन् । हे भगवान् बुलुलाई त्यस्तो कुनै आपत्ति आइनलागोस् । घर पुग्दा साढे एघार बजिसकेछ । लोडसेडिङ्गले घरको वातावरण निस्तब्ध बिरामी थियो । कोठाभित्र पिल्पिल् मैनबत्ती रोइरहेको थियो । मैनबत्ती जस्तै सोफा छेउमा शीतल भाउजू रोइरहेकी थिइन् । निभ्न लागेको मधुरो मैनबत्तीजस्तै । विश्वास दाजु भाउजूलाई सान्त्वना दिंदै हुनुहुन्थ्यो ।

विश्वास दाइ केही पत्ता लाग्यो ?–मैले सोधेँ ।

'छैन क्षितीज भाइ । यति बेलासम्म' झण्डै विश्वास दाइको आँखाबाट पनि आँसुको ढिक्का पर्ररर फुटेको थियो । 'खै ! क्षितीज भाइ, बुलु कहाँ गइन् कहाँ, कसैले त लगेनन् ?'–शङ्का व्यक्त गरे विश्वास दाजुले ।

'हैन, खेल्दाखेल्दै कतै साथीहरूकोमा पुगेर उतै बसिन् कि !'–मैले सान्त्वनास्वरूप बोलिदिएँ ।

वरिपरि छरछिमेकमा पनि खोजियो कतै पत्तो लागेन । कहीँ छैन कहाँ

गइहोली । अब के गर्ने रात पनि छिप्पिइसक्यो । घडी हेरेँ रातको साढे एक बजिसकेछ । रातभरि निद्रा लागेन । पल्लो कोठामा शीतल भाउजूको रुँदारुँदै थाकेको सुँक्कसुँक्क आवाज निरन्तर दोहोरिईरह्यो । सान्त्वना दिँदै बोलिरहेको विश्वास दाजुको आवाजले पनि वातावरणसँग माथ खाइसकेको थियो । मेरी प्यारी सानी साथी बुलु कहाँ हराइन् ? आँखाभरि उनको मानचित्र सल्बलाइरह्यो ।

मलाई बुलु कथा भन्न झक्झक्याइरहेकी थिइन्-'क्षितीज अङ्कल, क्षितीज अङ्कल कथा भन्नु न ल ।'

सुन है त ।

एकादेशमा एउटा अजङ्गको मान्छेथियो । त्यो मान्छे सधैँ बनमा दाउरा काट्न जान्थ्यो । दाउरा काट्दाकाट्दै एक दिन एउटा कागले सोधेछ । दाउरे दाइ, दाउरे दाइ तिमीले किन हामी बस्ने रूख कोटेको ? दाउरेले भनेछ । किन र काग भाइ ? यो दाउरा बेचेर म मेरी सानी छोरी बुलुलाई पढाएर म असल मान्छे बनाउँछु ।

अङ्कल,अङ्कल मेरो बाबा त दाउले हैन ।

हैन, हैन नानु त्यो दाउरेको छोरीको नाम पनि तिम्रो जस्तै नाम थियो नि । दाउरेले उनलाई प्यारो नामले बुलु भनेर बोलाउँथिन् ।

अँ अङ्कलले झुटो बोल्नु भयो । बुलु त म नै हुँ नि ।

उनले मेरो गालामा प्याट्ट हिर्काइन् ।

म झसङ्ग ब्युँझिएँ । ब्युँझँदा बिहानीको घामका किरणहरू पारदर्शी झ्यालका सिसाहरू छिचोल्दै भित्र छिर्न जवरजस्ती गर्दै थिए । हत्तपत्त उठेर शीतल भाउजूको कोठा चिहाएँ कोठामा ठूलो ताल्चा झुन्डिएको थियो । कतिखेर बुलुको खोजीमा हिँडिसकेछन् बुलुकी 'मम्मी' र 'ड्याडी' । केही खवरै नगरीकन ।

★★★

रहस्यको पर्दापण

बिहानीको नित्य कर्म सकेर बरन्डामा बसेर पत्रिका पल्टाइरहेको थिएँ । पत्रिकाको अग्र पृष्ठको एउटा फोटो फिचरमा पुगेर आँखा टक्क रोकियो । हेडिङ्गमा लेखिएको थियो 'अपहरणपछि बालिकाको हत्या' । मन थरर्रर काँप्यो । बेढङ्गसँग मुटु जोडले उफ्रन थाल्यो । अस्पष्ट फोटोमुनि क्याप्सनतिर आँखा डौडाएँ । लेखिएको थियो । 'चौध दिनअघि अपहरित बालिकाको विष्णुमति किनारामा भेटिएको शव'

ब्यग्र मुटु बिस्तारै ओरालो झऱ्यो । मेरी प्रिय बालिका पाइन् कि पाइनन् । खै ! केही खबर छैन । विश्वास दाजु र शीतल भाउजूले पनि केही खबर गरेका छैनन् । टेलिभिजन खोलेँ । टेलिभिजनको काँचभरि छरपस्ट मान्छेहराएको सूचीमा बुलु पनि सल्बलाइन् । कति छिटो टेलिभिजनमा खबर गरिसकेछन् यी दम्पतीले । साँच्चै मणि हराएको नाग जस्तै कति तड्पिरहेकी होलिन् बुलुकी मम्मी । मुसुक्क मुस्काएको बुलुको फोटोले कटक्क मन चुँड्यो । उनको मुस्कानको छाया क्षणभरमै 'ब्रेकिङ्ग न्युज' र ब्यापारिक विश्रामले ओझेल पारिदियो ।

खै, ती दम्पती आफ्नो बासस्थान फिरेका छैनन् अझै । आफ्नो घर पनि शून्य लागिरहेछ मलाई । दुई दिन भइसक्यो शीतल भाउजू र

विश्वास दाजु घर फर्केका छैनन् । शीतल भाउजूको शीतल हृदयमा चर्को पीडाको खडेरी लागेको छ । विश्वास दाइको विश्वस्त मनमा अविश्वासको डढेलो सल्केको छ । म क्षितीज, यो अस्पष्ट क्षितीजभित्र कुहिरोको काग बनिरहेछु । अन्यौल र शून्यताको मझेरीमा । खै अझै के अनिष्ट खबर सुन्नु पर्ने हो । हे भगवान् यो पत्रिकाको अग्र पृष्ठमा मेरी बुलु नअटाऊन् किनकि तिमीले रचेका यी नानीहरू देशका सुन्दर फूल हुन् । जसले सिङ्गो राष्ट्रमा सुगन्ध छर्नेछन् । तर, खै ! अझै फर्केकी छैनन् मेरी सानी साथी बुलुका भगवान् अर्थात् विश्वास दाजु र शीतल भाउजू ।

मोबाइलमा बज्ने घरिघरिको रिङ्ग टोनले झस्काइरहन्थ्यो । मान्छेहराउने यो देशमा कतै मलाई नै निम्तो त आएको छैन ? शङ्काले चुङ्थ्यो मन । के थाहा ? बाटोमा हिँड्दाहिँड्दै भान्छामा खाना पकाउँदापकाउँदै । मान्छे हराएका छन् अनगिन्ती । मेरा लागि निम्तो आउनु कुनचाहिँ नौलो कुरो भयो र ? कसैले मार्न नचाहेकै कारणले बाँचिरहेछु अहिलेसम्म । कुन दिन म पनि बुलुजस्तै टेलिभिजनका काँचहरूमा सल्बलाएँ भने ? सायद मलाई सबैले पढ्नेछन् बस त्यति न हो । गुनासो चिनेजानेकाको मात्र रहनेछन् ।

डराई डराई मोबाइल हातमा लिएँ । नयाँ नम्बर थियो । म भित्र बेग्लै छट्पटीले डेरा जमाइरहेको थियो । ह्या–जे पर्ला पर्ला । कल रिसिभ गरेँ ।

'हजुर !'

किन फोन उठाउन गाह्रो मान्नुभएको ? नारी स्वर थियो । चिनेको जस्तो आवाज सुनेको जस्तो स्वर लज्जावतीको पो रहेछ ।

अनि तपाईंको सानू साथी भेटियो ?

छैन लज्जावती । हरेक ठाउँमा पुगेर खोजियो । तर, पनि बुलुको केही अत्तोपत्तो छैन ।

'सो स्याड सायद कसैले किड्न्याप् पो गरे कि' शङ्का व्यक्त गरीन् उनले ।

खै,–मैले भने–'मलाई पनि त्यस्तै लागिरहेछ ।'

तपाईं साह्रै चिन्तित हुनुभएको जस्तो लाग्यो, यस्तो घटना तपाईंको जीवनमा पहिलोचोटि हो ? उनले ठाडो प्रस्न तेर्स्याइन् ।

खै ! किन यस्तो प्रश्न गर्दैछिन् लज्जावती । लाग्छ मान्छे हराउनु सामान्य हो जसरी बोलिरहेकी थिइन् उनी । मैले भने–'हो । किन र ?'

'म भन्छु, यो तपाईंको जीवनमा दोस्रो घटना हो । उनी बोलिन् । हैन यो मेरो जीवनमा पहिलो दु:खद घटना हो । जसलाई म छोरीलाई झैं माया गर्छु । साथीसरह व्यवहार गर्छु ।

'तपाईंको विवाह कहिंले भयो ?'–फेरि प्रश्न गरीन् उनले ।

'छैन किन र ?'–मैले भने, तिम्रो कुरा बुझ्न सकिनँ मैले ।

बुझ्नु पनि त कसरी, तर म भन्छु क्षितीजजी, तपाईंको जीवनबाट बुलुजस्तै अर्की एउटी सानी साथी हराएकी थिइन् ।

खै खासै त्यस्तो लाग्दैन । मैले सम्झने प्रयास गरेँ । तर, तनावपूर्ण स्मृतिमा कोही आएनन् र भने 'तिमी मेरो मन छाम्दैछ्यौ ।

'म वास्तविकता बोल्दैछु' उनले भनिन् 'अस्तिको कवितामा एउटी पात्र हराएकी थिइन् । तपाईं खोज्दै हुनुहुन्थ्यो होइन र ? तर विडम्वना आज फेरि अर्को पात्र हराइन् । सायद कविता पनि तयार भैसक्यो होला ।

अँ... तिमीले कविताको कुरो पो गरेकी ?'– मैले भने–

हो । तपाईंको कविताको पात्र जुनु, त्यही पात्र ।

हँ ! हो त, बल्ल सम्झे मैले । वाल्यकालमै बुलुजस्तै एउटी साथी हराएकी थिइन् । फरक यति हो बुलु सानी साथी । जुनु मेरै उमेरकी । त्यतिखेर म पनि त, सानै थिएँ । तर मेरी सखी बुलुभन्दा छुट्टै महत्वकी थिइन् । मेरी प्रिय सखी जुनु । भन्न करै लाग्यो र भनिदिएँ ।

'हो लज्जावती तिमीले ठीक भन्यौं । कविताकी पात्र पनि वास्तविक थिइन् । मेरी प्यारी जुनु जसलाई म आफूलाईभन्दा बढी माया गर्थें । उनीसँग बिताएका पलहरू मेरो क्यानभासमा ताजा छ । सायद उनी यो धर्तीमा छन् या छैनन् । मेरै उमेरसरहकी थिइन् । उनको र मेरो घर त्यही पहाडमा हो । जहाँ उनी र म लज्जावती झारसँग सधैँसधैँ धीतमरून्जेल खेल्दथ्यौं ।

द्वन्द्वकालले देश आक्रान्त बन्दै गयो । ग्रामीण भेकका जनताहरू दश वर्ष द्वन्द्वकालीन अवस्थामा बढी पिरोलिए । मेरी प्यारी बालसखी जुनुको बाबाको र उनको दाजु भाउजूको बीभत्स हत्या भयो । त्यो पीडा सहन नसकी पागल झैँ बनेकी उनको मामु र उनले गाउँ छोडेका थिए । त्यो नै अन्तिम भेट थियो । त्यसपछि उनीसँग मेरो कहिंल्यै भेट भएन । काठमाडौँ आएपछि पनि धेरै खोजी गरेँ कतै पाइनँ उनलाई । तैपनि, निभ्न लागेको दियोझैं मनमा झिनो आशाको त्यान्द्रो बाँकी छ । डर लाग्छ लगनपछिको पोते पो हुने हो कि ! । मैले लज्जावीलाई वृतान्त कहें ।

क्षितीज, नरिसाउनुस् है । मैले तपाईंको खाटो लागेको घाउ कोट्याएँ । त्यसको लागि माफी चाहन्छु–उनी बोलिन् ।

छैन, किन रिसाउनु र म ! तिमीजस्तो असल साथी पाएको छु । लुँजलासँग तिम्रो घरमा टेक्दा नै मैले तिमीलाई 'केयर' गर्न थालिसकेको थिएँ । अझ भनौं तिम्रो सुन्दर नामसँग बढी प्रभावित छु म । जुन नामसँग मेरा जीवनका विगतहरू जोडिएका छन् । भलै बाल्यकाल ।

'ठीकै छ मेरो नामभित्र तपाईंको विगत अल्झेको छ भने म अवश्य त्यो विगत फेरि तपाईंको हातमा सुम्पिने वाचा गर्छु । मेरो बर्कतले भ्याएसम्म । म भगवान्सँग कामना गर्छु तपाईंको जुनुसँग छिट्टै भेट होस् भनी'– उनी बोलिन् ।

'तर मलाई सम्भव छ जस्तो लाग्दैन लज्जावती'–मैले भने ।
सम्भव छ क्षितीजजी, भूगोल सानो छ । तपाईंसँग केही कुरा गर्न चाहन्छु तर फोनमा हैन सँगै बसेर । समय दिन सक्नुहुन्छ ?
'ह्वाई नट' यो त मैले पनि पहिलेदेखि नै सोचेको कुरा हो ।
'त्यसो हो भने तपाईंलाई ठीक दिनको १ बजे म पार्कभित्र कुरिरहेको हुनेछु । यही दिनकै पर्खाइमा थिएँ म ।
अजिङ्गरको आहारा दैवले जुराइदिन्छ भनेझैँ साँच्चै आज किन हो कुन्नि फोनमै यति धेरै लहसिंदै कुरा गरिन् लज्जावतीले । मैले स्वीकारोक्ति दिएँ र कल ड्रप गरिदिएँ ।

★★★

भीडभाड छिचोल्दै अघि बढ्ने क्रममा ट्राफिकको सिट्ठीले रोक्न वाध्य बनायो । लाइसेन्स र बिलबुक् 'चेक्' गऱ्यो । हर्न बजायो । लुकिङ्ग ग्लास चेक गऱ्यो र भन्यो 'ठीक छ । तपाईंले बाइक कन्डिसनमा चलाउनुहुँदोरहेछ तर लुकिङ्ग ग्लास सानो भयो ।'
मैले भने लुकिङ्ग ग्लास त यही बाइककै हो । कसरी सानो हुन्छ ?'–मैले प्रतिवाद गरेँ । सानो भो भनेपछि सानो भो । जाऊँ बग्गीखाना । ट्राफिक टिमुर्कियो । अर्को छेउमा प्रेसर हरणको निहुँमा एकजनासँग अर्को ट्राफिक टिमुर्किदै थियो लाइसेन्ससँगै रु २ सय रूपैयाँ रकम हातमा थमाइदियो र बाटो लाग्यो । मैले मोबाइलको क्यामरामा त्यो दृश्य कैद गरेँ । देखिहालेछ, दुवै जना ट्राफिक म तर्फ खनिन थाले । मैले पनि रूखो जवाफ फर्काएँ–पैसा असुल्न पुगेंन ? कति दिनुपऱ्यो ? 'पाँचसय रूपैयाँ देऊ ।' अर्को ट्राफिक गर्जियो । नत्र वग्गीखाना लगेर जाकिदिन्छौँ ।
'अझै घुस प्रथा छाड्दैनौ तिमीहरू ?'–मैले ठाडै गाली गरेँ । मान्छेहरू जम्मा हुन थाले । घडी हेरेँ एक बज्न केही मिनेट बाँकी थियो । लज्जावती

आइसकिन् होली तर केही छैन । सडकमा बसेर सर्वसाधरणलाई दुःख दिने यस्तो प्रवृत्ति हटाउन हामी आफैंले यस्तो कदम नचाले कसले चाल्ने ?
ल ठीक छ मेरो लाइसेन्स र बिलबुक बग्गीखानामै लिन जाऊँला । लाइसेन्स र बिलबुक खोसैँ भनेर चिट लेखिदेऊ । तिम्रा हाकिमसँगै कुरा गरौंला । मेरै चिने जानेको साथी हो ।
दुवै ट्राफिक आगोमा हात परे झैं कालो निलो हुँदै माफी माग्न थाले । सरी सर, भन्दै ट्राफिकले लाइसेन्स र ब्लुबुक फिर्ता दियो ।
भै हाल्यो यस्तो गल्ती फेरि नगर्नू ।
म 'बाइक स्टार्ट' गरेर बाटो लाग्न के लागेको थिएँ । अर्को ट्राफिक आएर मोबाइलको फोटो 'डिलिट' गर्न अनुरोध गर्‍यो । उसले माफी मागेपछि फोटो 'डिलिट' गरिदिएँ । अझै नियम र कानुन अनि सिस्टमले काम गर्दैन देशमा । पहुँचको भरमा चल्छ हरेक सरकारी संयन्त्र । जसको कारण साधारण जनता जहाँ गए पनि सास्ती र समस्या भोग्न बाध्य छन् । पहुँचवालाहरू निर्धक्क अपराध नै गरेर पनि खुल्लेआम हिंडिरहेका छन् । माफियाको इसारामा देश चल्ने गरेको छ । सत्यले न्याय कहिले पाउनु र खै ! मनभरि प्रश्नैप्रश्न बोकेर आफ्नो बाटो लागेँ । बाइक पार्किङ्ग गरेर पार्कभित्र छिरेँ । गेट पालेले टिकट हातमा थमाइदियो । पार्क वरिपरि आँखा बिच्छ्याएँ कतै देखिनँ लज्जावतीलाई । हरेक रूखको छहारी र दुबोहरूमा खोजें । सबै जोडीहरू आफ्नै दुनियाँमा मस्त थिए । घडी हेरेँ सवा १ बज्नै लागेछ । पार्कको पूर्वपट्टि धुपीको छायाँमा कोही युवती व्यग्र प्रतीक्षामा थिइन् । मेरा खुट्टाहरू त्यतै बढ्न थाले ।
उनी टाढैबाट मुस्काइन् । मैले 'सरी' भने अघि सडकमा ट्राफिकले माफी मागेजस्तै किनकि मैले उनलाई निश्चित समय भन्दा १५ मिनेट बढी कुराएँ ।

'बस्नुस् न ।'–उनले आफू नजिकैको रूखको छहारीमा बस्न भनिन् । उनलाई ऐना झैं अगाडि पार्दै बसेँ म । केही हराएझैं, केही बिराएझैं अनि एकान्तमा उपन्यास पढिरहेझैं उनी एक–टक लगाएर मेरो अनुहार नियालिरहेकी थिइन् । लज्जावतीसँग एकान्तस्थलमा । पार्कमा युवतीसँगको पहिलो भेट हो मेरो । लज्जावती जसलाई म नजानिदो किसिमले सधैँ–सधैँ हृदयको क्यानभासमा सजाऊँथेँ । हृदयले पूजा गर्थें । उनकै समीपले मलाई बाल्यकालको जुनु अर्थात लज्जावतीको आभास दिलाउँछ । तर खै र ती सबै भ्रम ।

क्षितीज, समय त्यो मोड हो । जहाँ कहिंलेकाहीँ बग्दा बग्दैको खोलो पनि फर्किदिन्छ ।

'तर, लज्जावती मेरो प्रिय जुनु कहिंल्यै फर्किनन् ।

तपाईंले कहिंल्यै जुनुको खोजी गर्नुभयो ? प्रश्नको एक बलो तेर्स्याइन् उनले ।

कहाँ–कहाँ गरीनँ भन न,

त्यसो भए आज म एउटा सरप्राइज दिन्छु तपाईंलाई ।

के ? मैले प्रश्न गरेँ ।

एउटा कथा सुन्छौं

मैले भने के कथा हो ? कस्तो कथा ? र भनें फेरि मलाई बुलुको साथीको रूपमा उडाउने काम त गर्दै छैनौं ?

नाइँ त्यस्तो होइन ।

कस्तो त ?

एउटा कथा छ ।

के ?

सुन, एउटा सुन्दर गाउँ थियो । त्यो गाउँ लालीगुराँसले छपक्कै ढाकेर दुलहीझैं सिँगारिएर रहन्थ्यो । त्यही गाउँमा एउटा ठूले भन्ने सानो केटो

बस्दथ्यो । ठूलेकी एउटी सानी साथी थिइन् । उनको नाम जुनु थिए । उनीहरू दुवैजना दुई ज्यानको एक मुटु थिए । सधैँ-सधैँ ठूले र जुनु बनपाखा, पखेरी र बगैँचाहरूमा एक साथ खेल्दथे । विद्यालय जाँदा पनि सँगै जान्थे । खेल्न होस् या नुहाउन सधैँ-सधैँ साथमा रहन्थे । उनीहरू बगैँचा र पाखाहरूमा पाइने एउटा झार लज्जावतीसँग धीत मरूनजेल खेलेर साँझ घर फर्कन्थे । देशमा चलेको गृहयुद्धले के गाउँ, के तराई के पहाड कुनै ठाउँ अछुतो रहेन । एक साँझ जुनुको घरमा आएको हतियारधारी समूहले जुनुको बाबालाई आँखामा कालोपट्टी बाँधेर पारि चौतारोमा पुऱ्याएर हत्या गऱ्यो । त्यो पीडा सहन नसकी जुनुको मामु बिरामी परिन् । त्यतिखेर जुनुको सानो साथी ठूलेले जुनुको मामुको उपचार गर्न भनी घरको बाख्रा बेचेर खर्च भरिदिएका थिए । ठूलेले घरमा वाख्रा चराउन जाँदा हरायो भनी ढाँटेका थिए । बाख्रा हराएको आरोपमा उनका बाबाले सिस्नुपानी लगाएका थिए ठूलेलाई । त्यतिखेर जुनु साह्रै रोएकी थिइन् । जुनु र उनको मामु गाउँ छाडेर हिँड्ने बेला रोएको थियो ठूले पनि । र भन्थ्यो जुनुलाई 'म तिम्रै हुँ जुनु' छिट्टै फर्केर आऊ है ! त्यसपछि जुनु र उनको मामु सहर गए । केही उपचारपछि दुवैजना सडक पेटीमा भौतारिँदै जीवन गुजारा गरिरहे । एक दिन सडक पेटीमा मकै बेचेर बस्ने एकजना बिधवा आइमाई र जुनुको आमाबीच परिचय भयो । उनीहरू दुवैबीच मित्रता कसिलो बन्यो । दुवै त्यतै हरियो मकै पोलेर वेच्ने काम गर्न थाले । जुनु र उनको मामु पनि सडकमा हरियो मकै पोलेर जीविकोपार्जन गर्न थाले । मानसिक रूपमा क्षतविक्षत जुनुको आमाले केही समयपछि मानिसक सन्तुलन गुमाइन् । पागल भइन् उनी । विडम्वना जुनुकी आमालाई एकदिन गाडीले ठक्कर दियो । ठक्करले उनको मृत्यु भयो । जुनु सडकमै आमाबुवाको वियोगलाई मकैसँग पोल्दै बिताउन थालिन् । उनको सडकमै दिनहरू बित्दै गए । साँझ परेपछि

मन्दिर र देवालयहरू नै जुनुको बासस्थान बन्दथ्यो ।

एकदिन जुनु सन्चो नभएर एउटा देवालयमा बसिरहेकी थिइन् । एउटी भलादमीले देवालय नजिकै आएर देवालयसँगै जुनुलाई चित्रमा कैद गरिन् र मिठाई खुवाएर फर्किन् । त्यस्तो क्रम दोहोरिइरह्यो । एक दिन त्यो चित्रकारले जुनुलाई सबै कुरा सोधिन् । जुनुले सारा वृत्तान्त बताइन् र दया गरी जुनुलाई आफ्नै घरमा लगेर शिक्षादीक्षा दिइन् र आफ्नै बहिनी बनाएर राखिन् । त्यो महान् व्यक्तिको नाम थियो...

लज्जावतीको बोली रोकियो ।

'भन न, को थियो त्यो महान् मान्छे ।'–मैले हतारिँदै सोधेँ ।

ती व्यक्ति लुँजला थिइन् । त्यो सौभाग्य पाउने व्यक्ति थिई लज्जावती । जो तपाईं सामु उभिरहेकी छे । तपाइँले नै राखिदिनुभएको नाम हो लज्जावती । आँखाभरि आँसु पार्दै रोइन् उनी । मैले पनि मन थाम्न सकिनँ । मेरी प्यारी जुनुलाई मैले पाएको छु । भावावेशमा आएर म उनलाई अँगालेर धेरैबेर रोएँ र भनिदिएँ । लज्जावती म तिम्रै प्रतीक्षामा भौतारिरहेको थिएँ । उफ् जिन्दगी कहाँ गएर कसरी ठोकिन्छ सीमा छैन ।

★★★

दण्डहीनताको सिकार

लज्जावती र मेरो सम्बन्ध छिप्पिँदै छ । बितेको वर्ष पोखरा गएर मनाएको 'भ्यालेन्टाइन डे' अर्थात् प्रेम दिवसको झल्को मेट्न नपाउँदै फेरि अर्को प्रेम दिवस नजिकिएको छ । सम्बन्ध प्रगाढ हुँदै गएको छ । साराङ्कोटमा स्काई ड्राइभ गरेको, फेवातालमा डुङ्गा खियाएको, तिलिचो तालमा लज्जावतीको अँगालोमा मीठामीठा सपना बुनेका यादहरू ताजा बन्दैछन् । महेन्द्र गुफा र प्याराग्लइडिङ्हरू आँखाभरि छाए । पोखराको प्राकृतिक सौन्दर्यभित्र मैले लज्जावती र उनको प्यारलाई मेरो जिन्दगीको घडामा खन्याई अमृत घोलेको आजै झैँ लाग्छ । दुवै मिली रङ्गीन रातमा अमृतका घडा रित्याएका थियौँ । त्यस दिनपछि लज्जावतीका गुलाबी अधर र मीठा चुम्बनका वर्षाहरूले निथ्रुक्कै भिजेको थिएँ म । ती स्मृतिहरूसँगै फेरि मेरा रहरहरू छचल्किरहेछन् ।

साँझ अबेरसम्म उनी मेरो हृदयमा लिपिक्क टाँसिइरहिन् । बेलुकीको खानापश्चात् केहीबेर टहलिन कम्प्युटरमा बसेँ । नयाँ इमेल आएको थियो । भ्यालेन्टाइन स्पेशल । इमेलमा लेखिएको थियो । 'दिलको राजा क्षितीज, बाध्यताले वर्षौंदेखि हजारौँ क्षितीजपारि अल्मलिइरहेछु म । तर पनि केही गरिरहेछु । मैले यतै ग्यालरी खोलेको छु । अमेरिकामा

नेपाली कलाले प्राथमिकता पाएको छ । तर विडम्बना आफ्नै मुटुबाट टाढा छु । कर्मको यो दौरानमा तिम्रै यादले पछ्याइरहेछ मलाई र बाटो छेकेर भनिरहेछ 'लुँजला' नेपाल फर्केर क्षितीजभित्र हराऊ । वर्षैपिच्छे आउने 'भ्यालेन्टाइन डे' का हुरीहरूले चैतमासमा सुकेको पात उडाएझैँ कतै तिम्रो मन उडाइरहेछ कि ! डर लागिरहेछ मलाई । म यो वर्षको भ्यालेन्टाइन' (प्रेम दिवस) तिमीसँग मनाउन आइपुग्नेछु र एउटा सानो सरप्राइज दिन चाहन्छु 'लभ यू सो मच' बाई ! टेक केयर' ।

तिम्रै लुँजला

मनभित्र वेग्लै छट्पटीले बास मागिरहेछ । खै, के गरुँ के नगरुँ । मैले मेरी लज्जावतीलाई आफूले जानेदेखि नै यो जीवन सुम्पेको छु । कसरी म लुँजलालाई जीवनसंगिनीको रूपमा स्विकार्न सक्छु र ! यो अवस्थामा । सायद लज्जावतीसँग मेरो भेट नभएको भए कुरा बेग्लै हुन सक्थ्यो । विविध भाव तरङ्गहरूले मनयुद्धको महासङ्ग्रामतर्फ धकेल्न थाल्यो । लज्जावतीलाई भनूँ कि नभनूँ ! किन नभनूँ ? उनी त मेरी छिट्टै हुनेवाला जीवन सँगिनी । हैन, अहिले नभनौ डायल गरिसकेको फोन पनि काटिदिएँ । किन तनाव दिनु उनलाई यो समस्यालाई म आफैँले 'फेस' गर्न सक्नुपर्छ किनकि भ्यालेन्टाइन डेको अवसर पारेर लुँजला मसँग विवाहको डोरो बाँध्न चाहन्छे । यो सङ्कटलाई पार लगाउनु छ मैले । डेढ महिना बाँकी छ 'भ्यालेन्टाइन डे' आउन । मेरो र लज्जावतीको सम्बन्ध थाहा पाएपछि के सोच्लिन् लुँजलाले ! अझ भनौँ के गर्लिन् । कस्तो प्रेम गर्दैछिन् लुँजला मलाई ! के मैले बेलैमा लुँजलाको प्रेम 'रिजेक्ट' गर्नुपर्दैनथ्यो ? हैन 'रिजेक्ट' गरेको भए लज्जावतीसम्म आइपुग्न सक्दिनथेँ । मनभित्र दोहोरो भिडन्त हुन थाल्यो युद्ध रोक्ने कसले ? १० वर्षे गृहयुद्ध त जनआन्दोलन भाग २ ले रोकिदियो । तर यो मनको युद्ध रोक्न फेरि कस्तो विद्रोह हुने हो ? मन भारी भयो ।

इमेल 'लग आउट' गरेँ । कानमा इएरफोन घुसारेँ । गाना सुन्दै विस्तारामा पल्टेँ । बिहानै लज्जावतीलाई फोन गरेँ र दिउँसो भेट्न भने ।

'मुडअफ' छ आज मेरो । के गरूँ के नगरूँ भैरहेछ । घरबाट फुत्त बाहिरिएँ । भौतारिँदाभौतारिँदै दोर्जेकहाँ पुगेछु । दोर्जे बरण्डामा पत्रिका पढ्दै रहेछ । आज शनिबार फुर्सदको दिन दोर्जेसँग गफिन थालेँ म । मन बहलाउने एउटै बाटो थियो दोर्जे । बिहानीको खाना खाने व्यवस्था त्यतै भयो । घडी हेरेँ । लज्जावतीलाई दिएको समय अझै दुई घन्टा बाँकी छ । खै दोर्जेलाई पनि विदेसिने भुत चढेको छ । स्वदेशमा नै केही गर्न भन्छु अवसर पाइएन भन्दै दुखेसो पोख्छन् । सायद केही महिनामा नै दोर्जे तन्द्रामा रहेका खाडी मुलुकको बुइ चढ्न पुग्नेछन् । मलाई डर लागिरहेछ दोर्जे जस्तै कैयौ नेपाली विदेशी मुलुकमा रोजगारीको क्रममा पुग्दा धेरै नेपालीहरूको कहालीलाग्दो हविगत र भोगाइहरू खवरकागजहरूमा काँचको सिसा फुटेर छरपस्टिएका छन् । घडी हेरेँ अब धेरै समय बाँकी थिएन । म दोर्जेसँग बिदाइ भएर घरतर्फ लागेँ । दोर्जेसँगको भेटले मन केही हल्का भएको महसुस भयो । मोबाइलको रिङटोन बज्यो । लज्जावती बोलिन् । 'क्षितीज आज अलि बिजी भएँ सरी म भोलि बिहानै तपाईंकोमा आउँछु चम्पा बिरामी छे । के गर्नु उनको पनि कोही छैन । मजस्तै वेसहारा हुन् उनी पनि ।'

अर्को दिन म बाथरूम सकेर भर्खरै टाबेल शरीरमा रगड्दै थिएँ । हतारिँदै आएझैं कसैले तारन्तर 'डोर बेल दबायो । हत्तपत्त ट्राउजरले शरीर ढाकेँ । ऐना हेरेँ । 'मर्निङ्वाक' निस्कन लागेको जस्तो देखिएँ । कपाललाई हतारहतार मिलाउँदै गेटमा पुगेँ । चाबीको फन्कोसँगै 'गेटको' कुईच्यमा लज्जावती मुस्कुराई ।

मैले स्वागत गरेँ । कति सबेरै आइछिन् उनी ।

मैले भनें,-'जाऊँ माथि नै बसौँ न ।'

चुम्बकले फलामको धुलो ताने जस्तै उनी आज्ञाकारी बालकजस्तै मेरो पछिपछि आइन् । दायाँपट्टिको सोफा देखाउँदै मैले भने ।

बसौ न प्लीज ।

कोठाभरि उनले के–के हराएझैं आँखा घुमाइन् र सोफामा बस्दै भनिन् ।

क्षितीज एक्लै के गरिरहेको ?

कुनै सन्दर्भ नभेटिएझैँ गरी प्रश्न गरिन् उनले ।

भर्खरै नुवाइधुवाई सकेर बसिराखेको थिएँ । तिमी आइपुग्यौ खुसी लाग्यो । एकैछिन् बस, म कफी बनाएर ल्याउँछु ।

'म एक्लै ? नाई..नाई..धुम्धुम्ती एक्लै बस्न गाह्रो हुन्छ मलाई'–'उनी बोलिन् ।

'टी.भी. अन गर न,–मैले भने'–रिमोट त्यहीँ छ ।

धन्यवाद, सुझावको लागि । तर म पनि तिमीसँग किचेनमै जान्छु ।

मैले भने,–'आज मेरै हातबाट कफी पिलाउने तिमीलाई ।'

ठीकै छ, म सघाउन त सक्छु नि । 'ल जाऊँ'–उनले मेरो पाखुरा समाउँदै भनिन् ।

मेरो 'लाइफ गड्' कति सुःख दिनुहुन्छ होला हगि मलाई आउने भविष्यमा । उनी के के बोल्दैथिइन् । कफी तयार भयो ।

ल यहीँ बसेर पिउने ?

उनी घरी के, घरी के भनेर चुल्बुलिरहेकी थिइन् । कफीपटतर्फ सङ्केत गर्दै बोलिन् उनले । बोलिरहेको उनको शब्दले कताकता मन भित्रभित्रै चञ्चलताले डेरा जमाउँदै गइरहेको थियो । मैले भने बरण्डामा बसेर पिउने । जाऊँ, मैले रेडिमेड कफीपट सेरामिक कपसँगै ट्रे उठाएँ । होटलमा 'सर्भ' गर्न लागेझैं एउटा प्रोफेसनल वेटर जस्तो ।

'म पनि सघाईदिऊ कि !'–उनी अघि सरिन् ।

भो, पाहुनालाई दुःख दिनुहुन्न'–मैले भने ।

'पाहुना भन्ने शब्दप्रति मेरो आपत्ति छ' उनी बोलिन् ।

कारण ?

तपाईंप्रतिको मेरो समर्पणलाई यसरी अपव्याख्या नगरिदिनुस है फेरि ।

'सरी बाबा'

हरे सरीको कुम्लै फुकाउँदा पनि नरित्तिएको शब्द फेरि फुकाइदिएँ उनको सामु ।

बरण्डामा ठोक्किएका 'रिफ्लेक्सन' प्रकाशहरू पहेँला छन् सुनजस्तै । मैले टेबलमाथि ट्रे अडाएँ ।

नजिकैको कुर्सी तान्दै बस्न भने ।

कुर्सीमा बस्नुअघि शपथ खानुपर्दैन ! उनी मुस्काउँदै बोलिन् ।

'ल' त्यसो भए म जे-जे भन्छु सँगसँगै भन्दै जाने है त ।

उनले हाँस्तै हुन्छ भनिन् ।

म

मैं...

हाम्रो

हमारा....

प्रेमको लागि

प्यारके लिए......

ए के गरेको ? मचाँहि नेपालीमा शपथ खुवाउने तिमीचाहिँ हिन्दीमा ? यो त भएन नि लज्जावती' मैले भने ।

राष्ट्रको महत्वपूर्ण पदमा पुग्ने पहिलो उपराष्ट्रपतिले त हिन्दीमा सपथ खाएका छन् हामीले नहुने ? उनले भनिन् ।

'अनि, तिमी पनि ऊ जस्तै बुद्धू बन्नुपर्छ र ?' मैले भनें ।

उनले आफ्नै राष्ट्रिय भाषालाई लात मारेर हिन्दी भाषामा सपथ खान्छन् भने म त मामुली मान्छे मैले किन नखानु ?'-प्रतिवाद गरेजस्तै गरी बोलिन् उनी 'धत् लाटी' त्यसो गऱ्यो भने तिम्रो र मेरो प्रेमको

अस्तितत्वमाथि नै प्रश्नचिन्ह खडा हुन्छ र तिमीलाई वाध्यताले भारत भेज्दिनु पर्ने अवस्था सृजना नहोला भन्न कसरी सकिन्छ ? त्यसैले तिमीले त्यसो नगर्दा नै राम्रो । आज नेतृत्व तहका मान्छेहरूले चर्चाको लागि मात्रै गलत निर्णय गर्दा देश र राष्ट्रियता कसैको पूर्वाग्रहीपनमा धरापमा परेको छ । आफ्नो स्वाभिमान बिर्सेरै राष्ट्रको न्यायालयजस्तो पवित्र क्षेत्रको अपमान गरेका छन् । के एउटा देशभक्तले यस्तो काम गर्लान् ? अदालतले उनलाई सात दिनभित्र नेपालीमा सपथ खान आदेश दिँदासमेत नटेरेपछि उनको राष्ट्रघाती प्रवृत्तिकै कारण गरिमामय पदको दुरूपयोग भएको न्यायालयले छिनोफानो गरे । त्यसैले त्यस्ता नेतृत्वहरू राष्ट्रको लागि कलंक हुन् ।

नेपालीको लागि नेपाल मुटु हो । यहाँको भाषा संस्कृति हाम्रो छाती हो । कसैले हाम्रो छातीमा लात मार्न खोज्छ भने तिमी सहन सक्छौ ? के म सहन सक्छु ? मर्नु परे देशको खातिर शिरै वलि दिन तयार हुनेछौँ तर किन्तु नेपाली वीर सन्ततिलाई यस्तो कुरा सह्य हुने छैन ।

'माफ गर्नु होला । मन दुखाइदिएँ । म त जिस्केको मात्र । तिमी यति छिटो भावावेशमा आउने थाहा पाएको भए म साँच्चै यसरी जिस्कने थिइनँ । 'सरी'–लज्जावतीले कान समाइन् र बोलिन् ।

जनताले जनहितको लागि भनेर राष्ट्रिय उच्च ओहादामा पुऱ्याएका नेताहरू । उनीहरू नै राष्ट्र र जनताको हित विपरीत गएर कुठराघात गर्ने काम गर्दा नै राष्ट्रियतामा बीचलन पैदा हुने गरेको छ । तानाशाही प्रवृत्तिका मान्छेहरू भुँइमान्छेहरूलाई बुटले कुल्चेर स्वतन्त्रता, नागरिक सर्वोच्चता, मानव अधिकार र जनताको मौलिक अधिकारको पीठमा आगो लगाउने प्रवृत्ति अझै कायम छ । जुन कारण देश सधैँ दल–दलमा भासिंदै गएको छ । बढ्दो अराजकता, अनियमितता, लुट, हत्या, हिंसा, अपहरण यस्तै नेता र दलहरूको अदूरदर्शिताकै कारण भएका हुन् ।

तपाईंकी बुलु पनि आज त्यसैको सिकार बनेकी छिन् । उनको शव वाग्मतीको किनारमा बोरामा प्याकिङ गरेर फालिएको अवस्थामा प्रहरीले फेला पारेका रहेछन् । आजैको दैनिक पत्रिकामा छापिएको छ । यी हेर्नुस् त, उनले ब्यागबाट पत्रिका निकालेर हातमा थमाइ दिइन् र कफी सुरुप्प पारिन् ।

★★★

पत्रिका पल्टाएँ । फुकाइएको बोरामा बुलुको मृत्त शरीर टुक्राटुक्रा थियो । एकाएक आकाश भासिएजस्तो भयो । मनभित्र खैलाबैला मच्चियो । मन गुँडुल्किएर आयो । बुलुसँगको स्मृतिले भित्रभित्रै नराम्रोसँग डसिरह्यो । मैले भने 'हैन' यिनी बुलु हैनन् ?' क्याप्सनमा आँखा लगाएँ । दुई महिना अघि अपहरित बालिका बुलुको मृत शरीर । अझै हत्याको कारण खुल्न सकेको छैन ।

भाउन्न रिङ्गटा लागेर आयो । अनायासै टेबलमाथिको पत्रिकामा आँखाबाट एक थोपा आँसु टप्प चुहियो श्रद्धान्जलिस्वरूप पुष्पाञ्जलि त्यही एक थोपा आँसु उनको तस्विरमा पोखियो । कताकता उनको तोते बोलीले चिमोटिरह्यो मलाई । 'अङ्कल...अङ्कल... मलाई अपहलनकालीहरूले...मालि... म त बच्चाजस्तै पो रुन पुगेछु ।

'धत् केटा मान्छेभएर पनि रुनु हुन्छ ? नरोऊ क्षितीज । नरोऊ न । नरोऊ न भनेको, बेकार पत्रिका देखाएछु । मलाई पनि कस्तो रोऊँरोऊँ लागिसक्यो । नरोऊ न प्लीज ।'–लज्जावती मलाई सम्झाइरहेकी थिइन् । उनको छातीमा मेरो शिर टाँस्दै कपाल सुम्सुम्याउँदै । म त झन्झन् बहकिएर रुन थालेछु । आँसुले उनको कुर्ता छिचोलेर छपक्कै भिजिसकेछ । उनले टाउको उठाउँदै रुमालले आँसु पुछिदिएपछि धेरै बेरपछि म रोकिएँ ।

लज्जावती किचेनमा 'ब्रेकफास्ट' तयारीको लागि गइन् । उनलाई आफ्नै घरजस्तो भैसकेको थियो यहाँ । मलाईभन्दा बढी थाहा छ लज्जावतीलाई । कति मिठो परिकार बनाएर खुवाउँछिन् पिलाउँछिन् उनी । कहिंलेकाहीँ

स्वाङ पार्थिन् र भन्थिन्–'मैले बनाएको खाना मिठो हुँदैन किनकि, मलाई पकाउनै आउँदैन ।

म भन्थेँ, 'हो त स्यालको अनुहार हेरेरै चाल पाइन्छ' । सधैं तिम्रो हातले बनाएको यस्तै मिठो खान पाऊँ । यति भनेपछि उनी नाक घिरौंला जत्रै पारेर बोल्थिन् । साथी कसको भन न, म उनको नाक समाउँदै जवाफ दिन्थें 'नेप्टीको' उनले मेरो छातीमा दुवै हातले मुड्की बजार्दै भन्थिन् नाई–'नाई कस्तो तिमी त ।'

म पनि सघाऊँ कि !

पर्दैन–मैले भने–'पाहुनालाई म सधैं दुःख दिइरहुँ ?

'धत् ! मैले अघिनै पाहुना भन्ने शब्द तपाईंको मनबाटै हटाइदिनु भनेकी हैन ? नत्र म त हिंडिदिन्छु ।'–उनी ठुस्केजसरी बोलिन् । 'सरी बाबा, सरी' मैले दुवै हातले उनको कान समाएँ ।

फेरि यो चतुऱ्याइँ ?

ल ल..ल आफ्नै कान समाउने । मैले आफ्नै कान समाएर भने सरी ' लज्जु' म लज्जावती झारजस्तै लऱ्याकलुरूक परेँ ।

उनी किचेनमा व्यस्त हुन थालिन् । म रिमोटको सहायतामा टेलिभिजनका काँचभित्र हराउँदै थिएँ । एउटा नेपाली 'च्यानल, पिक्चरट्युब'को काँचभरि सल्बलायो विराटनगर घर भै, काठमाडौं कालिमाटीको 'जुबिलियन्ट' कलेजमा कक्षा १२ मा अध्ययनरत १९ वर्षिय छात्राको अपहरणपछि हत्या' आङ सिरिङ्ग भयो 'न्युज अपडेट' भै रह्यो । 'हत्या प्रकरणको अभियुक्त पक्राउ' मनलाई थोरै सान्त्वना मिल्यो । कमसेकम अभियुक्त पक्राउ त परे । तर मेरी सानी साथी बुलुको हत्याराको अहिलेसम्म अत्तोपत्तो छैन । दिनभरि खबर कागज र रेडियो टेलिभिजनका पर्दाहरूमा हत्या अपहरण र लुटले चर्चा पाइरह्यो । म हत्तपत्त किचेनमा पुगेँ र लज्जावतीलाई टेलिभिजनको काँचसम्म डोहोऱ्याएँ उनी एकाएक सिथिल बनिन् । हामी दुवैजना देशको शान्ति सुरक्षाप्रति विक्षिप्त बन्यौं ।

कैयौं देशका कर्णधारहरूको बिनाकारण ज्यान गैरहेको छ । घटनापछि

मात्र प्रहरी प्रशासन सक्रिय हुन्छन् । देशको शासन-प्रशासन संयन्त्रलाई गिरोह र अपराधीहरूले ठाडै चुनौती दिइरहेको परिवेश जर्जर थियो । अभिभावकबिहीन घरजस्तो । व्यापारीहरू लुटिएका छन् । छोरी-चेलीहरू बलात्कृत भएका छन् । देशमा सधैंसधैं फेरी अराजकताभित्र कमजोर शासन भइरहेको छ । सरकारी संयन्त्र सारा लाचारीपनमा डुब्न थालेको छ । गाउँघर द्वन्द्वकालपछि शान्तिको आशा गर्दागर्दै झनै अराजकतातर्फ धकेलिएको छ । हत्या हिंसा लुटबाट आक्रान्त बन्दै गैरहेको थियो देश । सत् मानिस असत् र असत् मानिस सत् कहलिने गरेको छ ।

विश्व उत्तराधुनिक युगमा मेसिनलाई मान्छेभन्दा वौद्धिक वर्गमा नापिरहँदा अझै हामी ढुङ्गे युगको बीचारभन्दा पर कतै जानसकेका छैनौ । शासकहरू जनताजति पनि नबुझ्ने अज्ञानी भएपछि शासन प्रणालीमा अस्थिरताले डेरा जमाएको छ । वौद्धिक वर्गलाई पाखा लगाएर दुई-चार महिना झन्डा बोकेर हिंसाको आन्दोलनमा उत्रेपछि ल्याप्चे ठोक्ने पनि मन्त्री बनेको छ । देशको शासन आन्दोलनमा गरिने मुढेबलकै भरमा नचलोस पनि कसरी ? शासक र शासनप्रणाली गरीब र सङ्कुचित हुँदै गएपछि अस्थिरताले ठाउँ नओगोटोस् कसरी ?

०६२/०६३ को जनआन्दोलनपछि १० वर्षे गृहयुद्धको डढेलोमा परेका नेपाली जनताहरूले सुख शान्ति र समृद्धिको व्यापक आशा राखे । तर, शासन खेल्न नजानेका खेलाडीहरूले खेलेको तेक्वान्दो जस्तै हुँदै गयो । मौलाउँदो अराजक नीतिभित्रको यो राजनीतिले जनतामा घृणाबाहेक हृदयमा थप केही पलाउने आशासम्म रहेन । यो दलहरूले गर्न नजानेको राजनीतिको परिणाम हो ।

यस्तै हो यो देशका जनताले सधैं दुःख पाउनु नै लेखेको रहेछ क्यार ।

लज्जावती बोलिन् । 'ला, तरकारी डढ्यो होला म किचेनमा पुगेर आउँछु' । उनी किचेनमा गइन् । लज्जावतीका आँखा भरि असन्तुष्टिका पर्राहरू उछिट्टिएका थिए । फेरी पत्रिकामा आँखा दौडाएँ । अघिकै अपुरो समाचार कुरिरहेथ्यो मलाई ।

मेरी सानु साथी बुलु हराएर पनि कहिंल्यै नफर्कने बाटो तय गरेर गैसकेकी छिन् । खै ! अपराधी अझै पत्ता लागेको छैन ।

'के आज हामी दिनभरि घरमै बस्ने ?'–लज्जावतीले प्रश्न तेर्स्याइन् ।

कहाँ जानु त ? मैले भने–'आज दिनभरि तिम्रै काखमा शिर राखी निदाउने हो ।'

तपाईं त निदाउनुहुन्छ मचाहिँ के गरूँ ?'–उनी बोलिन् ।

मैले भनें 'तिम्रै काखमा यो जोबान सुम्पिदिएँ जे मन लाग्छ गरे हुन्छ ।'

उनी लाजले पानीपानी बनिन् जसरी लज्जावतीलाई छुँदा लाजले पल्याङ्पुलुङ्ग हुन्छ । बस् त्यसरी नै ।

'त्यसो भए आज हामी काठमाडौं बाहिरको रिसोर्टमा जाऔं । बेलुकीको खाना उतै खाने र यो बोझिलो दिमाग रिफ्रेस गरेर फर्कने हुन्न ? मेरो प्रस्ताव कस्तो लाग्यो ?'–मैले भने ।

'घरमा चम्पा एक्लै छिन् ।'–उनी बोलिन् ।

त के, भयो ? फोन गरेर भनिदेऊ । आज आउन भ्याउँदिन राम्रोसँग बस ।

उनले मौन स्वीकृति दिइन् ।

ल भन । कुन ठाउँ जाने ?

उनी एकै छिन् गम खाइन् र बोलिन् ।

'पोखरा त, धेरै टाढा हुन्छ । गोदावरी पनि धेरै पटक गइयो । ल ठीक छ । नगरकोट कस्तो लाग्छ तपाईंलाई ?'

मैले भने त्यति नरमाइलो छैन ।

त्यसो भए नजिक पनि, प्रकृतिको छटाभित्र रम्न पाउने पनि ।

तपाइँको लागि त झन् अति उत्तम ।

ठीकै छ । मैले भने, तर आज सबै कुरा तिम्रै मर्जीमा ।

हामीलाई तयार हुन केही समय लाग्यो ।

★★★

सापेक्ष सम्बन्ध

कालो चिल्लो कार, उनको कालो हिलभन्दा गुणौँ टल्केको छ । अगाडि झरेको कपालको एक केस्रा कानमा सिउँरिँदै उनी चालक सिटमा बसिन् । म चालकसिट नजिकै बसैँ । सिटबेल्ट लगाएँ । लज्जावती कार स्टार्ट गर्दै बोलिन् ।

'पुरानो कार ग्यारेजमा थन्काइदिएँ' अस्ति मात्र निकालेको 'सो रुम' बाट । दिज्यू पनि अमेरिकाबाट छिट्टै फर्कदै हुनुहुन्छ । उहाँको लागि हो यो कार । अहिले चाहिं मैले चलाउने गरेकी छु ।

कस्तो लाग्यो कार ? दिज्यू,कै 'च्वाइसमा' तर 'कलर भने मेरो च्वाइसमा । मैले भनें, 'राइट च्वाइस मलाई मन पर्‍यो ।

नयाँ कारमा नगरकोट मज्जैले घुम्न पाइने भो ।

नयाँ कार अन्य कारभन्दा कम डुक्र्यो । मैले ढोका लग गरैँ । उनी मुसुक्क मुस्काइन् र गेर दबाइन् । मैले रिमोट दबाएँ । मधुर गानासँगैँ गगनचुम्बी मानव जङ्गलका फाँटैफाँट कार चिप्लियो । कारले गति लिँदै काठमाडौँ उपत्यकालाई ओझेल पार्दै भक्तपुरको काखमा लुट्पुटिँदै अगाडि बढ्यो । अरनिको राजमार्गलाई बिदाइ गर्दै कमलविनायक हुँदै हामी अगाडि बढिरह्यौं । खरिपाटीबाट कार बिस्तारै उकालोतर्फ मोडिन

थाल्यो । सहरको दृश्य अझै पनि प्रष्ट देखिँदै थियो । वरिपरि प्राकृतिक हरियाली, स्वच्छ हावापानी, हरियो अनुभूति भैरहेछ । स्वर्गकै एक टुक्रा धर्तीमा झरे जस्तो ।

'एकैछिन् सुस्ताउने हैन ? कार साइड लगाऊँ न' मैले भने ।

उनले कारलाई साइड लगाइन् र साइड लाइट बालेर राखिन् । स्वच्छ प्राकृतिक संसारभित्र गुजमुज्ज हाँडी घोप्ट्याएजस्तो । एउटा मनमोहक दृष्य ।

'आहा ! क्षितीज कति रमाइलो ठाउँ ।'–उनी मेरो छातीमा शिर अड्याउँदै बोलिन् । क्यामेरालाई चट्टानको डिलमा अड्याएर दुवै जनाको विभिन्न पोजमा अटो फोटो सुट गऱ्यौं ।

'क्षितीज यो नगरमा तिमी र म, अनि यो मनमोहक प्रकृति कति सुहाएको छ हगि ?'–लज्जावती बोलिन् । साँच्चै यो प्रकृतिले तिम्रो र मेरो लागि उपहार दिए जस्तो छ । नगरकोट का हरिया वन जङ्गल । उनी मेरो कुममा हात राखेर शिर अड्याउँदै बोलिन् ।

मैले उनलाई अङ्गालोमा बेर्दै भनेँ'–यो नगर प्रेमीहरूको लागि हो म तिमीलाई प्रेम गर्छु । अनि तिमी पनि मलाई प्रेम गर्छौ र त, यो दुनियाँ सुन्दर छ । अनि मनमोहक छ । प्रेम आफैमा सुन्दर हुन्छ र दुनियाँलाई सुन्दर तुल्याउँछ ।'

'नगरकोटको रिसोर्ट पुग्न त्यति टाढा छैन धीत मरूनजेल प्रकृतिको रसास्वादन गरौँ । त्यसपछि बिस्तारै उकालो लाग्छौँ हुन्न ?'–मैले भने ।

'श्रीमान्को जो आज्ञा'–ठट्टैठट्टामा बोलिन् उनी ।

मैले भनें–'बिहे नहुँदै श्रीमान् बनिसकें म ?'

उनी जोडले हाँसिन् मात्र ।

हामीजस्तै एक जोडी अलि पर झाडीभित्रबाट प्रकृतिको रस्वादन गर्दै थिए । अलि पर बाइक स्टैण्ड गरिएको थियो । सहरकै आधुनिक युवायुवतीजस्ता देखिने तिनीहरू खै के–के गरेर एक आपसमा जिस्कँदै

थिए । हेर्दाहेर्दै एक आपसको ओठमा ओठ सुपर ग्लु टाँसिएझैँ टाँसिए । 'जाऊँ क्षितीज यहाँ धेरैबेर बस्नु हुन्न'-बिचलित भएझैं उनी झस्कँदै बोलिन् । मैले ठट्टा गर्दै भने-'किन र ! डर लाग्यो ?'

अँ...छैन ।

'एक आपसमा सम्हालिन गाह्रो पर्ला नि'-उनी बोलिन् ।

कतै, ठाउँ नै नभएको जस्तो कति हतारिएका हगि छि' उनी बोलिन् ।

मैले भने-'यहाँको वातावरण नै त्यस्तै छ । सबलाई आतुर बनाउँछ । प्रकृति नै त्यस्तै । र यो ठाउँ जवानी साट्नेहरूको सुन्दर बगैँचा हो । पारिवारिक घुमघाम गर्नेलाई मनमोहकता हो । साधुहरूको तपस्या गर्ने स्थल हो । यहाँ सबै कुरा छ प्रकृतिको । त्यसैले त नगरकोट मान्छेको लागि सुहाएको छ बिछट्ट । अँ है भन्दै मुस्काइन् उनी । मेरो कम्मरमा उनको बायाँ हात छ । हातमा मेरो साथ । उनले मलाई डोहोऱ्याउँदै कारसम्म पुऱ्याइन् । ल, अब तिमी चालक म ड्राइभर मैले भनें, तिमी थाक्यौ होला । अब म ड्राइभ गर्छु । थाकेकी त छुइन । तर आज तपाईं ड्राइभर । म यात्रु' हाँस्दै बोलिन् उनी ।

सिङ्गो जीवन हाँक्नु छ तपाईंले ।

'तर एक्लैले होइन'-मैले भने,-दुवै जनाले । जसरी आज कार ड्राइभ गऱ्यौँ त्यसरी नै । कार उकालोतर्फ मोडिदै गयो । नयाँ कार ड्राइभ गर्दा छुट्टै आनन्द अनुभव गरिरहें मैले ।

★★★

भक्तपुरबाट करिब २२ किलो मिटरको दूरीमा रहेको नगरकोट पुगियो । २ हजार एक सय ५८ मिटरको उचाईमा रहेको यो ठाउँ अचम्मै मनमोहक छ । स्वर्गकै एक टुक्रा पृथ्वीमा झरेको भान हुने ।

साँच्चै यहाँको मौसम प्रकृतिले दिएको अनुपम उपहार । सधैं शीतल र ठण्डा । हामी एक रिसोर्टमा पुग्यौँ र कार पार्किङ्ग गऱ्यौँ । रूम बुकिङ्ग

गऱ्यौं । लन्च सकेर साँझ पर्नु अगावै नगरकोटको टावरडाँडामा पुग्यौं । चारैतर्फको उपत्यका देखिने यो उँचाई । अनि उँचाईमाथि टावर । टावरबाट उत्तरी पूर्वी भागमा हेर्दा एउटा सानो पहाडी संसार । दक्षिण पश्चिमतर्फ काठमाडौँ उपत्यकाको खोंच ।

डाँडाबाट उत्तर तर्फ देखिने हिमाली दृश्य । नागबेली बाटोका रेखाहरू । झरना, नदी, पहाडी श्रृङ्खला, अनि हरियो संसारको अन्तरकुन्तरमा देखिने छरपस्टिएका गाउँहरू आहा ! कति मनमोहक दृश्य । आँखामै टाँसिरहुँजस्तो । मेलम्चीको फाँटैफाँट सल्बलाइरहेको इन्द्रावतीसँगै यता काठमाडौँ उपत्यकाको दृश्य एक धर्को पहाडले छेकेको छ । हेरिरहुँ लाग्ने सुन्दर नगरमा म र लज्जावती । अहो ! कति आनन्द, उनी डायरीमा मलाई सोध्दै टिप्दै थिइन् नगरकोटबाट देखिने सुन्दर पहाडी उपत्यका र प्राकृतिक सुन्दरताका सोतहरू ।

उत्तरतर्फको हिमाली दृश्य अझै सुन्दर छ । हिमालको काखमा अवस्थित सिन्धुपाल्चोक जिल्लाका आधिकांश गाउँहरू नगरकोटबाट छर्लङ्ग देखिन्थे । उनले आँखामा लेन्स लगाइन् र आइग्लासका रोलहरू घुमाउन थालिन् । इन्द्रावतीका खोला किनारका गाउँहरूले नगरकोटलाई चुमेझैँ आभास हुन्थ्यो । ऐँसेलुखर्क, बाँडेगाउँ, सिपापोखरे, नवलपुर, भोटेनाम्लाङ्ग, भोताङ्ग, सेलाङ्ग, गुम्बा,पाङ्ताङ् हगाम, स्याउले, चौतारा, ठुलोसिस्न्वारी, इर्खु, शिखरपुर आसपासका अन्य क्षेत्रहरूसँगै च्यो,च्यो लेक साह्रै मनमोहक देखिन्थ्यो ।

सिन्धुपाल्चोक,दोलखा, काभ्रे आदिको दृश्यावलोकन मात्र हैन सूर्योदय हेर्नसमेत नगरकोट प्रचलित छ । जो हामी हेरेर मन्त्रमुग्ध थियौं । सूर्योदय हेर्नको लागि कि, त इलामको अन्तुडाँडा कि नगरकोट सबैको मुखमा यही झुण्डिएको छ ।

नजिकै फेदीमा कुन्ताबेसीको लोभलाग्दो फाँट मुसुक्क मुस्काइरहेछ ।

नरमान्दपाटी चाखोला बोकेर नगरकोटलाई ठाडो नजर लगाएर हेरेको हेऱ्यै छ । इन्द्रावती जाङ्घ फैलाएर उन्मादका साथ नगरकोटलाई जिस्काउँदै बगिरहेको छ । उता चीनको दक्षिणी भू–भागको थोरै अंश क्षितीजभरि सल्बलाउँदै यता कालिञ्चोकसँग कुरा गरेझैं उभिएको छ । गौरीशङ्कर हिमाल र जुगलले प्रमाणिक समय पेस गरेझैं ठडिएको छ । दायाँतर्फ शिवपुरी लेकको मनोरम दृश्यले आकर्षण गरिरहेछ । बायाँ फुल्चोकी डाँडाले हातै समाएर तान्न खोजेझैं । उता नागार्जुन पर्वत गजधुम्म उभिएको छ । दक्षिणतिरको थानकोट तराईको सिमाना मै हुँ जस्तै गरेर धादिङलाई ओझेल पार्न खोजेजस्तो । साँझ पर्दै गयो । हामीले सुन्दर अल्कापुरीको आभास साटासाट गऱ्यौं । बिजुलीको झलमल्लमा सहरहरू झकिझकाउ देखिन्थे मन्डपमा वेहुली सिँगारिएजस्तै । मैले भने–'यो मन्डपभित्र तिमीलाई दुलही बनाई अन्माउने कहिंले ?
अँ, तपाईं पनि'...लजाऊँदै लज्जावती बोलिन् । मैले उनको कोमल गालामा साँझको मौका छोपी ओठको एक छापे ल्याप्चे लगाइदिएँ । उनले सानो स्वरमा भनिन् 'ग्रेट म्यान' । त्यसपछि हामी दुवै जना रिसोर्टतिर हानियौं ।
बाथरूम सकेर कोठामा बसिरहेकै बेला फोनको घन्टी बज्यो । मैले केही स्न्याक्स र एक फुल 'हार्ड ड्रिङ्स' अर्डर गरैं । रूमब्वाई सर्भिसको लागि हाजिर भयो ।
'सर, अरू केही ?'–खाली ट्रे हातमा लिँदै बोलिन् ।
मैले भने–'आवश्यकता परे बोलाउँला ।'
थैङ्क्यु सर, सर्भिसर बाहिरिन् । मैले रूम लग गरैं ।
भर्खर वाथरूम सकेर आएकी 'लज्जावती' पारदर्शी कपडाभित्र आकर्षक देखिएकी छे । उनको आकर्षक चन्द्रबदन मुहार र ओभानो कालो कपालसँगै शरीरमा छपक्कै टाँसिएका नाइट गाउनभित्रको थुम्का

पहाडका चुलीहरू सागरमा तैरिएको पारदर्शी जमेको लेउलाई जिस्काएभैँ जिस्किरहेका छन् । कता कता अनौठो तरङ्ग अनुभूतिमा छचल्किरहेछ । न्यानो घामको स्पर्शमा लाजवन्ती भारले आफूलाई सर्वाङ्ग प्रकृतिको काखमा सुम्पिएजस्तै । नतमस्तक भै लजाएजस्तै खै के–के, सोचेँ के–के । जे मनको गहिराइबाट उत्पन्न हुन्छ त्यही । जस्को कल्पनामा गजल र गीत लेखेर सुत्नेहरू वा रोएर आफ्नो मन हल्का पार्ने विद्वान्हरू पनि बुझ्न सक्दैनन् । यो त एउटा राप हो जवानीको । लज्जावती र क्षितीजको साख्य प्रेमको जङ्गलमा बिस्तारै फैलँदै गएको एउटा राप । सिर्रसिर्र... सिर्रसिर्र...चिसो हावाको एक भोंका हरिया वन जङ्गलका लहरा र बुट्यानहरूसँग जिस्कँदै कोठासम्म आइपुग्यो । मनमा अनौठो भावना जागृत गराएर गयो । मैले एक कुल्फी सिगरेट् जलाएर भने । सुरु गरौँ न त ।

दुवै जनाको वाइनपट उठ्यो । चियर्स...को भाव छताछुल्ल पोखियो टेबलमाथि । सुरूप्प एक घुट्को लगाएर कुरूप्प स्न्याक्क चपाएँ । उनले पनि त्यसै गरीन् र नसालु आँखा मतिर बिछ्याइन् । के भनुँ, के भनुँ भैरहेको म प्वाक्क बोलें ।

लज्जावती, जब पिउँछु नि, विगतले पछ्याउन थाल्छ मलाई । थाहा छ तिमीसम्म आइपुग्न कति गारो भएथ्यो मलाई ? धन्न लुँजलासँग भेट भयो र तिम्रो समीप आइपुग्न सफल भएँ ।

ती विगतहरू भुलिदेऊ क्षितीज । जति सम्झ्यो त्यति छाती काट्छ । वर्तमानसँग रमाएर बाँच्नु नै जिन्दगी हो । उनी प्रफुल्ल मुद्रामा थोरै मुस्कुराउँदै बोलिन् । मैले केही बुझ्न सकिनँ ।

धेरै अबेर 'रोमान्टिक' हुँदै गफियौँ हामी । हाँसखेल र ठट्टैमा रात पलाउँदै छ र ढल्दैछ । मनभरि एउटा उकुमुकुस जारी रह्यो । हुरी चल्दैछ, मनको आगो बल्दैछ नसा नसामा । उनका प्यासी आँखाहरू

चिलको नङ्ग्राले चल्ला कोतरेझैं कोतरिरहेछ मेरो हृदयलाई । तोङ्वा यात्राको स्मृतिसँगै आँखाभरिभरि फेरि एकचोटि लुँजला सल्बलाइन् । तर, यो पटक भने म विचलित विल्कुल छुइन र पन्छिनेवालामा पनि थिइनँ। किनकि मेरो अँगालोमा लुँजला होइन लज्जावती थिइन् । हृदयको हिरा । मेरी दिलकी राजकुमारी । अझ भनौं तिर्खाएको काकाकुल म, र तिर्खा मेट्ने आकाशबाट झर्र झर्र झरेकी सङ्लो झरी उनी । बस यही पर्खाइमा थिएँ म ।

★★★

बाहिर अचानक मौसम बदलियो । बिजुली चम्क्यो र वर्षा भयो । क्षितीजमा बादल ठोक्किएजस्तै लज्जावती ठोक्किएकी छे मेरो हृद्वयको अजङ्ग पहाडमा । बादलको कालोपन हटेजस्तै लज्जावतीको लाज हटेको छ । बिस्तारै यहाँ पनि मौसम बदली भयो । विजुली चम्क्यो र शीत वर्षा भयो । पटकपटक मौसम बदलिरह्यो कतिरखेर थामियो थाहै भएन । लछप्पै भिजाएर उनको शरीरसँगै कतिखेर जवानी पोखियो थाहै भएन । लजाऊँदै उनको मुखबाट फुत्त एउटा मिठो शब्द उछिट्टियो । 'पागल...' मैले पनि भनिदिएँ–'म लाख पागल । मुर्खै सही । यो प्राकृतिक देनभित्र ।' र भनिदिएँ–'सधैं तिमी यो अवसरबाट मलाई बञ्चित गर्दैनौं भने मलाई लाख पागल सह्य छ ।'

सबेरै लज्जावतीले झक्झकाउँदै ब्युँझाइन् । बिहानको पाँच बजिसकेछ । अझै आँखा अनिदो थियो । 'सनसाइन्' हेर्ने हैन ? लजाऊँदै बोलिन् उनी । कति छिटो ब्युँझिसकिछिन् । बेडको तन्ना भुइँसम्म लत्रेको थियो । छरपस्ट कपडाहरू कतिखेर आ–आफ्नो ठाउँमा सो केसमा सजिएझैं सजिईसकेछन् । 'कति चलाख यिनी' मनमनै भने, 'आफ्नै धर्मपत्नीजस्ती' । फेरि आफूले आफैलाई प्रतिवाद गरैं, 'केको, धर्मपत्नीजस्ती मात्र ? धर्मपत्नी नै हो नि' फेरि अर्को मनले भन्यो, 'हैन बिवाह नै नभई कसरी ?' यो

विवाह भन्ने संस्थाले पनि गर्नु गऱ्यो । जहाँ तन मन शरिर भन्दा यो किन बलियोसँग उभिन्छ हँ ! नानाथरी शब्द सङ्ग्राम चल्यो मनभरि । जे होस् लज्जावती मेरै हो नि, किन द्विविधा । तर मान्छे कसैको निजी हुन्न । तैपनि यो मन लज्जावती भन्दा पर जानै मान्दैन ।

स्वदेशी तथा विदेशी पर्यटकहरू मर्निङ्वाक्सँगै डाँडावरिपरि हातमा क्यामेरा बोक्दै घुम्न थाले । सूर्योदय हुनु केहीबेर अघि नै हामी पनि 'रूफ टप' उग्लियौँ । सबै जना सूर्योदयको प्रतीक्षामा यताउता जिउ मर्काउँदै हल्लिरहेका थिए । 'रूफटप'बाट वरिपरि देखिने पर्यटकहरूको चहलपहलले वातावरण मन्त्रमुग्ध बन्दै गयो । रातभरि पानी परेर छर्लङ्ग उघ्रिएको आकाशले वातावरणलाई मन्त्र मुग्ध पारिदिएको थियो ।

ऊ...ऊ... सनराइज हुनै आँट्यो । झण्डै उफ्रिएरै चिच्याइन् लज्जावती । दोलखा जिरी र सिन्धुपाल्चोकसँगै जोडिएको चीनको नाकाहुँदै पूर्वबाट आकाशमा छुट्टै किसिमको उज्यालो खुल्दै आयो । लज्जावतीको गलामा क्यामेरा झुण्डिएर छातीसम्म फैलिएको छ । उनी साह्रै खुसी देखिन्थिन् । बिस्तारै पहेँलो सुनको चोक्टाजस्तो सानो भाग अकाश माथि-माथि सऱ्यो । मौका पारेर थुप्रै फोटो खिच्यौँ । हामी जे गर्दै थियौँ अरू जोडीहरू पनि त्यही गर्दै थिए । कति रमाइलो बिहानी । मौसमले साथ दिएँ । पुरै चौबिस घण्टा कुर्नै पर्छ सूर्योदय हेर्न । हेर्दाहेर्दै पहेँलो घाम चम्कियो र रापिलो हुँदै गयो । अन्डाभित्रको नानीजस्तो पहेँलो देखिएको घाम धेरै बेर टिक्न सकेन । बिस्तारै बैंशको उकालो चढ्यो । बस् केवल एक दिन हो सूर्यको जीवन र जवानी । क्षणभरमा उदाउने, क्षणभरमै हुर्कने र क्षणभरमै अस्ताउने मान्छेको जीवनजस्तै ।

घामले बाह्र/तेह्र घन्टामा आफ्नो कर्तव्य पुरा गरेर जान्छन् तर हामी वर्षौं बाँच्छौँ र पनि केही गर्न अघि सर्दैनौ । कर्तव्य बिर्सेर मर्छौं र पनि बाँच्छौँ । बस् मान्छेर सूर्यमा फरक यही छ ।

पराकाष्ठा

ढोकाको ढक्ढक्ले मलाई उठ्न वाध्य पाऱ्यो । दोर्जे रहेछ । जिन्दगीसँग थाक्दा– थाक्दै भागेर आएको जस्तो उनको अनुहार विचित्रको देखिन्थ्यो । लाग्थ्यो दोर्जे विवश कहानी बोकेर म सामु आइपुगेको छ । तर के थाहा दोर्जेलाई, म पनि त दोर्जेकै कोटामा परेको छु । अझ बढी । ऊ सुनाउँछ मलाई आफ्नो राम कहानी फरक यति नै छ कि म लज्जावती र लुँजलाको बारे केही सोच्न सकिरहेको छैन । आज म दोर्जेको कथाको मूक श्रोता बनेको छु । मैले सोचेको थिइनँ जिन्दगीमा यस्तो मोड पनि आउँछ भनेर जिन्दगी सोचे जस्तो कहाँ हुन्छ र ? हुँदो हो त, सायद आज दोर्जे मसँग यसरी ठोक्किन आउने थिएन । विगतमा सधैं चुल्बुलिने दोर्जेको स्वभावमा म आकाश जमिनको अन्तर देख्छु । दुब्लाएको ख्याउटे शरीर सायद मायाँको निसानी हुन सक्छ । मलाई दोर्जेलाई देखेर एक पटक बेस्कन हाँस्न मन लाग्यो र फेरि बेस्कन रून मन लाग्यो । उसले अघि पनि एकपटक फोनमा भनेको थियो । 'मलाई मायाले बर्बाद बनायो ।' सायद आज ऊ त्यही बर्बादी सुनाउन आइरहेछ मकहाँ ।

कहिल्यै निराश नदेखिने उसको निराश अनुहारले मलाई अन्यौलको झापड हान्यो । सायद मेरो शङ्का सही थियो । ऊ बोल्यो–'क्षितीजजी आज म पनि तपाइँको कथाको पात्र बन्न आएको छु । तपाइँ सजीव कथाहरूको लेखक भलै आफै कथामय जिन्दगी बाँचिरहेको मान्छे। कहाँ म कथाको अनुत्तरित पात्र ।

मैले भने,–'खै र छाडिदेऊ ती विगतहरू । जो छुरा बनेर मुटुमा रोपिन आइपुग्छन् । बरू भन यति लामो समय कहाँ हरायौ तिमी ?'

दोर्जे आँखाभरि नसुहाउने गरी आँसु राख्दै बोल्यो,–'क्षितीजजी ! जीवन आखिर कहानीभन्दा बढी अरू केही रहेनछ । दुनियाँ तिमी र मैले सोचेजस्तो कहाँ हुँदो रहेछ र ?

तर पनि क्षितीज ! जिन्दगी अभिनय हो भने मलाई माफ गर । मैले दुनियाँको रङ्गमञ्चमा अभिनय गर्न जानिँनँ । जीवन सागरभित्र मैले पौडिन जानिनछु । डुबेको छु आज म महासागरमा । फसेको छु दलदलमा अनि भासिदै छु जिन्दगीका पहिरोहरूसँगै । भासिनु र नासिनुको हिसाब किताब नमिलेर भनुँ या यात्राका गौंडाहरू थुनिएर लड्खडाइरहेको छु म । दुखको भुमरीमा जसरी पात फन्फनाइरहेछ बस् त्यसरी नै फन्फनाइरहेछु । त्यसैले त म तिमीलाई खोज्दै यहाँ आइपुगेको छु । हेर न यो ईश्वर पनि कति अन्याय गर्छ मलाई । दुःखमाथि दुःखको भार थप्नु सायद उनको रीत होला ।

हैन के भएछ दोर्जेलाई ? ऊ बोल्दै गयो म सुनिरहेछु ।

तिमीसँग म फेरि एउटा भारी बिसाउन आएको छु । मनको भारी ।

'बाल्यकालीन समयमा गाईवस्तु वन डुलाउँदै रनवनमा रमाएझै कहाँ हुँदो रहेछ र जीवन ? विदेश जाने मोह त्यागेर म पढाइ सकेर बुढेसकालका बाबुआमाको साहारा बन्न गाउँ पुगेँ । वसन्तको समय थियो त्यो । पालुवाहरू पलाउदै फर्र्कदै थिए । वनैभरि लटरम्मै चुत्रो, काफल

र ऐसेलु फलेका थिए । बस्, म पनि वसन्तमय रङ्गीन जिन्दगी बोकेर कहिंले चुत्रोले मुख रङ्ग्याउँदै, कहिंले ऐंसेलुका पहेला नरम दानाहरूको रसास्वादन गर्दै काफलचरीलाई जिस्काउँदै गाउँघरमा रम्न थालें । त्यतै एउटा विद्यालयमा शिक्षकको काम गर्न थालैँ । त्यो मेरो बाध्यता थियो । दोर्जे बोल्दै गयो । म मूक सुनिरहें ।

एक दिनको कुरा हो । बाल्यकालमा रमाएका बन जङ्गल चहार्न मन लाग्यो र गएँ । एउटा बूढो काफलको रूखमुनि परीजस्तै एउटी युवती मुस्कुराइरहेकी थिई । उसले मलाई काफल टिप्न र वन डुलाउन पनि सहयोग गरी । फरासिली उनको व्यवहारले म भर्खरै किशोरावस्थामा प्रवेशको सुखानुभूति गर्दै थिएँ । मानौ सिङ्गो संसार मेरो थियो । ती वसन्तका पल्लवहरू मेरै जिन्दगीका आधार थिए मनभरि चञ्चलपन । साँच्चै वसन्तले मेरो मन उडाएको थियो चङ्गाजस्तै खुसीको आकाशमा । जिन्दगी पंक्षीजस्तै कति उल्लासमय थियो । उडेर जूनै टिपौँ जस्तो । जिन्दगीको मैदानमा कुदिरहूँजस्तो । हो, मैले संसार जित्ने सपना बोकेको थिएँ । त्यतिखेर भर्खरै उडाएको बिहानी उषामय लालीजस्तो । कति रमाईलो कति घमाइलो जिन्दगी ।

उनको नाम अप्सरा थियो । साँच्चै अप्सरा जस्तै राम्री थिइन् उनी । उनको र मेरो माया यसरी झाँगियो सारा बगैंचामा सुगन्ध छरेर फुलेको लहरी फूल जस्तो । बिडम्बना दुःख बाजा बजाएर आउँदैन भन्थे सही रहेछ । अकस्मात् बाबा बिमार हुनुभयो । गाउँको परिवेश त्यही न हो, अन्धविश्वासभित्र अल्मलिएको समाजले बाबालाई विकार परेको सावित गरे । धामीझाँक्रीहरूले बोक्सी लागेको भनी चिन्ता गरे । कालो बोको काटे, कुखुरा मन्छाए । मेरो शिक्षा र चेतना त्यतिखेर बुर्जुवा र शून्य साबित भयो क्षितीजजी । बाबालाई ठिक होस पनि कसरी ? बाबा अस्पताल जानै मान्नुहुन्नथ्यो । औषधि सेवन गर्नु पाप मान्नुहुन्थ्यो । फलतः

सदा सदाको लागि उहाँले हामीलाई सहाराविहीन बनाएर जानुभयो । बाबाको वियोगमा आमा मुर्छा परी रूनुहुन्थ्यो । के गर्नु भाग्यले ठगेपछि अनि अन्ध-विश्वासले गाउँघर लपेटिएपछि मेरो केही सिप चलेन । बाबालाई हस्पिटल लाने कुरा गर्दा गाउँलेहरू मलाई समाजबाटै बाहेक गर्न पछि परेनन् । विभिन्न औषधी त किनेर लगियो तर बाबा बरू मरिजानु भो खान मान्नु भएन ।

यस्तै छ अझै पनि हाम्रो गाउँ घर । अन्धविश्वासभित्र पिल्सिएको छ । बोक्सी र धामीलाई उनीहरू सर्वेसर्वा मान्छन् । धिक्कार छ त्यो युगका ठुलाठालुलाई जसले समाजमा यस्तो अन्धविश्वास लपेटिदिएका छन् । बाबाको अन्त्यपछि मेरो घर जूनबिनाको आकाश भयो । म बाबाको यादमा वियोगी मन लिएर डुलिरहेँ । आमा सधैँ रूनुहुन्थ्यो । आमाका आँसुले मलाई सधै-सधैं भित्रभित्रै पीडा दिन्थ्यो । म आमालाई नरूनोस् भन्दै आँसु पुछ्न अघि सर्थें । तर आमाका आँसु पुछ्नुअघि नै मेरो आँखाभरि आँसु हुन्थ्यो । आमा मलाई भन्नुहुन्थ्यो केटा मान्छेभएर रून्छस् छोरा ? त्यतिखेर मैले रूँदै रूँदै भनेको थिएँ तपाई किन रूनुभएको त आमा ? आमाले मलाई अँगालो हालेपछि आमा छोरा दुवै जना रून्थ्यौं । बाबाको अन्त्यपछि म धेरै विक्षिप्त भएँ । विक्षिप्त मन बोकेर गाउँमा अन्धविश्वास हटाउने अभियानमा लागिपरें ।

★★★

मैले भनें,-'दोर्जे ! जिन्दगी नै सङ्घर्षको लागि हो ।' त्यसपछि के भयो ?' 'मैले धैर्यतापूर्वक उनलाई सान्त्वनाको ढाडस दिंदै भने ।

ऊ बोल्यो,-'मेरो जिन्दगी झन्झन् कष्टकर बन्दै गयो । सारा घर व्यवहार मेरा टाउकामा पऱ्यो । समय यति निर्दयी बनिदियो कि सधैं-सधैं मेरो जीवनमा वज्र वनि वज्रिरह्यो । म मुढोझै खेपिरहें । केवल अचानोले खुकुरीको चोट खेपिरहेझैं । किन यस्तो हुन्छ जिन्दगीमा

वज्रपात नै वज्रपात, थाहा थिएन ।
समयले कोल्टे फेर्दै गयो । बिस्तारै मन बहलाउने बाटो अप्सरा बनिन् । उनको र मेरो सम्बन्ध मनिप्लान्टको लहराझैं झाँगिदै गयो । हाम्रो सम्बन्ध बिस्तारै अघि बढ्यो । आवश्यकभन्दा बढी नै हिमचिम हुन थाल्यो । उनले गाउँमा महामारीको रूपमा व्याप्त अन्धविश्वास हटाउने अभियानमा मलाई राम्रै सहयोग गरिन् । उनी समाजले अछुत र सरकारले दलितको उपाधि दिएकी युवती थिइन् । उनी मेरो नजरमा ऊर्जावान् र परिवर्तनकामी नारी थिइन् । उनले मेरो मन जितिन् । मैले उनलाई आफ्नो मनमन्दिरमा सजाउन पुगें । एक दिन उनले मलाई एकान्तमा भेट्न बोलाइन् । मैले हुन्छ भनें । समय मिलाएर उनी र उनका दिदी मेरामा आए र हामी त्यहाँबाट तीनै जना केही दिनको लागि गाउँ छाडेर नगरकोट तर्फ लाग्यौं । उनको र मेरो मायाको साक्षी उनले दिदीलाई राखेकी थिइन् । नगरकोटको होटलमा हामी बसेका थियौं । दिदीको आँखा छलेर अप्सरा मलाई केही भनुँझैं गर्थिन् तर सक्दिनथिन् । साँझ डिनर सकेपछि हामी अबेरसम्म कुराकानी गरिरह्यौ । अप्सराको आँखामा नीद थिएन । उनी घरिघरि मलाई इसारामा के के भन्न खोज्थिन् तर उनी दिदीका अगाडि मौन हुन बाध्य हुन्थिन् । दिदीलाई मायाको साक्षी राखेर हामी फर्कियौं । समय बित्दै गयो । हाम्रो भेटघाट पनि बाक्लिदै गयो । समयले थाहै नदिई हामी दुवैलाई प्रेमको परिधिले बाँधेर मायाको ताजमहलभित्र कैद गरिदियो । जिन्दगीमा यतिबिघ्न खुसी थपियो कि म त मेरो मायालु अप्सरालाई अँगालेर पागलै बनेछु । विगतका वियोग भुल्ने बाटाहरू खुल्दै गए । ती पलहरू आज सम्झदा पनि आफै ईष्याले भुतुक्कै हुन्छु ।
खुल्ला अकाशमा उडेको पंछीको जोडीझै समयको बहावसंगै उथल पुथल हृदयका सन्तापहरू बिसाउन मेरी प्रिय अप्सरा र म कहिंले

नगरकोट त कहिंले नमोबुद्ध, कहिंले ककनी त कहिंले गोदावरी पुग्थ्यौ । यौवनले नतमस्तक हामी ढुकुरको जोडीझैं माकुर..कुर... गर्दै जवानीको चौतारीमा एक अर्कालाई समर्पण गरी तृप्त हुन्थ्यौ । अनि डाँडा–पाखा छहराले हामीलाई जिस्काएझैं लाग्थ्यो ।

समय चक्र हो घुमिरह्यो वर्षौं बिते । म विद्यालयको तालिमको क्रममा राजधानीमा थिएँ । एउटा खबर सलाईजस्तै कोरिएर आयो र अचानक हाम्रो मायाँको बस्तीमा डढेलो लगाएर गयो ।

मेरो र अप्सराको सम्बन्धमा हाम्रो समाज तगारो भयो । अप्सरा र मेरो सम्बन्धलाई लिएर उनलाई गाउँलेले सामाजिक दुर्व्यवहार गर्दै गम्भीर घाइते हुने गरि कुटपिट गरेछन् । साथीको सहयोगमा उनलाई सहरमा उपचारको लागि ल्याइयो । टिचिङ अस्पतालमा इमर्जेन्सी वार्डमा उनी बसेकी थिइन् । उनको टाउकामा गम्भीर चोट लागेको थियो । अन्ततः उनलाई अस्पतालका डाक्टरहरूले बचाउन सकेनन् । आज उनकै अन्त्यष्टि सकेर मनको घाउ लिएर यहाँ आएँ ।

दोर्जे साह्रै विक्षिप्त थियो । मैले उसलाई सम्हाल्न धेरै समय खर्चिनु पर्‍यो । अर्कोदिन नमिठो मान्दै ऊ गाउँ फर्क्यो ।

★★★

षड्यन्त्र

खै, नगरकोटबाट फर्केदेखि न फोन नै गरेकी छिन् लज्जावतीले न भेट्न नै आएकी छिन् । 'हेरौँ कति दिन सक्दिरहिछन्' मैले मनमनै घुर्क्याएँ उनलाई । एक दिन कानै तताउने गरी 'डोर बेल' बज्यो । आ... यति सबेरै को आए होलान् ? पक्कै लज्जावती त आइनन् ! पर्ख न म पनि सताउँछु । बसून् न एकछिन गेटमै । फोन गर्नै बाध्य बनाउँछु म उनलाई । कति न सरप्राइज दिन्छु भनी आएकी होलिन् ।

कट्याक्...ट्याक् ...ट्याक्..ट्याक..

'डोर बेल' निरन्तर वजिरह्यो

'हैन' लज्जावती आएकी भए त गेट खोल्न ढिलो भएपछि फोन गर्नुपर्ने । तर खै ! फोन बजेन । सोचें आफै जानुपऱ्यो । गेटमा पुग्नु अगावै बरण्डाबाट चिहाएँ । वरिपरि बर्दिधारी प्रहरीहरूको कुँडुलोले घर पुरै घेरिसकेको रहेछ । भित्रभित्रै शङ्काले डेरा जमायो । किन प्रहरीहरू घर घेरिरहेछन् ? के गल्ती थियो मेरो ? मैले जवाफ पाउन सकिनँ । मनभरि खैलाबैला मच्चियो । बिस्तारै गेट खोल्न अघि बढैं ।

'क्षितीजको घर यही होइन ?' असईले नम्रताका साथ सोध्यो ।

मैले भने । 'हजुर' हो ।

क्षितीज भन्ने को हो ?

म नै हुँ सर, किन, के भो र ?

वरिपरि हतियारधारी सिपाहीहरूले घेरिसकेको थियो मलाई ।

'साला अपहरणकारी... एक जना सिपाहीको मुखबाट बन्दुकको गोलीजस्तै फुत्त एउटा बोली उछिट्टियो ।

हैन, के भन्दै हुनुहुन्छ ? म अपहरणकारी ? मैले कस्को अपहरण गरेँ र ? झुठ बोल्दै हुनुहुन्छ तपाईंहरू । मैले कसैको अपरहण गरेको छैन ।

साला... अझै कसैको अपहरण गरेको छैन भन्छस् ।

ल, खा... राँडको छोरा

ऐया...मरें...

म एक्कासि चिच्याउन पुगेछु । अपशब्द फोहोरी मुखबाट तुरूक्क तुर्क्याउँदै बन्दुकको कुन्दा बज्र्यो म माथि । मेरो मुखबाट बगेको रगत कपडाभरी लत्पतिसकेको थियो ।

अझै ढाँट्छस् ?..साला ... ।

कति न दिदी नै लगेको जसरी भिनाजु बनेर साला बोल्दै छ ऊ । अर्को सिपाहीले पनि बन्दुकको कुन्दाले मेरो टाउकोमा जमाएर दियो । म रगताम्मे भै भुइँमा ढलेछु ।

★★★

होस खुल्दा मैले आफूलाई प्रहरी कार्यालयमा पाएँ । 'साले खुब अभिनय गर्छ अपहरणकारी' फेरि अपशब्द प्रहार गऱ्यो सिपाहीले । मेरो शरीर अगाडि विक्षिप्त र आक्रोसित मुद्रामा एउटी महिला टुसुक्क बसिरहेकी जस्तो लाग्यो । बलजफ्ती आँखा खोलेर हेरेँ । उनै मेरी सानु साथी बुलुकी 'मम्मी' रहिछिन् । मैले सकीनसकी टाउको उठाएर सम्बोधन गरेँ ।

'भाउजू ! तपाइँ यहाँ ?'-मैले नम्र भएर सोधें । उनी एकाएक आक्रोशित

हुदै बोलिन्, 'खै ! मेरी बुलु ? खै ! तैँ हैनस् मेरी बुलु मार्ने ? तैं हैनस् ? खाइस् मेरी बुलु ? पकाएर खाइस् ?'–उनले मप्रति सहानुभूतिभन्दा पनि बाघले बाख्रा झम्टे झैं झम्टँदै मेरो अनुहारमै थुकिदिइन् ।

खै ! किन उनी बुलुको हत्याको आरोप लगाउँदैछिन् मलाई । हातले मुखभरि लत्पतिएको रगत पुछ्दै मैले भने,–'भाउजू, किन मलाई यत्रो आरोप ? किन भाउजू ? न मैले बुलुको अपरहण नै गरेँ न, हत्या नै । आखिर यो सबै के हो भाउजू ? के हो ? मलाई भन्नैपर्छ तपाईंले । बुलुको कारण जति चिन्तित तपाइँ हुनुहुन्छ त्यो भन्दा बढी म चिन्तित थिएँ र छु ।

उनी कठोर हुँदै बोलिन्–'त्यसो भए त्यो दिन, दिनभरि तिम्रै कोठाभित्र तिमीसँगै खेलेकी बुलुलाई कल्ले मा-यो त ? कल्ले ? हाम्रो सोझोपनको फाइदा उठायौ हैन ? यदि तिमीले अपहरण गरी हत्या नगरेको भए हत्यारा फेला पर्नुपर्थ्यो नि । त्यसैले बुलुको हत्यारा तिमी नै हौ सिर्फ तिमी ।'

'हरे' यो कस्तो आरोप हो ममाथि । यो के आपत आइपर्दैछ । किन फसाइरहेछन् यिनीहरूले मलाई । किन जबरजस्ती नखाएको विष लाग्दैछ ममाथि । के सत्यको दिन गएकै हो ? फेरि अर्को मनले भन्यो । 'सत्य सत्य नै हुन्छ झुठो अन्ततः झुठै सावित हुन्छ ।' तर म निर्दोष छु । र पनि दोषीको रूपमा पक्राउ परेको छु । बुलु अपहरणदेखि हत्यासम्मको आरोप लागेको छ ममाथि ।

मेरो धमिलो आँखामा चुरोटको धुवाँ उडाउँदै एक अधबैंसे मान्छे मतिर बढ्यो । 'विश्वास दाइ रहेछ' मैले हात जोडेर रोएर भने,–'विश्वास दाइ यो के गर्नुभएको ? तपाईंको त नाम मात्र विश्वास रहेछ । यो केको सजायँ दिंदैहुनुहुन्छ मलाईं ?'

उनको मुखबाट मैले नसोचेको रूखो जवाफ आयो ।

'गधा ! तँलाई कोही नपाएर मेरै छोरी मार्नुपर्थ्यो ? तँलाई के चाहिन्थ्यो मेरो अगाडि आएर खुलेर भनेको भए पूरा गरिदिन्थेँ तर, तैँले मेरो कोपिलामै फुल्दै गरेकी बुलुलाई मारेर त्यस्तो क्रूर काम गर्नुहुँदैनथ्यो । ल भन्, किन र केका लागि मारिस् बुलुलाई ? भन् गधा,'–उनले मेरो शरीरमा लात बर्साए । मैले जीवनमा पहिलोपल्ट पुरूषत्वबाट हारेर आँसु चुहाउँदै भने । 'विश्वास दाजु मलाई विश्वास गर्नुस् । बुलुलाई मैले मारेको हैन । मेरी आफ्नै छोरी र बहिनीजस्ती त्यति सुन्दर कोपिलालाई म त्यस्तो चिताउन समेत सक्दिनँ । कोपिलाहरू मास्ने मेरो आदत छैन । न फूल नै ।'

विश्वास दाजुले आगो हुँदै झपार्‍यो मलाई । 'अझै नाटक गर्छस् ? तँ जिन्दगीलाई अभिनय ठान्छस् ? तेरो यो झुठो रङ्गमञ्च भत्काउन मलाई पनि आउँछ गधा । दिनभरि तैँसँग भएकी बुलु तैँले नै अपहरण गरेको थिइस् र मारेको पनि तैँले नै हो ।'

म युद्धमा हारेको सिपाहीँजस्तै गल्दै थिएँ । मैले जोडले भने,–'नाईं विश्वास दाजु । तपाईं झुठ नबोल्नुस् मैले गल्ती गरेको छैन । नाटक त तपाईं गर्दै हुनुहुन्छ । इतिहासको कालखण्डले नबिर्सने अभिनय तपाईं आफै गर्दैहुनुहुन्छ । निर्दोष व्यक्तिलाई दोषीको बिल्ला भिराउन खोजेर । तर म निर्दोष छु विश्वास दाजु ।'

ऊ झन् कड्कियो–'यो सब बिस्तारै भन्नेछस् गधा । लाज लाग्दैन तँलाई छोरीजस्तो मान्छेमारेर' ल.. जा ..ढाडै सर्किने गरी लट्ठी बजार्न थाल्यो ममाथि ।

ऐया ... म चिच्याउन पुगेछु ।

एकजना प्रहरी आएर भन्यो ।

कानुन हातमा नलिनुस् यसले बच्चीलाई किन र केका लागि अपहरण गरेर मारेको थियो भन्ने त भित्र लगेपछि बक्नेछ । तपाईंहरू जानुस्

अहिलेलाई ।

खै कस्तो कानुन हो यो ? कानुनको कुरा गर्नेहरू नै कानुनको घोडा चढी शक्तिको लगाम च्यापिरहेछन् ।

प्रहरी जवान नजिकै आएर भन्यो ।

उठ् साले । बिस्तारै उठ्ने प्रयास गर्दै थिएँ भाउन्न रिङ्गटा चलेर त्यहीं ढलेँ । थप केही प्रहरीहरू आएर उचालेर लगे र केही मानिसहरू थुनिएको बन्द कोठाभित्र लगेर राखे ।

★★★

अपर्भ्कटको व्यथाजस्तो जिन्दगी । कहिंल्यै नसोचेको कुरा भोगिरहेछु म । अरूको कहानी सुनेको थिएँ आफै कहानी बन्न पुगेको छु । दुनियाँको विसङ्गतिलाई पढेको थिएँ । आज आफै भोग्दैछु । साँच्चै जिन्दगी उपन्यासजस्तै रहेछ । यो मान्छेहराउने दुनियाँमा आज म पनि यहाँबाट हराउन के बेर ? कसलाई के थाहा क्षितीज पत्राउ परेको । दिनभरिको भोको छु । तर पनि भोक छैन । शरीरभरि निलडाम र घाउहरू चहऱ्याइरहेको छ तर पनि पीडा छैन । यो कस्तो विवश जिन्दगी ? न्यायको नाममा पलपल हुने अन्याय र अन्यायकै काँध चढी हुने अत्याचार । खै ! कस्तो नियम कानुन ? कतै सङ्क्रमणकालको परिणाम भोग्दै त छुइन म ? धेरैचोटि आफैँलाई प्रश्न गरेँ । संविधान मृत थियो । दलहरू सत्ता लुँछाचुँडी र झगडामै व्यस्त थिए । अपहरण र लुटमा छद्म रूपमा सत्तावालहरू नै लागिपरेका छन् यस्तै सुनिन्थ्यो हल्ला । अराजकता हिंसा, हत्या बढ्दो छ । रक्षक नै भक्षक बनेका छन् । त्यसको सिकार सर्वसाधारण जनता भइरहेछन् । प्रशासनिक संयन्त्रको दुरावस्था हो यो मेरो पत्राउ र मजस्ता कैयौं निर्दोष मान्छेहरूको पत्राउ । मनमनै बहस गरेँ तर मनको बहस मनमा नै सीमित रह्यो । एक सिपाही फलामे भोटे ताल्चा खोल्दै मलाई लिएर गयो र उसले

एउटा कोठामा पुऱ्यायो । ढोकामा लेखिएको थियो केरकार शाखा । भलाद्मीजस्तो देखिने केरकार शाखाको अधिकृतको आँखा चिलको जस्तो थियो । बान्की बान्कीका प्रश्नहरू तेर्स्याइए । मैले आफू निर्दोष भएको अडान कायमै राखेँ । मलिन र शालीन अनुहारबाट सुरु भएको उनको प्रश्न आक्रोशमा आएर टुङ्गियो । तर, पनि मेरो अडान कायमै रहेपछि दुई सिपाहीको जिम्मा लगाएर दबाइ गरेर ल्याउनू भन्ने आदेश दियो । ती दुई सिपाहीले एउटा त्यस्तो घिनलाग्दो र कहालीलाग्दो कोठामा पुऱ्याए । भित्ताभरि लेखिएको थियो 'ढुङ्गा पनि बोल्छ' मलाई थाहा भयो अब चरम यातना दिइँदैछ मलाई ।

'भन् साले ... किन मारिस् ? बुलुलाई ।

अझै भन्दैनस् ल..जा ...कुवचन प्रहारको सीमा रहेन ।

हतियारको कुन्दाको प्रहार भन्दा कुवचनको प्रहारले बढी दुख्यो मलाई । हात खुट्टा बाँधेर झुन्डाइएको थियो मलाई ।

पाइपका नलीहरू फुट्ने गरी खुट्टा र टाउकामा वर्षाइए तर पनि मेरो अडान कायमै रह्यो एक देशभक्ति विद्रोहीको जस्तै । हात खुट्टाभरि पिन गाडिए । मस्तिष्कसम्म चिरिक्क चिरिन्थ्यो । त्यो दर्दनाक पीडा सहन नसकी एक मनले त अब निर्दोष नै भए पनि दोषी हुँ भनी यातनाबाट पन्छिने हो कि भन्ने मनमा आउँथ्यो तर मेरो स्वाभिमानले दिँदैनथ्यो । मर्नुपरे बरू मर्छु बिनादोष यो अपराध स्वीकार्नुहुँदैन । अर्को मनले दबाब दिइरहन्थ्यो । अचाक्ली भएपछि यातना दिनेहरू पनि थाकिसकेका थिए । केही गरेर पनि मैले अपराध नस्विकारेपछि अधिकृत आएर करेन्ट लगाउन थाल्यो म चिच्याउन पुगेछु 'मलाई बचाऊ...बचाऊ...मलाई बचाऊ...म अपराधी होइन ।'

'साला अझै चोखो बन्न खोज्छस् ? तँलाई बचाउने यहाँ कोही पनि छैन । बाँच्ने मन भए हत्या स्विकार गर' बोल्यो प्रहरी ।

मेरो पिडुलामा बेडका नली वर्षन थाले र पालैपालो सबैले भकुरे । थाहा थिएन यतिखेर मानवअधिकारवादीहरू दातृसंस्थाहरूको हुन्डीमा सपेटा लुछिरहेछन् वा ह्विस्की र ब्राण्डीमा मानवअधिकार खोज्दैछन् । पत्रकारहरू कुन डान्सरेष्टुराँमा बारको मज्जा लुटिरहेका होलान् । मनमनै गाली गरें । तर बिचरा पत्रकारहरूको ध्यान यहाँसम्म कसरी पुगोस् र ! जो कपीपेष्ट जर्नालिजम गरिरहेछन् । किनभने उनीहरूलाई देश र जनताको भन्दा बढी चिन्ता साँझको गाँसको छ । राज्यले चौथो अङ्ग भएर पनि सधैं उपल्लो वर्गमा राखेको क्षेत्र न पऱ्यो । सहानुभूति पनि जाग्यो सूचनाका खेतालाहरूप्रति किनभने यहाँ सङसाँझै सूचनाको र समाचारको पनि यसरी नै अपहरण हुन्छ । सत्य बोल्न र लेख्नै दिंदैनन् राज्य र समाजका भाइरसहरूले । अनि किपोस्टमा बस्ने सम्पादक र न्युजचिफ ले गर्ने व्यवहारले साँच्चिकै दासत्व जीवन बाँचिरहेका हुन्छन् सम्वाददाताहरू । जो अरूको समाचार लेख्छन् तिनै पत्रकार आफू आफ्नै वर्गबाट चरम थिचोमिचोमा पर्छन् । बिचराको पीडा न सुन्ने कोहि हुन्छन् न सुनाउने कोहि हुन्छन् । बौद्धिक दासत्व खेपेर बाँचिरहेका यथार्थ लुकाइन्छन् र लुक्छन् । आफूभित्रको वौद्विकता र प्रतिभा लुकाए ।

होस खुल्दा आफूलाई एउटा हस्पिटलको बेडमा पाएँ । चहऱ्याइरहेको पिंडुलातर्फ आँखा पुग्यो । घाउहरू टाँका लगाइएका थिए । चोटलागेका शरीरका सबै भागमा मासु कालो भएको थियो । रगत जमेकै कारण खुट्टामा बढी पीडा भइरहेछ । टाउकोभरि ब्यान्डेज नै ब्यान्डेज । पत्रकारहरूको कुँडुलो ह्वार्र-हुर्र हस्पिटलको बेडमा आइपुग्यो । मैले आफू निर्दोष रहेको दावी गरेँ । मानवअधिकारवादीहरू आइदिए अधिकार हनन भैसकेपछि र अधिकारको कुरा गरे । खै ! मरिसकेपछि औषधि हुने यो मुलुकमा कसको सुनुवाई हुन्छ । पीडितहरू पीडितै छन्, कानुन

हातमा लिनेहरू कानुनकै माउते बनेका छन् । अपराधी र तस्करहरू दल र नेताको आडमा अपराध गर्न अझै होड्बाजीमै उत्रेका छन् । कमजोर मानिसको लागि मात्र लागु हुन्छ ऐन कानुन । सत्य र निष्ठामा बाँच्नेलाई कठिन हुँदैछ दुनियाँ । खै कस्तो शासन ? खै यो कस्तो न्याय ? म भित्रभित्रै पिल्सिएँ । शरीरको चोटले भन्दा राष्ट्रमा फैलँदै गएको हरेक क्षेत्रको विकृति विसङ्गतिले दुखिरह्यो मन । मनमनै भने 'सानालाई ऐन ठूलालाई चैन हुने यो दुनियाँ गिनेचुनेकाहरूकै लागि मात्र रहेछ ।'

सानाको लागि मुलुक हो भन्दै फोस्रो आश्वासन दिई उच्च ओहदामा पुग्नेहरू स्वार्थको भोक मरेपछि लमतन्न सत्ताको खाटबाट तल खस्छन् । अनि फेरि खाट चढ्छन् भोका नाङ्गा शोषित पीडित र उत्पीडित वर्गको पाउ छुँदै माफी माग्छन् तब पो बन्दा रहेछन् नेता । दिनहरू क्रमशः महिनामा परिणत हुँदै गयो । हिरासतभित्रको जिन्दगी नरक हुँदोरहेछ । यातना, पीडा र चोट मेरो लागि सस्तो बनिसकेको थियो । ती सबै–सबै चिज महङ्गीभन्दा फरक । फलामे डन्डीको बारभित्रबाट न्यायको लागि याचना गरीरहेँ । ढुङ्गा पनि बोल्छ भनी लेखिएको भित्ता वरिपरिका कोही बोलेनन् त्यो ढुङ्गा बोल्ने ठाउँमा केवल यातना र पीडाको पराकाष्ठा बोल्दोरहेछ । म त्यो गर्न सक्दिनथेँ कि म जुनी जुनी निर्दोषतालाई तिलान्जली दिई दोष स्वीकारूँ ।

म भन्थेँ 'सत्य सत्य नै हुनेछ । यातनाको सिकार बनाएर भौतिक रूपमा र मानिसक रूपमा तनावको झोली भिराउँदैमा झूठ सत्यमा रूपान्तरित कहिंल्यै हुने छैन विश्वास दाजु ।

'जे होस् तँ कुहिन्छस् अब । बुलुको लास कुहिएजस्तै' धम्क्याउँदै विश्वास दाजु बाहिरिए । तर, म कति पनि बिचलित बनिनँ किनभने सत्यप्रतिको विश्वासले यो मन जितेको थियो ।

★★★

अर्को दिन बिहानै चिसो छिँडीले सुन्निएको शरीरमा लठ्ठीले घोच्दै एक सिपाहीले भन्यो ।

'बाहिर भेट्न मान्छेआएको छ ।

सिपाहीसँगै खुट्टा खोच्याउँदै बिग्रिएको कुरूप शरीर बोकेर बन्दी भेटघाट द्वारसम्म पुगेँ । लज्जावती र लुँजला पो रहेछिन् । मेरो हालत देख्नसाथ उनीहरू लज्जावती फूलका पातहरूमा 'टचर' परेजस्तै लरयाक्लुरूक् परे र भक्कानिएर रून पो थाले । फलामे बारभित्रैबाट मैले भने–'अत्तालिनु पर्दैन ।'

लुँजला, तिमी कहिंले आइपुग्यौ ? मैले सोधे ।

'दुई दिन भयो'– उनले भनिन् ।

के भो क्षितीज ? यो सब् के भयो ?

नखाएको विष लाग्यो लुँजला –मैले भने । विश्वासको परिणाम पाएँ जसलाई आफ्नो ठानें उसैले घात गऱ्यो ।

अनि हामीलाई खबर गर्नुपर्दैनथियो ? हामीले पनि पत्रिका पढेरै मात्र थाहा पायौं । रून्चे स्वरमै बोलिन् लज्जावती । त्यो सबै कहाँ भ्याएँ र मैले ? कसैलाई थाहा छैन म पक्राउ परेको । हामी छिट्टै तिम्रो उद्धार गर्नेछौँ । चिन्ता नगर क्षितीज तिमी निर्दोष छौ भने तिमी यहाँबाट केही दिनमै मुक्त हुनेछौ । तर एउटा सर्तमा । लुँजलाले जुवाको दाउमा च्याँखे थापे जसरी बोलिन् । खै किन यस्तो कुरा गर्दैछ् उनी । तै पनि भनें ।

'मलाई विश्वास गर लुँजला म निर्दोष छु ।'

छुट्टिने बेला लज्जावती भक्कानिएर रोएकी थिइन् र रूँदै भनेकी थिइन् । दिलको राजा क्षितीज, म तपाईंको बाटो कुरिरहनेछु । तपाइँ निर्दोष हुनुहुन्छ र म जनम जनमभर तपाईंकै हुनेछु ।

मनभरि शङ्का उब्ज्यो लुँजला हिरासतबाट छुटाउन सर्त अघि सार्दैछे । लज्जावती बाटो कुरिरहन्छु भन्छे । यो सब के हुँदैछ । थाहा छैन कतै यी दुईबीचको सम्बन्ध त बिग्रदै छैन ? मनभरि शङ्कायुद्ध चल्यो । डन्डीका बारहरूबाट चिहाएँ दुवै जना ओझेल परिसकेका थिए । समय समयमा लुँजला र लज्जावतीको भेटले मनमा ठूलो सान्त्वना मिल्दथ्यो विस्तारै विस्तारै मानवअधिकारवादी, साहित्यकार र पत्रकारहरूको भेटघाट बढ्दै गयो । जसले गर्दा ममा एक किसिमको छुट्टै उत्साह जाग्दथ्यो । अब म छिट्टै यो पिंजडा– भित्रबाट भुरूरूरू...उडेर आफ्नो संसार पुग्नेछु । मन चङ्गा हुन्थ्यो शरीरभरि लागेको निलडाम र घाउहरूमा आँखा पुग्नसाथ फेरि झसङ्ग हुन्थें । प्रहरीहरू मप्रति नरम व्यवहार प्रकट गर्दै जान थालेका थिए । त्यतिखेर लाग्थ्यो सत्यको जीत निश्चित छ ।

करिब बिहानको ११ बज्दै थियो केही प्रहरीहरू आएर मलाई प्रमुखको कार्यकक्षमा पु¥याए र केही कागजमा 'सहिछाप' गर्न लगाए र केस अदालतमा 'ट्रान्सफर' गरियो ।

केही दिनपछि पुनः मलाई अदालतमा हाजिर गराइयो । केही सञ्चारकर्मी र मानव अधिकारवादीहरू साक्षीस्वरूप सोफामा भरिएका थिए । साथमा लुँजला पनि । तर लज्जावती त्यहाँ थिइनन् । एकै छिन लज्जावतीको खोजमा आँखाहरू मिसनमा हिंडे तर कहीँ देखिएन ।

अदालतबाट निर्दोष ठहर गरेपछि छुट्ने बोला प्रहरी अधिकारीले अदालतले पठाएको पत्र देखाउँदै भन्यो । 'तपाईं निर्दोष हुनुहुँदोरहेछ हामी माफी चाहन्छौँ ।'

केही गलत मानिसहरूले गर्दा तपाईंजस्तो निर्दोष व्यक्ति मकैको घुन भै पिसिनु प¥यो । यस्तो घटना छानबिनमा हामी सधैँ सजग रहनेछौँ क्षितीजजी । तपाईं यहाँबाट आजै जान सक्नुहुनेछ ।

अचम्मको 'सिस्टम' छ देशमा । नेपालीमा एउटा उखान छ नि '

मरिसकेपछि औषधी' जघन्य अपराध गरे पनि माफी मागिसकेपछि सिद्धियो । माथिको निकायदेखि नै यस्तै छ यहाँको चलन । न मान्छेपक्राउ गर्न पुर्जी थमाइन्छ । न घटनाको प्रमाण नै । हल्ला शंका र उजुरीका भरमा गरीने यस्तो कारबाही कतिको वैज्ञानिक छ ? नेपालको (दोस्रो) जनआन्दोलन पछि सङक्रमणकालीन अवस्थामा यस्ता घटनाले बढी प्रश्रय पायो । मनमा यातनाका ज्वालाहरू दन्किए । जुन बेला मुखैमा थुकेर एक दुई गाला चड्काइदिएँ जस्तो नलागेको कहाँ हो र ? तैपनि मेरो स्वाभिमानले दिएन । के गर्नु नेपालको कानुन नै यस्तै । हामीले चुनावमा यस्तै कानुन बनाउने नेता छान्यौं । गल्ती हाम्रो पनि हो । तर नयाँ संविधानमा नीतिगत विकृति हट्ने आशा मनमा उब्जिन्थ्यो र मनलाई सान्त्वना दिन्थें । विवशताले उनीहरूलाई धन्यवाद भन्न बाध्य भएँ र थपैं, 'आयन्दा यस्तो गल्ती कहिंल्यै नगर्नुहोला । जनतामाथि नै जाइलाग्ने तपाईंहरूको नाङ्गो प्रर्दशन बन्द गर्नुहोला । यदि तपाईंहरू सच्चा जनताका सेवक हुनुहुन्छ भने किनभने तपाईंहरूबाट जनता र राज्यले सधैंसधैं शान्ति सुरक्षा र सत्यको जगेर्नाको ठूलो आशा बोकेका हुन्छन् । तर माफियाको चङ्गुलमा फसेर निर्दोष जनतालाई दुःख दिने काम फेरि सुरक्षा निकायबाटै नहोस् ।

★★★

प्रहरीले अपराधीको पहिचान भएको र म निर्दोष रहेको बतायो ।

'क्षितीज बाबु ! हामीलाई माफ गर । देवताजस्तो मान्छेलाई हामीले यो हविगत बनायौं हामीलाई माफ गर ।'–मेरो दुइटै खुट्टा समातेर विश्वास दाजु र शीतल भाउजू लम्पसार परे । खुट्टामा आँसु चुहाउँदै माफी मागिरहे । मैले भने भो विश्वास दाजु फेरि पनि यो नाटकमञ्चन नर्गनुस् । तपाईंले तयार पारेको रङ्गमञ्चमा म दोषी पात्र बनेर अभिनय गरिसकेको छु । रङ्गमञ्च उठिसकेको छ । वास्तविक पात्रको खोजीमा लाग्नु होला । यति भनेर म लुँजलासँगै बाहिरिएँ ।

उही कालो कार पार्किङ्गमा अडिएको थियो । कालो कारको चमकझैँ नगरकोटका साँझसँगै लज्जावती हृदयको क्यानभासमा 'डिस्प्ले' हुँदै गयो । ती रङ्गीन साँझका रातहरू । सूर्योदयका बिहानीहरू । टावरमाथिबाट गरीएका दृश्यावलोकनहरू र इन्द्रावतीका फाँटैफाँट । यता खाल्टोभित्रको उपत्यका घोप्टिएको हाँडीजस्तै उता सिन्धुपाल्चोकको मनोरम दृश्य । जुगलको टलक्क टल्किएको उँचो शिर । पारि जङ्गे शैलीमा उभिएको हबेली र पाल्चोकका डाँडाहरू । नवलपुर र स्याउलेको सुन्दर थुम्कादेखि तातोपानीका मनोरम क्षितीजहरू । खासा (चीन) बोर्डरसम्म आँखाको यात्रा अनुभूतिको सयरमा निस्क्यो । स्मृतिमा अझै वारि भक्तपुरका जङ्गलहरू चल्मलाए । मल्लकालीन दरबारहरू पुरानै स्वरूपमा मुसुक्क मुस्काए । सिद्धपोखरीका माछीहरू सल्बलाए । कमलपोखरीको त्यो बूढो पाटीमा बसेर पिरो चट्पटे र पानीपुरीका पीडाले पानी खोज्दै पसल भौतारिएकी मेरी प्यारी लज्जावती । कार साइड लगाएर लज्जावतीसँगै दृश्य पान गरेका क्षणहरू डुब्दै उत्रदै गरिरहें मनका छालहरूमा । फाँचल यात्राका सहयात्रीहरू दोर्जे...लाहुरेकाका...फेवाताल र साराङ्गकोट, प्याराग्लाइडिङ, पिँजडाबाट पखेटा फट्फटाउँदै उम्केका चराले आफ्नै ससार पाएजस्तै म कल्पनामै बहकिन थालें । खै दुनियाँ नौलो जस्तो । बिरानो जस्तो । मसला नपुगेको तरकारी जस्तो ।

'क्षितीज किन टोल्हाएर बसेको कुनै चिन्ता लिनुपर्दैन । म तिम्रो साथमा छु'–मौनता भङ्ग गर्दै स्मृतिका फूलहरू च्यात्चुत् पारेर बोलिन् लुँजला । लज्जावतीलाई देखिनँ नि ! आज । मैले भने, 'किन आइनन् उनी ?' काम विशेषले काठमाडौँ बाहिर गएकी छिन् ।

कहाँ ? मैले भने, मलाई त केही भनिनन् नि ।

एकजना प्रोजेक्टकी दिदी हुनुहुन्थ्यो उनैसँग गइन् । एकै दिनमा निर्णय भएकाले तिमीलाई भन्नै पाइएन । यसो घुमफिर पनि हुने 'माइन्ड फ्रेस'

पनि । म बाहिर बसेदेखि नै उनी कहीं जान पाएकी थिइनन् त्यसैले मैले रोकिंन ।

खै । लुँजला कहिंले के भन्थिन्, कहिंले के । मनभित्र चिसो पस्यो । कार कालो पत्रेमा चिप्लिरह्यो गाडीका भीड छिचोल्दै बोलिन् उनी ।

'आज मेरोमा जाने है । तिमीसँग बसेर धेरै गफ गर्नुछ । गफ गर्दै तिमीसँग कफी पिउन नपाएको पनि वर्षौं भैसक्यो' मैले हुन्छ भने । कताकता लुँजलाको हरेक शब्द - शब्द रहस्यमय लागिरहेछ मलाई । एक भूठ छोप्न सयौं भुठ बोलिरहेभैं । 'प्रेम, राजनीति र युद्धमा हरेक कुरा जायज हुन्छ' एकदिन कफी पिउने क्रममा लुँजलाले भनेकी थिइन् मलाई । त्यतिखेर मैले भनेको थिएँ 'त्यो त मूर्खहरूले भन्ने कुरा मात्र हो लुँजला । जीत साँचो, सत्य र निष्ठामा बाँच्नेकै हुन्छ । केवल ढिलो चाँडो मात्र । फरक त्यत्ति हो ।'

उनका स्वभावमा पुरानोपन छैन । खै, पगलीजस्ती । कहिंले के, कहिंले के । उनको मन स्थिर नभएको हो वा मेरो बुझाई फरक परेको हो? बुझ्नै गाह्रो भइरहेछ । मन झन् झन् अव्यवस्थित बन्दै गयो । विश्वासका बारहरू भत्किदै गएभैं लाग्यो । शङ्काका परिधिहरू मजबुत हुँदै गए । लज्जावतीको चाहनाले मन व्यग्र भैरहेछ । कता-कता बिभिरहेछ । भित्रभित्रै प्वाल परेको छातीजस्तो । तर म यतिखेर बाँसुरी थिइनँ ती प्वालहरूबाट वियोगका मिठो धूनहरू सुसेल्न ।

'क्षितीज' म तिमीलाई यति धेरै चाहन्छु कि यो दुनियाँमा म तिमीबाहेक अरू कसैको हुने छैन' उनी बोलिन् ।

'हैन त्यसो हैन लुँजला यो पागलपन छाडिदेऊ ।'-मैले भने,-कसैलाई मैले आधा जीवन सुम्पिसकेको छु र सुम्पने बाचा गरेको छु ।

नाई-क्षितीज यो के भन्दैछौ तिमी ? तिमी मेरो हौ, सिर्फ मेरो । मबाहेक अरू कसैको हैनौ । मैले पनि भगवान् साक्षी राखी कसम

खाएको छु सिर्फ तिमी मेरो हो भनी । त्यसैले यो प्रपञ्च रचेर ममाथि अन्याय नगर मसँग के छैन ? जो तिमीले रोजेकामा छ । के ममा तिमीलाई योग्य सुन्दरता छैन ? अथाह धन सम्पत्ति छैन ? तिमीलाई प्यार गर्ने मुटु छैन ? जवानी छैन ? यौवन छैन ? अलिसान महल छैन ? भन के छैन ममा त्यस्तो ? के कमी छ ममा ? उनी त रून पो थालिन् । तर म उनको कमजोरीसँग सम्झौता गर्न बिल्कुल सक्दिनथें र भने 'छ, लुँजला तिमीसँग सबै कुरा छ । तर मैले बाल्यकालदेखि नै लज्जावतीलाई प्यार गर्दै आएको छु । जीवनभर सँगै बाँच्ने मर्ने कसम खाएको छु । तिमीले मलाई तिम्रो भगवान्सँग माग्नुभन्दा धेरै अघि मैले उनलाई मागेको छु । त्यसैले हात पसारेर तिमीसँग माग्छु मलाई लज्जावती देऊ लुँजला । ऊ तिम्रो शरणमा आएर बसेकी छे ।'

नाइँ ... क्षितीज ! नाइँ ... त्यसो नभन म हुँ तिम्रो जिन्दगी । यदि म बाहेक कोही मेरो क्षितीजलाई खोस्न आउँछ भने ऊ क्षितीजमा ठोकिन नपाउँदै खुल्ला आकाशमा बिलाएर जानेछ उनले अड्डी कसिन् ।

मैले उनलाई सम्झाउँदै भने,–'त्यस्तो हुनेछैन लुँजला यो धर्ती रहुन्जेल । त्यसैले लुँजला तिमी मलाई बुझ्ने कोसिस गरिदेऊ । किनभने लज्जावतीलाई म दिलैदेखि प्यार गर्छु' उनी आफूलाई सम्हाले जस्तै गरी बोलिन्, 'म कफी बनाएर ल्याउँछु त्यतिखेरसम्म तिमी मलाई निर्णय दिनेछौ । उनी किचेनतर्फ लागिन् ।'

★★★

चम्पा गमलामा पानी हाल्दै थिइन् । मनभित्रको उकुसमुकुस उनैलाई पोखेँ । चम्पा, तिमी मलाई नढाँटी भन । मलाई विश्वास छ यो विचलित अवस्थामा तिमी ढाँट्ने छैनौ । म तिम्रो दाजु हुँ । बहिनीले सधैं दाजुको भलाइ चाहन्छन् । भन, बहिनी लज्जावती कहाँ छिन् । नत्र मलाई आफूलाई सम्हाल्न गाह्रो पर्नेछ । भन, बहिनी भन । लज्जावती कहाँ गएकी छे ?

उनले आँखाभरि बरर्रर आँसु पोख्दै भनिन्, 'दादा लुँजला दिज्यू र उहाँको ठूलो 'डिस्कस्' भयो अनि यो घरमा कहिंल्यै फर्केर नआउने गरी निस्केर जानुभयो । तपाईंलाई कसले पाउने भन्ने विषयमा व्यापक बहस भयो । यही ड्राइङ्ग रुममा । लुँजला दिज्यूले तथानामी गाली गर्नुभयो उहाँलाई । गाली सहन नसकेर लज्जु दिज्यूले भन्नुभयो 'दिज्यू, म क्षितीजलाई तपाईंबाट कहिंल्यै पनि खोस्ने छैन । तपाईंको गुणको बदला । तपाईंको नुनको बदला म आफ्नै प्रेम मात्र के ज्यानै वलिदान दिन तयार छु । आवश्यकता पऱ्यो मात्रै भनिदिनुस् न । क्षितीजलाई धेरै माया गर्नू । मेरो नासो तपाईंलाई आजैदेखि सुम्पैँ । मेरा याद आउने बाटाहरू छेकिदिनू । उहाँले तपाईंको मायाजालमा परी मेरो प्रेम र मलाई सजिलै बिर्सन सकून् क्षितीजले' यति भन्दै उहाँ घरबाट निस्केर जानुभयो र गेटमा पुग्ने बेला फेरि भनिन्, 'क्षितीजलाई कहिंल्यै नभन्नू । किनभने, म सधैंसधैँ आफ्नो लागिभन्दा अरूको लागि बढी बाँच्ने मान्छे । मेरो बारे सोधे भने कहीँ घुम्न गएकी छ भनिदिनू । मलाई माफ गरिदिनुस् दिदी । म तपाईंको खुसी खोस्न चाहन्नँ... रुँदै-रुँदै उहाँले बिदाइ लिनुभयो मैले रोक्ने धेरै प्रयास गरेँ मान्नु भएन । तपाईंको फोटो छातीमा टाँसेर भक्कानो छाड्नुभयो र सरासर यहाँबाट जानुभयो । मैले उहाँलाई रोक्न खोज्नु भनेको केवल घामको किरण हत्केलाले छेक्नुजस्तो मात्रै थियो । मैले पनि तपाईंलाई यो कुरा नभन्न कसम खाएको थिएँ । पाप लागे लागोस् तपाईंलाई भने उनी अझै रून्चे स्वरमा बोल्दै थिइन् ।

मैले उनको आँसु पुछिदिंदै भने नरोऊ चम्पा ! यो सब ठीक हुन्छ । लज्जावतीलाई आजै खोज्न जान्छु म । यति भनेर लुँजलाको आगमन अघि नै म त्यहाँबाट बाहिरिएँ ।

★★★

खोज

सारा सहर भीडभाड छ तर रित्तो देखिरहेछु म । जताततै रमझम छ तर आफ्नै जिन्दगीको पछिपछि मलामी हिँडिरहेछु । खै कहाँ जाँदैछु, के गर्दैछु आफैलाई थाहा छैन । घर छाडेको महिना बित्न लागिसक्यो लज्जावतीको अत्तोपत्तो छैन । रक्सीका प्यालाहरू घनिष्टतामा परिणत हुँदैछन् । घर फर्कनु कसरी ? आफ्नै जिन्दगी भेटिएको छैन । टोलटोल, गल्ली, सडक, पेटी सारा खोजिरहेछु म । एक पागल यात्री झैँ लड्खराइरहेछु लज्जावतीको खोजमा ।

रक्सीको प्यालाले जीर्ण छ शरीर । झापा झरेको पनि साता दिन बित्नै लागिसकेछ । म सरासर लज्जावतीको मितिनीघर जान सक्दथैँ तर त्यसो गरीनँ । सारा झापामा चिनेजानेकालाई सोधेँ । कुना कन्दरा खोजेँ तर बेपत्ता छिन् लज्जावती । उनको काकाबाजेको घर पुगेँ त्यहाँ पनि पाइनँ र अन्तिममा मितिनीघर पुगेँ । महिना दिन अघि लज्जु मितिनीघर पुगेकी रहिछिन् । साह्रै विक्षिप्त मुद्रामा थिइन् उनी २/४ दिन बसेर धरान साथीकोमा जान्छु भनेर हिंडेकी थाहा पाएँ । खै ! आजसम्म यहाँ फर्केर आएकी छैनन् नि, हो ।

आबुई, अनि त तपाईं को हो नि डल्लै ? उनका मितिनी आमाले आफ्नै लबजमा प्रश्न गरिन् 'म निर्दोष यात्री आमा, म उनको साथी । उनी हराएको महिनौं भयो म खोज्दै हिँडेको ।

'अनि त हो डल्लै' उनी धरानतिर पो जान्छु भन्थिन् । केही दिन घुम्न आको भन्थिन्'–टाँठबाँठका साथ बोलिन् उनी ।

मैले आफूलाई धरानतर्फ दोहोऱ्याउने विचार गरैं । मैले पनि दुई वर्ष अघि उनीसँगै एक रात उनको मितिनीघरमा बिताएको थिएँ । बुढीले चिनिनन् । उनको एउटै छोरी रीना लज्जावतीका मितिनी थिइन् । अहिले उनी घरमा रहिनछिन् । बिहे गरेर गइसकिछिन् । बाटोभरि लज्जावतीसँग बिताएका पलहरू सम्झैँ । त्यतिखेरै हो उनले मलाई मितिनीघर लगेर मितिनी रीनालाई चिनाइदिएकी थिइन् । यो अव्यवस्थित कपाल भुस्स दाह्रीले गर्दा उनका मितिनी आमाले मलाई चिन्न सकिनन् । एउटा पुर्गेलजस्तो मान्छे। सायद पुर्गेल भने होलान् मलाई उनले । म त्यहाँबाट निस्कें ।

धरान लाहुरेहरूको पेवाजस्तो । यही धरान हो लज्जावती र म सातादिन एउटा होटल बुक गरेर बसेको । आज यही धरान जिस्काइरहेछ मलाई । खोई तेरी लज्जावती ? यो त, 'कपल् सिटी' हो गिज्याइरहेछ मलाई धरान । दिनभरि लज्जावतीको खोजीमा टहलिँदै बित्यो । खाना नखाएको धेरै दिन भैसक्यो । अब त जिउ नै बिग्रन लागिसक्यो । खाना खाने बानी पनि हट्न लागिसकेको थियो । प्याला र स्न्याक्समै गुज्रिरहेछ दिन र रात । न निद्रा छ । न भोक । सधैं यसरी कति दिन हिड्नु ? आज त खाना खानुपर्ला तर, रुच्दैन प्यालाबाहेक । तैपनि खानाखाने मनसायले भालेचोकको होटलतर्फ डोरिँदै थिएँ । एक्कासि भाउन्न रिङ्गटा चल्यो कमजोर शरीर त्यहीँ ढलेछु । होस् खुल्दा घोपा क्याम्पभित्र अर्थात् धरान विपी मेमोरियल हस्पिटलको बेडमा आफूलाई पाएँ ।

★★★

नजिकै एक अपरिचित युवक थियो । कहीँ देखे-देखेजस्तो बोले-बोले जस्तो धमिलो आकृति चल्मलायो तर ठम्याउन सकिन । उनको अनुहारमा एक किसिमको चमक देखियो ।

'क्षितीज सर' उसले नामै किटेर बोलायो ।

म अचम्ममा पर्दै गएँ ।

मैले तपाईंलाई चिन्न सकिनँ,-मैले भने,-ठम्याउनै गाह्रो भयो ।

म रवि क्या त, सर ।

तपाईं सडकमै बेहोस् भई ढल्नुभएको रहेछ त्यसैले यहाँ लिएर आएँ । मैले अझै ठम्याउन सकिनँ । को रवि ? जोसुकै भए पनि यिनी मान्छेरहेछन् । यो मान्छेहरूको भीडमा मान्छेकम हुन्छन् । स्वार्थको लागि मरिमेट्ने अर्धमानवहरूको दुनियाँमा उनले पनि सडकमै कोही जड्याहा रहेछ भनी थुकेर हिँड्न सक्थे । तर रविले त्यसो गरेनन् । मान्छेको धर्म निर्वाह गरेर मान्छे बने । उसैले भनेपछि थाहा पाएँ । एकदिन काठमाडौँको एउटा मेनपावरमा उनी हारगुहार गर्दै गरेको अवस्थामा मैले उद्धार गर्ने मौका पाएको थिएँ । घरखेत बेचेर विदेश जान लागेको रकम दलालले खाइदिएपछि बिचल्लीमा परेको रविलाई दलाल पक्राउ गरेर उनको गुमेको पैसा फिर्ता गराएर भनेको थिएँ । रवि ! तिमी आफ्नै माटोमा केही गर्न सक्दैनौ भने यो देशको सच्चा नागरिक तिमी अवश्य हैनौ । विदेशमा गएर दास बन्नुभन्दा आफ्नै देशको माटोमा एक एक थोपा पसिना र रगत चुहाउनु हरेक नेपालीको कर्तव्य हुन जान्छ । केही गर आफ्नै देशमा गर । एक सच्चा नागरिकले सिङ्गो देशलाई हँसाउन सक्छ त्यसैले आजैदेखि कर्म गर आफ्नै माटोमा । धेरै सम्झाएको थिएँ मैले उसलाई । 'क्षितीज दाजु तपाईंले भनेजस्तै हुनेछ । माटोको कसम खान्छु विदेश कहिंल्यै जान्न म । तपाईंले मेरो आँखा खोलिदिनु भयो' । यति भनेर मसँग छुटेको रवि आज वर्षौंपछि भेट्दैछु म उसलाई । ऊ भन्दै

थियो– 'सर, तपाईंले गर्नुभएको गुण म जीवनभर बिर्सन सक्दिनँ । त्यही दलालबाट फिर्ता गरिदिनुभएको रकमले मैले यहीँ धरानमै सानो बेकरी खोलें । पछि त्यहाँबाट भएको आम्दानीले एउटा ठूलो होलसेल पसल खोलेँ । त्यस्को केही बर्षपछि साथीहरूसँग मिलेर फाइनान्स पनि खोलेको छु । यो सबै तपाईंकै देन हो । मैले धेरैचोटि तपाईंलाई भेट्ने प्रयास गरेँ तर सकिन । आज भगवान्ले जुरायो । आज साह्रै दुःख लागिरहेछ मलाई तपाईंको यो अवस्था देखेर । तर यो सबै कसरी भयो, सर ? उसले मलाई गम्लङ्ग अँगालो हाल्दै प्रश्न गऱ्यो । मैले सारा कहानी उनलाई जस्ताको त्यस्तै सुनाइदिएँ । यतिखेरसम्म ऊ साह्रै भावुक बनिसकेको थियो । उनले जुस र फलफूल खान आग्रह गर्दै अघि सारे । बिस्तारै स्वास्थ्य अवस्था सुधार हुँदै गइरहेको थियो ।

★★★

बाहिर मान्छेहरूको कल्याङ्ग–कुलुङ्ग रूवाइ र चिच्याहटले ध्यान खिच्यो । 'सर ! एकै छिन है ! बाहिर के को हो–हल्ला हो'–ऊ बाहिरियो म पनि पछि लागें हस्पिटलका परिचारिका र डक्टरहरू हतार हतार इमर्जेन्सी वार्डतर्फ ह्वीलचियर घिसार्दै थिए । मान्छेहरूको भागदौड गरिरहेको दृश्यले मनभरि त्रास पैदा भयो । मनमनै सोचेँ ठूलै घटना घटेको हुनुपर्छ । खै रवि अझै फर्केनन् । म बेडबाट बिस्तारै झरेँ र इमरजेन्सी वार्ड पुगेँ । खैलाबैला र भागदौड चलिरहेको थियो । धरानबाट काठमाडौँ गुडेको बस धरानबाट पाँच किलोमिटर पार गर्दानगर्दै विपरीत दिशाबाट आइरहेको ट्रकसँग ठोकिएर सडकबाट खसेर दुर्घटना भएछ । धेरै यात्रुहरूको घटनास्थलमै मृत्यु भइसकेछ । घाइतेहरू धमाधम थपिदै थिए । कसैको हात खुट्टा भाँचिएको,कसैको टाउको फुटेको,कसैको भुँडी चिरिएर बाहिरसम्म आन्द्रा निस्किएको, कसैको खुट्टाको मासु चिरिएर पल्टिएको । वातावरण कहालीलाग्दो बन्दै गयो । हस्पिटलभरि रूवावासी

चलिरहेको थियो । रवि पनि त्यहीँ घाइते ओसार्न सहयोग गर्दै रहेछ । रविले मलाई देख्नासाथ भने, 'सर तपाईँलाई आरामको जरूरत छ । यसरी नहिँडिदिनुभएको भए राम्रो हुने थियो । मलाई साथमा लिएर उनी बेडमा फर्के । मेरो नजिकैको २/३ बेड अघिसम्म खाली थियो । कति छिटो भरिइसकेछन् । म आफ्नो बेडमा बसेँ । भोलिसम्ममा डिस्चार्ज हुने सम्भावना थियो मेरो । आँखा तानी-तानी मान्छेका झुन्ड छिचोल्दै मेरा अगाडिको बेडमा आँखाहरू बिच्छ्याएँ । इमरजेन्सी बेड खाली नभएपछि त्यहाँ ल्याइएको रहेछ । म बेडबाटै अलि तन्किएर घाइतेहरू चिहाउँदै थिएँ । डाक्टरहरू हतार-हतार उपचारमा जुट्दै थिए । म नजिकै गएर चिहाएँ । चिने-चिने जस्तो । देखे-देखे जस्तो । भेटे-भेटे जस्तो । कोल्टे पारेर राखिएको उनको शरीरको भाग डाक्टरले बिस्तारै उपचारको क्रममा उत्तानो पारे र वस्त्र कैँचीले काट्नै लाग्दा उनको अनुहार मेरो आँखामा ठोक्कियो । म त हस्पिटल नै थर्किने गरी चिच्याउन पुगेँ । लज्जावती … !

होस खुल्दा म फेरि बेडको शैय्यामा स्लाइन पिइरहेको थिएँ नसा नसाबाट । लाग्छ कोही मुरली फुकिरहेछ म धून बनेर वियोगी बनिरहेछु । लज्जावतीतर्फ चिहाएँ शरीर र टाउको भरी ब्यान्डेज टाँसिएको थियो सिलिन्डरबाट अक्सिजन मास्क मुखमा जोडिएको थियो । अक्सिजनको प्रेसरमा स्वास 'अपडेट' भैरहेको थियो उनको शरीरमा । म जुरुक्क उठेँ र मैले हातबाट स्लाइनको पाइप (इन्जेक्सन) थुतेर फालिदिएँ र लज्जावतीको बेडमा पुगेँर म त बच्चाजस्तै पो रून थालेछु । रवि सम्झाउँदै थियो मलाई । मैले दिल खोलेर सबै कुरा रविलाई भने उनले सान्त्वना दिए उनीसँगै उपचारमा जुटेका नर्सहरूले पनि । मन केही हल्का भएजस्तो भयो तर छाती भने अजङ्गको पहाडले थिचेजस्तै भइरह्यो । घन्टौँ बितिसक्यो होस खुलेको छैन लज्जावतीको । भित्रभित्रै साह्रै डर लागिरह्यो ।

आकाश फाटेजस्तो धर्ती च्यातिएजस्तो ।

नजिकबाट नर्सहरू हिँडिरहेछन् । कोही पनि मेरो सामु आएर सोध्दैनन् किन तिमी यति धेरै तड्पिरहेछौ ? म लज्जावती सामु जिउँदै मरिरहेछु । कसलाई के थाहा हाम्रो सम्बन्धको बारे । डाक्टरले 'प्यासेन्ट'को आफन्त खोजेपछि मेरो नाम दर्ता गराएँ । त्यसपछि लज्जावतीको केयर गर्न थालेँ मैले ।

रात छिप्पिदै गयो । अझै होस खुलेको छैन उनको । म अनिदो कुरिरहेछु । करिब बिहानको तीन बजेमात्र चिर निद्राबाट कोही विउँझिन लागेझैँ गरी थोरै चल्मलाइन् उनी । उनको चित्कारको हजार गोलीले मेरो छाती छेडिएझैँ मुटुभित्र दुख्यो । पीडाहरूको जहरभित्रबाट थोरै आशातीत खुसीको एक टुक्रा छरपस्टियो र आँखामा बग्यो । म हतारहतार डक्टर बोलाउन पुगेँ । 'सिफ्ट चेन्ज भएकाले डाक्टर फेरिइसकेका थिए । अर्को डाक्टर आइपुग्न केही ढिलो भएको रहेछ । उनी भएको बेडमा फर्कदा उनी बर्बराइ रहेकी थिइन् ।–'क्षितीज ! मलाई... माफ ...गर...माफ..गर... ।

म त उनको पाउमा घोप्टो परेर पो रून पुगेछु । साँच्चै लज्जावतीको प्रेमले मलाई रून्चे साबित बनाइदिएको थियो । नजिक गएर भने लज्जावती म तिमीसँगै छु । अब तिमीलाई केही पनि हुँदैन । म केही हुन दिन्न उनले मतिर दयालाग्दो आँखाले हेरिन् । ब्यान्डेजले ढाकिएको अनुहारमा उनको आँखा र मुखमात्र प्रस्ट देखिन्थ्यो । मलाई देख्नासाथ उनका आँखाहरूमा श्रावणको भेलजस्तै मूल फुट्न थाले । बाहिरभन्दा हृदयभित्र उनी धेरै रोएकी थिइन् ।

तपाईं...यहाँ...कसरी ? लुँजला...दिज्यू...खोई ? उनलाई... धेरै... माया गर्नु ...है.. यो जुनी ... यस्तै ... भयो ..... अर्को जुनी.... म .... तपाईंकै ... हुनेछु ... उनी अडिँदै अडिँदै बोलिरहेकी थिइन् । बोल्दा पनि साह्रै पीडा भैरहेथ्यो

उनलाई । नाई लज्जावती ! त्यसो नभन । नाई... म तिमीसँगै छु तिमीलाई केही हुने छैन म तिम्रै साथमा छु ।

'म..म...' उनी केही बोल्न खोजेझैं गर्दैथिइन् । उनका आँखा लोलाउँदै गए । सायद उनलाई त्यति बोल्दासमेत धेरै गाह्रो भैरहेथ्यो मैले उनको नाडी (हात) समाएर ढुकढुकी ... छामिरहेँ ।

मोबाइलको भाइब्रेसनले पकेट उफार्दै थियो । लुँजलाको कल रहेछ काटिदिएँ । लज्जावतीको केस जटिल थियो । उनलाई यो अवस्थामा पुऱ्याउनुमा लुँजला दोषी थिइन् । भलै मेरो पनि त्यसमा दोष हुनसक्थ्यो । उनी मृत्युसँग पौँठेजोरी खेलिरहेकी छिन् । उता लुँजलालाई भने घर ज्वाँईलाई खानकै धन्दा' भनेझैं एउटै अडानको चिन्ता । कम्ती घमन्डी स्वार्थी रैनछिन् उनी । मनमनै रिसको पारो छुट्यो ।

सेतो कपडा ओढेका डाक्टर र नर्सको एकहुल आइपुग्यो । बर्खी बारेको जस्तो तिनीहरूको पोसाकले मनभरि नमिठो तरङ्ग पैदा गरिदियो । सिलिङ्गमा हल्का हावा छोड्दै 'फाइन्' घुमिरहेछ । तैपनि हृदयभरि उकुसमुकुस मडारिरहेछ गर्मीले छट्पटिएको मान्छेजस्तै ।

★★★

डाक्टर र नर्सले लज्जावतीको हरेक ढुक्ढुकी छामे । मेरो मनमा भने अजङ्गको पहाड भन्दा ठूलो डर थियो । लज्जावतीले उही फूलका पातहरू जस्तै खुम्चिएर अस्तित्व नामेट नगरून् । मेरी प्यारी लज्जावती । त्यो वनस्पति त फेरि रूप धारण गर्न सक्छ तर तिमी सक्दिनौ लज्जावती ! सक्दिनौ । तिमी खुम्चियौ भने मेरो सारा सपना खुम्चिने छ । तिमी ओइलायौ भने मेरो सारा सपना ओइलाउने छ । तिमी डुबिछौ भने मेरा सारा इच्छा र चाहनाहरू डुब्नेछन् । समुद्रमा जहाज डुबेजस्तै । यो जुनी सार्थक भएन भने अर्को जुनीको कुरा महाभ्रमको खेतीसँगै म बिलाउने छु । त्यसैले तिमी बिलाउने छैनौ लज्जावती । हाम्रो

अस्तित्वको लागि भए पनि तिमी यो धर्तीबाट ओइलाएर जान पाउने छैनौ । मनभरिको कल्याङ्बल्याङ्ले आँखाभरि टम्म वियोगका रसहरू भरिसकेछन् ।

छेवैको नर्सको हातमा टप्प आँसुका थोपा चुहिएपछि पो थाहा पाएँ । उनी मलाई सम्झाउँदै थिइन्,-'नरूनुस् क्षितीजजी, बिस्तारै सबै ठीक हुन्छ धैर्य गर्नुस् । तपाईं त केटा मान्छे रोएको सुहाउँदैन' ।

उनले सेतो कोटको पकेटबाट रूमाल झिकेर आँसु पुछिदिइन् ।

हो लज्जावतीले एकदिन मलाई यसरी नै आँसु पुछिदिँदै यस्तै भनेकी थिइन् । तर मन सम्हालौँ कसरी ? मैले सोधें-'लज्जावती ठीक हुन्छिन् सिस्टर ?'

उनले भनिन्-'भगवान्सँग प्रार्थना गरौँ । गर्नुपर्ने उपचार सबै भैरहेछ । बाँकी भगवान्को हातमा ।

यतिखेर मेरो भौतिकवाद र विज्ञानवादलाई घुँडा टेकाउन पनि पछि परिन मैले । दुई हात जोडेर मनमनै प्रार्थना गरेँ र भने हे भगवान् ! मेरो लज्जावतीलाई चाँडै निको पारिदेऊ । नत्र म जिउँदै मर्छु । म त भक्कानिएर पो रून पुगेछु । नर्स मलाई बच्चा फकाएझैँ मेरो शिर उनको छातीमा टाँसेर फकाइरहेकी थिइन् । बाल्यकालमा रूँदा आमाले फकाएजस्तै । म उनको काखमा रोइरहेको थिएँ ।

अचानक डाक्टरको चेहेरा मलिन भयो । लज्जावती टसमस थिइनन् । एक्सरेको रिपोर्ट आयो । डक्टरले अलि पर मलाई बोलाएर भने । ढाडबाट छेडिएको रूखको हाँगाले कलेजो र फोक्सोमा गहिरो चोट लागेको छ 'केस इज सिरियस' । ३६ घन्टाभित्र इमरजेन्स अप्रेसन हुन सकेन भने 'प्यासेन्ट' को ज्यानै जान सक्छ ।

त, म के गरूँ डक्टर साव ?

यहाँको मेसिन बिग्रिएको छ त्यसैले यो केस काठमाडौँको टिचिङ् हस्पिटलमा

रिफर गरिदिएको छु । रिफर पेपर लिनुहोला ! हामी क्षमा चाहन्छौँ । आपत्‌विपत्‌मा धैर्यले काम लिनुपर्दछ । एकदिन लज्जावतीले कुराको सिलसिलामा भनेकी थिइन् । मैले त्यही सम्झेँ र आफूलाई सम्हाल्दै लगेँ । कति छिटो हस्पिटलको बिल भुक्तानी गरिसकेछन् रविले । मेरो पकेटमा पैसाको एक बिटो राखिदिँदै भने, सर म्याडमको अपरेसनलाई रकम अभाव हुन सक्छ यो राख्नु होला । मैले भनें रवि यति धेरै पैसा किन मलाई ? आफै राख । काठमाडौ पुगेंपछि मेरै एकाउन्टबाट निकालिहाल्छु नि ।

हैन सर, मलाई तपाईंको यो विपतमा सहयोग गर्ने मौका दिनुस् । मलाई गर्नुभएको गुणको बदलामा यो एउटा सानो सहयोग मात्रै हो । अझै धेरै सहयोग गर्न पाउने मौका र अपेक्षा रोखेको छु मैले । कारणबश यो आपत्‌मा तपाईंको साथ लाग्न नपाउँदा भने दुःखी छु । उसले भिजिटिङ्ग कार्ड हातमा थमाउँदै भन्यो । अप्ठेरो परेको खण्डमा मलाई फोन गर्नुहोला है सर । रकम नपुगे म यहाँबाट ट्रान्सफर गरीदिनेछु । जसरी हुन्छ म्याडमलाई बचाउनु होला । स्वास्थ्यलाभको कामना गर्छु । मैले केही भन्न सकिनँ 'तिम्रो सहयोगप्रति आभार छु' मात्र त्यति भने ।

★★★

अराजक मानिसकता

सारा धरान सहर थर्काउँदै रूँदै रूँदै एम्बुलेन्स बाटो माग्दै अघि बढ्यो । म लज्जावतीसामु आफ्नै मनसँग उनको जीवनको भिख माग्दै बसें । एम्बुलेन्स सारा सडकभरि हल्ला गर्दै तीव्र गतिमा बत्तियो । ड्राइभरलाई अघि नै जानकारी भइसक्यो । ३६ घण्टाभित्र कुनै हालतमा लज्जावतीको अप्रेसन हुनुपर्छ । साइरनका धुनहरू चिच्याउँदा लाग्थ्यो हामी मृत्युको जंगलबाट उम्केर शङ्ख फुक्दै चिच्याउँदै कतै भागिर हेर्छौं बेतोडले । बिस्तारै पृथ्वी लोकमार्ग हाम्रो अगाडि लम्पट परेर सुतिदियो । उनको ढाडमाथि हामी कुदिरहेछौँ । सडक सुनसान छ । काठमाडौबाट पूर्व गुडेका गाडीहरू ठोक्किएला झैं हुत्तिएर आउँछन् । आङ नै सिरिङ्ग हुने गरी । जंगलका फाँटैफाँटका घुम्तीहरू छिचोल्दै अघि बढिरह्यौं मुगलिङ् काटेर केही अघि बढ्दै थियौं । सडकमा केही झुण्ड युवाहरू देखिए । घामले साँझको सङ्केत गर्दै थियो । एम्बुलेन्स आफ्नै रफ्तारमा कुँईय्...कुँईय्... गर्दै गुडिरह्यो मृत्युले शङ्ख फुकेजस्तै । युवाहरू सडकभरि कनिका छरिएझैं छरिए । ड्राइभरलाई ब्रेक दबाउन बाध्य बनाए ।

'हान्...हान्.... फुटाइदे.... साले ... जलाइदे... बन्द भन्ने थाहा छैन ? जलाई

दे न ! के हेरिराको..' भीडबाट आवाज आयो । ड्राइभरले ऐम्बुलेन्स थोरै ब्याक गरेर साइट लगाउन मात्र के लागेथ्यो । छ्याङ्ग आवाज कानैमा चर्कियो । क्षणभरमै एम्बुलेन्सको झ्यालका सिसाहरू सडकभरि र भित्र सिटभरि छरपस्टिए । म आक्रोशित हुँदै बाहिर निस्किएँ र भने-'अन्य गाडी र एम्बुलेन्स पनि चिन्ने चेत नभएका बजियाहरू के गरेको यो ? केको बन्द हो आज ? किन वन्द हँ ? हेर केटा हो तिमीहरूको यो प्रवृत्तिले अराजकताबाहेक केही पनि निम्तिदैन ।' कारण खोजेँ मैले ।

एक जना रौँकिँदै अघि सऱ्यो र ओँठे जवाफ फर्कायो-'हाम्रो गम्भीर समस्याचाहिँ कसले बुझ्ने ? अघि भर्खरै गएको बसले हाम्रो भैँसीलाई ठक्कर दिएर भाग्यो । दुध दिने भैँसी मऱ्यो ।

'अनि यसको क्षतिपूर्ति तिमी दिन्छौ ? त्यसले दिने दूध तिमीहरूले दिन्छौ ? अर्को झ्याप्ले कड्किँदै बोल्यो ।'

मेरो पनि आक्रोशले सीमा नाघ्यो र भने'-तिमीहरूको त भैँसीलाई ठक्कर दिएछ । हाम्रो हेर्छौ ? तिमीहरूको जस्तै प्रवृत्ति हो भने हामीले त सिङ्गो देश नै बन्द गर्नुपर्थ्यो । खै हामीले त्यसो गरेनौँ । हाम्रो त गाडी पल्टिएर दर्जनौँ मान्छे मरिसके । अहिले हामीसँग त्यही घटनामा परेकी नारीको घाइते जीवन र मरणको दोसाँधमा छ । तिमीहरूको यस्तो सानो लापरवाहीले सडकमा हिँड्ने मात्र हैन गुड्ने कैयौँ सर्वसाधारणलाई कति गम्भीर असर पर्दछ, याद गरेका छौ ? के मेरी लज्जावती मरिन् भने त्यसको क्षतिपूर्ति तिमीहरूले दिन सक्छौ ? बन्दको नाममा साइरनजडित इमरजेन्स साधनहरू पनि तोडफोड गर्न पछि नपर्ने तिमीहरूको विकृतिप्रति मेरो खेद र घोर आपत्ति छ । के नयाँ नेपालले सिकाएको पाठ यही हो ? यस्तो अमर्यादित काम गर्न छाडिदेऊ । यस्ता कार्यले राष्ट्रमा बीचलन पैदा हुन्छ । नोक्सान त आफ्नै देश र आफैलाई हो । सडक कसैको पेवा होइन जहाँ निर्वाध रूपले सवैले आवतजावत

गर्न पाउनुपर्छ । कुरा बुझ्या खोई ? जाऊ सम्वन्धित ठाउँमा समस्या राख्न । सडकलाई रिस पोखेर हुन्न । यो त सबैको साझा सम्पत्ति हो । 'हो त सरले ठीक भन्नुभयो । हामीलाई जान दिनुस् हामीले कसैको प्राण र जीवन बोकेर आएका छौँ–ड्राइभरले अनुरोध गरे ।'

बढ्ता मुख चलाउने हैन चुप लागेर बस्ने । 'हैन भने मान्छेसहित गाडी जलाइदिन्छु'–एक जना मुन्द्रे अघि सऱ्यो । नयाँ नेपाल र लोकतन्त्रको नाममा बहुलाएका मानव मुकुन्डोधारीहरूसँग प्रतिवाद गर्नुभन्दा चुपचाप नयाँ विकल्प खोज्नु राम्रो सोचेर हामी एम्बुलेन्सभित्रै बस्यौँ । ड्राइभरले एम्बुलेन्स केही परको दूरीसम्म व्याक गऱ्यो र एम्वुलेन्सभित्र छरपष्ट फुटेका सिसाहरू पन्छायो । सिसा फुटेको झ्याललाई प्लास्टिकले बन्द गऱ्यो ।

'क्षितीज सर केही क्षण कुरौँ र यिनीहरू अलि शान्त भएपछि गाडी कुदाऊँ । फेरि जाम बढेपछि हामीलाई समस्या बढ्छ । किनभने हामीसँग थोरै समय छ । यिनीहरू जबरजस्ती गर्छन् भने जस्तो मादल बज्यो त्यस्तै नाच नाच्नुपर्छ । नगर्नु पर्ने काम त यिनीहरूले गरिसके । गाडीका सिसाहरू फुट्सिक्यो । अब 'रिस्क' मोलेर भए पनि बिरामी बचाउनुपर्छ । सुईंके सुँइकिन्छन् एक दुई जना'–ड्राइभर आक्रोशमा आयो । मैले भने 'भाइ ! हरेक कुरामा संयम अपनाउनुपर्छ यदि उनीहरू किच्चिए भने थप अर्को झमेला आउन सक्छ त्यसैले...'

एम्बुलेन्स जोडले डुक्रँदै ह्वात्तै अगाडि बढ्यो । मेरो कुरा पुरा हुन नपाउँदै भीड छिचोल्यो ।

ए...ए...भाग्यो ..भाग्यो...ठोक्... ठोक्...ढुङ्गाले ठोक् न... साले... भाग्यो । पछिपछि कुद्दै आएको भीड क्षणभरमै ओझेल पऱ्यो ।

ड्राइभरको मुखबाट फुत्त एउटा शब्द उछिट्टियो 'नो रिस्क नो गेन्'–मैले टाउको मात्र हल्लाएँ । किनभने, समय जबरजस्ती बन्दै गएको थियो ।

यी सब विकृतिहरू देशमा भएको अस्थिर राजनीति र दलहरूको गलत प्रवृत्तिबाट सिकेको पाठभन्दा अरू केही थिएन ।

★★★

मोबाइलको रिङटोन बज्यो । लुँजलाको फोन थियो । कल रिसिभ गरें र भने–'आउ लुँजला मेरो र लज्जावतीको तमासे बन्न आऊ । जितेको घमन्ड गर । आऊ जलाऊ मेरो सिङ्गो संसार । आऊ जलाऊ'–म त आवेशमा कराउन पुगेछु ।'

'के भो सर ?' ड्राइभरले सोधेपछि फोन काटिदिएँ । लज्जावती छट्पटाइरहेकी थिइन् । लोलाएका आँखाहरू बोकी उनको मुखबाट निस्किएको मधुर चित्कारले म भित्रभित्रै जल्दै थिएँ ।

फेरि मोबाइल बज्यो । लुँजलाकै फोन थियो–'क्षितीज ! किन रिसाएको मसँग । मैले के गरेँ र तिमीलाई त्यस्तो नराम्रो ?' उनी केही थाहा नपाए झैँ स्वाङ्ग पार्दै थिइन् । जे हुनु भैहाल्यो, मेरो कारण तिमी मबाट भागेर हिंड्नुपर्दैन क्षितीज ! लज्जावतीसँगै तिम्रो सम्बन्ध गास्नु । तिम्रो लागि म योग्य भइनँ ठीकै छ । लज्जावती र तिम्रो प्रेममा म कहिंले पनि तगारो बन्न अगाडि उभिने छैन । तिमीहरूको सम्बन्ध सगरमाथाको शिरभन्दामाथि उठोस् यतिसम्म कि लैला र मज्नुको प्यारभन्दामाथि । अब म तिमीहरू दुवैसँग कहिल्यै गुनासो गर्ने छैन । म दुवैजनासँग माफी माग्न चाहन्छु यो दुनियाँमा फूलजस्तै मग्मगाएर फुल्नू । तिमी जहाँ भए पनि मलाई बिर्सिदिनु लज्जावतीलाई कहिंल्यै दुःखी नराख्नु । यति भन्न कल गरेकी तर तिमीले उठाएनौ । अब कहिल्यै कल गर्दिन । यति भनेर उनले फोन काटिदिइन् । ढुङ्गाजस्तो यो केटीको मन किन आज मैन बनेर पग्लिरहेछ । मलाई थाहा छैन उनले ठीक निर्णय त गरीन् । तर लज्जावतीको हाल कस्तो छ र हामी कुन अवस्थामा छौँ । तिनलाई के थाहा ? ढिलै भए पनि कुरा बुझिदिइन् उनले । म चाहन्छु

लुँजला । लज्जावती र मेरो सम्बन्ध पहिले जस्तो थियो त्यस्तै रहनुपर्छ एउटै मालामा सियो धागो र फूल बनी समिनुपर्छ हाम्रो सम्बन्ध । अब वास्तविकता खोल्नुपर्छ उनीसामु त्यसैले उनलाई हस्पिटल मै बोलाउँछु । यही सोचेर रिसिभ कल'लाई पुनः डायल गरेँ उनको फोन अफ भैसकेको थियो । एकोहोरो कुँई... कुँई मा एम्बुलेन्सको रफ्तार बढ्दो छ । मनभरि अस्तव्यस्त भावनाहरूको उपद्रोले छाति नै फुट्ला झैँ भैसक्यो । लुँजलाको फोन अझै अन भएको छैन सायद रिसाइन् क्यार मनमनै सोचेँ ।

एम्बुलेन्स हावाको वेगमा कुदिरहेछ । कहिंले पुग्ने काठमाडौँ ? हतास् मनलाई सान्त्वना दिंदै थानकोटको डाँडा झ्यालबाट छायाँ दृश्य बनी देखापऱ्यो ।

छट्पटाइरहेकी छिन् लज्जावती । मैले सान्त्वना दिंदै भनेँ; धैर्य गर लज्जु अब केही क्षणमा नै हामी हस्पिटल पुग्दैछौँ । उनी केही भन्न लागिरहेकी थिइन् तर गाडीको आवाजले उनको मसिनो स्वर हावामा नै बिलाएर गयो । एम्बुलेन्स सिधै टिचिङ्ग हस्पिटलभित्र छिऱ्यो हतार-हतार ह्विल बेड घिसार्दै इमर्जेन्स वार्डमा पुऱ्याइयो ।

★★★

मैले घोपाक्याम्प विपी मेमोरियल प्रतिष्ठान हस्पिटलको एक-एक रिपोर्टहरू सबै डक्टरलाई बुझाएँ । केस् हयान्डेल भयो । डक्टरले रिपोर्ट हेरि सकेपछि नर्सहरूतिर फर्केर भने-'केस इज भेरी सिरियस बि केयरफुल' ।

अब मैले वज्रपात खेप्न तयारी भए हुन्छ भनेझै गरी बोल्दै थियो डक्टर । कुराको छनक हेर्दा लाग्थ्यो मैले जीवनको सबैभन्दा अमूल्य चिज गुमाउँदै छु । कुवेरले हीराको टुक्रा गुमाएजस्तै । धरानमा सफल हुन नसकेको उपचार काठमाडौँमा कमै सफल भएका छन् । मन थरर्रर्र काँप्यो ।

अप्रेरसन थियटर खाली नभएकाले भोलि मात्र हुने जानकारी आयो । बेड पहिले नै बुकिङ्ग गरेर लेटरमा हस्ताक्षर गरिदिएँ । खान त के नै सक्थिन् र लज्जावतीले थोरै जुसबाहेक । तैपनि स्लाइनबाहेक सबै खाने कुरा वर्जित थियो । कारण भोलिको अप्रेसनको लागि । रात धुम्धुम्ती अनिदोमै बित्यो । करिब दिनको एक बजे अप्रेसन सुरु भयो । अप्रेसन सुरू हुनुअघि लज्जावतीले भनेकी थिइन् 'मलाई एक्लै नछोड्नु है क्षितीज । थाहा छैन म कतिखेर के हुन्छु टुक्राटुक्रा शब्द बोलेकी थिइन् उनले । म... तिम्रै...काखमा...मर्न...पाऊँ... ।'

मैले भनेको थिएँ 'धत् ! त्यस्तो अशुभ पनि बोल्ने । तिमीलाई ठीक हुन्छ लज्जावती ! तिमीलाई केही पनि हुने छैन ।'

यति भनुन्जेलसम्म मेरो आँखाबाट पीडा उम्लिएर पोखिरहेको थियो । जिन्दगीमा बालककालमा वाहेक कहिंल्यै नरोएको मान्छे यो घटनापछि पलपल रोइरहेछु म । आखिर यो सबै किन ? प्रश्नको जवाफ छैन मसँग । सायद माया होला यो । समय चक्रको निर्दयी प्रहार मेरै मायाको संसारमा बज्रिएको छ । ठीकै छ लज्जावती निको त होस् यी सारा वेदना उपहारै सही । ठीकै छ म लाखचोटी रून बाध्य किन नहोऊँ मेरी लज्जावती मेरो सामुन्ने भए ।

अप्रेसन थियटर वरिपरि टहलिरहेछु म । भोगिसकेका कुरा सजिलै स्मृतिमा आउँदै डस्दै भागिरहेछ । बाजको नङ्ग्राले चल्लाको छाती फोरेर आन्द्राभुँडी छताछुल्ल पोखेजस्तै मेरो दिमाग ठुँगेर चिथोरिरहेछ । के–के सोच्दै हस्पिटल बाहिरको एउटा भट्टीमा पुगेँ । एक क्वार्टर स्वाट्ट पारेँ र चियापत्तीको धुलो मुखमा कोचेर पानी कुल्ला गरेँ । नजिकैको पान पसलबाट जर्दा पान एक पिस मुखमा च्यापेर हस्पिटल पुगेँ । करिब साढे तीन घण्टापछि मलाई भित्र बोलायो । म नर्सको पछिपछि गएँ । डाक्टरले मेरो चेहरामा केही खोजेझैँ गरी हेरे । म परीक्षाफल कुरेको विद्यार्थीजस्तो भित्रभित्रै छट्पटीका साथ लज्जावतीको अप्रेसनको नतिजा कुरिरहेको थिएँ ।

डाक्टरले हात मिलाउँदै भने । बधाई छ, अप्रेसन सफल भयो । 'होस खुल्न केही समय लाग्न सक्छ । तर तपाईंले यसरी पिउनुहुँदैनथ्यो ।' कति चलाख रहेछन् डक्टर, पत्ता लगाइहाले । धन्यवाद डक्टर । 'धन्यवाद' म डक्टरलाई नै अँगालो हालेर रून पो थालेछु । मैले भनें, –'नपिएर के गर्नु मन सम्हाल्नै गाह्रो भयो ।'

उनले सम्झाए मलाई । अप्रेसन सफल भइसकेपछि पनि यसरी रून्छन् त कोही ? अब त खुसीयाली पो मनाउनुपर्छ त ।

बिस्तारै उनले अँगालोको हात छुटाएपछि थाहा पाएँ उनको सेतो पोसाक लगाएको काँधमा मेरा आँखाको झरीले निथ्रुक्कै भिजिसकेछ ।

'चिन्ता नगर्नुस् क्षितीजजी ! सबै ठीक हुन्छ जानुस् तपाईं भोकै हुनुहुन्छ, केही खाएर आउनुस् । फेरि तपाईं आफै बिमार पर्नुहोला नि'–नर्सले भनिन् । 'बचाउने तपाईंहरू भगवान् हुनुहुन्छ केको सुर्ता ?' आँखाको आँसु नसुक्दै मैले धरै दिनपछि हाँस्दै ठुट्टा गर्दै भने, 'हैन र सिस्टर ?' उनी हाँसिन् मात्र । सायद जिन्दगीमै यो मेरो पहिलो महत्वपूर्ण र खुसीको हाँसो थियो । जीवनमा हाँस्न त धेरै हाँसियो तर यो हाँसो र ती हाँसोमा फरक थियो आकाश–धर्तीको । म रूँदा रूँदै हाँसेको थिएँ । के म लज्जावतीलाई हेर्न सक्छु डक्टर ?' मैले प्रश्न गरैँ ।

'अफ कोर्स' तर अहिले होस् फिरिसकेको छैन । ठीकै छ मैले भने । उनले मलाई लज्जावतीसामु पुऱ्याइन् । उनी चिरनिद्रामा पल्टिरहेकी थिइन् । अक्सिजनको सहारामा स्वास फेरिरहेकी उनको पेटको चालले अनुमान गर्न सकिन्थ्यो कि उनी चाँडै होसमा आउँदैछिन् । म हस्पिटलबाट फुत्त बाहिरिएँ साँझ परिसकेको थियो । होटलमा गएर खाना अर्डर गरैँ । आजै हो मैले हिरासतबाट छुटेदेखि राम्रोसँग धित मारेर खाना खाएको । फर्कने बेला केही जुस । हरलिक्स र रसयुक्त पदार्थहरू लज्जावतीको निम्ति लिएर गएँ ।

★★★

भुमरी र कहर

हस्पिटलको द्वारैमा विजुलीको ग्लुपमुनि एउटा छायाँ चल्मलायो । मैले त्यति वास्ता गरिनँ ।

भित्र छिर्नै के लागेको थिएँ कसैले बोलायो–'क्षितीज दादा...क्षितीज दा...' चिनेचिने जस्तो, सुनेसुने जस्तो, वियोगीको जस्तो स्वर कस्को होला ! म नजिकै गएर चिहाएँ । चम्पा थिइन् ।

चम्पा तिमी यहाँ कसरी ?'–मैले भने–'कस्लाई के भयो ?' उनी एक्कैचोटि भक्कानिएर रून पो थालिन् । 'हैन किन रोएकी ? के भयो ? मनमा चिसो पस्यो । 'दादा ! दादा ! लुँजला दिज्यूले विष पिउनुभयो ।'

हँ...! एक्कासि सबैतिर अँधेरो देखेँ मैले । हे भगवान् ! के विपत आइपर्‍यो यो । लुँजलालाई केही पनि नहोस् ।

'कहाँ राखेको छ उनलाई ? जाऊँ त ! म चम्पाको पछिपछि घायल सिपाहीझैं लुरूक्क हुँदै गएँ । डक्टर र नर्सले लुँजलालाई घेरेर उपचार गरिरहेको थिए । उनी बेडमा छट्पटाइरहेकी थिइन् । सायद विषको असरले औडाहा भैरहेको थियो उनलाई । मलाई देख्नासाथ मेरो हात समाएर बोलिन्–'क्षितीज... मलाई...माफ ... गरिदेऊ ...म ... अबदेखि .. कहिंल्यै.. तिम्रो.... बाटोमा.... तगारो... बन्न ... आउने... छैन । जिन्दगी ठट्टै

मात्र रहेछ । मैले आज फेरि ठट्टा गरें । मलाई माफ गर । क्षितीज ! मैले अमृत पिएँ ... विष होइन... अमृत...' म एक्कासि चिच्याउन पुगेछु । उनको मुखबाट फिँज बगिरहेको थियो । बिस्तारै उनको शरीर चिसो हुँदै गयो । डाक्टरहरू उपचारमा जुटिरहे । विषको प्रभाव पुरै शरीरमा पुगिसकेकाले उपचारमा कठिन भइरहेको थियो । मैले सोधेँ 'डक्टर के लुँजलालाई ठीक होला ?'

डक्टरले मलाई गहिरिएर हेर्दै भन्यो 'उपचार भैरहेछ आशा गरौँ' । डाक्टरले थपे–'बाँकी भगवान्को हातमा ।' धरानमा नर्सले बोलेझैं एउटै भाषा बोल्यो यहाँको डक्टरले पनि । फेरि एकचोटि विज्ञानसँग हारेर भने -भगवान् ! लुँजलालाई बचाइदेऊ ।

आपत् परेपछि सायद नास्तिकहरू पनि आस्तिक बन्दा हुन् । 'हे भगवान् ! लुँजला र लज्जावतीको खुसी तिमीले हर्न पाउने छैनौ ।' हो, सत्य स्विकार्न कठिन भएपछि आशावादी बन्न सायद आस्तिकले मद्दत पुऱ्याउँछ । त्यसैले यो युगदेखि बलियो बन्दै गएको छ । आस्तिक र त्यो भित्रको भ्रम तर पुकार पुकारमै सीमित रह्यो । लुँजलाको मुखबाट बगेको फिँज भुँमा टप्प चुहियो ।

डाक्टरले चम्पा र मलाई नजिकै बोलाएर भने 'सरी हामीले कोसिस गर्दागर्दै पनि लुँजलालाई बचाउन सकेनौँ ।'

भाउन्न रिङ्गटा चल्यो । सारा हस्पिटल फन्फनाएको देखेँ मैले । आँसु भेल बनेर उर्ल्यो आँखाबाट । एकैछिन आँखा चिम्लेँ रुँदारुँदै सुकेको आँखा खोल्दा चम्पा अझै घोप्टो परेर रोइरहेकी थिइन् । धेरैबेर सम्झाएँ मैले उनलाई तर आफै सम्हालिन सकिरहेको थिइनँ म ।

★★★

मनभरि ज्वाला बल्दै निभ्दै गर्न थाल्यो । सेतो पोसाकमा नर्स हतारिँदै म भएतिर आइपुगिन् र हड्बडाउँदै भनिन् क्षितीजजी तपाईंलाई डक्टरले

बोलाउनु भएको छ । म हतार–हतार दौडिदै त्यहाँ पुगें ।
डक्टर साव म आइपुगेँ ।
तपाईं ठीक त हुनुहुन्छ नि ?
'ठीक छु डक्टर साब',–मैले झुठो बोलिदिएँ ।–'तर किन यो प्रश्न गर्दै हुनुहुन्छ ? तपाईंलाई देखेर पनि डर लागिरहेछ मलाई ।'
मृत्यु शाश्वत सत्य हो क्षितीजजी, ! हो मैले भनें भरखर्र हेरेरै पनि आएँ । डक्टरले भन्यो, 'एक दिन तपाईं हामी सबैले मर्नु छ । मनलाई कठोर बनाउनुस् कि तपाईं हाम्रो पनि बाटो उही नै हो ।' ऊ मलाई मर्न प्रशिक्षण दिइरहेको जसरी बोलिरहेको थियो ।
'डक्टर तपाईं किन कुरा तोडमोड गर्दै हुनुहुन्छ ? खास कुरा के हो । साँचो साँचो भन्नुस्'–म आवेशमा आएँ ।
पहिले तपाईं मलाई वचन दिनुस् कि 'हामी सबैले एक दिन मर्नु छ सुर्ता केवल स्मृति पखाल्ने खोला हो भनेर ।' साहित्यकारले बोलेजस्तै बोलिरहेछ डाक्टर । उनले मर्नको निम्ति कसम खुवाउन खोजेजस्तै लाग्यो मलाई । बेढङ्गसँग मन उफ्न्यो ।
भन्नुस् डक्टर साव् के भयो ? लज्जावती...लाई...
भन्नुस् न प्लिज, डक्टर साव् के भयो लज्जावतीलाई ?
माफ गर्नुहोला क्षितीजजी, लज्जावतीलाई हामीले बचाउन सकेनौ बेहोसी अवस्थामै उनलाई मृत घोषणा गर्नुपर्दा हामी पनि साह्रै दुःखी छौँ ।
'नाई.. डक्टर... नाई यो हुनै सक्दैन । अघि मात्रै अप्रेसन सफल भयो भनेको हैन ? के गऱ्यौ डक्टर ? के गर्नुभयो तपाइँहरूले ? मेरी लज्जावती मरेकी छैन डक्टर ... छैन..किन ढाँटेको .. किन......?' मैले सबैलाई तथानामी गाली गरेछु । सायद, म पागल बनेँ । पागल बनें । रात नै च्यातिने गरी कराएछु म । यति धेरै रोएँ सायद मेरो जिन्दगीको अन्तिम रूवाइ थियो त्यो ।

★★★

स्मृति

प्रकृतिले त सबैलाई उस्तै बनाए तर छुट्याउने शैली पो फरक । फरक–फरक अप्ठ्याराहरू फरक–फरक बाटाहरू । खै ! यो कस्तो संरचना ? साता दिन बित्न लागेछ शोकको चिता चढेको मैले । स्मृतिले फर्लाङ्ग मारिरहेछ । आर्यघाटमा पशुपति ठिङ्ग उभिएको छ । पछाडिपट्टि दुवै चित्तामा पट्पट् गर्दै लज्जावती र लुँजलाको आत्मा खरानी र धुवाँ बनी उडिरहेछ । आकाशगंगाहरूमा छेवैबाट लज्जावतीको गाना गुञ्जिएर पाखा लाग्यो ।

मानिसले मानिसलाई गर्नु हुन्न काखा पाखा

झुप्रोदेखि महलसम्म उनौं माला एकताका...

अर्को छेउमा लुँजलाका ग्यालरीका सरप्राइज र टुप्पी कलमहरू मुस्काए । कुँडुलोका कुँडुलो स्मृतिहरूको घेराबन्दीमा परिरहेछु म । कफीका भाँडाहरू । कालो सिसा अगाडिका सेता बिल्डिङ्गहरू । फाँचल यात्राका स्मृतिहरू तोङ्वाबारका अविस्मरणीय क्लिप्सहरू । पार्कभित्रका रङ्गीन दिनहरू नगरकोटमा गएर टुङ्गिए । फेरि अर्को स्मृतिले फर्लाङ्ग मारिरहेछ । हिरासतदेखि झापा, धरान अनि काठमाडौंका हस्पिटल र यावत् स्मृतिका कोर्राहरू ममाथि वर्षिरहेछ । म रित्तो चिच्याइरहेछु ।

प्यालाको दलदलमा उम्लिएको मुलाजस्तै ।
रातमा मलाई निद्रा नलागे पनि कुनै-कुनै बेला मेरा नयनहरू झक्झकाउँथे छालहरू उम्लेजस्तै । त्यतिखेर एउटा भयङ्कर सपना देख्दथेँ । ती अनौठा हुन्थे यतिसम्म कि अहिले पनि म लज्जावती र लुँजलाको साथमा छु । यहाँसम्म कि ती दिनहरूमा म घरबाट समेत निस्किनँ । यति विघ्न रक्सी पिएँ जसले म घरभित्रै थला परेँ । एक दिन फोनबाटै वकिललाई बोलाएँ र राजधानीको घर असहाय बालबालिका संरक्षण गर्ने बालगृह खोलेर केही डोनरलाई चम्पाको साथमा लगाएर संस्था हस्तान्तरण गरेँ । त्यसपछि पहाड हानिएँ किनकि मलाई काठमाडौँ चिहानजस्तो लागिरहन्थ्यो । पहाडमा पुगेर पनि स्मृतिले पछ्याउन नछोडेपछि तिनै लजालु झार लज्जावती फूल र पातहरूसँग खेल्दै जीवनका हर विवशताहरू उन्दै मृत्यु कुरिररहेछु । आज त्यही लज्जावतीको काँडाले रगताम्मे भए पनि मेरा यी हातहरूले ती फूल र पातहरू सुम्सुम्याउन छाडेका छैनन् । कोरिँदै छन् । स्मृतिका फर्लाङ्गहरू । युद्धमा घाइते प्रशान्त अनि घायल लाहुरे काकाको विवशता बस् त्यो भन्दा भिन्न जिन्दगी बाँचिरहेछु म । बाँच्दाबाँच्दै भोग्दाभोग्दै सकिने यो जिन्दगीमा सधैँसधैँ ढेपिएर आउँछे लज्जावती । जब विगतले पोल्दछ म बगैँचा गएर तिनै झार लज्जावतीसँग धीत मरून्जेल रूँदैरूँदै खेल्ने गर्छु । ती यादहरूमा डुबेर कल्पन्छु । बरन्डामा बसेर कल्पिन्छु जीवनका हर पन्नाहरू । आँसु –आँसु भै बगिरहेछु । स्मृतिहरू छातीमा टाँसेर । अनि पाखा पखेरीमा । गएर धित मरून्जेल रुँदै-रुँदै खेल्छु लज्जावती झारसँग । यतिबेला संविधान जारी भैसकेको छ । तर पनि चौतर्फी प्रहार भैरहेछ मेरी आमालाई मेरो देशलाई । खै र जे गरे पनि सुख छैन मलाई जस्तै मेरी आमालाई अनि मेरो देशलाई । सायद जीवन र जगत आँसुको सङ्ग्रह हो ।

विशेष गरी गीत, गजल, कथा, कविता, निवन्ध, लघुकथाको क्षेत्रमा कलम चलाउँदै आएका स्रष्टा जितेन्द्र रसिक आख्यान लेखनमा पनि उतिकै सकृय छन् । हृदयस्पर्शी छालहरू', 'काफिया' गजल कृति प्रकाशित गरिसकेका रसिक फाँचल विधाका प्रवर्तकसमेत हुन् । रसिकको तारापुञ्ज (फाँचल सङ्ग्रह) प्रकाशित छ । त्यस्तै बालकथा सङ्ग्रह 'एलियनको पृथ्वी भ्रमण' र 'हावा फल्ने रूख' बाल चित्रकथा पनि प्रकाशित छन् । चलचित्र तथा विभिन्न गायक-गायिकाका गीति एल्वममा समेत दर्जनभन्दा बढी गीत र गजल सृजना पस्किसकेका रसिक पछिल्लो समय आख्यान क्षेत्रमा सशक्त लेखनमा सकृय छन् । लज्जावती (उपन्यास) स्रष्टा रसिकको छैटौं कृति हो । समाजका सूक्ष्म घटना-परिघटनालाई कलात्मक ढंगले आख्यानमा प्रस्तुत गरेर जीवन र जगत्भित्रको थेसिस र एन्टिथेसिसको टसलबाट जन्माएको एउटा सिन्थेसिस् हो उपन्यास लज्जावती ।

'लज्जावती' नेपाली सामाजिक जनजीवनका युवा-युवतीहरूका प्रणय, व्यथा-वेदना र संयोग-वियोगलाई निकटबाट नियालेर लेखिएको उपन्यास हो । यस उपन्यासको सिर्जनामा सहरी वातावरणको प्रभाव रहे पनि यसले पहाडी जनजीवनका कतिपय समस्याहरूको उद्घाटनलाई समेत आफ्नो विषयक्षेत्र बनाएको छ । सुललित र प्राञ्जल भाषा-शैली यसको थप विशेषता हो ।

– डा. देवीप्रसाद सुवेदी
वरिष्ठ समालोचक

राष्ट्रिय तथा अन्तराष्ट्रिय राजनैतिक द्वन्द, युद्ध र त्यसको अर्थहीनताभित्र प्रेम, पीडा र वियोगका फूलहरूको क्राफ्ट नै लज्जावती उपन्यासको धरातल हो । यसंभित्र देश र समाजभित्रका कुरीति विरूद्धको अवाज बुलन्द छ । काव्यात्मक भाषा, सरल शैली, अनि आख्यानमा कविता र गीतको कोलाजले उपन्यासलाई नौलो बनाएको छ ।

–अमर न्यौपाने

ISBN 9789937692038 300.000

स्वदेश प्रकाशन प्रा.लि.
वागवजार, काठमाडौं
प्रकाशक तथा वितरक
फोन नं.०१-४२३९५७८, ९८४१६७४२६४

9 789937 692038